# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने राप्ती अञ्चलको दाङ जिल्लाको भौगोलिक सीमाभित्र रहेका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन यस शोधकार्यमा गरिएको छ । (दाङ जिल्लामा निबन्ध लेखनकार्य कहिलेदेखि सुरुवात भयो भन्ने बारेमा अनुसन्धान गर्दा 'बनारसबाट प्रकाशित उदय पत्रिकाको वर्ष ९, अंक ७, २००३ सालमा सुशीला घिमिरेको 'हाम्रो समाजमा शिक्षाको अभाव' शीर्षकको लेख नै दाङ जिल्लाको प्रथम निबन्ध हो) । यिनलाई दाङ जिल्लाको प्रथम निबन्धकार मानिन्छ । यसपछि दाङ जिल्लामा निबन्ध लेखनकार्य अगाडि बढेको पाइन्छ तापनि सङ्ग्रहको रूप भने २०५४ सालमा आएर मात्र देखापरेको छ । उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रह दाङ जिल्लाको पहिलो निबन्धसङ्ग्रह हो भने मजगैयाँ दाङ जिल्लाको निबन्धसङ्ग्रह प्रकाशन गर्ने पहिलो निबन्धकार हुन् । यसपछि निबन्धसङ्ग्रह प्रकाशन गर्ने निबन्धकारहरूमा डिल्लीराम आचार्यको **माननीय महात्म्य** (२०५७), गोविन्द 'कुसुम'को **पारिको अनुभव** (२०६०), चिन्तामणि योगीको **म्यान्माको माया** (२०६१), नेत्र एटमको **सीमान्त आकाश** (२०६२), नारायणप्रसाद शर्माको **फर्केर हेदा** (२०६३) आदि रहेका छन् । यसरी फुटकर रूपमा निबन्ध लेख्ने र सङ्ग्रह प्रकाशन गर्ने थुप्रै प्रतिभाहरूको निबन्ध विधामा उल्लेख्य योगदान रहेको पाइन्छ । निबन्धको फुटकर लेखनदेखि सङ्ग्रह प्रकाशन गरी दङाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउने दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहहरूका बारेमा शोधकार्य नभएको हुँदा यस शोधकार्यमा तिनै निबन्धकार र तिनका निबन्धसङ्ग्रहहरूको अध्ययन प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

दाङ जिल्लाको साहित्यिक विकासमा योगदान पुऱ्याउने निबन्धकार र तिनका निबन्धसङ्ग्रह केकस्ता रहेका छन् र अध्ययनका समस्याहरूलाई निम्न बुदाँमा प्रस्तुत गरिएको छ :

- दाङ जिल्लाको निबन्धविधाको पृष्ठभूमि र परम्परा कस्तो छ ?
- दाङ जिल्लामा निबन्धकार र तिनका निबन्धसङ्ग्रह केकति छन् ?
- दाङ जिल्लाका निबन्धसङ्ग्रहहरू केकस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य दाङ जिल्लाको निबन्धपरम्परामा देखापरेका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन गर्नु रहेको छ । यस शोधकार्यको उद्देश्यहरू निम्न उल्लेखित छन् :

- दाङ जिल्लाको निबन्ध विधाको पृष्ठभूमि र परम्परा प्रस्तुत गर्नु ।
- दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण गर्नु ।
- दाङ जिल्लाका निबन्धसङ्ग्रहहरूको अध्ययन तथा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

दाङ जिल्ला साहित्य सिर्जनाका दृष्टिले महत्त्वपूर्ण जिल्लाको रूपमा चिनिएको छ । यस जिल्लामा कविता, उपन्यास, गीत, गजलका बारेमा अध्ययन तथा विश्लेषण भएको देखिन्छ तापनि निबन्ध र निबन्धकारको बारेमा अनुसन्धानमूलक अध्ययन भएको पाइदैन । यस जिल्लाको निबन्ध र निबन्धकारको बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरूको चर्चा गरिएको पाइन्छ तापनि निबन्ध र निबन्धकारको समग्रतालाई समेट्न सकेको पाइदैन । पत्रपत्रिका तथा पुस्तकमा दाङ जिल्लाको निबन्धकार र तिनका निबन्धसङ्ग्रहका बारेमा उल्लेख गरिएका सूचनालाई पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

मोहनराज शर्माले 'मन्तव्यको नाममा केही गन्थन' शीर्षकको भूमिकामा उत्तमकृष्ण मजगैयाँको 'सुनको फूल पार्ने पोथी' (२०५४) निबन्ध सङ्ग्रहमा सङ्कलित सम्पूर्ण निबन्धहरूको सङ्क्षिप्त रूपमा समीक्षा गर्दै ती निबन्धको विशेषता औंल्याएका छन् । तापनि यिनले निबन्धगत तत्त्वका आधारमा विश्लेषण गरेको पाइदैन ।

नारायण शर्माले **नयाँ युगबोध** (२०५५) 'उत्तमका कृतिहरूबारे' शीर्षकको लेखमा उत्तमकृष्ण मजगैयाँको निबन्धसङ्ग्रहको सङ्क्षिप्त रूपमा चर्चा गरे तापनि निबन्धगत तत्त्वको आधारमा अध्ययन गरेको पाइदैन ।

राजेन्द्र सुवेदीले **स्रष्टा–सृष्टि : द्रष्टा–दृष्टि** (२०५८) उत्तमकृष्ण मजगैयाँको निबन्धसङ्ग्रह 'धरोधर्म' मा सङ्लित निबन्धहरूको सूची दिँदै ती निबन्धहरू लघु आकारमा संरचित छन् र सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक क्षेत्रमा देखिएको विकृतिमाथि व्यङ्ग्य प्रहार गरेको छ भनी उल्लेख गरेका छन् तापनि निबन्धगत तत्त्वको आधारमा समग्र निबन्धसङ्ग्रहको विश्लेषण गरेका छैनन् ।

नारायणप्रसाद शर्माले **नयाँ युगवोध** (२०५८) "ढिकपुरदेखि मेचीपुलसम्म" को यात्रावृत्तान्तको नयाँ कोसेली शीर्षकको समीक्षात्मक लेखमा पदमप्रसाद शर्माको यात्रासंस्मरण 'ढिकपुरदेखि मेचीपुलसम्म' लाई दाङको पहिलो यात्रासंस्मरण पुस्तकको रूपमा चर्चा गरेका छन् । उनले प्रस्तुत यात्रासंस्मरणको सङ्क्षिप्त विषयवस्तुको बारेमा जानकारी दिए तापनि निबन्धगत तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

कमल दीक्षितको **पारिको अनुभव** (२०६०) पुस्तकको 'प्रकाशकीय' शीर्षकमा टिप्पणी लेख्दै पुस्तकको प्रशंसा गरेका छन् र नेपाली भ्रमण साहित्यका स्थापित लेखहरुसँग भावुक मधुरता, केदारमणि आ.दि. को सूचना विपुलता अथवा घनश्याम राजकर्णिकारको विषयगत व्यापकता य पुस्तकमा पाइने छैन भन्दै कटरको स्वाद आँप र लिचीमा खोजेर पाइदैन भनेका छन् तर उनले निबन्धगत तत्त्वको आधारमा विश्लेषण गरेको पाइदैन ।

चूडामणि खनालले **जगदम्बा शतक** (२०६१) पुस्तकको 'पारिको अनुभव' शीर्षकमा 'कुसुम' को यस कृतिको सामान्य समीक्षा गरेका छन् । यस कृतिमा नेपाली भाषामा यात्रासाहित्यको कमी नभएको भन्दै केदारमणि आ.दी, तारानाथ शर्मा, घनश्याम राजकर्णिकारका परम्परामा गोविन्द 'कुसुम' पनि 'पारिको अनुभवबाट' यात्रा लेखनका रूपमा जोडिन पुगेको कुरा उल्लेख गरे तापनि कृतिको समग्र विश्लेषण निबन्धगत तत्त्वको आधारमा गरेको पाइदैन ।

विष्णु प्रभातले **गरिमा** (२०६१) धरोधर्म हजुर ! आख्यानको मंजुर ‼ शीर्षक व्यङ्ग्य समीक्षात्मक लेखमा उत्तमकृष्ण मजगैयाँको धरोधर्म हजुर ! निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको विषयवस्तुको सामान्य चर्चा गर्दै आख्यानात्मक, संवादात्मकता र व्यङ्ग्यात्मक प्रवृत्ति रहेको कुरा उल्लेख गरेका छन् तर समग्र निबन्धगत तत्त्वको आधारमा अध्ययन तथा विश्लेषण गरेको पाइँदैन ।

कविवर माधवप्रसाद घिमिरेले **म्यान्माको माया** (२०६१) कृतिमा 'नेपालीहरू माझ फैलिएको लहर र रोमाञ्च' शीर्षकको भूमिकामा चिन्तामणि योगीको बारेमा प्रशंसा गरेका छन् तर उनले यात्रासंस्मरण कृतिको विश्लेषण गरेको पाइदैन ।

जागेश्वर, शर्मा घिमिरेले **नयाँ युगवोध** (२०६२) 'शब्दको भेद र कार्यक्रमको स्वरूप' एक टिप्पणी' शीर्षकको लेखमा पदमप्रसाद शर्माको शब्दको कार्यक्रमको स्वरूप निबन्धसङ्ग्रहका निबन्धहरूमा प्रस्तुत विषयवस्तुको सामान्य चर्चा गरिएको छ तर निबन्ध तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

कृष्णराज सर्वहारीले **नयाँ युगवोध** (२०६३) 'सीमान्त आकाश' मा विचरण गर्दा शीर्षकको लेखमा नेत्र एटमको 'सीमान्त आकाश' निवार्तासङ्ग्रहमा चर्चा गरिएका साहित्यकारहरूका नाम उल्लेख गरेका छन् र लेखकको लेखनशैलीको सामान्य चर्चा गरे तापनि समग्र निवार्तासङ्ग्रहको निबन्धगत तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

टीकाराम उदासीले **नयाँ युगवोध** (२०६३) 'निबन्धकार नेपालका मूल्यहरू' शीर्षकको समीक्षात्मक लेखमा नारायण नेपालको 'मूल्यहरू' निबन्धसङ्ग्रहका निबन्धहरू जीवन, प्रकृति, सभ्यता, समकालीन युगजीवनका बहुविध संस्कृति र तत्जन्य विसङ्गतिहरूलाई उद्घाटन गर्नुका साथै राष्ट्रिय जीवनका कुरूप यथार्थ, मानवीय मूल्यको विघटन, संस्कृति तथा भाषाको अवमूल्यन र अगुवाहरूको अकर्मण्य व्यवहार आदिको चित्रण नेपालको दार्शनिक दृष्टिकोणबाट भएको उल्लेख गरेका छन् तर समग्र निबन्ध तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

नारायणप्रसाद शर्माले 'शुभकामनाका पुष्पगुच्छाहरू' शीर्षकको भूमिका लेखमा शारदा शर्माको **महिला** लेखमालासङ्ग्रह (२०६३) का लेखहरूमा महिला सशक्तीकरणलाई जोड दिएको कुरा उल्लेख गर्दै लेखकको बारेमा बढी चर्चा गरे तापनि समग्र लेखमालाको विश्लेषण गरेको देखिन्न ।

पदमप्रसाद शर्मा **नयाँ युगवोध** (२०६३) 'फर्केर हेर्दालाई फर्काएर हेर्दा' शीर्षकको पुस्तक समीक्षा लेखमा नारायणप्रसाद शर्माको 'फर्केर हेर्दा' निबन्धसङ्ग्रहको पृष्ठ सङ्ख्या, त्यसमा सङ्कलित लेखहरूको सङ्ख्या उल्लेख गर्नुका साथै लेखकको व्यक्तित्वको बारेमा पनि सामान्य चर्चा गरेका छन् । त्यसैगरी प्रस्तुत कृतिमा लेखकको जीवनमा घटेका विविध घटनाहरूको चित्रण गर्दै भावी पुस्तालाई समाजका विकृति, विसङ्गति हटाउन सन्देश दिएको कुरा उल्लेख गरे तापनि समग्र निबन्धसङ्ग्रहको तत्त्वगत विश्लेषण गरेका छैनन् ।

केशव सुवेदीले **राप्तीको साहित्यिक रूपरेखा** (२०६५) दाङका साहित्यिक गतिविधि शीर्षकको लेखमा दङाली प्रथम निबन्धकार सुशिला घिमिरेको नाम उल्लेख गरे तापनि दाङको निबन्धपरम्पराको बारेमा चर्चा गरेको पाइदैन ।

टीकाराम उदासीले 'राप्तीको नयाँ कोसेली' शीर्षकको भूमिका लेखमा सूर्यनाथ सापकोटाको **श्रीलङ्का यात्राका अनुभूतिहरू** (२०६५) मा औपन्यासिक परिवेशको झलक, आत्मकथनको स्पर्श र काव्यिक अभिव्यक्ति छ भनि सङ्क्षिप्त चर्चा गरे तापनि समग्र निबन्ध सङ्ग्रहको विश्लेषण गरेका छैनन् ।

देवराज विश्वकर्माले **गणतन्त्र** (२०६५) 'मूल्यहरूमा' मा नारायण नेपाल शीर्षकको लेखमा लेखकको बारेमा चर्चा गर्नुका साथै निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको सङ्ख्या र ती निबन्धहरूमा भएका विषयवस्तुको बारेमा चर्चा गरेका छन् तर निबन्धगत तत्त्वको आधारमा भने विश्लेषण गरेको पाइदैन ।

नवीन विभासले 'श्रीलङ्का घुमाउने पुस्तक' शीर्षकको भूमिका लेखमा सूर्यनाथ सापकोटाको **श्रीलङ्का यात्राका अनुभूतिहरू** (२०६५) मा २०६० सालतिरको नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक परिवेशलाई समेटेको छ भनी सामान्य चर्चा गरे तापनि निबन्धसङ्ग्रहको समग्र अध्ययन गरेको पाइदैन ।

डा.कृष्णराज डि.सी.ले **नयाँ युगवोध** (२०६५) साहित्यकार सापकोटाको श्रीलङ्काको अनुभूति शीर्षकको समीक्षात्मक लेखमा सूर्यनाथ सापकोटाको यात्रासंस्मरण 'श्रीलङ्का यात्राका अनुभूति'को विषयवस्तुको बारेमा चर्चा गरेका छन् भने निबन्धगत तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

उत्तमकृष्ण मजगैयाँले **अन्तर्ध्वनि** (२०६५) 'दाङको निबन्ध परम्परा: एक अध्ययन' शीर्षकको लेखमा दाङका निबन्धकार र तिनका निबन्धकृतिको सामान्य चर्चा गरे तापनि सबै निबन्धकार र तिनका निबन्धसङ्ग्रहहरूलाई समेट्न सकेका छैनन् ।

डा.गोविन्द आचार्यले 'तीर्थयात्रीहरूसँगको सहयात्रा' शीर्षकको भूमिका लेखमा भीमकान्त शर्मा आचार्यको **मुक्तिनाथ दर्शन** यात्रावृत्तान्त (२०६६) को विषयवस्तुको सामान्य चर्चा गरेका छन् तापनि समग्र यात्रावृत्तान्तको विश्लेषण गरेको पाइदैन ।

प्रा. स्थानेश्वर गौतमले 'सम्मति' शीर्षकको भूमिका लेखमा भीमकान्त शर्मा आचार्यको **चारधाम यात्रा: वर्णन र विवेचना** (२०६६) यात्रासंस्मरणको विषयवस्तुको बारेमा सामान्य चर्चा गरे तापनि निबन्धगत तत्त्वको आधारमा विश्लेषण गरेका छैनन् ।

यसरी विभिन्न पत्रपत्रिका, पुस्तक, निबन्धसङ्ग्रहको भूमिका आदिमा निबन्धकार र निबन्धका बारेमा चर्चा गरे तापनि निबन्धको सैद्धान्तिक आधारमा विश्लेषण गरेको पाइदैन ।

तसर्थ यस शोधकार्यमा दङाली निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सैद्धान्तिक आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

दङाली साहित्यको विकासमा योगदान पुऱ्याउने दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको बारेमा अध्ययन, अनुसन्धान, सम्बन्धित क्षेत्रको निबन्धविधाको परम्परा र विकासलाई प्रकाशमा ल्याउने भएकाले यसको महत्त्व रहेको छ । यस शोधपत्रमा दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहका बारेमा अध्ययन विश्लेषणलाई प्रस्तुत गरिएकाले यस विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकका लागि यो शोधपत्र उपयोगी रहेको छ । यस शोधपत्रले क्षेत्रीय अध्ययन अनुसन्धान परम्पराको विकासमा सहयोग पुऱ्याउनुका साथै समग्र दङाली साहित्यको इतिहासको खोज अनुसन्धान कार्यमा पनि सामाग्री उपलब्ध गराउने भएकाले प्रस्तुत शोधपत्रको औचित्य स्वतः स्पष्ट हुन्छ । यसका साथै भविष्यमा शोध गर्न चाहने शोधार्थीहरूलाई शोधकार्यको निम्ति गोरेटो प्रदान गर्ने हुनाले प्रस्तुत शोधपत्र उपयोगी रहेको  छ ।

## १.८ शोधकार्यको क्षेत्र तथा सीमाङ्कन

प्रस्तुत शोधपत्रमा नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने राप्ती अञ्चलको दाङ जिल्लाको भौगोलिक सीमाभित्र रही यस जिल्लाको सामान्य परिचय, निबन्धविधाको पृष्ठभूमि, परम्परा, विकासक्रम सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसैगरी दाङ जिल्लाका निबन्धकारहरूको परिचय दिँदै तिनका निबन्धसङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ । दाङ जिल्लाको निबन्ध विधाको सङ्क्षिप्त अध्ययन, दङाली निबन्धकार र तिनका निबन्धसङ्ग्रहहरूको अध्ययन यस शोधपत्रको क्षेत्र तथा सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बद्ध सामग्रीहरू प्राथमिक सामग्रीका रूपमा लिइएका छन् भने द्वितीयक स्रोतबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्धति (प्रश्नावली र अन्तर्वार्ता), पुस्तकालयीय अध्ययन पद्धति अवलम्बन गरिएको छ । प्रस्तुत शोधपत्र तयार पार्दा ऐतिहासिक, वर्णनात्मक, विश्लेषणात्मक एवम् अनुसन्धात्मक विधिको पनि प्रयोग गरिएको छ । यसैगरी सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी तथा समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यताअनुसार सम्वद्ध क्षेत्रका विभिन्न व्यक्तित्व, शोधनिर्देशक र संघसंस्थाबाट पनि जानकारी लिइएको छ । यस शोधकार्यमा निबन्धसङ्ग्रहको विश्लेषण गर्ने क्रममा निबन्ध सिद्धान्तलाई आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न यसलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । साथै अध्ययनको क्रममा आवश्यकताअनुसार थप शीर्षक तथा उपशीर्षकहरूको व्यवस्था पनि गरिएको छ । यस शोधपत्रको परिच्छेदगत ढाँचा निम्नानुसार रहेको छ :

**पहिलो परिच्छेद** : शोधपरिचय

**दोस्रो परिच्छेद** : दाङ जिल्लाको परिचय र यसको सङ्क्षिप्त साहित्यिक इतिहास

**तेस्रो परिच्देछ** : दाङ जिल्लाका निबन्धकारहरूको सर्वेक्षण

**चौथो परिच्देद** : दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन

**पाँचौ परिच्देछ** : उपसंहार

**सन्दर्भग्रन्थ सूची**

# परिच्छेद दुई
# दाङ जिल्लाको परिचय र सङ्क्षिप्त साहित्यिक इतिहास

## २.१ विषय परिचय

नेपाली साहित्यको विकासमा क्षेत्रीय स्तरमा रहेका साहित्यकार तथा साहित्यिक रचनाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसैगरी दाङ जिल्लाको साहित्यिक गतिविधिले पनि नेपाली साहित्यको विकासमा उल्लेखनीय भूमिका खेलेको पाइन्छ । यस सन्दर्भमा दाङ जिल्लाको परिचय र यसको साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउनु सान्दर्भिक हुन्छ । अतः दाङ जिल्लाको नामकरण, भौगोलिक प्राकृतिक परिचय, ऐतिहासिक परिचय, सामाजिक सांस्कृतिक परिचय, धार्मिक स्थल एवम् मठमन्दिरहरू, शिक्षा, स्वास्थ्य जनसङ्ख्या आदि लगायत दाङको साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउने काम यस परिच्छेदमा गरिएको छ ।

## २.२ नामकरण

दाङ जिल्लाको परिचय दिँदा यसको नामकरणका बारेमा चर्चा गर्नु प्रासङ्गिक हुन्छ । नेपालको कतिपय जिल्लाहरूको नाम प्रसिद्ध तीर्थस्थल, पौराणिक, ऐतिहासिक घटना, जातजाति र जातीय विशेषता आदिसँग जोडेर राखिएको पाइन्छ । अतः दाङ जिल्लाको नामकरणको बारेमा पनि यस्तै विभिन्न भनाइ तथा किंबदन्तीहरू प्रचलित छन् । ती किंबदन्तीहरू यसप्रकार रहेका छन् :-

संस्कृतिको पुरवाचक 'दाङ्ग' शब्दबाट 'दाङ्ग' बनेको होला भन्ने धेरैले अनुमान लगाउँछन् तापनि दाङ्गमा पुर बसेको कहिल्यै थाहा नपाइने हुँदा पहाडका बीचको मैदानलाई बुझाउने संस्कृतिको 'द्रोण' शब्दबाट दाङ्ग बन्यो  होला भन्न ज्यादा उपयुक्त देखिन्छ । किनभने पहाडका बीचका मैदानी भागलाई दाङ्ग शब्द युक्त दाङ्गमई, दाङ्गसिङ, दाङ्गबाङ्ग, दाङ्गभन्सार, दाङ्गचुली, दाङ्गचोट, उपर दाङ्गगढी आदि नामले बुझ्ने बुझाउने गरेको देखिन्छ । (गौतम, २०५० : ५६-५७)

रामसरा भगरनीका अनुसार दाङ्ग, बाङ्ग, हाङ्ग शब्द मगरे खामका हुन् । यिनको अर्थ क्रमशः मैदान, चउर, पहाड हुन भन्ने छ । दाङ्ग शब्द खस कुरामा मगरे खामबाट आएको हुन सक्छ तर यसको पूर्वरूप द्रोणलाई मान्दा मात्र दक्षिणका पहाडको द्रोणादि नाम सार्थक हुन्छ । (गौतम, २०५० : ५७)

महात्मा बुद्धका जीवन चरित्रमा चेतवन (श्रावस्ती) वर्तमान बहराइचमा द्रोणवास्तुका ब्राहमणको बुद्धसित वादविवाद भएको कुरा आउँछ । द्रोण वास्तु भन्ने स्थान अन्त

नभेटिएकाले कपिलवस्तु र श्रावस्तीको बीच उत्तरको दाङ्ग नै द्रोणवस्तु हो भन्ने धेरैको भनाइ छ । (गौतम, २०५० : ५८)

दाङ्गदेखि दखिनको पहाड द्रोणादि युन्द्रवा-दुडुवा भनिन्छ । दाङ्गको पूर्वरूप द्रोणलाई मान्दा मात्र दखिन वा पहाडको द्रोणादि नाम सार्थक हुन्छ । (गौतम, २०५० : ५७)

यसको अतिरिक्त दाङ उपत्यकाको नाम दङगीशरण नामक थारू राजाबाट भएको भन्ने किंबदन्ती पनि प्रचलित छ । यसअनुसार यिनको दरवार सुकौरागढमा थियो यही भनाइ नै उपयुक्त देखिन्छ ।

## २.३ भौगोलिक एवम् प्राकृतिक परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने रापती अञ्चलको पाँच जिल्लामध्ये दाङ जिल्ला पनि एक हो । महाभारत र चुरे श्रृङ्खलाको वरपर अवस्थित यी पाँच जिल्लामध्ये रोल्पा, रुकुम, सल्यान र प्यूठान पहाडी जिल्लाहरू हुन भने दाङ एकमात्र समथर भू-भाग भएको भित्री मधेस हो । महाभारत पर्वतमाला यस जिल्लाको उत्तरी खण्डमा पूर्व पश्चिम लम्बिएर रहेको छ । यसका उच्च टाकुराहरू २,०५८ मिटरसम्मका छन् (मेचीदेखि महाकाली, २०३१ : १३१-१३२) ।

यो जिल्लाको उत्तरतर्फ महाभारत पर्वत, दक्षिणमा भारतको उत्तरप्रदेश, पूर्वमा अर्घाखाँची जिल्ला र पश्चिममा सुर्खेत जिल्ला पर्दछन् । यो जिल्ला दाङ र देउखुरी गरी दुई उपत्यकामा विभाजित छ । क्षेत्रफलको हिसावले देउखुरी उपत्यका भन्दा दाङ उपत्यका केही ठूलो छ ।

यो जिल्ला ८५ डिग्री २ मिनेट पूर्वदेखि ८२ डिग्री ५ मिनेट पूर्वी देशान्तरसम्म र २७ डिग्री ३७ मिनेट उत्तरदेखि २८ डिग्री २९ मिनेट उत्तरी अक्षांसभित्र अवस्थित छ । यहाँ करीब २० प्रतिशत पहाड र ८० प्रतिशत भित्री मधेश पर्दछ । भित्री मधेश समुद्र सतहदेखि लगभग २१३-२४४ मिटरको उचाइमा अवस्थित छ । यसको कूल क्षेत्रफल (२,९५,५०० हे.) २,७९० वर्गकिलोमिटर छ । (मेचीदेखि महाकाली, २०३१ : १३१-१३२)

भू-स्वरूपको दृष्टिकोणले यस जिल्लालाई मोटामोटी रूपमा तीन भागमा विभाजन गर्न सकिन्छ :

- पहाडी प्रदेश
- भित्री मधेश
- चुरे डाँडा

) **पहाडी प्रदेश**

यस जिल्लाको उत्तरी सिमानामा महाभारत पर्वत पूर्व पश्चिम फैलिएर बसेको छ । यहाँका उच्च शिखरहरू समुद्र सतहदेखि ४,००० फिटदेखि करीब ६,७५० फिटसम्मको उचाइमा पर्दछ । कहिलेकाँही यो उचाइमा हिउँ परेको पनि देखिन्छ तर केही दिनभित्र उक्त हिउँ पग्लिहाल्छ । यहाँको लेकहरूमा कोइला, स्लेट, हावा, पेट्रोलियम पदार्थजस्ता भौतिक सम्पदा रहेका छन् ।

) **भित्री मधेश**

यो प्रदेश माथि उल्लेख गरिए झैं दुई ठूला उपत्यकामा विभाजित छ । दाङ र देउखुरी यी दुवै उपत्यका पूर्वपश्चिम लम्बिएका छन् । पहाड, पखेराबाट खोलानालाले बगाई ल्याएको मलिलो माटाले गर्दा यहाँको जमिन अत्यन्तै उर्वरायुक्त छ । देउखुरी उपत्यकाको बीच भागबाट रापती नदी बगेर गएको छ भने दाङ उपत्यकाको दक्षिण भागबाट सरयु नदी बगेर आएको छ ।

) **चुरे डाँडा**

जिल्लाको दक्षिणी भागमा पूर्वपश्चिम फैलिएर रहेको श्रृङ्खला चुरे डाँडा हो । चुरे पहाड शृङ्खलालाई रापती नदीले चिर्दै पूर्वपश्चिम बगेकाले यहाँको चुरे पहाड दुई हाँगामा विभाजित भएको छ । दक्षिणतर्फ चुरेकै अन्तरमा देउखुरी उपत्यका वा भित्री मधेश समुन्द्र सतहदेखि करीब २२५ मिटरको उचाइमा रहेको छ । चुरे तथा डँडुवा पहाड शृङ्खलामा क्रमशः १,२५६ मिटर र ९८६ मिटरसम्मका टाकुराहरू छन् । (मेचीदेखि महाकाली, २०३१ : १३१-१३२)

### २.३.१ नदीनाला

दाङ जिल्लामा रापती नदी र बबई नदी गरी दुई नदी छन् । यी नदीकै आधारमा दाङलाई मुख्य दुई जलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ :

**रापती जलाधार क्षेत्र**

यस क्षेत्रअन्तर्गत दाङका मुख्यतः महातिनिया, सुपैला, कक्रहा, गुरुड, अर्जुन, मसोट, सिंगै, अनर्वा, रङसिङ, करङ्गा आदि खोला समेटिन पुग्दछन् ।

**बबई जलाधार क्षेत्र**

जलाधार क्षेत्रअन्तर्गत दाङका मुख्यतः बालिम, सिस्ने, कटुवा, सेवार, हापुर, पत्रे, चौवा, ग्वार, सकाम, काला (रानीघाट) पातु, बराही, तुई, भमके, गहते, बागर (चीरासार), बोलाहा, बागम, चीराघाट आदि खोला समेटिन्छन् । (पोखेल : २०६२ : १-१५)

### २.३.२ जलवायु

दाङ मिश्रित जलवायु पाइने भित्री मधेस भाग ज्यादा र पहाडी भाग कम भएको जिल्ला हो । मुख्यतः दाङको जलवायु समशीतोष्ण मानिए पनि दाङ उपत्यकामा समशीतोष्ण र देउखुरी उपत्यकामा उष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम ४० डिग्री सेल्सियस र न्यूनतम २५ डिग्री सेल्सियस सम्मको तापमान रेकर्ड पाइन्छ । यहाँको औसत तापक्रम २६ डिग्री सेल्सियस रहन्छ । वार्षिक औसत वर्षा १७०.६ मिलिलिटर रहन्छ । कूल वर्षामा ९० प्रतिशत वर्षा ग्रीष्म ऋतुमा हुन्छ भने हिउँदमा कहिलेकाहीँ वर्षा हुन्छ । (पोखेल, २०६२: १-१५)

### २.३.३ छहरा, ताल, तलाउ र गुफा

दाङ जिल्लाको मुख्य आकर्षक झरना पुरन्धारा छहरा हो । पुरन्धारा गा.वि.स. स्थित पुरन्धारा छहरा दाङको मुख्य छहरा हो । यसैगरी ब्राह्कुने ताल, जखेरा ताल, पर्सेनी ताल, गौरी ताल मुख्य हुन् भने ज्यामिरे दह चरिङ्गे दह, भोटे दह, किचेनी दह, लुप्तकुण्ड आदि मुख्य दह हुन् । त्यस्तै चमेरे, चन्द्रकोट, गुप्तेश्वर दाङका मुख्य गुफा हुन् । हलवार गा.वि.स. ५ मूलकोटको चमेरे गुफा (चमेरे झाँक्री गुफा) नेपालकै सबैभन्दा ठूलो गुफा हो । (पोखेल, २०६२ : १-१५)

### २.३.४ प्राकृतिक वनस्पति

महाभारत पर्वत चुरे तथा दँदुवा पहाड र भित्री मधेश समेत भएको यो जिल्ला नेपालको घना जङ्गलले ढाकिएको थोरै जिल्लाहरू मध्ये एउटा हो । भित्री मधेश, चुरे दँदुवा, पहाड तथा महाभारत पर्वतको दक्षिणी पाटामा पचास प्रतिशत भन्दा बढी जमिन वन, वनस्पतिले ढाकिएको छ । वनस्पतिको प्रकार तथा विकासमा स्थानीय जलवायु र धरातलको उचाइ आधारभूत घटक हुन आउँछन् । यसैले यहाँको वनस्पतिलाई धरातलको उचाइ अनुसार महाभारत पर्वत क्षेत्रमा लगभग ६१५ (३,००० फिट) देखि माथिको भू-भागलाई मिश्रित पतझड मनसुनी वन र खासगरी भित्री मधेशमा पर्ने वनलाई उष्ण प्रदेश सदावहार वन भनी छुट्याइएको पाइन्छ । (मेचीदेखि महाकाली, २०३१ : १३१-१३२)

दाङ जिल्लाको कूल क्षेत्रफल मध्ये १,९२, १५ हेक्टर भूमी वन जङ्गलले ढाकेको छ । हाल दाङमा ३९९ सामुदायिक वन, ३ वटा धार्मिक वन र २६३ वटा निजीवन दर्ता भईसकेका छन् । दाङमा १२,९५० हेक्टर जमीन चरिचरन क्षेत्रको रूपमा रहेको छ ।

यहाँ मुख्य वन्यजन्तुका रूपमा चितुवा, स्याल, ब्वाँसो, घोरल, जरायो, चित्तल, खरायो आदि पाइन्छन् भने मयुर, कालिज, लुइचे इत्यादि चराहरू पाइन्छन् । (पोखेल, २०६३ : १-१५)

### २.३.५ माटो

दाङ उपत्यकाको माटो खासगरी लेटराइट किसिमको छ, जो ढुङ्गा, ग्रेगर र बालुवायुक्त छ । त्यसैले यहाँको माटो उर्वराको दृष्टिले ठीकै मानिन्छ । देउखुरी उपत्यकाको माटो भने दोमट, पाँगो र बलौटे खालको हुनाले बाली उत्पादनका हिसाबले उर्वरायुक्त मानिन्छ । (पोखेल, २०६२ : १-१५)

## २.४ ऐतिहासिक पृष्ठभूमि

दाङ उपत्यका परापूर्वकालमा एउटा विशाल तलाउको रूपमा थियो भन्ने मान्छिन । झट्ट हेर्दा त्यस्तै अनुमान गर्न लायक पनि छ । भौगोलिक इतिहासका दृष्टिले हेर्दा ७ करोड वर्ष अगाडि टेथिस सागर भौगोलिक परिवर्तनबाट स्थल भागमा परिवर्तन भइसकेपछि पनि धेरै समयसम्म दाङ एक तलाउका रूपमा रहेको मानिन्छ । समय बित्दै जाँदा पछि उत्तरी दिशाबाट बग्ने नदीले तलाउको पानी चिरेर लगेपछि यो ठाउँ स्थल भागमा परिवर्तन भयो र त्यहाँ घना जङ्गल फैलियो । विभिन्न ग्रन्थमा उल्लेख भएको ‘वन खण्ड मण्डल’ ले दाङ देउखुरीलाई नै अङ्कित गरेको कुरामा विद्वानहरू विश्वास गर्दछन् । (पोखेल, २०६२ : १-१५)

नेपालको इतिहासमा दाङ जिल्लाको आफ्नो महत्त्व छ । अहिलेसम्मको सोधखोज अनुसार रापती अञ्चलको दक्षिण क्षेत्रमा पर्ने दाङ उपत्यकामा मानव बसोबासको अस्तित्व सभ्यताका आदिम प्रहरदेखि नै विद्यमान थियो भन्ने कुरा त्यहा बेलाबेला गरिएका उत्खनन् तथा तिनबाट उपलब्ध पाषाणयुगीन पुरातात्विक सामग्रीहरूले पुष्टि गर्दछन् (सुवेदी, २०५६ : १०) ।

रतननाथले छाड्दा दाङ राज्यको विस्तार शिवराज इलाकाको अर्रासोतादेखि पश्चिम राप्तसम्मको तुलसीपुर भनिने इलाकामा पनि थियो । नेपालको एकीकरण बेला सम्वत् १८४३ मा दाङमा राजा नवलसिंहले तापाको लडाइँमा वीरगति प्राप्त गरेपछि उनका छोरा राजकुरमा दिलेर सिंहले दाङको पूरा रक्षा गर्न सकेनन् । उनले आफ्नो आधाराज्य तुलसीपुरको तराई मात्र बचाइ त्यहाँ राजा भइ बसे । गोर्खालीले जितेको दाङ देउखुरी पृथ्वीनारायण शाहकी छोरी सल्यानका युवराज्ञीलाई विर्ता भनी दिए । १८६५ मा सल्यानको राज्य केन्द्रीय राज्यमा मिल्दा दाङ पनि एकीकृत नेपालमा मिल्यो । १८९४ सालमा दरवारमा कुनै कुमारीको बिहा गरिदिँदा सल्यानी राजा वंशज तेजबहादुर शाहलाई राजा पद र पश्चिमी दाङ राजाका नामले प्रदान गरियो र दाङ खण्डित भयो (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३ : २-४) ।

दाङ देउखुरीमा पहिले थारू जातिका राजा दङ्गीशरणले पनि राज्य गरेका र यिनै थारू राजाका शासनकालमा दाङ सुकौरागठमा राज भवन निर्माण भएको हो भन्ने विश्वास

गरिएको छ । दाङमा थारू राजाले राज्य गरिरहेको बेलामा कर्णाली प्रस्रवण क्षेत्रमा खसिया मल्लहरूले प्रभुत्व बढाउँदै आएपछि उनीहरूले दाङको थारू राजालाई आफ्नो सामन्त तुल्याए । खसिया मल्लहरूको पतन पछि दाङमा परीक्षकले राज्य स्थापना गरी राज्य गर्न थालेको पाइन्छ । यिनको मृत्यु पछि राजा भएका यिनैका छोरा रत्न परीक्षक सिकार खेल्न वनमा जाँदा गोरखनाथको दर्शन पाए । गोरखनाथको प्रभावबाट सिद्ध रत्ननाथले दाङ देशलाई रक्षा गरिरहेका छन् भन्ने अनेक कथाहरू पाइन्छ । गोरखामा गोरखनाथको र जुम्लामा चन्दननाथको महत्त्व भए झैं दाङमा रतननाथको महत्त्व छ । (मेचीदेखि महाकाली, २०३१ : २४०-२४२)

रामनिवास पाण्डेले कटुकी सेवारमा, जनकलाल शर्माले ग्वारखोला र डिल्लीराम शर्माले विजौरीमा नवपाषाणुकालीन औजार प्राप्त गरेको पाइन्छ । यसरी नवपाषाणुकालीन औजार दाङमा प्राप्त हुनुले दाङ उपत्यका नेपालको प्राग-ऐतिहासिक स्थलहरूमध्ये एक महत्त्वपूर्ण स्थल भएको पुष्टि हुन्छ (पोखेल, २०६२ : १-१५) ।

नेपाल एकीकरण पश्चात् दाङ सल्यान गौडाका मातहतमा थियो । १९३८ सालमा दाङको मैदानी भागलाई तौलिहवा गोश्वाराका, १९९६ सालमा भैरहवा गोश्वाराका, २००३ मा नेपालगञ्ज गोश्वाराका मातहतमा गराइरहेको थियो । २००७ सालसम्म यहाँ माल, अदालत, हुलाक, इन्सपेकटर अफिस मात्र थियो । २००८ साल जेष्ठ ३ गतेदेखि छुट्टै जिल्ला मानियो र यहाँ बडाहाकिम रहन थाले । २०१७ सालमा रापती अञ्चलको सदरमुकाम दाङ भएपछि यहाँ अञ्चलाधीस रहन थाले (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३, २-४) ।

फलावाङ राज्य २०१८ सालमा उन्मूलन भएपछि दाङको पश्चिमी भाग र अघिदेखि सल्यानतर्फ रहेको दाङको उत्तरी पानी ढली २०३० सालतिर दाङमा मिलेपछि दाङ आजको अवस्थामा आएको हो (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३ : २-४) ।

## २.५ सामाजिक, सांस्कृतिक परिचय

विभिन्न जातजाति तथा धार्मिक सम्प्रदायहरूको संयोगबाट एउटा सिङ्गो समाजको निर्माण भएको हुन्छ । त्यसैगरी सामाजिक जनजीवनको निर्माण यिनै जातजातिका रहनसहन, परम्परागत संस्कार, धर्मकर्मबाट भएको हुन्छ भने यसबाट सामाजिक तथा सांस्कृतिक परिचय पाउन सकिन्छ । अन्य जिल्लाहरूमा जस्तै दाङ जिल्लामा पनि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आएको पाइन्छ र उनीहरूको आ-आफ्नो किसिमको सामाजिक-सांस्कृतिक परम्परा रहेको छ ।

दाङ जिल्लाको सामाजिक-सांस्कृतिक परम्परालाई हेर्दा यसको आफ्नो वैशिष्ट्य छ । विभिन्न जातजाति, धर्मसंस्कृति आदि विभिन्नताले गर्दा यहाँको संस्कृतिमा पनि पृथकता

पाइन्छ । जस्तै थारू जातिले माघी, बडाका आइतवारी, अत्वारी, देवारी आदि जस्ता चाडपर्वहरू मान्दछन् भने बाहुन क्षेत्रीले दशै, तिहार, तीज, शिवरात्री, कृष्णाष्टमी, देवाली आदि मान्दछन् । यसैगरी नेवारले गाईजात्रा, पञ्चमी आदि मान्दछन भने मुस्लिमले इद र रोजा मान्दछन् । यहाँ लोकगीत, दोहरीगीत गाइनुका साथै मादल, बासुरी, मजुरा, हारमोनियम, सारङ्गी, वीणा, चाँप, खैजडी, दमा आदि विभिन्न बाजाहरू बजाइन्छ । विभिन्न चाडपर्वमा विभिन्न किसिमका मेला जात्रा पनि लाग्ने गर्छ । जसबाट यहाँका मानिसहरूले मनोरञ्जन तथा रमाइलो गर्न यस्ता मेला लाग्ने ठाउँमा जाने गर्दछन् । यस्ता मेलाहरूमा बाह्कुने मेला, शिवरात्री मेला, रिहार मेला, टिकरी मेला, चौधेरा मेला आदि पर्दछन् ।

यस जिल्लामा थारू जातिको बाहुल्य रहे पनि अन्य एकदर्जनभन्दा बढी जातजातिको संगमस्थलका रूपमा रहेको दाङको संस्कृति विविधतापूर्ण छ । यहाँका थारू संस्कृतिका दृष्टिले निकै धनी छन् । एकदमै न्यून सङ्ख्यामा रहेको लोपोन्मुख जाति राउटेको संस्कृति संरक्षणमा विशेष ध्यान दिन आवश्यक छ । दाङमा प्रचलित मुख्य लोक नाचहरूमा वड्कीमारनाच, सारङ्गीनाच सोरठीनाच, झुमेनाच, झुमरानाच, राउटेनाच, मघौरानाच, तरवारनाच, सुकरीनाच, लट्ठीनाच आदि पर्दछन् । (पोखेल, २०६२ : १-१५)

## २.६ जनसङ्ख्या

२०५८ सालको जनगणनाअनुसार दाङको जनसङ्ख्या तथ्याङ्क निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| | | |
|---|---|---|
| कूल जनसङ्ख्या | - | ४,६२,३८० |
| महिला | - | २,२३,४२२ |
| पुरुष | - | २,२८,९५८ |
| घरधुरी सङ्ख्या | - | ८२,४९५ |
| औसत परिवार सङ्ख्या | - | ५.६ |
| जनसङख्या वृद्धिदर | - | २.६ |
| ग्रामीण जनसङ्ख्या | - | ८३.३ |
| सहरी जनसङ्ख्या | - | १६.७ |
| जनघनत्व | - | १५६.४७ प्रति वर्ग.कि.मि. |

यस जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या घोराही नगरपालिकामा छ भने सबैभन्दा कम जनसङ्ख्या कोइलावास गा.वि.स.मा छ । घोराही नगरपालिकाको जनसङ्ख्या ४३,१२६ छ भने कोइलावास गा.वि.स.को जनसङ्ख्या १,३५४ छ । (पोखेल, २०६२ : १-१५)

## २.७ भाषाभाषीको आधारमा जनसङ्ख्या

यस जिल्लाको प्रमुख भाषा नेपाली हो तर यहाँका जातजातिले थारू, मगर, नेवारी, हिन्दी, मैथली आदि भाषा पनि बोल्छन् । यही भाषाको आधारमा यहाँको जनसङ्ख्या यसप्रकार देखिन्छ : (दाङ जिल्लाको वस्तुगत विवरण, २०५७/०५८-२०६२/०६४)

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाली | - | ६२.३६% | गुरुङ | - | १.८५% |
| थारू | - | २६.७०% | हिन्दी | - | ०.३२% |
| मगर | - | ५.३४ | उर्दू | - | १.३६% |
| नेवारी | - | १.८६% | अन्य | - | १.२१% |

दाङमा मुख्य रूपमा नेपाली, थारू र मगर मातृभाषा भएकाको जनसङ्ख्या बढी रहेको पाइन्छ । त्यसैले गर्दा दाङको साहित्य सिर्जना पनि यिनै भाषाबाट बढी भएको पाइन्छ । नगन्य रूपमा नेवारी र अवधि भाषामा पनि साहित्य सिर्जना भएको पाइन्छ । यसरी दाङको साहित्य सिर्जनाको प्रमुख भाषाको रूपमा नेपाली भाषा रहेको छ ।

## २.८ मन्दिर तथा धार्मिक स्थलहरू

दाङ जिल्ला सामाजिक, भौगोलिक तथा सांस्कृतिक रूपले महत्त्वपूर्ण मानिएझैं मठमन्दिर तथा धार्मिक स्थलहरूले पनि महत्त्वपूर्ण मानिन्छ । यस्ता मन्दिर र धार्मिक स्थलहरूमा अम्बिकेश्वरी भगवती मन्दिर, श्री रत्ननाथ मन्दिर, वराह मन्दिर, पाण्डेश्वरी शिवमन्दिर, पाण्डेश्वर शिवमन्दिर धारापानी, त्रिसिद्धेश्वरी मन्दिर, श्री शिद्धेश्वरी शिवमन्दिर छिल्लीकोट र कालिका-मालिका, मन्ठोर्या भवानीको मन्दिर, श्री बराहक्षेत्र रिहार रामजानकी मन्दिर (कोइलावास), सुन्दरादेवी भगवती शान्तिनगर, गढीटकुरा देवस्थल (हापुर), वागेश्वरी (स्यूजा), सिकु, भगवान्तनाथ मन्दिर (श्रीगाउँ), दमुमदुमा मन्दिर (चैलाही) कालिकामाइ मन्दिर (मसिना) आदि रहेका छन् । यसैगरी अन्य धार्मिक स्थलहरूमा प्रजापिता ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय, नम छु बौद्ध गुम्बा, ॐ शिरडी साई मन्दिर, स्वर्गद्वारी आश्रम, अद्वैत संस्था आदि छन् ।

## २.९ दङाली साहित्यको सङ्क्षिप्त इतिहास

नेपाली साहित्यको विकासक्रमलाई हेर्दा मूलतः साहित्यको थालनी कविता विधाबाटै भएको पाइन्छ । पृथ्वीनारायण शाहका समकालीन कवि 'सुवानन्ददास'को वि.सं. १८२६ को 'पृथ्वीनारायण शाह'का कविताबाट नै लेख्य नेपाली साहित्यको आरम्भ भएको हो । विश्वका पुराना ग्रन्थहरू वेद, रामायण र महाभारत आदि पनि कविताका रूपमा रहेका छन् । पश्चिमका आदि महाकाव्य आदि पनि कविताका रूपमा रहेका छन् । पश्चिमका आदि

महाकाव्य इलियड र ओडिसी पनि कविता हुन् । यसैले वास्तवमा भन्नुपर्दा साहित्यको थालनी कविताबाट भएको पाइन्छ । (शर्मा र दाहाल, २०५० : ११३)

अहिलेसम्मको जानकारी अनुसार दाङ जिल्लाको साहित्य कविता विधाबाट भएको पाइन्छन् । रापती क्षेत्रमा प्रथमतः दाङबाटै शिष्ट लेख्य-साहित्य परम्परा प्रारम्भ भएको देखिन्छ । वि.स. १८९९ सालमा रचित तथा दाङको श्रीगाउँमा पाइएको कवितात्मक ताम्रपत्र दाङमा आजसम्म उपलब्ध प्रथम कविता हो र यही नै रापती क्षेत्रको प्रथम कविता पनि हो । शार्दूलविक्रीडित छन्दमा रचिएको यस कवितामा दाङस्थित शिरगाउँ (हाल: श्रीगाउँ), त्यहाका सिद्धभवन्तनाथदेखि भुवनेश्वरनाथ, रूपनाथ, लोकनाथ हुँदै जक्तिनाथसम्मका योगीहरूको परम्परा तथा उनीहरूले गरेको सत्कर्महरूको सुन्दर वर्णन गरिएको छ । उक्त कवितात्मक ताम्रपत्रका रचनाकार को हुन् भन्ने कुरा स्पष्ट छैन तापनि कवितात्मक ताम्रपत्रका रचनाकार को हुन् भन्ने कुरा स्पष्ट छैन तापनि यसको सातौं पद्यको दोस्रो पाउमा इन्का सिस्य त जक्तिनाथ उनले भयाका विस्तार्गन्या भन्ने उल्लेख भएबाट यसका रचयिता जक्तिनाथ हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ । जेहोस् सिद्धभवन्तनाथ मठ, शिरगाउँ दाङको ताम्रपत्रका रूपमा प्रस्तुत यही कविताबाटै रापती क्षेत्रमा शिष्ट लेख्य साहित्यिक परम्पराको थालनी भएको हो (सुवेदी, २०६५ : ४४) ।

यसैगरी व्याकरण, आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम व्यक्ति कविराज शालिग्राम गौतमका शाहवंश चरित्र (१९९२) र रामाश्वमेध (१९९३) नामक दुई काव्यहरू प्रकाशित छन् । यिनै शालिग्रामलाई दाङका साहित्यकारहरूमा प्रथमपल्ट काव्य ग्रन्थ प्रकाशन गर्ने श्रेय प्राप्त छ । यसपछि नै दाङका अन्य साहित्यकारहरूले प्रकाशनतिर केही गति लिएको पाइन्छ । त्यसैले यिनका काव्य कृतिहरूले दाङको साहित्यिक इतिहासलाई अघि बढाउने महत्त्वपूर्ण भूमिका खेलेको मानिन्छ । (मजगैयाँ, २०५४ : ५४)

बीसौं शताब्दीका उत्तरार्द्धमा दाङबाट मटिहानी, माठमाडौं र बनारस जस्ता विद्याकेन्द्रमा गइ संस्कृत पढेलेखेका पण्डितहरूले साहित्य सृजनामा रुचि लिन थाले । यस क्षेत्रबाट साहित्य सृजनामा क्रियाशील हुने पहिलो पुस्ताका प्रतिभाहरूमा कविराज शालिग्राम गौतम, मित्रलाल आचार्य, चेतनाथ उपाध्याय, शोभाकर आचार्य आदि हुन् (सुवेदी, २०६५: ४४) ।

२१ औं शताब्दीको सुरुवातसँगै दाङमा शैक्षिक गतिविधिहरू विस्तारित हुँदै गए । स्थानीय स्तरमै सुरु भएको संस्कृत तथा अङ्ग्रेजी शिक्षाको प्रारम्भिक पठनपाठन तथा उच्च शिक्षाका निम्ति बनारस तथा राजधानीमा पढ्न सृजनाको स्तरीयता बढ्दै गयो । यस शताब्दीको प्रारम्भमै कलम चलाउने साहित्यकारहरूमा गणेशकुमार शर्मा, रामप्रसाद मजगैयाँ रामेश्वर शर्मा, टेकनाथ गौतम, मेघराज शर्मा, बुद्धिप्रकाश

शर्मा आचार्य, श्रीमती सुशीला घिमिरे, वासुदेव शर्मा, मीन 'दङ्गाली' र भरतमणि शर्मा आदि देखिन्छन् । (सुवेदी, २०६५ : ४५)

२१ औं शताब्दीको दोस्रो दशकमा दाङबाट बनारसमा पढ्न जाने लहर तीव्र रूपमा बढ्दै गयो । त्यस समयमा नेपाली विद्यार्थीहरूको सक्रियतामा 'छात्रदूत' छात्रवाणी, छात्रप्रभा आदि पत्रिकाहरू बनारसबाट प्रकाशित भइरहेका थिए भने दाङ-प्यूठानबाट त्यहाँ पढ्न गएका विद्यार्थीहरूले 'सन्देश', 'सुमन' जस्ता पत्रिका प्रकाशित गर्न थालेका थिए । उक्त पत्रिकाका माध्यमबाट साहित्य सृजनामा क्रियाशील हुने दाङका प्रमखु स्रष्टाहरू हुन-एकराज शर्मा, नारायणप्रसाद शर्मा, नेत्रलाल शर्मा 'अभागी' गिरिराज शर्मा, वासुदेव शर्मा घिमिरे, तोयनाथ धिताल, वामदेव शर्मा, लोकमणि आचार्य आदि । (सुवेदी, २०६५ : ४६-४७)

यसैगरी 'उदय', 'छात्रदूत', 'छात्रवाणी', 'सन्देश', 'सुमन', 'प.प. हाइस्कुल पत्रिका', 'फूलवारी आदि पत्रिकाका माध्यामबाट साहित्य-सृजनामा उत्साहित हुने दाङका अन्य प्रतिभाहरूमा पं. रामकुमार शर्मा, ऋषिराज शर्मा, टीकाराम रेग्मी, लक्ष्मणकुमार शर्मा, विष्णुप्रसाद शर्मा घिमिरे, छविकुमार शर्मा, रेवतीरमण शर्मा, यज्ञमूर्ति गौतम, लीलामणि शर्मा, गुरूप्रसाद रेग्मी, श्रीकृष्ण 'पथिक' कुञ्जविक्रम राणा, कृष्णकुमार आचार्य, विष्णुप्रसाद खनाल, पुष्पाकुमारी, श्रीमती प्रभादेवी, वासुदेव अर्याल, केशवकुमार आचार्य, टीकाराम धिताल, सुशील गौतम, नारायणप्रसाद गौतम, मोहनलाल गौतम, राममणि नेपाली नगेन्द्रबहादुर न्यौपाने, ठाकुरप्रसाद शर्मा, नारायण पोखेल, खगराज न्यौपाने, शङ्कर आचार्य, धनेश्वर गौतम, के.पी. गौतम, ताराप्रसाद शर्मा, गोविन्द लम्साल, कमल गौतम, जीवराज पाण्डे, जनार्दन शर्मा, देवी पोखेल, गोपाल 'तुफान', हरिहर 'किसान', चन्द्रकान्त गौतम, भरत न्यौपाने, शिवकुमार गौतम, मधुसुदन शर्मा, शिवकुमार 'वसन्त', गोविन्द 'भाली', रामप्रसाद शर्मा, रोमहर्ष धिताल, उदयबहादुर न्यौपाने, यमबहादुर पौडेल, प्रभातमणि ऐमी, लालमणि अधिकारी, शरदकुमार शर्मा, जागेश्वर घिमिरे, बलदेव शर्मा, शोभाराम बस्नेत, कुमारी गोमा 'क्रान्ति', प्रकाश घिमिरे आदि रहेका छन् । (सुवेदी, २०६५ : ४८-४९)

२०२० सालपछि दाङबाट विभिन्न साहित्यिक पत्रिकाहरू प्रकाशित भए । दङ्गाली स्रष्टाहरूले स्थानीय तथा राजधानीबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा साहित्य सृजना गरेको पाइन्छ । यस अवधिका प्रमुख प्रतिभाहरूमा तीर्थबहादुर डाँगी, यज्ञप्रतापबहादुर सिंह रजौरे, गोविन्द 'चिस', दुर्गाप्रसाद मजगैयाँ, नारायणकुमार आचार्य, शङ्कर पौडेल, गणेश 'विषम', डिल्लीबहादुर के.सी., गजाधर पौडेल, भक्तिराम ज्ञवाली, स्थानेश्वर पौडेल, नवराज रजौरे, बलदेव मजगैयाँ, उत्तमकृष्ण मजगैयाँ, महेश चौधरी, गजराज शर्मा, टीकादत्त पन्त, भूपाल योगी, टीकाराम रेग्मी, भैरव मजगैयाँ, देवमणि गौतम, विश्वमाया गौतम, खुसल गौतम, श्रीधर गौतम आदिले दङ्गाली साहित्यमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । ((सुवेदी, २०६५ : ४९-५१) ।

२०३० पछिका अवधिमा दाङबाट 'छहरा', 'ऐसेलु', 'युगवोध' 'नयाँ युगबोध', 'खलिहान', 'अन्तर्ध्वनि', 'इन्द्रेणी तथा राजधानीबाट प्रकाशित 'मधुपर्क', 'गरिमा', 'मिर्मिरे', 'समष्टि', 'नवकविता', 'कविता', 'सञ्चिता' आदि पत्रिकामा अगर गिरी, कृष्णसेन 'इच्छुक', गोविन्द कुसुम, गोविन्द आचार्य, नित्यानन्द शर्मा भगीरथ योगी, सूर्यनाथ सापकोटा, लक्ष्मीनाथ योगी, कृष्णप्रसाद बस्याल, यज्ञबहादुर डाँगी, शरद देवकोटा, हीरा डी.सी., धर्मराज 'बैरागी', पद्मप्रसाद अधिकारी, नेत्र एटम, सुन्दर गौतम, के.एल. पीडित, रामकृष्ण देवकोटा, श्रीधर पौडेल, भाकावत शर्मा, बमबहादुर डी.सी. रामकुमार ज्ञवाली, श्रीधर मजगैयाँ, प्रोमकुमार आचार्य, गङ्गामणि शर्मा, लक्ष्मण ज्ञवाली, शेखरबहादुर चौधरी, दीपक शाह, कृष्ण शाह, चन्द्रबहादुर थापा, भुपेन्द्र प्रकाश अधिकारी, आशाराम चौधरी, कुलवीर चौधरी, अशोक लोहनी, प्रबोध रेग्मी, युवराज पन्त, बोधराज भुसाल, दुर्गा गिरी, गोकर्णप्रसाद शर्मा, विनोद पोखेल, लक्ष्मी योगी, शेषमणि शर्मा, शेषमणि अधिकारी, नारायण पोखेल, चुनचुन के.सी., पुष्पकुमार श्रेष्ठ, प्रेम 'अभागी', गणेशप्रसाद रेग्मी, शिवहरि देवकोटा, हेमन्त रिजाल, नारायणप्रसाद सुवेदी, शम्भुप्रसाद गौतम, नारायण शर्मा, खोपीराम लम्साल, वंशीधर आचार्य, चिन्तामणि योगी, ऋषिराज जङ्गली, कमलेश डी.सी., सुधनकुमार पौडेल, कल्याण गौतम, ललिता शर्मा, शोभाकर बुढाथोकी, केशव बुढाथोकी, सुनीता लम्साल, नीता शर्मा, रामप्रसाद जैसी, वसन्त शाह, गोपाल भुसाल, फणिराज पोखेल, निराजन खनाल, सम्झना आचार्य, गिरबहादुर अधिकारी, खेमराज दोर्पाली, महेश निराजन यात्री, मिलन, सन्जु रिजाल, नवराज पौडेल फणीन्द्र पोखेल, प्रभास देवकोटा 'चरु', कृष्णराज चौधरी 'सर्वहारी', मणि देवकोटा, लोकराज पराजुली, सुधीर गौतम, प्रताप रेग्मी, मेनका पोखेल, अर्जुन आचार्य, दिवाकर शर्मा, दीपक सुवेदी, हीरामणि 'दुखी', शालिकराम रजौरे, पुरुषोतम खनाल, भवानी पौडेल आत्रेय 'बेहोली' विज्ञान शर्मा टीकाराम 'उदासी', सन्ध्या रेग्मी, सविन प्रियासन, बुनु लामिछाने, सुदीप गौतम, सरस्वती पोखेल, सुशील पुन विरही, विक्रान्त ज्ञवाली, प्रेम भण्डारी, माधवा रेग्मी, इन्दिरा विष्ट, गोमा महरा आदि स्रष्टाहरूको भूमिका पनि उल्लेखनीय रहेको पाइन्छ । यी स्रष्टाहरूले साहित्यको विविध विधामा कलम चलाएको पाइन्छ । (सुवेदी, २०६५ : ५२-५३)

## २.१० दाङ जिल्लामा निबन्ध रचनाको पृष्ठभूमि र परम्परा

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । नि उपसर्ग रहने 'बन्ध' धातुमा 'अच' प्रत्यय लागेर पनि निबन्ध शब्दको व्युत्पादन भएको पाइन्छ । यसको व्युत्पतिगत अर्थ भने 'निबन्धातीति निबन्ध' भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै बस्तुलाई राम्ररी बाँध्नु भन्ने हुन्छ । वर्तमान साहित्य जगत्मा नि+बन्ध+घञबाट व्युत्पादन हुने निबन्ध शब्दको विशेष

अर्थ भावना अनेकौ कणलाई अभिव्यक्तिका सुगठित रचना शिल्पका सङ्गृहीत गर्नु वा सिलसिलावद्ध गरेर अभिव्यक्ति दिनु भन्ने भएको छ । (सुवेदी, २०५८ : ६)

वर्तमानमा जस्तो निबन्ध विधाको सिर्जना संस्कृत साहित्यमा भएको थिएन जसले गर्दा अहिले निबन्धले जुन अर्थ दिन्छ, त्यो प्राचीन युगमा पाइदैनथ्यो । नेपाली साहित्य आधुनिकताको प्रभाव पाश्चात्य साहियको वरदान भएकोले निबन्ध विधा पनि पाश्चात्य साहित्यकै उपज मान्न सकिन्छ । पाश्चात्य साहित्यको एस्सेलाई नेपाली साहित्यमा निबन्ध मानिएको छ ।

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो, त्यसैले गद्य लेखनको विकासलाई निबन्ध लेखनको पूर्वाधार मान्न सकिन्छ । आधुनिक प्रचलित निबन्धको सुरुवात पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तेयले सोह्रौं शताब्दीमा गरेका थिए (सुवेदी, सम्पा., २०५७ : ५८) । तापनि नेपाली निबन्ध साहित्यमा यसले आफ्नो प्रभाव जमाउनुपूर्व गद्यलेखनको चेष्टा भएको पाइन्छ । यहीबाट नेपाली निबन्धले आफ्नो पूर्वाधार खडा गरेको पाइन्छ । नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका गहनाहरूमा पृथ्वीनारायण शाहको दिव्योउपदेश (१८३१) नै साहित्यिक गुणले युक्त पहिलो कृति हो । (शर्मा, २०५१ : ३) त्यसैले दिव्योपदेशलाई निबन्धकै कोटिमा राख्न नमिल्ने देखिए पनि निबन्धको पृष्ठभूमिको रूपमा लिइएको छ ।

नेपाली निबन्ध लेखनको परम्परालाई प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन चरणमा विभाजन गरेको पाइन्छ । नेपाली निबन्ध लेखनको प्राथमिक काल पृथ्वीनारायण शाहको दिव्योपदेशबाट सुरुवात भएको मानिएको छ । यसैगरी गोरखा पत्रको प्रकाशन पश्चात् नेपाली निबन्धको माध्यमिक कालको सुरुवात भएको देखिन्छ भने लक्ष्मीप्रसाद देवकोटाको 'असारको पन्ध्र' शीर्षकको निबन्धसँगै आधुनिक नेपाली निबन्धको आगमन भएको देखिन्छ ।

आधुनिक निबन्धको सुरुवातसँगै दाङ जिल्लामा निबन्ध लेखन परम्पराको थालनी भएको पाइन्छ । दाङ जिल्लाको निबन्ध लेखन परम्पराको सुरुवात कहिलेदेखि भयो भन्ने कुरामा आजसम्म कसैले प्रमाणिक आधार दिन सकेको पाइँदैन । यस सन्दर्भमा उत्तमकृष्ण मजगैयाँले २०६५ सालको 'अन्तर्ध्वनि' पत्रिकाको साउन-असोजको अङ्कमा 'दाङको निबन्ध परम्परा: एक अध्ययन' भन्ने लेखमा वि.सं. २०१४ साल भन्दा पर जाने अवस्था छैन भनेका छन् । त्यसैगरी केशव सुवेदीले 'रापतीको साहित्यिक रूपरेखा'मा दाङ जिल्लाको निबन्ध लेखनको पूर्वाद्धमा सुशीला घिमिरेको नाम उल्लेख गरेका छन् । यसरी दाङ जिल्लाको निबन्ध लेखन कहिलेदेखि भयो भन्ने बारेमा व्यापक खोज तथा अनुसन्धान गरी प्राप्त भएको सामग्रीको आधारमा बनारसबाट प्रकाशित 'उदय' पत्रिकाको (वर्ष ९, अङ्क ७, २००३) को

पृष्ठ २४ पृष्ठमा दङाली निबन्धकार सुशीला घिमिरेको 'हाम्रो समाजमा शिक्षाको अभाव' शीर्षकको लेखलाई नै दाङ जिल्लाको पहिलो निबन्ध र उनलाई जिल्लाकै प्रथम निबन्धकार मानिएको छ । यस निबन्धमा निबन्धकारले शिक्षाको महत्त्व झल्काउन विचारात्मक शैली प्रयोग गरेकी छन् । यो विचारात्मक शैली प्रयोग भएको आत्मपरक निबन्ध हो ।

दङाली निबन्धकारले २००३ देखि फुटकर रूपमा निबन्ध लेखेको पाइए तापनि २०५४ सालमा आएर मात्र निबन्धले सङ्ग्रहको रूप धारण गरेको पाइन्छ । उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रह २०५४ सालमा प्रकाशित भएपछि मात्र निबन्ध सङ्ग्रहको प्रकाशन भएको देखिन्छ । उत्तमकृष्ण मजगैयाँ दाङ जिल्लामा निबन्धसङ्ग्रह प्रकाशन गर्ने पहिला व्यक्ति हुन भने उनको प्रकाशित **धरोधर्म हजुर !** दाङ जिल्लाको पहिलो निबन्धसङ्ग्रह हो । यसपछि प्रकाशित भएका अन्य निबन्धसङ्ग्रहहरूमा उत्तमकृष्ण मजगैयाँको **गृहलक्ष्मी भित्र्याएपछि** (२०५४) र **सुनको फूल पार्ने पोथी** (२०५४), डिल्लीराम आचार्यको **माननीय महात्म्य** (२०५७) र **भूपरिवेष्टितदेखि समुन्द्रवेष्टितसम्म** (२०६२) पद्मप्रसाद शर्माको **ढिकपुरदेखि मेची पुलसम्म** (यात्रासंस्मरण, २०५८), **शब्दको भेद कार्यक्रमको स्वरूप** (२०६१) र **पहलवानपुरदेखि तिलासम्म** (यात्रासंस्मरण, २०६५), उदय जि.एम.को **पुच्छर नभएका हनुमान** (व्यङ्ग्य निबन्धसङ्ग्रह, २०५९), गोविन्द कुसुमको **पारिको अनुभव** (यात्रासंस्मरण, २०६०), चिन्तामणि योगीको **म्यान्माको माया** (यात्रासंस्मरण, २०६१), नेत्र एटमको **सीमान्त आकाश** (निवार्तासङ्ग्रह, २०६२), नारायणप्रसाद शर्माको **फर्केर हेर्दा** (लेखमालासङ्ग्रह, २०६३), नारायण नेपालको **मूल्यहरू** (२०६३), भीमकान्त आचार्यको, **चारधाम यात्रा : वर्णन र विवेचना** (यात्रासंस्मरण, २०६६) र **मुक्तिनाथ दर्शन** (यात्रासंस्मरण, २०६६), शारदा शर्माको **महिला** (लेखमालासङ्ग्रह, २०६३), सूर्यनाथ सापकोटाको **श्रीलङ्कका यात्राका अनुभूतिहरू** (यात्रासंस्मरण, २०६५) र गुरूप्रसाद रेग्मीको **बालबालिका शिक्षक र शिक्षा** (२०६५) रहेका छन् ।

दाङ जिल्लाका निबन्धकारहरूका हालसम्म १९ वटा निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । जसमा यात्रासंस्मरणहरू धेरै मात्रामा लेखिएको पाइएको छ ।

दाङ जिल्लामा निबन्धपरम्परालाई अगाडि बढाउनका लागि विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना फुटकर निबन्धहरू प्रकाशन गर्ने अन्य निबन्धकारहरूमा भरतमणि शर्मा, एकराज शर्मा, प्रेमराज शर्मा, वामदेव शर्मा, दामोदर दुवाडी, टीकादत्त पन्त, जनार्दन शर्मा, चेतनाथ लामिछाने, घनश्याम डाँगी, पद्मबहादुर थापा, खुसल गौतम, मधुसुदन गौतम, नित्यानन्द शर्मा, गुरूप्रसाद रेग्मी, टीकाराम रेग्मी, शिवकुमार गौतम, अमर गिरी, सुशील गौतम (रझेना), सुशील गौतम (हापुर), देवनारायण चौधरी, महेश चौधरी, गिरिराज शर्मा, स्थानेश्वर गौतम, विनोद पोखेल, नारायण पुरी, नारायणी गौतम, राधा शाह, डा.शिव सुवेदी, कृष्णप्रसाद पौडेल, युवराज शर्मा, कृष्णराज डि.सी., टीकाराम उदासी, मुरारीकुमार शर्मा,

रामप्रसाद पौडेल, के.पी. घिमिरे, के.पी. सुवेदी, केशव थापा, सुरेशमान डाँगी, देवराज विश्वकर्मा, अमरबहादुर वली, भुवन देवकोटा, गोविन्द आचार्य, सरस्वती पोखेल, लक्ष्मी आचार्य, कमलमणि देवकोटा, लोकराज पराजुली, शरद ऋतु, सीमा शर्मा, विवेक खड्का, बमबहादुर डि.सी., ऋतु जोशी, विमला योगी, निर्मला सुवेदी, गोमा महरा, कान्ती शर्मा, श्रृजना पर्छाइ, शान्ता पौडेल, मञ्जु बज्रचार्य, विन्दु सुवेदी, निकेश लम्साल, के.एल. पीडित, बसन्त विवश आचार्य, हरिलाल पौडेल, अम्विकाप्रसाद डाँगी, जर्मन चौधरी आदि रहेका छन् ।

दाङ जिल्लाको निबन्ध परम्पराको विकासमा फूटकर रूपमा निबन्ध लेख्नेदेखि लिएर सङ्ग्रह प्रकाशित गर्ने लगायतका विभिन्न विषयवस्तुमा कलम चलाउने व्यक्तिहरू र स्रष्टाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । पहिलो पटक २००३ सालमै निबन्ध प्रकाशन गर्ने सुशिला घिमिरे र निबन्धसङ्ग्रह प्रकाशन गर्ने उत्तमकृष्ण मजगैयाँको दङाली निबन्ध साहित्यमा अझ बढी उल्लेखनीय भूमिका रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद
## दङाली निबन्धकारहरूको सर्वेक्षण

### ३.१ पृष्ठभूमि

दाङ जिल्ला साहित्यिक गतिविधिका दृष्टिकोणले अगाडि बढेको देखिन्छ । साहित्यका अन्यविधा झैं निबन्ध विधामा पनि दाङको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । वि.सं. २००३ सालदेखि सुरु भएको निबन्ध लेखन हालसम्म निरन्तर रूपमा अगाडि बढेको छ । यसरी निरन्तर रूपमा अगाडि बढेको दङाली निबन्धयात्राको सर्वेक्षण, निबन्धयात्राको विकासक्रम चरण विभाजनका साथै दङाली निबन्धकारको सामान्य परिचय यस परिच्छेदमा दिइएको छ ।

### ३.२ दङाली निबन्धयात्राको विकासक्रम

दङाली निबन्धकारहरूको सर्वेक्षण कार्यलाई सरल र सहज बनाउनका लागि समयावधिलाई आधार मानेर अध्ययन गर्नु उपयुक्त देखिन्छ । दङाली निबन्धयात्राको विकासक्रमलाई चरण विभाजन गरी निम्नानुसार चर्चा गर्न सकिन्छ ।

३.२.१ प्रथम चरण (वि.सं. २००३-२०३२)

३.२.२ द्वितीय चरण (वि.सं. २०३३-२०४५)

३.२.३ तृतीय चरण (वि.सं. २०४६ देखि हालसम्म)

#### ३.२.१ प्रथम चरण (वि.सं. २००३–२०३२)

नेपाली साहित्यमा निबन्ध विधा सबैभन्दा कनिष्ठ विधा हो । नेपाली निबन्धको इतिहासमा आधुनिक काल वि.सं. १९९३ सालको 'शारदा' पत्रिकामा लक्ष्मीप्रसाद देवकोटाको 'असारको पन्ध्र' निबन्ध प्रकाशित भएको १० वर्षपछि मात्र दाङका निबन्धकारले निबन्ध लेख्न सुरु गरेको पाइन्छ ।

तत्कालीन समयमा दाङका सचेत युवाहरू 'बनारसमा' गइ अध्ययन गर्ने क्रममा उनीहरूले त्यहाँबाट प्रकाशित पत्रपत्रिकामा आफ्ना रचनाहरू लेखेको पाइन्छ । यसैक्रममा बनारसबाट प्रकाशित हुने 'उदय' पत्रिकाको (वर्ष ९, अङ्क ७, २००३) मा दङाली निबन्धकार सुशीला घिमिरेको 'हाम्रो समाजमा शिक्षाको अभाव' शीर्षकको निबन्ध प्रकाशित भएको छ । यही निबन्ध नै दाङ जिल्लाको हालसम्म प्राप्त भएको पहिलो निबन्ध हो भने सुशीला घिमिरे प्रथम दङाली निबन्धकार हुन् । यसैगरी योगी नरहरिनाथको 'हिमालयको मौलिकता सन्देश' (२०१४), श्री देवमणि शर्माको 'उपेक्षित दाङ' 'सन्देश' (२०१४), श्रीकृष्ण 'पथिक'को 'कवि' 'सन्देश' (२०१४) जस्ता निबन्धहरू नेपाल बाहिरबाट प्रकाशित भएको पाइन्छ भने वि.सं. २०१५ मा 'ज्योत्स्ना' पत्रिकाको प्रकाशनसँगै अन्य

दङाली निबन्धकारले निबन्ध रचनाहरू प्रकाशित गरेको पाइन्छ । यसैक्रममा टीकादत्त पन्तको 'साहित्यको प्रयोजन' 'ज्योत्स्ना' (२०१५), माधवप्रसाद शर्माको 'व्यक्तित्व' 'ज्योत्स्ना' (२०२१), खुसल गौतमको 'सहशिक्षा' 'ज्योत्स्ना' (२०२२), मधुसुदन गौतमको 'सामाजिक मूल्य' 'ज्योत्स्ना' (२०२५) र रविप्रसाद देवकोटाको 'शिक्षाको महत्त्व' 'ज्योत्स्ना' (२०२६) जस्ता निबन्धहरू प्रकाशित छन् ।

यसरी देशभित्र र देशबाहिर बसेर पनि दङाली लेखकहरूले निबन्धको विकासमा महत्त्वपूर्ण योगदान यस चरणमा दिएका छन् ।

### ३.२.२ द्वितीय चरण (वि.सं. २०३३–२०४५)

दाङ जिल्लामा २०३३ सालमा 'युगबोध' पाक्षिकको प्रकाशन, 'राप्तीदूत' (२०३५), 'राप्ती समाचार साप्ताहिक' (२०४२) आदिको प्रकाशन पछि निबन्ध लेखनको दोस्रो चरण आरम्भ भएको र यस चरणमा निबन्ध लेखनमा तीव्रता आएको पनि देखिन्छ । यिनै पत्रपत्रिका मार्फत् दाङको निबन्ध सृजना परम्परा अगाडि बढेको देखिन्छ । यसरी दाङका निबन्धयात्रालाई अगाडि बढाउने दङाली निबन्धकारहरू र उनका निबन्धहरूमा नारायणप्रसाद शर्माको 'राप्ती अञ्चलको संक्षिप्त परिचय' 'युगबोध' (२०३४), नित्यानन्द शर्माको 'नेपालको छोरा' 'छहरा' (२०३३), उत्तमकृष्ण मजगैयाँको 'डाक्टरीको चक्करमा' 'गोरखापत्र' (२०३५), शिवकुमार गौतमको 'उदुस हत्याकाण्ड' राप्तीदूत (२०३५), अर्जुनकुमार बुढाथोकीको 'दाङ देउखुरी जिल्लामा यातायात र सञ्चार एक विहङ्गालोकन 'छहरा' (२०३७), कृष्णश्याम बुढाथोकीको 'नेपाली कथा एक सानो चिनारी' 'छहरा' (२०३७), गोविन्द कुसुमको 'बादी जातिको सामान्य परिचय' राप्तीदूत (२०३५), स्वर्गीय चिन्तामणि आचार्यको जनसङ्ख्या वृद्धि समस्या र समाधान नेपाल परिवार, नियोजन, दाङ शाखाको 'स्मारिका' (२०४१), पद्मप्रसाद शर्माको 'कथा गाउँघरको' राप्ती समाचार साप्ताहिक (२०४३), भगीरथ योगीको 'नेपालमा बालबालिकाको स्थिति र विविध पक्ष' नेपाल परिवार नियोजन दाङ शाखाको 'स्मारिका' आदि रहेका छन् ।

यसैगरी यस चरणलाई अगाडि बढाउने अन्य निबन्धकारहरूमा सुशील गौतम (रझेना), सुशील गौतम (हापुर), विनोद पोखेल, देवनारायण चौधरी, महेश चौधरी, गिरिराज शर्मा, नारायण पुरी, नारायण गौतम, डा. राधा शाह, शरद देवकोटा आदि रहेका छन् ।

यस चरणमा दाङका पत्रपत्रिकामा निबन्धात्मक लेखहरू धेरै प्रकाशित भए पनि निबन्धसङ्ग्रहको प्रकाशन भएको भने पाइँदैन ।

### ३.२.३ तृतीय चरण (वि.सं. २०४६ देखि हालसम्म)

२०४६ सालको प्रजातन्त्रको पुनःस्थापनापछि दङाली लेखक तथा साहित्यकारहरूले खुलेर विभिन्न पत्रपत्रिकामा आफ्ना विचार र भावहरू व्यक्त गर्न थालेको पाइन्छ । यस चरणमा स्वतन्त्रपूर्वक आफ्ना भावनाहरू व्यक्त गरी साहित्य सिर्जना गर्ने वातावरण बनेकाले

यस अवधिमा धेरै निबन्धहरू लेखिएको देखिन्छ । पहिलो चरण र दोस्रो चरणमा निबन्धात्मक लेखहरू बढी भेटिएका छन् भने यस चरणमा हास्यव्यङ्ग्य निबन्धका साथै यात्रासंस्मरणात्मक निबन्धहरू पनि लेखिएको पाइन्छ । यस चरणमा आत्मपरक र वस्तुपरक दुवै प्रकारका निबन्धहरू लेखिएका छन् ।

यस अवधिमा विभिन्न पत्रपत्रिकामा फुटकर निबन्धहरू प्रकाशित हुनुका साथै २०५४ सालमा आएर निबन्धसङ्ग्रह पनि प्रकाशित भएको देखिन्छ । २०५४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट निबन्धकार उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रह प्रकाशित भयो । त्यसपछि हालसम्म लगभग दुई दर्जन जति निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । यसचरणमा निबन्धसङ्ग्रह प्रकाशन गर्ने र पत्रपत्रिका मार्फत् निबन्धलाई अगाडि बढाउने निबन्धकारहरूमा उत्तमकृष्ण मजगैयाँ, पद्मप्रसाद शर्मा, उदय जि.एम. गोविन्द कुसुम, नारायणप्रसाद शर्मा, चिन्तामणि योगी, सूर्यनाथ सापकोटा, भीमकान्त शर्मा, डिल्लीराज आचार्य, गुरूप्रसाद शर्मा, नेत्र एटम, नारायण नेपाल, शारदा शर्मा, डा.शिव सुवेदी, कृष्णप्रसाद पौडेल, उदय आले, थानेश्वर गौतम, कृष्णराज डि.सी., गिरिराज शर्मा, युवराज शर्मा, भुवन देवकोटा, लक्ष्मी आचार्य, सीमा शर्मा, सिर्जना पछाई आदि पर्दछन् ।

निबन्ध यात्राको यो चरण पहिलो र दोस्रो चरणभन्दा बढी समृद्ध रहेको छ । दाङको निबन्धको विकासमा यस चरणको महत्त्वपूर्ण योदान रहेको छ ।

## ३.३ दङाली निबन्धकारहरूको सामान्य परिचय

यस शीर्षकमा निबन्धसङ्ग्रह प्रस्तुत गरिसकेका निबन्धकारहरूको सामान्य परिचय दिइएको छ । दङाली निबन्धकार भन्नाले निम्नानुसार परिधिभित्र परेका निबन्धकारलाई लिइएको छः

- दाङ जिल्लामा जन्मिइ दाङमै क्रियाशील निबन्धकारहरू,
- दाङ जिल्लामा जन्मिएका तर कर्म थलोका रूपमा अन्यत्र गइ बसेका निबन्धकारहरू,
- पैतृक थलो अन्य जिल्लामा भए पनि दाङलाई कर्मथलो बनाएर बसेका निबन्धकारहरू ।

उपर्युक्त परिधिभित्र परेका दङाली निबन्धकारहरूको कालक्रमिक रूपमा सर्वेक्षण र सामान्य परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### ३.३.१ नारायणप्रसाद शर्मा (१९८८)

नारायणप्रसाद शर्माको जन्म वि.सं. १९८८ साल फागुन शिवरात्रीका दिन घोराहीभन्दा पूर्व दक्षिणमा अवस्थित बर्गदीमा भएको हो । यिनी पिता यादवप्रसाद शर्मा र माता जीवादेवी शर्माको कोखबाट जन्मिएका हुन् । शर्माले संस्कृतमा मध्यमा तथा नेपाली विषयमा एम्.ए. र डिप्लोमा इन गाइडेन्स एण्ड काउन्सेलिङसम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । प्रथमतः राजनीति, शिक्षण र पछि पत्रकारिता पेशामा संलग्न शर्माले रानीतिक, सामाजिक तथा साहित्यिक संघसंस्थामा आवद्ध भइ महत्त्वपूर्ण योगदान दिएका छन् । जसको परिणामस्वरूप उनी विभिन्न पुरस्कारद्वारा पुरस्कृत तथा सम्मानित भएका छन् । उनले पाएका सम्मान तथा पुरस्कारहरू निम्नानुसार छन् :

- प्रेस काउन्सिल पुरस्कार (२०४८)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४)
- नेपाल प्रेस स्वतन्त्रता सेनानी (सन् २००१)
- साहित्य सन्ध्या पुरस्कार (२०५४)
- हृदयचन्द्र प्रधान पत्रकारिता पुरस्कार (२०६१)
- प्रकाश (काफ्ले) मानवअधिकार पुरस्कार (२०६१)
- नेपाल प्रेस इन्स्टिच्यूट पुरस्कार (२०६२)

नारायण शर्माले साहित्यलाई अगाडि बढाउनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनले निबन्ध, कविता र समालोचना जस्ता विधामा कलम चलाइ आफ्ना रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै कृतिको रूप समेत दिइसकेका छन् । उनका प्रकाशित कृतिहरू निम्नानुसार छन् :

- जेलदर्शन (खण्डकाव्य)
- एउटा स्वर सवारीकोट दाङको
- मातेको मान्छे र प्रजातन्त्र (कवितासङ्ग्रह)
- हिमाली रत्न
- बुद्धको विश्वचिन्तन
- फर्केर हेर्दा (लेखमालासङ्ग्रह)

उपर्युक्त कृतिहरूको प्रकाशनका आधारमा नारायणप्रसाद शर्मालाई एक उल्लेख्य दङाली साहित्यकारका रूपमा चित्रण गर्न सकिन्छ । यिनले लेखहरूको सँगालो प्रकाशन गरेर

दङाली निबन्ध परम्परामा महत्त्वपूर्ण श्रेय प्राप्त गरेका छन् । यिनको जीवनी, व्यक्तित्व र कृतित्वमा स्नातकोत्तर स्तरीय शोधकार्य पनि भइसकेको छ ।

### ३.३.२ गुरुप्रसाद शर्मा रेग्मी (१९९७)

गुरुप्रसाद शर्मा रेग्मीको जन्म वि.सं. १९९७ सालमा पिता नन्दराम शर्मा र माता हरिकलादेवी शर्माको कोखबाट भएको हो । यिनको जन्म वर्गद्दी दाङमा भएको हो । यिनी प्राध्यापन पेशाबाट निवृत्त भइसकेका छन् र हाल लेखन कार्यमा निरन्तर सक्रिय रहिआएका छन् ।

रेग्मीको साहित्यिक यात्राको थालनी २०१६ सालमा बनारसबाट प्रकाशित 'सन्देश' पत्रिकामा छापिएको 'आमा' शीर्षकको कविताबाट भएको हो । यिनले साहित्यिक यात्रा कविता विधाबाट आरम्भ गरे तापनि साहित्यका अन्य विधा निबन्ध, कथा, उपन्यास आदिमा पनि कलम चलाएको पाइन्छ । रेग्मीले 'सन्देश', 'जोत्स्ना', जेष्ठ नागरिक सरोकार केन्द्रको 'स्मारिका', स्वर्गद्वारी बाटो निर्माण समितिको 'स्मारिका' आदिको सम्पादन तथा प्रकाशन गरेको पाइन्छ ।

रेग्मीको साहित्य लेखनको उद्देश्य विकृति र विसङ्गतिका विरुद्ध समाजमा चेतना फैलाउनु रहेको छ । यिनी सामाजिक तथा साहित्यिक संघसंस्थामा आबद्ध रही महत्त्वपूर्ण योगदान दिएका छन् । यिनी विभिन्न पुरस्कार र सम्मानबाट पुरस्कृत तथा सम्मानित भइसकेका छन् । यिनले पाएका सम्मान र पुरस्कार निम्नानुसार रहेका छन् :

- धनेश्वर प्रतिभा पुरस्कार (२०५१)
- शिक्षा दिवस पुरस्कार (२०५२)
- बमशंकर प्रतिभा पुरस्कार (२०५८)

रेग्मीले विभिन्न पत्रपत्रिकामा थुप्रै रचनाहरू प्रकाशित गर्नुका साथै तिनलाई कृतिको रूप पनि दिइसकेका छन् । यिनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

- ऐना (कवितासङ्ग्रह)
- शिला (उपन्यास)
- रेग्मी बंशावली (बंशगत विवरण)
- चटनी (मुक्तकसङ्ग्रह)
- बालबालिका शिक्षक र शिक्षा (निबन्धसङ्ग्रह)

उपर्युक्त कृतिहरूको लेखक गुरूप्रसाद शर्मा रेग्मीलाई दङाली साहित्यका एक उल्लेख्य साहित्यकारका रूपमा चिनाउन सकिन्छ । यिनले निबन्धसङ्ग्रह प्रकाशन गरी

दङाली निबन्धपरम्परालाई फराकिलो पार्ने काम गरेका छन् । उनको प्रकाशित निबन्धसङ्ग्रह बालबालिका, शिक्षक र शिक्षा हो ।

### ३.३.३ भीमकान्त शर्मा आचार्य (२००१)

भीमकान्त शर्मा आचार्यको जन्म पिता ठाकुरप्रसाद शर्मा र माता पवित्रादेवी शर्माका कोखबाट २००१ साल आश्विन १२ गते धैरेनी दाङमा भएको हो । राजनीतिक शास्त्रमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका आचार्यले हाल शिक्षण पेशाबाट अवकाश लिइसकेका छन् । 'टुहुरो' शीर्षकको गीत लेखेर साहित्यिक यात्रा थालनी गरेका आचार्यले कविता, लेख, गीत, गजल र यात्रासंस्मरण जस्ता विधामा कलम चलाउनुका साथै गायन तथा अभिनयमा पनि आफूलाई संलग्न गराएको पाइन्छ । यिनी हाल 'इन्द्रेणी एफ.एम' का प्रबन्ध निर्देशक छन् । यिनी स्थानीय स्तरका सामाजिक र साहित्यिक संघसंस्थामा आवद्ध रही महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यिनी विभिन्न पुरस्कार तथा सम्मानबाट पुरस्कृत र सम्मानित भएका छन् । यिनले पाएका सम्मान तथा पुरस्कार निम्नानुसार रहेका छन् ।

- श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदक
- सेवापदक
- राष्ट्रिय शिक्षा समितिबाट पुरस्कार तथा प्रमाणपत्र
- साहित्य प्रज्ञा पुरस्कार

आचार्यले विभिन्न पत्रपत्रिकामा कविता, लेख, गीत र गजलहरू फुटकर रूपमा प्रकाशन गर्नुका साथै आफ्ना रचनालाई पुस्ताकार कृतिको रूप पनि दिइसकेका छन् । यिनका प्रकाशित कृतिहरू निम्नानुसार छन् :

- भावना (गीति एल्बम, २०५९)
- जीवनको गोरेटोमा (गीत तथा कविताहरूको सङ्ग्रह, २०६१)
- भारतीय उत्तराञ्चलको तीर्थयात्रा (२०६१)
- मुक्तिनाथ दर्शन (यात्रा वृत्तान्त, २०६६)
- चारधाम यात्रा:वर्णन र विवेचना, (यात्रासंस्मरण, २०६६)

उपर्युक्त कृतिहरूका आधारमा भीमकान्त शर्मा आचार्यलाई दाङका एक उल्लेख्य साहित्यकारका रूपमा चर्चा गर्न सकिन्छ । दाङबाट यात्रासंस्मरण कृति प्रकाशन गरी उनले दङाली निबन्ध परम्परामा महत्त्वपूर्ण ठाउँ ओगटेका छन् ।

### ३.३.४ सूर्यनाथ सापकोटा (२००५)

सूर्यनाथ सापकोटाको जन्म वि.सं. २००५ साल मङ्सिर ८ गतेका दिन पिता देवीप्रसाद सापकोटा र माता चन्द्रकला सापकोटाका कोखबाट भएको हो । यिनी वाग्लुङको रातामाटा कालापानीमा जन्मिएका हुन् । सापकोटा २०३३ सालमा जागिरको सिलसिलामा दाङ आएपछि आदर्शटोल घोराहीमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । यिनले स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । सापकोटाले वाग्लुङबाट प्रकाशित 'ज्योति' पत्रिकामा 'वर्षा' शीर्षकको गीत लेखेर साहित्यिक यात्रा सुरु गरेको पाइन्छ । गीत लेखेर साहित्यिक यात्रा सुरु गरेका सापकोटाले साहित्यका कविता, उपन्यास, कथा र निबन्ध विधामा कलम चलाउँदै आएका छन् । हाल यिनी शिक्षण पेशाबाट अवकाश लिइ साहित्य साधनामा लागेका छन् । सापकोटा दाङका साहित्यिक गतिविधिहरूसँग सम्बन्धित संघसंस्थामा आबद्ध छन् । यिनी राप्ती साहित्य परिषद् दाङका आजीवन सदस्य र प्र.ले.स. दाङका भूतपूर्व सल्लाहकार हुन् । सापकोटा राप्ती साहित्य पुरस्कार (२०५५) र प्रगतिशील साहित्य पुरस्कार (२०६४) द्वारा पुरस्कृत भएका छन् ।

सापकोटाको साहित्य लेखनको उद्देश्य मार्क्सवादी चिन्तनमा रही समाज, राष्ट्र एवम् विश्वलाई अग्रगामी परिवर्तनमा सहयोग पुऱ्याउने रहेको छ । यिनले आफ्ना रचनाहरू थुप्रै पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै सङग्रहको रूप समेत दिइसकेका छन् । यिनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार छन् :

- पत्रैया (गद्यखण्ड काव्य, २०५२)
- बिन्ती पत्र (गद्यखण्ड काव्य, २०५४)
- घायल मुटु (कथासङ्ग्रह, २०५६)
- आगोभित्रको मान्छे (उपन्यास, २०५८)
- रातामाटा कालापानी (गीतिकाव्य, २०६०)
- श्रीलङ्का यात्राका अनुभूतिहरू (यात्रासंस्मरण, २०६५)

उपर्युक्त कृतिहरूको आधारमा सूर्यनाथ सापकोटालाई दङाली साहित्यका एक उल्लेख्य साहित्यकारका रूपमा परिचित गराउन सकिन्छ । यिनले **श्रीलङ्का यात्राका अनुभूतिहरू** यात्रासंस्मरण प्रकाशन गरेर दङाली निबन्ध परम्परामा आफ्नो महत्त्वपूर्ण योगदान स्थापित गरेका छन् ।

### ३.३.५ उत्तमकृष्ण मजगैयाँ (२००९)

उत्तमकृष्ण मजगैयाँको (२००९) साल असार २२ गते शनिवारका दिन पिता देवीप्रसाद मजगैयाँ र माता हेमकुमारी देवीका कोखबाट दाङको छिल्ली बिजौरी डाँडामा भएको हो । स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेका मजगैयाँ हाल पद्मोदय पब्लिक

उच्च माध्यमिक विद्यालय भरतपुर दाङमा अध्यापन पेशामा संलग्न छन् । यिनी शिक्षण पेशामा संलग्न हुनुका साथै साहित्य सिर्जनामा पनि सक्रिय रहेको पाइन्छ । २०२० सालमा ज्योत्स्ना पत्रिकामा प्रकाशित 'तबमात्र' शीर्षकको कविता लेखेर साहित्यिक यात्रा थालनी गरेका मजगैयाँले साहित्यका कथा, निबन्ध, कविता, गजल, संस्मरण तथा समीक्षा जस्ता विधामा कलम चलाउँदै आएका छन् । यिनको पहिलो निबन्ध २०३५ सालको 'गोरखापत्रमा प्रकाशित 'डाक्टरीको चक्करमा' हो । मजगैयाँका रचनाहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा समेत प्रकाशित भएको पाइन्छ । निबन्ध लेखनका क्षेत्रमा यिनी राष्ट्रिय स्तरमा समेत परिचित छन् ।

मजगैयाँले 'राप्तीदूत', 'प्रवाह', 'ज्योत्स्ना', प.प.उ.मा.वि.को 'स्मारिका आदि साहित्यिक पत्रिकाको सम्पादन गरेको देखिन्छ । यिनी विभिन्न पुरस्कारबाट पुरस्कृत भएका छन् । यिनले पाएका पुरस्कारहरू निम्नानुसार छन् ।

- ताराकान्त पुरस्कार (२०४९)
- भैरव राष्ट्रिय पुरस्कार (२०५५)
- नन्दप्रज्ञा पुरस्कार (२०५५)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७)

मजगैयाँले आफ्ना रचनाहरू राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै तिनलाई सङ्ग्रहको रूपसमेत दिइसकेका छन् । उनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

- धरोधर्म हजुर ! (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४)
- गृहलक्ष्मी भित्र्याएपछि (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४)
- सुनको फूल पार्ने पोथी (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५४)
- जय अवसरवाद (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५४)
- धरतीपुत्र (खण्डकाव्य, २०५४)
- तिमी नरहे देश डुब्या छ (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०५६)
- अपराजित (खण्डकाव्य, २०५६)
- बुद्धहरू मर्दैनन् (कवितासङ्ग्रह, २०५९)
- बेंसीतिर (कथासङ्ग्रह, २०५९)

उपर्युक्त कृतिका आधारमा उत्तमकृष्ण मजगैयाँले दङाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । मजगैयाँले साहित्यका विविध विधामा कलम चलाए तापनि निबन्ध विधामा उनको उल्लेख्य देन रहेको छ । यिनले तीनवटा निबन्धसङ्ग्रहको प्रकाशन गरी राष्ट्रिय स्तरमा समेत आफूलाई हास्यव्यङ्ग्य निबन्धकारका रूपमा परिचित गराएका छन् । यसरी दङाली साहित्यका एक अत्यन्त सक्रिय साहित्यकारका रूपमा मजगैयाँको नाम अगाडि रहेको छ । यिनको जीवनी, व्यक्तित्व र कृतित्वमा स्नातकोत्तर स्तरीय शोधकार्य पनि भइसकेको छ ।

### ३.३.६ डा. गोविन्द कुसुम (२०११)

डा.गोविन्द कुसुमको जन्म पिता चेतनाथ शर्मा उपाध्याय र माता पुरुषोत्तमादेवीको कोखबाट वि.सं. २०११ सालमा दाङ हापुरमा भएको हो । पी.एच.डी. सम्मको औपचारिक अध्ययन पूरा गरेका कुसुम हाल सरकारी सेवाअन्तर्गत गृहमन्त्रालयको सचिव पदमा कार्यरत छन् ।

मनले देखेका र भोगेका समाजभित्र घटेका घटनाहरूलाई भावना र यथार्थको मिलनद्वारा जनसमक्ष सिर्जनाद्वारा पस्कने साहित्यको उद्देश्य हो भन्ने मान्यता राख्ने कुसुम निजामती सेवाका साथै साहित्य सिर्जनामा पनि आफ्नो समय दिएका छन् । कुसुमले साहित्यका कविता, कथा र निबन्ध विधामा कलम चलाएको देखिन्छ । यिनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुनुका साथे कृतिको रूपमा समेत प्रकाशित भएका छन् । उनका प्रकाशित कृतिहरू निम्नानुसार छन् :

- हायु (एक पिछडिएको जनजाति संस्कृति,२०४५
- तन्द्राभित्रको अतित (कथासङ्ग्रह, २०६०)
- पारिको अनुभव (यात्रासंस्मरण, २०६०)

उपर्युक्त कृतिहरू प्रकाशनको आधारमा कुसुमलाई दङाली साहित्यका एक उल्लेखनीय साहित्यकारको रूपमा चित्रण गर्न सकिन्छ । यिनको जीवनी, व्यक्तित्व र कृतित्वमा स्नातकोत्तर स्तरीय शोधकार्य पनि भइसकेको छ ।

### ३.३.७ पद्मप्रसाद शर्मा (२०१५)

पद्मप्रसाद शर्माको जन्म पिता अनन्तप्रसाद उपाध्याय र माता टीकादेवी उपाध्यायका कोखबाट वि.सं. २०१५ साल असोज ३ गतेका दिन प्यूठान जिल्लाको उदैपुर मुक्तिचौर गाउँमा भएको हो । हाल यिनी दाङ जिल्लाको ढिकपुर गा.वि.स. वडा नं. ७ अस्पारामा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । शिक्षा र पेशा नखुलाउने शर्माले वि.सं. २०४३ सालमा 'राप्ती समाचार' पत्रिकामा 'यही नै समयको माग' हो शीर्षकको

कविता लेखेर साहित्य यात्राको थालनी गरेका हुन् । साहित्यको उद्देश्य समाजमा परिवर्तन गर्ने हो भन्ने मान्यता राख्दै  शर्माले साहित्यका कविता, यात्रा निबन्ध, कथा, समीक्षा, समालोचना जस्ता विधामा कलम चलाउँदै आएका छन् ।

शर्माले साहित्य लेखनका साथसाथै प्रगतिशील लेखक संघ दाङका संस्थापक, राप्ती साहित्य परिषद दाङका आजीवन सदस्य, प्रगतिशील लेखक संघ नेपालका केन्द्रीय सदस्यमा रही साहित्यिक गतिविधि सञ्चालन गरेका छन् । यिनी 'धनेश्वर पुरस्कार', 'साहित्य सर्जक पुरस्कार' साथै राप्ती साहित्य परिषद्, नेपाल राष्ट्रिय शिक्षक संघ र बाँके प्रलेस शाखाद्वारा सम्मानित भएका छन् । शर्माले साहित्यलाई समाजको जीवनका रूपमा लिँदै साहित्यका विविध विधामा कलम चलाउँदै आएका छन् । यिनका रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित हुनुका साथै कृतिको रूपमा समेत प्रकाशित भएका छन् । शर्माका प्रकाशित कृतिहरू यसप्रकार रहेका छन् ।

- हाम्रा सुसेलीहरू (गीतसङ्ग्रह सहप्रकाशन, २०४९)
- ढिकपुरदेखि मेचीपुलसम्म (यात्रासंस्मरण, २०५८)
- हुम्लाको झलक (भूगोल इतिहास, २०६०)
- राप्ती साहित्य परिषद्को सङ्गठनको इतिहास, २०६१)
- नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको इतिहास (२०६१
- शब्दको भेद र कार्यक्रमको स्वरूप (२०६१)
- उपहार (लघुकथासङ्ग्रह, २०६२)
- जसु अनन्त (आत्मकथा, २०६२)
- जनआन्दोलन भाग २ मा दङाली स्रष्टाको भूमिका (२०६३)
- पहलमानपुरदेखि तिलासम्म (यात्रानिबन्ध, २०६५)

उपर्युक्त कृतिहरूका आधारमा पद्मप्रसाद शर्मालाई दङाली साहित्यका एक उल्लेख्य साहित्यकारका रूपमा चित्रण गर्न सकिन्छ । यात्रानिबन्ध लेखेर दङाली निबन्ध परम्परामा शर्माले महत्त्वपूर्ण योगदान दिएका छन् र निबन्धकारको रूपमा परिचित भएका छन् ।

### ३.३.८ डिल्लीराज आचार्य (२०१७)

डिल्लीराम आचार्य वि.सं. २०१७ साल साउन १० गतेका दिन पिता स्व. लोकमणि आचार्य र माता स्व. डोमादेवी आचार्यको कोखबाट जन्मिएका हुन् । यिनको जन्म प्यूठान जिल्लाको दाङवाङ ७ मा भएको हो । हाल यिनी वि.सं. २०४६ सालदेखि स्थायी रूपमा दाङको सिसहनिया गा.वि.स. बिजौरीमा बसोबास गर्दै आएका छन् । यिनले

राजनीतिशास्त्रमा एम.ए., र वि.एल. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । आचार्य हाल सरकारी सेवामा सङ्लग्न छन् ।

आचार्य नोकरी पेशाका साथसाथै साहित्य सिर्जनामा पनि लागेको पाइन्छ । यिनको साहित्य लेखनको उद्देश्य स्वचेतना, समाजसेवा र जागरण रहेको छ । आचार्यले वि.सं. २०३७ सालमा नेपाल ल क्याम्पसबाट प्रकाशित 'कानुन परिचर्या' पत्रिकामा 'अंशवण्डा र जेठासी प्रथा' शीर्षकको निबन्ध प्रकाशित गरी साहित्यिक यात्रा सुरुवात गरेको पाइन्छ । यिनले साहित्यका निबन्ध, कविता जस्ता विधामा कलम चलाएको देखिन्छ । यिनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् ।

- प्राकृतिक न्याय सिद्धान्त
- जनसंख्या कानुन
- कानुनको शासन सिद्धान्त र व्यवहार
- माननीय महात्म्य (व्यङ्ग्यसङ्ग्रह)
- सङ्कटकाल र सङ्कटकालीन अभिव्यक्तिहरू
- भूपरीवेष्टितदेखि समुद्रवेस्टितसम्म
- विद्युतीय सामान र विद्युतीय न्यायालय (सहलेखन)

उपर्युक्त कृतिहरू प्रकाशनको आधारमा डिल्लीराम आचार्यलाई दङाली लेखकको रूपमा चर्चा गर्न सकिन्छ ।

### ३.३.९ नारायण नेपाल (२०२०)

नारायण नेपालको जन्म वि.सं. २०२० साल असार २० गतेका दिन पिता चिरञ्जीवी नेपाल र माता स्व. गङ्गादेवी नेपालको कोखबाट स्याङ्जा जिल्लामा भएको हो । हाल यिनी नारायणपुरमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । बेदान्त दर्शनमा आचार्य गरेका नेपाल प्रध्यापन पेशामा सङ्लग्न छन् ।

साहित्यको उद्देश्य प्रकाशको खोजी हो भन्ने नेपालले इ.सं. १९८० मा भारतबाट प्रकाशित 'संस्कृतामृतम' पत्रिकामा विद्यार्थीनो दुर्गुणम कर्तव्यञ्च' शीर्षकको कविता लेखेर साहित्यिक यात्रा सुरुवात गरेको देखिन्छ । कविता विधाबाट साहित्यिक यात्रा थालेका नेपालले साहित्यका कविता, गीत, गजल र निबन्ध जस्ता विधामा कलम चलाइरहेका छन् । यिनीले साहित्यिक रचनाका साथै विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका छन् । यिनी साहित्यिक तथा सामाजिक संघसंस्थामा आबद्ध छन् । नेपालले आफ्ना रचनाहरू विभिन्न

पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित गर्नुका साथै कृतिको रूप समेत दिइसकेका छन् । यिनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् ।

- मिट्टी उठाओ (हिन्दी गीत-कवितासङ्ग्रह, २०५६)
- मेरा मनका गीत (नेपाली गीत-गजलसङ्ग्रह, २०६०)
- मूल्यहरू (निबन्धसङ्ग्रह, २०६३)

उपर्युक्त कृतिहरूका आधारमा नारायण नेपाललाई दङाली साहित्यकारका रूपमा चित्रण गर्न सकिन्छ । यिनले निबन्धसङ्ग्रह प्रकाशन गरेर दङाली निबन्ध परम्परामा आफ्नो पहिचान बनाउन सफल भएका छन् ।

### ३.३.१० चिन्तामणि योगी (२०२०)

चिन्तामणि योगी वि.सं. २०२० साल असोज ५ गतेका दिन सौडियार ६ पर्सा दाङमा पिता शुकदेवनाथ योगी तथा माता रेवतीदेवी योगीको कोखबाट जन्मिएका हुन् । हाल यिनी केन्द्रीय हिन्दू विद्यापीठ नेपाल बालकुमारी ललितपुरका संस्थापक प्रधानाध्यापक छन् । योगीले विभिन्न विषयमा विभिन्न देशबाट शिक्षा हासिल गरेको पाइन्छ । यिनी धार्मिक तथा सामाजिक संघसंस्थामा आवद्ध हुनुका साथसाथै साहित्य सिर्जनामा पनि लागेको देखिन्छ ।

योगीले बालकविताबाट साहित्यिक यात्रा थालनी गरेका हुन् । उनको पहिलो रचना वि.सं. २०४६ सालमा प्रकाशित 'ज्ञान प्रहेलिका' शीर्षकको बालकविता हो । बालकविताबाट साहित्यिक यात्रा सुरुवात गरेका योगीले साहित्यका लेख, गीत, कविता र निबन्ध जस्ता विधामा पनि कलम चलाएको पाइन्छ । यिनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट सम्मानित र पुरस्कृत भएका छन् । साहित्य स्वस्थ्य समाजको निर्माणको साँचो हो भन्ने विचार राखी योगीले साहित्य सिर्जना गरेको पाइन्छ । यिनले आफ्ना रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशन गर्नुका साथै कृतिको रूप समेत दिइसकेका छन् । योगीका प्रकाशित कृतिहरू यसप्रकार छन् :

- ज्ञान प्रहेलिका (बालकविता, २०४६)
- हिन्दू धर्म एक चिन्तन (२०४६)
- अहं पठामि संस्कृतम् (२०४८)
- हाम्रो वाणी हाम्रो गीत (२०५०)
- स्तुति सङ्ग्रह (२०५१)
- बाललिला (२०५५)

- चिन्ता र चिन्तन (२०५७)
- धर्म-गंगा (२०५९)
- चिन्तनका सरल सूत्रहरू (२०६०)
- म्यान्माको माया यात्रासंस्मरण (२०६१)
- सम्झनाका क्षणहरू (२०६४)
- विचार विम्व (२०६६)

### ३.३.११ नेत्रमणि सुवेदी 'नेत्र एटम' (२०२६)

नेत्र एटमको जन्म पिता टीकाराम सुवेदी र माता कमला सुवेदीको कोखबाट वि.सं. २०२६ साल मङ्सिर २३ गतेका दिन मानपुर ६ दाङ भेलाहीमा भएको हो । हाल यिनी जागिरको सिलसिलामा काठमाडौमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन् । एम.ए, बि.एल र बि. एड. सम्मको औपचारिक अध्ययन पूरा गरेका एटम प्रध्यापन पेशामा सङ्लग्न छन् ।

एटमको साहित्य लेखनको उद्देश्य जीवनको सौन्दर्य उद्घाटन गर्ने हो । यिनले साहित्य भनेको आन्तरिक क्षमता प्रस्फुटन शाब्दिक कला हो भन्दै साहित्य सिर्जना गरेको पाइन्छ । एटमले 'फर्सी' शीर्षकको निबन्ध 'अन्तर्ध्वनि' पत्रिकामा प्रकाशित गरी साहित्यिक यात्रा सुरुवात गरेका हुन् । निबन्ध विधाबाट साहित्यिक यात्रा थालेका एटमले साहित्यका निबन्ध, गजल, कविता, समालोचना र कथा जस्ता विधामा कलम चलाइरहेका छन् । एटम प्रध्यापन, लेखन र सम्पादन कार्यमा सङ्लग्न रहेको पाइन्छ । यिनी नवकविता प्रतिभा पुरस्कार (२०५१), उत्कृष्ट निबन्धकार (२०५४), हृदयचन्द्र स्मृति समीक्षालेखन पुरस्कार (२०६०) बाट पुरस्कृत भएका छन् । एटमले आफ्ना रचनाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्नुका साथै कृतिको रूप समेत दिइसकेका छन् । यिनका प्रकाशित कृतिहरू निम्नानुसार छन् :

- उपन्यास विश्लेषण (२०५५)
- शब्दहरुको नेपथ्य (२०५६)
- उपन्यास सिद्धान्त र नेपाली उपन्यास (समालोचना, २०५६)
- भित्र कतै दुख्छ भने (गजलसङ्ग्रह, २०६०)
- समालोचना स्वरूप (समालोचनासङ्ग्रह, २०६१)
- सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा (निवार्तासङ्ग्रह, २०६२)

उपर्युक्त कृतिका आधारमा नेत्र एटमलाई दङाली साहित्यिका एक उल्लेख्य विशिष्ट प्रतिभाको रूपमा चर्चा गर्न सकिन्छ । दङाली माटोमा हुर्केर साहित्यिक क्षेत्रमा राष्ट्रिय स्तरमा नै आफ्नो पहिचान बनाउन सफल भएका एटम उत्कृष्ट साहित्यकार हुन् ।

### ३.३.१२ शारदा शर्मा (२०२७)

शारदा शर्माको जन्म वि.सं. २०२७ साल मङ्सिर १५ गतेका दिन पिता ओपेन्द्र गौतम तथा माता रत्नशोभा गौतमका कोखबाट भएको हो । यिनको जन्म दाङ नारायणपुरमा भएको हो । बी.ए, बी.एड. सम्मको औपचारिक अध्ययन पूरा गरेकी शर्मा नोकरी पेशामा सङ्लग्न  छिन् । समाज परिवर्तनको लागि साहित्य लेख्ने उद्देश्य राखेकी शर्माले वि.सं. २०५४ सालमा 'गाउँघर सातदिने' पत्रिकामा 'तीज र यसको सांस्कृतिक पक्ष शीर्षकको निबन्धात्मक लेख प्रकाशित गरी लेखन क्षेत्रमा पाइला टेकेको पाइन्छ । यिनी विभिन्न साहित्यिक तथा सामाजिक संघ संस्थामा आवद्ध रहेकी छिन् । शर्मा महिला सशक्तीकरण पत्रकारिता पुरस्कार (२०६३), विष्णु नुमा साहित्यिक पुरस्कार (२०६३) बाट पुरस्कृत भइसकेकी छिन् ।

शर्माले फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरू प्रकाशित गर्नुका साथै निबन्धात्मक लेखहरूको सङ्गालो प्रकाशित गरेकी छिन् । यिनको एउटा मात्र 'महिला' (लेखमालासङ्ग्रह,२०६३) शीर्षकको कृति प्रकाशित छ ।

दङाली साहित्यको क्षेत्रमा निबन्धात्मक लेखहरूको सङ्गालो प्रकाशन गरेर आफ्नो पहिचान बनाउन सफल भएकी भविष्यको ऊर्जावान महिला साहित्यकार हुन् शारदा शर्मा ।

### ३.३.१३ उदय जि.एम. (२०२८)

उदय जि.एम.को जन्म वि.सं. २०२८ साल असार १६ गते करेटी-९, हुङढुङ रोल्पामा भएको हो । यिनी पिता निजमान घर्तीमगर र माता खिरमाली घर्तीमगरका कोखबाट जन्मिएका हुन् । आइ.ए. सम्मको औपचारिक अध्ययन पूरा गरेका जी.एम. हाल दाङ जिल्लामा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । यिनी पत्रकारिता पेशामा सङ्लग्न छन् । उदयले वि.सं. २०४६ सालमा नयाँ दिल्ली, भारतबाट प्रकाशित हुने 'नेपाली एकता' पत्रिकामा कविता प्रकाशित गरी साहित्य यात्रा थालनी गरेका हुन् । कविता विधाबाट साहित्यिक यात्रा थालेका उदयले साहित्यका कविता, निबन्ध, गजल, उपन्यास, लेख आदि विधामा कलम चलाइरहेका छन् । यिनले आफ्ना रचनाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्नुका साथै कृतिको रूप पनि दिइसकेका छन् । यिनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् ।

- पञ्जाबदेखि रोल्पासम्म (लामोकविता, २०४८)

- 'कालो टीका' (उपन्यास, २०५६)
- उनका गजल (गजलसङ्ग्रह, सहलेखन २०५९)
- मौसमका हरफहरू (कवितासङ्ग्रह, सहलेखन, २०५९)
- पुच्छर नभएका हनुमान (निबन्धसङ्ग्रह, २०५९)

उपर्युक्त कृतिका आधारमा उदय जी.एम.लाई दङाली साहित्यकारको रूपमा चर्चा गर्न सकिन्छ । जी.एम.ले दङाली निबन्ध परम्परामा निबन्धसङ्ग्रह प्रकाशन गरेर महत्त्वपूर्ण श्रेय प्राप्त गरेका छन् ।

## ३.४ निष्कर्ष

दाङ जिल्ला साहित्यमा अन्य विधाका साथसाथै निबन्ध विधा पनि अगाडि बढेको देखिन्छ । वि.सं. २००३ सालदेखि सुरु भएको दङाली निबन्ध यात्राको समग्र परम्परालाई हेर्दा क्रमशः प्रथम चरण, द्वितीय चरण र तृतीय चरण हुँदै विस्तारै परिष्कृत र परिमार्जित हुँदै आएको देखिन्छ । प्रजातन्त्रको पुन : स्थापना र लोकतन्त्रको स्थापनापछि दाङमा समसामयिक विषयवस्तुमा निबन्ध लेख्ने निबन्धकारहरूको वृद्धि भएको पाइन्छ । दाङमा हास्यव्यङ्ग्य, निबन्ध,

व्यङ्ग्य निबन्ध र यात्रासंस्मरण बढी मात्र लेखिएको देखिन्छ । दाङका निबन्धकारहरू दाङमा मात्र नभइ राष्ट्रिय स्तरमा समेत आफ्नो पहिचान बनाउन सफल भएका छन् । उत्तमकृष्ण मजगैयाँ, गोविन्द कुसुम, नेत्र एटम जस्ता दङाली निबन्धकारहरू राष्ट्रिय स्तरमा परिचित छन् ।

यसरी दङाली निबन्धकारको परिचय दिने क्रममा सम्भव भएसम्मका निबन्धकारसँग प्रत्यक्ष भेटी यस शोधार्थीले आफ्नै हस्ताक्षर सहितको फारम भराएकी छे तर कुनै निबन्धकारसँग भेट्न असम्भव भएकोमा अपूर्णताको महसुस गर्न पुगेकी छे । दङाली निबन्ध परम्परामा कृति प्रकाशन गर्ने निबन्धकारका साथै फुटकर रूपमा निबन्ध लेख्ने निबन्धकारहरूको पनि उल्लेखनीय भूमिका रहेको देखिन्छ । फुटकर रूपमा निबन्ध लेख्ने टीकाराम उदासीको दङाली निबन्ध लेखनको परम्परामा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन र त्यसतर्फ युवाहरूको रुचिका कारण दङाली निबन्ध साहित्यको भविष्य चम्किने कुरामा विश्वास गर्न सकिन्छ ।

## परिच्छेद चार
## दङाली निबन्धकार र तिनका निबन्धकृतिको विश्लेषण

### ४.१ पृष्ठभूमि

वि.सं. २००३ सालदेखि सुरु भएको दङाली निबन्ध परम्परामा थुप्रै निबन्धसङ्ग्रहको प्रकाशन भएको पाइन्छ । दङाली निबन्धकारका निबन्धसङ्ग्रहको विश्लेषण निबन्धकारका जेष्ठताको आधारमा गरिएको छ । दङाली निबन्धकारको सामान्य परिचय तेस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा निबन्धको तत्त्वको आधारमा निबन्धसङ्ग्रहको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ४.२ नारायणप्रसाद शर्मा (१९८८) को फर्केर हेर्दा लेखमालासङ्ग्रहको विश्लेषण

#### ४.२.१ लेखन र प्रकाशन

नारायणप्रसाद शर्माद्वारा लिखित लेखमालासङ्ग्रह **फर्केर हेर्दा** (२०६३) गाउँघर सातदिने घोराहीबाट प्रकाशित कृति हो । शर्माको यस कृति लेखन र प्रकाशनको दृष्टिले छैठौं स्थानमा रहेको छ । यो कृतिको आवरण पृष्ठमा एउटा मान्छेले हातमा कलम र कापी लिई विगतलाई फर्केर हेरेको चित्र राखिएको छ । आवरण पृष्ठमै ठूला अक्षरमा कृतिको नाम फर्केर हेर्दा लेखिएको छ र अन्तमा लेखकको नाम नारायणप्रसाद शर्मा लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा कृतिको नाम र लेखकको नाम उल्लेख गरिएको छ । भित्री पृष्ठको अर्कापट्टि प्रकाशन मिति, प्रकाशक र कृतिको मूल्य राखिएको छ । आवरण पृष्ठको अन्तिम भागमा लेखकको परिचय, प्रकाशित कृतिहरू र पुरस्कार तथा सम्मानका सूची दिइएको छ । प्रस्तुत कृतिको भित्री पृष्ठहरूमा गिरिराज शर्माको दुई पृष्ठको मन्तव्य, लेखकको कवितात्मक शैलीमा कृतज्ञता र विषयसूची दिइएको छ ।

#### ४.२.२ संरचना

**फर्केर हेर्दा** लेखमालासङ्ग्रहमा जम्मा २८ वटा संस्मरणात्मक लेखहरू सङ्कलित छन् । ती यस प्रकारका छन् : *तपाईंको बड्डे कहिले ?, घोकन्ते, नबुझन्ते र पिटन्ते शिक्षा प्रणाली, उच्च शिक्षाको लागि अल्लारे भागदौड, परीक्षा दिन जानु र क्रान्तिको घोषणा हुनु साथै भएछ, सात सालको क्रान्ति र भाते ढोङ, राजनीतिक शिक्षा र एबिसिडि साथसाथै, बनारसदेखि कामीको घरसम्म, कसरी राजनीतिक रहरमा हाम फालियो ?, किसान आन्दोलनका ती दिनहरू, यहाँ रिस परेको मान्छेलाई मार्न बेर गर्दैनन्, पार्टीभित्र तीतो, मीठो सबै थियो, आम चुनाव र बेलुवा बञ्जाडीको गोलीकाण्ड, गोलीकाण्ड पछिको भयावह स्थिति, श्रीमतीले जेलबाट छुट्न दबाब दिएको भए के हुन्थ्यो ?, नेपाली कांग्रेसको सशस्त्र*

*विद्रोह र जेलमा उत्पीडन, जेलको कोचेप्रो र थुनुवाहरूको दशा, तीनवर्षे कठोर जेल जीवनबाट मुक्त र पुनः कालकोठरी, एस. पी. नरनारायण शमशेरको बर्बर अत्याचार, राजनीतिक कार्यकर्ता यन्त्रमानव हैन, शून्यबाट शुरु गरेको प्रेस यसरी झाङ्गिन सक्यो, खुशी र पीडाको चक्र, पञ्चायती सरकार प्रेसप्रति अत्यन्त क्रुर थियो, जँड्याहा अञ्चलधीशले झण्डै मलाई गोली हानेको, ज्यानै जोगाउन काठमाडौंको शरण लिनु पऱ्यो, राता झण्डा र अबीरै अबीरको शहर, बहुदलका बाह्रवर्ष, संकटकालमा पहिलो प्रहार प्रेसमाथि, मार्क्सदेखि बुद्धसम्म र मेरो हीरक जन्मोत्सव*। यी सबै संस्मरणहरू २०६२ साउन २२ गतेदेखि २०६२ फागुन ५ गतेसम्म 'गाउँघर सातदिने' पत्रिकामा प्रकाशित भइसकेको देखिन्छन् । जम्मा १०४ पृष्ठको प्रस्तुत कृतिका संस्मरणहरू जम्मा ७४ पृष्ठमा संरचित छन् । बाँकी पृष्ठमा लेखकसँग लिइएको अन्तर्वार्ताहरू, उनले पाएका प्रमाण पत्रको प्रतिलिपि र हीरक जन्मोत्सवका तस्वीरहरू राखिएका छ ।

### ४.२.३ शीर्षक

नारायणप्रसाद शर्माले आफ्नो ७५ वर्षे जीवनयात्राका उकाली, ओरालीका विविध पक्षहरूको यथार्थ चित्रण गरिएको संस्मरणहरूको सङ्गालोको नाम **फर्केर हेर्दा** राखेका छन् । यहाँ फर्केर हेर्दा शब्द विगतलाई हेर्दा भन्ने सन्दर्भमा आएको छ । शर्मा आफ्नो जीवनमा घटेका सामाजिक, राजनीतिक र सांस्कृतिक घटनाहरूको जानकारी दिन, तत्कालीन समयको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गर्न, तत्कालीन समयमा सामन्ती वर्गको हैकमवादी प्रवृत्तिको विरुद्ध गरेको सघर्ष र आफूले भोगेको जेलजीवन आदिको बारेमा जानकारी दिन विगतलाई सम्झन पुगेका छन् । उनले स्मरण गरेका सबै कुराहरू लिपिवद्ध भई कृतिको रूप धारण गरेको छ । यस संङ्ग्रहका प्रत्येक संस्मरणहरूमा विगतका सत्यतथ्य घटनाहरूको बारेमा जानकारी दिइएको छ । सबै संस्मरणात्मक लेखहरू विषयवस्तुसँग सम्बन्धित भएकाले लेखकले समग्रमा लेखमालासङ्ग्रहको शीर्षक **फर्केर हेर्दा** राखेका छन् । शीर्षकले विषयवस्तुको बोध गरेको छ भने शीर्षक अनुसारको विषयवस्तुको प्रस्तुतीकरण भएकोले प्रस्तुत शीर्षक सार्थक बनेको छ ।

### ४.२.४ विषयवस्तु

नारायणप्रसाद शर्माले **फर्केर हेर्दा** लेखमालासङ्ग्रहमा आफूले ७५ वर्षको उमेर पुग्दासम्म भोगेका जीवनका भोगाइहरूको स्मरण गर्दै विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । शर्माले तत्कालीन समयको शैक्षिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनीतिक परिवेशलाई आफ्नो जीवनसँग गाँसेर स्मरण गरेका छन् । लेखकले जन्मदिन अहिले फेसनको रूपमा आएको, जन्मदिन सफल व्यक्तिले मनाउनुपर्दछ भन्ने कुराको प्रस्तुत सङ्ग्रहको

पहिलो संस्मरण *तपाईंको बड्डे कहिले ?* मा चर्चा गरेका छन् । तत्कालीन समयमा कुनै पनि शिक्षा प्रणाली नभएको, पाठ नबुझाई घोक्न लगाउने र कण्ठ गर्न नसक्दा पिट्ने प्रवृत्ति आदिको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । उच्च शिक्षा हासिल गर्न वनारस भागेको तर पूरा नगरी घर फर्केको यथार्थ जानकारी शर्माले दिएका छन् । उच्चस्तरका व्यक्तिले घरमै शिक्षक राख्ने र ब्राह्मण बाहेक अरूले पढ्न नपाउने आदि कुराको चर्चा पनि प्रस्तुत सङ्ग्रहमा गरिएको छ । लेखकले संस्कृत पढाइ दाङकै गुरुहरूबाट लिएको उल्लेख गरेका छन् । तत्कालीन समयका ठूला जमिन्दारहरूले गरेको शोषण, दमनका कार्यहरूको चित्रण पनि प्रस्तुत संस्मरणहरूमा गरिएको छ । लेखकले राती राती थारु किसानका युवाहरूलाई पढाएको र तिनीहरूलाई सामन्तीहरूको अन्याय र अत्याचारको विरुद्ध जागरुक बनाएको कुराहरूको वर्णन गरिएको छ । बहुविवाहको विरुद्धमा नाटक लेखेको तथा जातीय विभेदको विरोधमा दलित जातिको घरमा गई खाना खाएको र पूजा लगाइदिएको वास्तविकताको स्मरण शर्माले गरेका छन् । सात सालको क्रान्तिमा जात फाल्ने धेरै थिए र जमिन्दारहरूले चाहेका व्यक्तिहरूको जात चोखिने तर उनीहरूले नचाहेको व्यक्तिको जात नचोखीने जमिन्दारहरू हैकमवादी प्रवृत्तिको वर्णन प्रस्तुत सङ्ग्रहमा गरिएको छ । बीस वर्षको उमेरमा एविसिडि चिनेको र स्नातकोत्तरसम्मको अध्ययन विविध समस्याका कारण प्राइभेट रूपमा पूरा गरेको कुराहरूको जानकारी शर्माले दिएका छन् । ससुराको मृत्युपश्चात् सालासालीको जिम्मेवारी लिँदा आर्थिक भार थपिएको वास्तविकताको उल्लेख पनि शर्माले गरेका छन् ।

शर्माले तत्कालीन समयको प्रशासन जमिनदारको पक्षमा भएकोले किसानमाथि ज्यादती बढेको र किसानहरू कै पक्षमा वकालत गर्दा राजनीतिमा प्रवेश गरेको, राजनीतिका कारण जागिर गएको, राजनीतिक आन्दोलन कै कारण कठोर कालकोठरीमा परेको आदि घटनाहरूको स्मरण गरेका छन् । जेलमा भोगेका कठोर यातना र किसान कार्यकर्तालाई दिएको शारीरिक तथा मानसिक यातनाको शर्माले मार्मिक रूपमा चर्चा गरेका छन् । कठोर यातनाको बाबजुद पनि आत्मसमर्पण नगरेको, २०१८ सालको प्रजातन्त्रको पुनस्थापनाका लागि गरिएको सशस्त्र विद्रोहका कारण जेलमा कडा गरेको र सबैलाई नेल भिराइ दिएको र विभिन्न किसिमको यातना दिएको बारेमा लेखकले मर्मस्पर्शी रूपमा चर्चा गरेका छन् । तीन वर्षपछि जेलमुक्त भएर पुन जेल परेको र ७ महिनापछि साधारण जीवन बिताउने शर्तमा जेलमुक्त भएको आदि कुराहरूको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ ।

पारिवारिक समस्या र साधारण जीवन बिताउने शर्तमा जेलमुक्त भएका कारणले गर्दा पार्टीबाट राजीनामा दिएको, राजीनामा दिएको कारणले कम्युनिष्टको विरोधी रूपमा उनलाई हेरिएको आदि कुराहरूको उल्लेख प्रस्तुत संस्मरणहरूमा गरिएको छ । शर्माले अध्ययन र अध्यापनबाट बचेको समयमा घोराहीमा सर्वोदय पुस्तकालय स्थापना गरेको, ७ महिने अङ्ग्रेजी तालिम लिएको, १० महिने गाइडेन्स काउन्सेलिङ तालिम लिएको र

अर्न्तध्वनि पत्रिकाको प्रकाशन र युवगोध पाक्षीक पत्रिकाको प्रकाशन गरेको उल्लेख पनि प्रस्तुत संस्मरणहरूमा गरेका छन् । प्रेस घरमै खोलेर पत्रिका प्रकाशन गर्न धेरै समस्या खेप्नु परेको यथार्थताको जानकारी पनि शर्माले दिएका छन् । तत्कालीन प्रशासनको पक्षमा समाचार लेखिएन भनेर धम्की, यातना र तारिख बोक्न परेको दुःखदायी घटनाहरूको स्मरण शर्माले गरेका छन् । पञ्चायती शासनकालमा छापाखानाले खेप्नु परेको सास्ती र संकटकालमा प्रेस स्वतन्त्रता हनन भएको कुराको चर्चा पनि शर्माले प्रस्तुत सङ्ग्रहमा गरेका छन् ।

शर्माले गरेका कार्यहरूको मूल्याङ्कन गर्दै मित्रहरूले आयोजना गरेको ७५ वर्षे जन्म दिनको चर्चा हिरक जन्मोत्सव शीर्षकको संस्मरणमा गरिएको छ । तपाईंको बड्डे कहिले ? शीर्षकबाट सुरु भएको संस्मरण *हिरक जन्मोत्सव* शीर्षकसँगै अन्त्य गरिएको छ ।

शर्माले प्रस्तुत लेखमालासङ्ग्रहमा आफ्नो जीवनमा घटेका तीता मीठा घटनाहरूको स्मरण गरेका छन् । उनले जीवनमा जन्म दिनको महत्त्व कहिल्यै नराखेको प्रसङ्गबाट संस्मरणको सुरुवात गरी ७५ वर्षको उमेरमा पुग्दा मित्रहरूद्वारा आयोजित हिरक जन्मोत्सव मनाउँदासम्मको जीवनयात्राको बारेमा वर्णन गरेका छन् । शर्माले जीवनमा भोगेका आर्थिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक समस्याहरू मन छुने गरी विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । जातीय विभेदको विरोध गर्दा अपहेलित हुन परेको, जमिनदारको शोषण र दमनको विरोध गर्न थारु युवा किसानलाई जागरुक बनाएको, उनीहरूकै उत्थानको लागि राजनीतिमा प्रवेश गरेको र कठोर जेलजीवन बिताउनु परेको यथार्थ घटनाहरूको मार्मिक प्रस्तुति सङ्ग्रहमा गरिएको छ । साधारण जीवन बिताउने शर्तमा जेलमुक्त भई पार्टीलाई राजीनामा दिएको र शिक्षण पेशा र व्यवसायिक रूपमा प्रेस सञ्चालन गरेको, प्रेस सञ्चालन गर्दा धेरै चुनौतीहरू आएको, पञ्चायती शासनकालको बर्बरता, प्रजातन्त्रको पुनस्थापना, १२ वर्षे जनयुद्ध संकटकालमा प्रेस स्वतन्त्रता हनन भएको, मार्क्स र बुद्धको बारेमा चर्चा र अन्त्यमा हिरक जन्मोत्सवको बारेमा गरिएको स्मरणहरू नै प्रस्तुत सङ्ग्रहको विषयवस्तुका रूपमा आएका छन् ।

## ४.२.५ विचार

**फर्केर हेर्दा** लेखमालासङ्ग्रहमा नारायणप्रसाद शर्माले जीवनमा जस्तोसुकै बाधा अड्चन आइ परेर पनि आफ्नो काम कर्तव्यबाट पछाडि हट्नु हुँदैन भन्ने विचार उनका जीवनयात्राका संस्मरणहरूमा व्यक्त भएका छन् । सत्यको कहिल्यै हार हुँदैन तर सत्यता प्राप्त गर्न धेरै समय लाग्छ त्यसको लागि धैर्यता र निरन्तरता चाहिन्छ भन्ने धारणा पनि उनको रहेको छ । एउटा असल नागरिकले जहिले पनि सामूहिक हितको काम गर्नुपर्छ भन्ने सन्देश पनि उनका जीवनगाथाले दिएका छन् । जन्मदिन अहिले फेसनको रूपमा आएको छ

र जो कोहीले पनि मनाएको देखिन्छ भन्ने दृष्टिकोण राख्दै शर्मा यसरी लेख्छन् : जीवनमा ठूलो काम गरेर संसारमा उज्यालो छर्नेहरूको जीवन सार्थक हुन्छ । त्यस्ताको जन्मदिन मनाउनु राम्रो हो । (शर्मा, २०६२ : २) जन्मदिनको सार्थकता पाउनुपर्छ भन्ने मान्यता शर्माको रहेको छ । समाजमा भएका कुरीति, कुसंस्कारको विरोध गर्नुपर्छ । शोषण र दमनमा बस्नु हुँदैन त्यसको प्रतिकार गर्नुपर्छ भन्ने विचार पनि प्रस्तुत सङ्ग्रहमा व्यक्त भएको छ । आफ्नो विचारमा सधै अडिक रहनुपर्छ । व्यक्तिगत दृष्टिकोण पनि  प्रस्तुत संस्मरणहरूमा व्यक्त गरिएको छ । जीवनमा आइपर्ने हरेक समस्यालाई चुनौतिको रूपमा लिनुपर्छ जसले जीवनलाई सार्थक बनाउँछ भन्ने विचारहरू शर्माका संस्मरणमा पाइन्छन् ।

### ४.२.६ भाषा

नारायणप्रसाद शर्माले **फर्केर हेर्दा** संस्मरणसङ्ग्रहमा सरल, सरस र सामान्य नेपाली भाषाको प्रयोग गरेका छन् । शर्माले आफ्नो जीवनमा उकाली ओरालीको स्मरण गरेका हुनाले भूतकालीन क्रियाको प्रयोग पनि गरेका छन् । यस सङ्ग्रका कुनै कुनै संस्मरणहरूको सुरुवात कविताबाट भएको छ । कुनै कुनै संस्मरणहरूमा कविता तथा गीतका टुक्राहरूको पनि प्रयोग भएको छ । जस्तै :

चोर साधु, साधु, चोर
यो हो ठूलो पाप अघोर' (पृ. २०)
जिन्दगीको के छ भरोसा
आज हो कि भोलि को (पृ. ३२)

प्रस्तुत सङ्ग्रहमा शर्माले तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गरेका छन् । यसमा संस्कृत भाषाको शब्द र श्लोकको प्रयोग पनि पाइन्छ । जस्तै 'समं अजन्ति जन अस्मिन् इति समाज' (पृ. १५), 'इहसन्तो विवीदन्ति प्रहस्यन्ति ह्य साधव (पृ. ७३)' । स्थानीय भाषिकाको पनि प्रयोग पाइन्छ भने कतै कतै भाषिक विचलनको प्रयोग पनि भएको छ । **फर्केर हेर्दा** लेखमालासङ्ग्रह भाषाको दृष्टिले सरल र बोधगम्य छ ।

### ४.२.७ शैली

नारायणप्रसाद शर्माको **फर्केर हेर्दा** लेखमालासङ्ग्रह आत्मपरक शैलीमा लेखिएको । शर्माले तत्कालीन परिवेशको यथार्थताको चित्रण गर्न व्याख्यात्मक शैलीको प्रयोग पनि गरेका छन् । सङ्ग्रहका कतिपय संस्मरणहरूमा कविताको प्रयोग भएको पाइन्छ । शर्माले कतिपय प्रसङ्गमा संवादात्मक शैलीको पनि प्रयोग गरेका छन् । कुनै कुनै संस्मरणहरूमा व्यङ्ग्य शैलीको प्रयोग पनि देखिन्छ । घटनाहरूको जानकारी दिनको लागि वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । लेखमालासङ्ग्रहका कतिपय स्थानमा प्रश्नात्मक शैलीको प्रयोग

पाइन्छ । शर्माको सबै संस्मरणहरूमा व्यक्त भएका विषयवस्तुहरू पूर्वदीप्ति शैलीमा व्यक्त भएका छन् । विविध शैलीको प्रयोग भएकोले विषयवस्तुको बोध सहजै रूपमा भएको छ ।

### ४.२.८ निष्कर्ष

नारायणप्रसाद शर्माले **फर्केर हेर्दा** लेखमालासङ्ग्रहमा आफूले जीवनमा भोगेका, गरेका, देखेका यथार्थलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । उनले 'आफ्नो ७५ वर्षे' जीवनयात्राको वर्णनले तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक परिवेशको चित्राङ्कन भएको छ । त्यतीबेला शर्माले भोग्नुपरेका शैक्षिक समस्या, जमिनदारको हैकमवादी प्रवृत्ति, सामन्ती शोषकहरूको बिरोध गर्दा कठोर जेल जीवन बिताउनु परेको, तत्कालीन सरकार शोषक र सामन्तीको पक्षमा रहेको, पञ्चायती शासनकालमा प्रेसले खेप्नु परेको सास्ती, प्रजातन्त्रको पुनस्थापना र संकटकालमा प्रेस स्वतन्त्रता हनन भएका जस्ता विगतका यथार्थताको स्मरण गरेका छन् । यी सबै घटना तथा परिवेशको यथार्थ वर्णनले वर्तमानका युवा पिंढीलाई अन्याय, अत्याचार, विकृति र विसंगतिको विरुद्ध आवाज उठाउनुपर्छ भन्ने कुराको दिशानिर्देश गरेको छ र सत्यको पक्षपातीले जस्तोसुकै बाधा अड्चन आए असत्यको अगाडि घुँडा टेक्नु हुँदैन भन्ने सन्देश पनि शर्माको जीवनयात्राले दिएको छ । एउटा सचेत व्यक्तिले विगतलाई बुझ्न जरुरी छ तर विगतका कमीकमजोरी वर्तमानमा दोहोऱ्याउनु हुँदैन तर राम्रो कुराको भने अनुशरण गर्नुपर्छ भन्ने विचार पनि प्रस्तुत सङ्ग्रहमा व्यक्त भएको छ ।

शर्माले आफ्नो जीवनयात्राको वर्णन सरल, सहज र बुझिने नेपाली भाषामा गरेका छन् । विगतका हरेक पक्षलाई आफ्नो जीवनसँगै गाँसेर आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । प्रस्तुत संस्मरणसङ्ग्रह कविता तथा गीतका टुक्काहरूको प्रयोगले रोचक बनेको छ । शर्माले संस्मरणहरूमा वास्तविकताको वर्णन गर्न सरल भाषा र विविध शैलीको प्रयोग गरेका छन् । प्रस्तुत लेखमालासङ्ग्रह विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले पठनीय र महत्त्वपूर्ण छ ।

## ४.३ गुरुप्रसाद रेग्मी (१९९७) को बालबालिका, शिक्षक र शिक्षा निबन्धसङ्ग्रहको विश्लेषण

### ४.३.१ लेखन र प्रकाशन

गुरुप्रसाद शर्माद्वारा लिखित **बालबालिका, शिक्षक र शिक्षा** (२०६५) माया रेग्मीद्वारा प्रकाशित कृति हो । रेग्मीको लेखन र प्रकाशनका दृष्टिले पाँचौ स्थानमा रहेको प्रस्तुत कृतिको आवरण पृष्ठमा शिक्षक, बालबालिका र अभिभावकका चित्रहरू राखिएको छ । आवरण पृष्ठको बीच भागमा कृतिको नाम 'बालबालिका, शिक्षक र शिक्षा लेखिएको छ भने पुछारको भागमा लेखकको नाम उल्लेख गरिएको छ । आवरण पृष्ठको अर्कापट्टि भागमा

लेखकले आफ्नी श्रीमतीको फोटो राखेका छन् । आवरण पृष्ठको भित्री भागको पृष्ठमा कृतिको नाम, लेखकको नाम, प्रकाशनको नाम र प्रकाशन वर्ष उल्लेख गरिएको छ भने उक्त पृष्ठको अर्कापट्टि कृतिको नाम, प्रकाशक, संस्करण र मूल्य राखिएको छ । आवरण पृष्ठको अन्त्यको भागमा लेखक परिचय, पुरस्कार, सामाजिक क्षेत्रमा संलग्नता र प्रकाशित कृतिको सूची दिइएको छ। प्रस्तुत कृतिको मूल्य रु. ५० निर्धारण गरिएको छ।

## ४.३.२ संरचना

गुरुप्रसाद रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहलाई तीन खण्डमा विभाजन गरी विभिन्न उपशीर्षक दिएका छन् । यस कृतिको पहिलो बालबालिका खण्डमा २१ वटा, दोस्रो शिक्षक खण्डमा ५ वटा र शिक्षा खण्डमा १५ गरी जम्मा ४१ वटा उपशीर्षकहरू रहेका छन् । ती यसप्रकार छन्: *जन्मदै बालबालिका राम्रा-नराम्रा हुँदैनन्, मानसिक स्वास्थ्य नै बालबालिकाको सम्पति हो, बालबालिकाका सकारात्मक दृष्टिकोण, 'सबै बालबालिकामा कला हुन्छ, समस्याग्रस्त बालबालिकाका मनोविज्ञान, बालबालिका र आत्मविश्वास, बालबालिकाले आफ्नो भाग्य आफै लेख्छन्, बालबालिका र क्रोध, विशिष्ट ज्ञानको स्रोत नै आत्मबल हो, विचार नै मनको पौष्टिक आहार हो, किन बालबालिका गलत बाटोमा ?, तनाबग्रस्त बालबालिकाको मुक्तिमार्ग के ?, बालबालिकाको विचलन एक गम्भीर समस्या, बालबालिका र शैक्षिक वातावरण, विद्यार्थी जीवनका पञ्चशील सिद्धान्त, बालबालिका र सामाजिक समायोजन, बालबालिका र बाबुआमा, बालबालिकाको सुखद भविष्य र बाबुआमा, बाबुआमा नसुध्रिएसम्म सन्तान सुध्रँदैनन्, बालबालिकाको जीवनसँग खेलवाड किन ?, बालबालिका चन्द्रलोक कि पेटलोक ?, शिक्षा र शिक्षक, शिक्षक र पेशागत सार्थकता, गुरु-शिष्यको पुँजी के हो ?, सामाजिक रूपान्तरणमा शिक्षक, शिक्षकको सामाजिक ऋणभार, शैक्षिक व्यवस्था र अवस्था, आजको आवश्यकता शिक्षा, शैक्षिक अन्यौलता र शिक्षानीति, शैक्षिक स्तर एक जटिल चुनौती, सीप र विद्या नभएका शिक्षक र विद्यार्थी, गरिवी निवारण व्यवसायिक शिक्षा र नेपाल सरकार, धर्म, आध्यात्मिकता र शिक्षा, युवा परिवर्तनका संवाहक किन बन्न सकेनन् ?, युवा पुस्ताको वृत्तचित्र, आजको युवाको दायित्व के ?, छात्र छात्राका चुनौती र नयाँ नेपाल, विद्यार्थी र जीवनयापन कला, वाद्ययन्त्र र जीवन मूल्य, सम्बन्ध कसरी सुमधुर बनाउने ? र संस्कार र संस्कृतिको अनुभूति* । जम्मा ८२ पृष्ठमा संरचित प्रस्तुत कृतिको अन्य पृष्ठमा क्रमश बाबुआमाप्रति समर्पित, लेखकको 'आफ्नै कुरा' र विषय सूची उल्लेख गरिएको छ । प्रस्तुत कृतिका निबन्धहरू प्रायः सबै समान र लघु आयाममा संरचित छन् ।

### ४.३.३ शीर्षक

रेग्मीले आफूले लामो समयसम्म शिक्षा क्षेत्रमा दिएको योगदानबाट सिकेका र अनुभव गरेका अनुभूतिलाई विचारको रूपमा समेटेर कृतिको रूप दिएका छन् । जुन कृतिको नाम **बालबालिका, शिक्षक र शिक्षा** राखिएको छ । रेग्मीले छनोट गरेको शीर्षकको आधारमा विषयवस्तुको वर्णन गरेका छन् । रेग्मीले प्रस्तुत कृतिलाई बालबालिका खण्ड, शिक्षक खण्ड र शिक्षा खण्ड गरी तीन भागमा विभाजन गरेर विषयवस्तुको वर्णन गरेका छन् । प्रत्येक खण्डलाई पनि उपशीर्षकमा विभाजन गरेर रेग्मीले आफ्नो विचारहरू प्रस्तुत गरेका छन् । शीर्षकबाट नै विषयवस्तुको बोध हुन गएकोले प्रस्तुत कृतिको शीर्षक सार्थक बनेको छ ।

### ४.३.४ विषयवस्तु

गुरुप्रसाद रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहमा बालबालिका, शिक्षा र शिक्षकमा देखिएका कमिकमजोरी र चुनौतीको बारेमा चर्चा गर्दै तिनका समाधानको उपायलाई विषयवस्तुको रूपमा उल्लेख गरेका छन् । रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहका विषयवस्तुलाई तीन खण्डमा विभाजन गरी चर्चा गरेका छन् । पहिलो *बालबालिका खण्ड,* दोस्रो *शिक्षक खण्ड* र तेस्रो *शिक्षा खण्ड* उपशीर्षकमा विभाजन गरी विषयवस्तुको वर्णन गरिएको छ ।

प्रस्तुत निबन्धसङ्ग्रहको पहिलो *बालबालिका खण्ड* मा बालबालिकाले उचित वातावरणको अभावमा गलत बाटो समातेका हुन्छन् । उनीहरूको इच्छा, चाहना अभिभावक तथा शिक्षकले नबुझी डर, धम्कीको भरमा उनीहरूलाई कुनै काम गर्न दबाब दिइयो भने उनीहरू नकारात्मक कार्य गर्न बाध्य हुन्छन् । बालबालिकाको इच्छा विपरीतको कार्यले कैयौं बालबालिकाहरू मानसिक तथा शारीरिक रूपमा पनि अस्वस्थ भएका देखिन्छन् । बालबालिकाको चौतर्फी विकासमा ध्यान पुऱ्याउन नसक्नाले धेरै बालबालिकाहरूले गलत बाटो समातेका हुन्छन् । यी विविध किसिमका बालबालिकाका समस्यालाई रेग्मीले विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । उनीहरूको रुचि वा मागको सकारात्मक र नकारात्मक पक्ष केलाउन जरुरी हुन्छ । प्रत्येक परिवारले बालबालिकाको संवेगात्मक विकास, शारीरिक विकास, मानसिक विकास र बालसहभागितामा पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ । बालबालिका जन्मदै नराम्रो र राम्रो भन्ने सिकेर आएका हुँदैनन्, राम्रो र नराम्रो भन्ने कुरा त वातावरणले निर्धारण गर्ने हो त्यही कुरा अभिभावक र शिक्षकले बुझ्न जरुरी हुन्छ । बालबालिकामा कुनै न कुनै क्षमता वा प्रतिभा लुकेर बसेको हुन्छ । बालबालिकाको प्रतिभाको पहिचान गरी त्यसमा क्रियाशील हुन र आत्मविश्वास बढाइदिन सकेमा तिनीहरू देशका गहना बन्न सक्छन् ।

बालबालिकाको आत्मविश्वास बढाउनका लागि छलफलमा सहभागी बनाइ निर्णय गर्ने अवसर दिनुपर्छ । बालबालिकाको आक्रोश तथा क्रोधलाई पहिचान गरी त्यही

अनुसारको उचित सल्लाह दिनुपर्छ । बालबालिकामा शारीरिक विकास र संवेगात्मक विकास ल्याएका परिवर्तनको बारेमा पनि अभिभावक सचेत हुनुपर्छ । सचेत अभिभावकले आफ्ना बालबालिकासँग साथीको जस्तो व्यवहार गरी उनीहरूको समस्या पहिचान गर्न सक्नुपर्छ । बालबालिकाको चौतर्फी विकासमा ध्यान पुऱ्याउन सके मात्र राष्ट्रले असल नागरिक प्राप्त गर्न सक्छ विभिन्न किसिमका बालबालिकाका समस्याका समाधानका उपायका बारेमा रेग्मीले विस्तृत रूपमा प्रस्तुत निबन्धसङ्ग्रहको 'बालबालिका' खण्डमा चर्चा गरेका छन् ।

प्रस्तुत निबन्धसङ्ग्रहको 'शक्षक खण्ड' मा एउटा असल शिक्षकले विद्यार्थीमा रहेका असल र खराब गुणको पहिचान गरी उनीहरूले थाहा नपाउने गरी सुधार र परिमार्जनको रङ भरिदिन सक्नुपर्छ । विद्यार्थीको क्षमताको पहिचान गरी त्यसमा क्रियाशील हुन सहज वातावरण मिलाइ दिनुपर्ने हुन्छ । विद्यार्थीले गरेका राम्रा कामको उचित मूल्याङ्कन गरी धन्यवादका साथै पुरस्कार र गलत काम गर्ने विद्यार्थीलाई सुधारको मौका दिनुपर्छ । शिक्षक विद्यार्थीको गुरु हो गुरुले जहिले पनि आफ्ना शिष्यलाई सुमार्गमा डोऱ्याउन प्रत्यनशील हुनुपर्छ भने शिष्यले पनि गुरुको मानसम्मान गर्नुपर्छ । ज्ञानको ज्योति उघारिदिने अमूल्य पूँजी नै गुरु हो । समाज रूपान्तरणमा पनि शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीमा ज्ञानका कुरा भरिदिन सक्यो भने सफल जनशक्तिको निर्माण हुन्छ । सफल जनशक्ति भएको समाज उदाहरणीय बन्नसक्छ । शिक्षकले विद्यार्थीलाई नैतिकवान, सहयोगी, सद्भाव राख्ने, सहभागिता, सामूहिक श्रमको सम्मान, सामाजिक तथा सांस्कृतिक विभेद नगर्ने, परम्परावादी सोचको विरोध गर्ने र नेतृत्व गर्न सक्ने किसिमको बनाउन सकेमा उसले पेशागत सार्थकता पाउनुका साथै समाज रूपान्तरणको एउटा वाहक बन्नसक्छ भन्ने कुराको जानकारी रेग्मीले दिएका छन् ।

'शिक्षा खण्ड' मा देशले एउटा असल नागरिक प्राप्त गर्नको लागि बालबालिका र शिक्षकले गरेको प्रयासले मात्र हुँदैन त्यसको लागि उद्देश्य सहितको शिक्षा नीति बन्नु पर्छ भन्ने विषयमा रेग्मीले चर्चा गरेका छन् । देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई मध्यनजर गरेर त्यही अनुरूपको शिक्षानीति ल्याउनु राष्ट्रको दायित्व हो । पाठ्यक्रम तयार गर्दा पनि व्यवहारिक ज्ञान प्रदान गर्ने किमिसले तयार गर्नुपर्ने हुन्छ । विषयगत शिक्षक शिक्षिकाको व्यवस्था गर्नुपर्छ । समयको मागअनुसार पाठ्यक्रममा परिवर्तन र परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ भन्ने कुराको चर्चा रेग्मीले प्रस्तुत निबन्धमा गरेका छन् । अहिले शिक्षामा पनि राजनीतीकरण भइरहेको छ त्यसैले शैक्षिक क्षेत्र अन्योलमा परेको छ र समयसापेक्ष शिक्षानीति बन्न नसकेको अवस्था छ । देशलाई समृद्धशाली बनाउने प्रमुख आधार नै व्यवहारिक र व्यवसायिक शिक्षा हो । गरीबीको कारण पैसामात्र नभई आत्मविश्वास र आत्मवलको कमि पनि हो । त्यो आत्मविश्वास र आत्मवल बढाउने काम व्यवहारिक र व्यवसायिक शिक्षाले मात्र गर्छ । त्यसैले शिक्षा क्षेत्रमा सुधार

नआउँदा सम्म कुनै पनि क्षेत्रमा सुधार आउन सक्दैन । शिक्षा भन्ने कुरा एक प्रकारको सिकाइ वा ज्ञान प्राप्त गर्ने र अन्तर्निहित क्षमतालाई उजागर गर्ने प्रमुख आधार हो । मनलाई पवित्र पार्न र अरूको अहित नगर्न आध्यात्मिक ज्ञान लिन पनि जरुरी हुन्छ । त्यो पनि मनलाई एक भक्त, एक चित्त र सकारात्मक सोचको विकास गर्ने प्रमुख शिक्षा हो भन्दै रेग्मीले शिक्षामा देखिएका चुनौती, शैक्षिक अवस्था र शिक्षाको महत्त्वको बारेमा विस्तृत रूपमा प्रस्तुत कृतिमा चर्चा गरेका छन् । रेग्मीले आजका युवा देशको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रका सकारात्मक परिवर्तनका संवाहक हुन त्यसको लागि जुनसुकै क्षेत्रमा पनि युवा सहभागितामा जोड दिनुपर्छ, युवाका योग्यता र क्षमता अनुसार रोजगारीको व्यवस्था गर्नुपर्छ भन्ने कुराको पनि चर्चा गरेका छन् । आजका युवाको नयाँ नेपाल निर्माण गर्ने प्रमुख दायित्व बनेको छ । एउटा विद्यार्थी वा युवाले जीवन जिउने कला जानेको हुनुपर्छ । मानिस दिलैदेखि खुला हुनुपर्दछ, नेताजस्तो भित्री र बाहिरी हुनु हुँदैन । सम्बन्ध सुमधुर बनाउनका लागि निस्वार्थ भावना लिनुपर्ने हुन्छ । आफूभित्र रहेको कमि कमजोरी औल्याउन सक्नुले पनि सुमधुर सम्बन्ध स्थापित गर्छ, संस्कार र संस्कृतिले दिएको व्यवहारिकता र वैज्ञानिकता नबुझेर शिक्षित भनाउँदा व्यक्तिहरूले पनि आडम्वरको खोल ओढेर पाप र पुण्यको कुरा गरेको विषयवस्तु पनि प्रस्तुत कृतिको शिक्षा खण्डमा चर्चा गरिएको छ ।

गुरुप्रसाद रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहमा बालबालिकाका समस्या, बालबालिकालाई परिवार र शिक्षकले गर्नुपर्ने व्यवहार, बालबालिकाका चौतर्फी विकासमा ध्यान पुऱ्याउनु पर्ने, शिक्षकमा बालबालिकाको मनोवैज्ञानिकता बुझ्ने क्षमता, विद्यार्थीको आन्तरिक क्षमतालाई बाहिर प्रस्फुटन गराउन सक्नु असल शिक्षकको गुण हो भन्ने जस्ता विविध विषयमा जानकारी दिएका छन् ।

शिक्षाले देशमा असल नागरिक उत्पादन गर्छ त्यसैले राष्ट्रिय शिक्षानीति समयसापेक्ष बन्नुपर्छ । अहिले देशमा शिक्षा नीति नै नभएको अवस्था छ जसले गर्दा शिक्षामा राजनीतीकरण भएको छ । व्यवहारिक र व्यवसायिक शिक्षाको अभावले गर्दा देशका कैयौं युवाहरू बेरोजगार बस्न बाध्य भएका छन् । देशलाई सुमार्गमा डोऱ्याउने प्रमुख आधार नै शिक्षा क्षेत्र भएकोले सरकार शिक्षा क्षेत्रमा संवेदनशील बन्न जरुरी छ । देशको विकास र सकारात्मक परिवर्तनको लागि हरेक क्षेत्रमा युवा सहभागिताको खाँचो छ भने सभ्य र असल नागरिक उत्पादन गर्नका लागि उचित शिक्षा नीतिको आवश्यकता छ । प्रत्येक शैक्षिक क्षेत्रमा दक्ष र विषयगत शिक्षकको परिचालन गरी समय समयमा उनीहरूलाई तालिमको व्यवस्था पनि गर्नुपर्ने हुन्छ । सकारात्मक सोचले सुमधुर सम्बन्ध स्थापित गर्छ, संस्कार र संस्कृतिको महत्त्व बुझ्नुपर्छ भन्ने जस्ता विचारहरू रेग्मीले विषयवस्तुका रूपमा वर्णन गरेका छन् ।

### ४.३.५ विचार

गुरुप्रसाद रेग्मीले नेपाललाई समृद्धशाली बनाउनका लागि बालबालिकाको मनोवैज्ञानिकता बुझेर शिक्षकले शिक्षा दिन र राज्यले पनि व्यवहारिक र व्यवसायिक शिक्षा नीति ल्याउन जरुरी छ भन्ने विचार प्रस्तुत निबन्धसङ्ग्रहमा राखेका छन् । एउटा बालकलाई सफल बनाउनको लागि परिवारको ठूलो भूमिका रहेको हुन्छ त्यसैले परिवार आफ्ना बालबालिकाप्रति संवेदनशील बन्नुपर्ने हुन्छ भन्ने धारणा पनि रेग्मीको पाइन्छ । देशमा दक्ष जनशक्ति उत्पादन गर्नको लागि सरकार पनि उत्तरदायी हुनुपर्छ भन्ने दृष्टिकोण रेग्मीको छ । अहिले राजनीतिमा आएको अन्योलका कारण शिक्षा क्षेत्रमा सरकारले ध्यान नदिएको र शिक्षामा पनि राजनीतीकरण भइरहेको छ भन्दै लेखक यसरी लेख्छन् :

शिक्षामा भएको राजनीतीकरण र व्यापारीकरणले शिक्षा क्षेत्रमात्र हैन सबै क्षेत्र अन्योलग्रस्त बन्न गएको छ । तर यसप्रति सरकार संवेदनशील बनेको छैन । पारिवारिक संरचनाको गलत दृष्टिकोणले सामाजिक संरचना भत्किँदै गएपछि अशान्ति, हत्या, हिंसाले पहिलो प्राथमिकता शिक्षालाई दिने र देशको आवश्यकता र वातावरण अनुसार पाठ्यक्रम, मूल्याङ्कन, विद्यालय व्यवस्थापन, शिक्षाको लक्ष्य, शैक्षिक प्रशासनलाई सम्बोधन गर्नसक्ने राष्ट्रिय शिक्षानीति तर्जुमा हुनुपर्दछ (रेग्मी, २०६५ : ३६) । **बालबालिका, शिक्षक र शिक्षा** निबन्धसङ्ग्रहमा रेग्मीले बालबालिका भविष्यका कर्णधार हुन् भने शिक्षक ज्ञानको ज्योति फैलाउने, समाज रूपान्तरण गर्ने सेवकहरू हुन् र शिक्षाले देशको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने विचारहरू व्यक्त गरेका छन् ।

### ४.३.६ भाषा

गुरुप्रसाद रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहमा सरल, सहज र बुझिने नेपाली भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको पनि समुचित प्रयोग गरिएको छ । प्रस्तुत निबन्धसङ्ग्रहमा लेखकका विचारहरू धाराप्रवाह रूपमा बगेको हुनाले धेरै मात्रामा शब्द र वाक्यहरू दोहोरिएको पाइन्छ । आक्रोश, लोभ, मनमुटाव, असमझदारी, स्वार्थ, ईर्श्या, क्रोध, डर, शङ्का, सकारात्मक सोच, धर्म, जाति, संस्कृति आदि शब्दहरू रेग्मीले बढी मात्रामा प्रयोग गरेका छन् । रेग्मीले प्रस्तुत कृतिको कुनै कुनै स्थानमा नेपाली भाषाका उखानको प्रयोग गरेको पनि पाइन्छ । औपचारिक तथा स्तरीय भाषाको प्रयोगले विषयवस्तुको प्रस्तुतीकरण रोचक र घोचक बनेको छ । समग्रमा प्रस्तुत निबन्धकृतिको भाषा बोधगम्य छ ।

### ४.३.७ शैली

गुरुप्रसाद रेग्मीले प्रस्तुत निबन्धसङ्ग्रहमा बालबालिकाको विकास, असल शिक्षक र राष्ट्रको आवश्यकता अनुसारको शिक्षा नीति हुनुपर्छ भन्ने विचारहरू व्यक्त गर्न विचारात्मक

शैलीको प्रयोग गरिएको छ । लेखकले आफूले लामो समयदेखि शिक्षा क्षेत्रमा दिएको योगदानबाट पाएका अनुभवहरूलाई प्रस्तुत निबन्धसङ्ग्रहमा आत्मपरक शैलीमा व्यक्त गरेका छन् । रेग्मीले शिक्षा नीतिको बारेमा सरकार मौन रहेको, शिक्षालाई राजनीतीकरण र व्यवसायीकरण गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । रेग्मीले बालबालिकाको उज्वल भविष्यको लागि परिवार, शिक्षक र राष्ट्र संवेदनशील बन्न आग्रह गरेका छन् । प्रस्तुत निबन्धसङ्ग्रहमा विचारात्मक शैलीको बढी प्रयोग भएको छ भने बीचबीचमा व्यङ्ग्यात्मक र अनुरोधात्मक शैलीको पनि प्रयोग भएको छ । शैलीका दृष्टिले प्रस्तुत कृति सरल छ ।

### ४.३.८ निष्कर्ष

गुरुप्रसाद रेग्मीले **बालबालिका, शिक्षक र शिक्षा** शीर्षकको निबन्धसङ्ग्रहहरूलाई बालबालिका खण्ड, शिक्षक खण्ड र शिक्षा खण्ड गरी आफूले शिक्षा क्षेत्रबाट पाएको अनुभवलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रत्येक खण्डलाई विभिन्न उपशीर्षकमा विभाजन गरी आफ्ना विचारहरू व्यक्त गरेका छन् । रेग्मीले बालबालिकाका समस्या, बालबालिकाका समस्या समाधानका उपायहरू, शिक्षकमा हुनुपर्ने गुण, शिक्षकले ध्यान पुऱ्याउनु पर्ने कुराहरू, शिक्षानीति, शैक्षिक व्यवस्था, व्यवसायिक सोच आदिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । बालबालिकाको चौतर्फी विकासको लागि परिवार, शिक्षक र राष्ट्र नै संवेदनशील बन्नुपर्छ, शिक्षालाई राजनीतीकरण र व्यवसायीकरण गर्नु हुँदैन, सकारात्मक सोचको विकासले सुमधुर सम्बन्ध कायम गर्छ भन्ने विचारहरू प्रस्तुत निबन्धकृतिमा पाइन्छ । रेग्मीले आफ्ना विचारहरू सरल भाषा र आत्मपरक शैलीमा व्यक्त गरेका छन् । प्रस्तुत कृति विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले महत्त्वपूर्ण छ भने अभिभावक तथा शिक्षकको लागि पनि उपयोगीसिद्ध छ ।

## ४.४.१ भीमकान्त शर्मा आचार्य (२००१) को मुक्तिनाथ दर्शन यात्रासंस्मरणको विश्लेषण

### ४.४.१.१ लेखन र प्रकाशन

भीमकान्त शर्मा आचार्यद्वारा लिखित **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त, २०६६) शीला शर्माद्वारा प्रकाशित कृति हो । आचार्यको लेखन र प्रकाशनको दृष्टिले चौथो स्थानमा रहेको यस कृतिको आवरण पृष्ठमा मुक्तिनाथ क्षेत्रका मन्दिरहरूको फोटो राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम मुक्तिनाथ दर्शन (यात्रावृत्तान्त) लेखिएको छ भने पुछारको भागमा लेखकको नाम भीमकान्त शर्मा आचार्य लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा कृतिको नाम, लेखकको नाम उल्लेख गरिएको छ भने भित्री पृष्ठको अर्कापट्टि कृतिको नाम, लेखकको नाम, प्रकाशक, संस्करण र मूल्य दिइएको छ । आवरण पृष्ठको

अन्तिमको भागमा लेखकको परिचय, लेखकको फोटो र लेखकका पदक, प्रंशसापत्र तथा कृतिको सूची दिइएको छ । जम्मा ६२ पृष्ठमा रहेको प्रस्तुत कृति डिमाइ आकारको छ र मूल्य रु. २५ राखिएको छ ।

### ४.४.१.२ संरचना

**मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) शीर्षकको यात्रासंस्मरणमा भीमकान्त शर्मा आचार्यले मुख्य शीर्षक र उपशीर्षक गरी कृतिको रूप दिएका छन् । उनले यस संस्मरणको मुख्य शीर्षकलाई खण्ड 'क' र 'ख' गरी दुई भागमा विभाजन गरी तिनका पनि उपशीर्षक दिएका छन् । आचार्यले खण्ड 'क' अन्तर्गत मुक्तिनाथ यात्राको वर्णन गरेका छन् भने खण्ड 'ख' अन्तर्गत त्रिवेणी धाम यात्राको वर्णन गरेका छन् । यसरी दुई चरणमा गरेको यात्रालाई दुई खण्डमा विभाजन गरेर यात्रा वर्णन गरेका छन् । खण्ड 'क' र खण्ड 'ख' गरी जम्मा ११ वटा संस्मरणहरू प्रस्तुत कृतिमा सङ्कलित छन् । ती संस्मरणहरूमा *मुक्तिनाथ दर्शनको महिमा र महत्त्व, पोखरा (कास्की), जोमसोम (मुस्ताङ), मुक्तिनाथ (मुस्ताङ), कागवेनी (मुस्ताङ), कागवेणी-लेते (मुस्ताङ) र लेते (मुस्ताङ)-वेनी (म्याग्दी)* गरी जम्मा ७ वटा उपशीर्षकका संस्मरणहरू खण्ड 'क' शीर्षकमा सङ्कलित छन् भने खण्ड 'ख' शीर्षक अन्तर्गत *त्रिवेणी धाम (नवलपरासी सुस्ता गा.वि.स. ३), नारायणी, सुवर्णभद्रा पूर्णभद्राको संगमस्थल (भारतको विहार र नेपालको सीमाना सुस्ता क्षेत्र), वाल्मीकि आश्रम (चितवन गर्डी गा.वि.स. ९) र गजेन्द्र मोक्ष धाम, लक्ष्मीनारायण मन्दिर क्यौलानी भगवतीको मन्दिर* गरी ४ वटा उपशीर्षकमा संस्मरणहरू संरचित छन् ।

जम्मा ६२ पृष्ठमा संरचित प्रस्तुत कृतिको अन्य पृष्ठमा क्रमशः लेखकका पितामह स्वर्गीय मोतीलाल आचार्यको तस्वीर, प्रा. नारायण आचार्यको दुई पृष्ठको मन्तव्य, डा. गोविन्द आचार्यको दुई पृष्ठको मन्तव्य, लेखकको दुई पृष्ठको दुई शब्द र विषयसूची दिइएको छ । यस यात्रावृत्तान्तका संस्मरणहरू लघु र मध्यम आयाममा संरचित छन् । यसको सबैभन्दा धेरै पृष्ठ भएको संस्मरण मुक्तिनाथ दर्शनको महिमा र महत्त्व ९ पृष्ठमा संरचित छ भने कम पृष्ठ भएको संस्मरण जोमसोम (मुस्ताङ) २ पृष्ठमा संरचित छ ।

### ४.४.१.३ शीर्षक

भीमकान्त शर्मा आचार्यले धार्मिक यात्रा गर्ने सिलसिलामा पहिलो चरणको यात्रा मुक्तिनाथ र दोस्रो चरणको यात्रा त्रिवेणी धाममा गरेका छन् । उनले दुवै ठाउँमा गरेको यात्राबाट देखेको, सुनेको र अनुभव गरेको वास्तविकतालाई संस्मरण गर्दै कृतिको रूप दिएका छन् । त्रिवेणी धाम पनि मुक्तिनाथ भगवानको चरणस्थल मानिने भएकाले प्रस्तुत कृतिको नाम समग्रमा **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) राखिएको छ । यसमा शीर्षकअनुसार विषयवस्तुको वर्णन भएकाले प्रस्तुत कृतिको शीर्षक सार्थक देखिन्छ ।

### ४.४.१.४ विषयवस्तु

भीमकान्त शर्मा आचार्यले मुक्तिनाथ भगवानको दर्शनका लागि गरिएको धार्मिक यात्रामा आफूले देखेका, सुनेका र अनुभव गरेका यथार्थ कुराहरूको वर्णन नै प्रस्तुत कृतिको विषयवस्तु हो । **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) यात्रासंस्मरणमा मुक्तिनाथ र त्रिवेणी धाममा बेग्लाबेग्लै समयमा गरिएको यात्राको वर्णन गरिएको छ । यात्राको वर्णनलाई शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस यात्रासंस्मरणको पहिलो स्मरण *मुक्तिनाथ दर्शनको महिमा र महत्त्व* मा आचार्यले आफ्नो पितामह मोतीलाल आचार्य र विभिन्न विद्वानहरूले मुक्तिनाथ क्षेत्रको महिमा र महत्त्व, गण्डक क्षेत्रमा पाइने शिला र गण्डक क्षेत्र त्रिवेणीको रूपमा चर्चा गर्दै मुक्तिनाथ दर्शनको महत्त्वलाई प्रस्तुत गरेका छन् । यसलाई लेखक यसरी लेख्छन् :

> जेहोस् दुई तीन घण्टाको गण्डकी क्षेत्र, मुक्ति क्षेत्र बारे कथाहरू र दृष्तान्तहरू सुन्दा र बुझ्दा यो क्षेत्र अवश्य पनि पितृमोक्षको साथै आफ्नो पनि मोक्ष हुने कुरामा म विश्वस्त भए हाम्रो हिन्दू शास्त्रको व्याख्या अनुसार । यसरी भगवान विष्णुको साक्षात्कार रूपको मुक्तिनाथ मन्दिरको दर्शन, शिवविष्णुसहित ब्रह्माजीको दर्शन, ज्वालाजी, गण्डकी, काली नदीको संगम कागवेनी, माथि उल्लेखित गरिएको परमपवित्र स्थल गलेश्वर अनि रीडी (रुरु क्षेत्र) आदिको दर्शन महत्त्वपूर्ण मानिदो रहेछ (आचार्य, २०६६ : ८) ।

आचार्यले मुक्तिनाथ दर्शनको महत्त्वबारे संस्मरण गर्दै दाङबाट यात्राको थालनी गरेर पोखरा पुगेको प्रसङ्गहरूको चर्चा गर्दै प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ । *पोखरा (कास्की)* शीर्षकको संस्मरणमा आचार्यले होटलमा बास बसेको, अर्को दिन बिहान छोराको साथीसँग पोखराका रमणीय दृश्यावलोकन गरेको, पुरानो मित्रसँग भेट भएको चर्चा गरेका छन् । छोरा काठमाडौंबाट पोखरा आउने क्रममा चक्काजामका कारण ढिलो भएकाले अध्ययन अनुसन्धानमा जाने विद्यार्थीहरूको चिन्ता लिएको र बन्द हड्तालको बारेमा सरकारको कुनै चासो नभएको उनले आक्रोश पोखेका छन् । छोरा रातको ११ बजे मात्र आइपुगेको र बिहान पोखरा विमानस्थलमा पुगेको कुराहरूको वर्णन गरिएको छ ।

यसैगरी ७:४० मा हवाइजहाज चढेको, हवाइजहाज माछापुच्छ्रे, धौलागिरि जस्ता हिमाच्छादित हिमालयहरूको दृश्यावलोकन गर्दै जोमसोम पुगेको र त्यहाँ धेरै चिसोको अनुभव लेखकले गरेका छन् । जोमसोमबाट मुक्तिनाथको यात्रा जीपबाट गरी रानीपौवा पुगेको, त्यहाँ लेखकलाई श्वासप्रश्वासमा बाधा हुँदा होटलमा आइ आराम गरेको र आराम पछि रानीपौवा बजार घुम्दा पुनः श्वाप्रश्वासमा बाधा भएको कुराको चर्चा गरिएको छ । त्यहाँका बुद्धका मन्दिर, दोकान, चौँरी गाईका गोठहरू, चौँरी गाई दोहेको, च्याङ्ग्राको बथान,

गोठ हेर्नुका साथै खाना खाई सुतेको जस्ता विभिन्न प्रसङ्गहरूको वर्णन 'जोमसोम' (मुस्ताङ) शीर्षकको संस्मरणमा आचार्यले गरेका छन् ।

*मुक्तिनाथ (मुस्ताङ)* संस्मरणमा बिहान ६ बजे मुक्तिनाथ मन्दिरको दर्शन गर्न हिडेको, लेखकले रानीपौवादेखि मुक्तिनाथ मन्दिरसम्मका दृश्य प्यूठानको स्वर्गद्वारी झैं मान्नु, धेरै कठिनाइका साथ मन्दिर परिसर प्रवेश गर्दा आनन्दानुभूति गर्नु, मन्दिरको पूजा र दर्शन गरिसकेपछि ढुङ्गामा बसेर प्राकृतिक दृश्यको अवलोकन गर्दै लेखक यसरी लेख्छन्: हे ईश्वर ! यदि तिमीले यो लैङ्गिक शरीरलाई गाँस, बास, कपासमा नबल्झाई दिएको भए अर्थात् यो शरीरलाई बाँच्दासम्म खान, बस्न, लगाउनु पर्ने बाध्यतामा बाँधी झन्झटमा नफसाइ दिएको भए यही तिम्रो यो सुन्दर वक्ष स्थलमा यो क्षणभङ्गुर शरीर नाश नहुँदासम्म तिम्रै नाम उच्चारण गर्दै बस्ने थिए (आचार्य, २०६६ : १८) । छोराका अध्ययन टोलीले भौतिक जीवनजगत्को अध्ययन गरेको र आफूहरू भने काल्पनिक जगतमा रहेको ईश्वरको ध्यानमा मस्त हुँदै हिँडेको आदि कुराहरूको मनमा तर्कवितर्क गर्दै कागवेनीसम्म आएका विविध प्रसङ्गहरूको चर्चा गरिएको छ ।

*कागवेणी (मुस्ताङ)* संस्मरणमा कागवेणी बजारको न्यू धौलागिरि होटल बुक गरी बिहानको खाना ४ बजे खाएको, आमाको श्राद्ध गर्ने मनस्थिति बनेको हुँदा श्राद्धको लागि ब्राह्मणको खोजीमा हिडेको चर्चा गरेका छन् । स्याउको बगैचामा गई स्याउ किनेको, ब्राह्मणहरूसँग भेट भएको उल्लेख गरेका छन् । अर्को दिन बिहान होटल छोडी आश्रम जाँदा कागबेनी बजार अवलोकन गर्दै जानेका बुझेका कुरालाई लेखक यसरी लेख्छन् :

> जोमसोम जस्तै सफा सुघ्घर मानिसहरूको बोली मिजास निकै राम्रो । नेपाली कुरो बुझाउन विस्तारै बोल्नुपर्ने, नेपाली भन्दा अङ्ग्रेजी विदेशी भाषा बढी बुझ्ने । बजार एकदम महङ्गो । प्राय युवायुवतीहरू विदेशमा कुनै कुनै काठमाडौं, पोखरातिर गइ पढ्ने र कमाउने । प्रायः प्रौढावस्ताका पुरुष महिलाहरूले त्यहाँको होटल सञ्चालन र बन्दव्यापार गर्ने । कतै कतै होटल र बन्द व्यापार गर्ने युवायुवतीहरू पढेलेखेका र सभ्य । समष्टिमा विकट जिल्ला र ठाउँ भए पनि यहाँका मानिसहरूको आर्थिक अवस्था उचो नै लाग्यो । यहाँको हावापानी, खानपिन, बसउठले होकी युवा युवतीहरू मङ्गोलियन कदका, निकै सुन्दर चेहरा भएका देखे मैले । (आचार्य, २०६६:२३)

आश्रममा पुगी विभिन्न व्यक्तिहरूसँग भेट भएको, आश्रम परिसरको सरसफाइ कार्यक्रममा सहभागी भएको, सबैले सहभोज गरेको, श्राद्धको लागि समान गरेको र विभिन्न व्यक्तिहरूसँग परिचय तथा कुराकानी गर्दै रमाइलोसँग आश्रममा रात बिताएका प्रसङ्गहरूको चर्चा गरिएको छ ।

*कागवेणी लेते (मुस्ताङ)* उपशीर्षकको संस्मरणमा बिहानको नित्यकर्म सम्पन्न पछि कालीगण्डकीको संगमस्थल श्राद्ध स्थलमा स्नान गरी श्राद्ध सम्पन्न गरेको, आश्रमबाट बिदा लिइ जोमसोमको होटलमा खाना खाइ त्यहाँबाट पैदलयात्रा सुरुवात गरेको र बाटोमा देखेका स्याउको चर्चा गरिएको छ । यसैगरी बाटो डर लाग्दो देखेर मनमा चिन्ता लिँदै घाँसाको अन्तरे घाँसा भन्ने ठाउँको राम्रो लजमा बास बसेको प्रसङ्गहरूको चर्चा पनि आचार्यले प्रस्तुत संस्मरणमा गरेका छन् । घाँसाबाट पैदल यात्रा गर्दा बाटो खराबीका कारण खुट्टा दुखेको, तातोपानी कुण्डमा स्नान गरेको र तातोपानी कुण्डको बारेमा जानकारी *लेते (मुस्ताङ्) - बेनी (म्याग्दी)* को संस्मरणमा दिइएको छ । यसैगरी होटलमा बास बस्नु भन्दा पहिले मोलीमोलाई गर्ने चलनको बारेमा जानकारी दिँदै आफू पनि मोलमोलाई गरी बास बसेको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । यस संस्मरणमा लेखकले बिहानको चिया पिई पुनः पैदल यात्रा गरी पखरे बगरबाट धेरै थकाइका कारण बाटो खराब भए पनि जीप चढेर धेरै धेरै कष्ठका साथ गलेश्वर गायत्री आश्रममा पुगेको, गलेश्वर क्षेत्रको बारेमा जानकारी लिएको, त्यहाँका मन्दिरहरूको दर्शनपछि स्वादिलो खानापछि बेनीबजार हुँदै बुटवलको यात्रा गरेको र अर्को दिन बिहान बुटवलबाट घर पुगेको प्रसङ्गहरूको यथार्थ वर्णन सहित प्रस्तुत संस्मरणको अन्त्यको साथ मुक्तिनाथ भ्रमणको पनि अन्त्य गरेका छन् ।

खण्ड 'ख' शीर्षक अन्तर्गतको *त्रिवेणी धाम (सुस्ता गा.वि.स. ३ नवलपरासी)* को संस्मरणमा दशैं रमाइलोसँग मनाएको र जीवनमा देवघाट र गण्डकी स्नान गरेको तर कसरी गरियो भन्ने बारेमा केही पनि जानकारी नभएको स्मरण गरेको चर्चा गर्दै श्रीमती र छोरासहित दाङदेखि त्रिवेणी धामको यात्रा प्रारम्भ गरेको, वर्दघाट पुगी त्यहाँबाट त्रिवेणी धामको यात्रा गरेको, नारायणी नदीको घाटामा पुगी त्यहाँको रमणीय दृश्यावलोकन गरेको, वैष्णहरूबाट लक्ष्मीनारायण मन्दिर र स्वामी कमलनयन आचार्यको बारेमा जानकारी लिएको, बास बस्ने होटल महङ्गो तर व्यवस्थापन राम्रो नभएको र त्यही होटलमा रात काटेको जस्ता विविध कुराको जानकारी दिँदै आचार्यले संस्मरणको अन्त्य गरेका छन् ।

*नारायणी, सुर्वणभद्रा र पूर्णभद्राको संगमस्थल (भारतको विहार र नेपालको सीमाना सुस्ता क्षेत्र)* संस्मरणमा आचार्यले होटलबाट बिदा भइ बाटोमा ॐ शान्तिका कार्यकर्तासँग भेट भएको र उनीसँग त्रिवेणी धामको यात्राको बारेमा सोधेको उनले ॐ शान्तिकै अनुयायी राधेलाल सहानीलाई त्रिवेणी धाम यात्रा गराइदिन निर्देशन गरेको प्रसङ्गको चर्चा गरेका छन् । राधेलाल सहानीको बारेमा लेखक यसरी लेख्छन्–

> उनी २५/३० वर्षदेखि नारायणी नदीमा डुङ्गा चलाई हामीजस्ता तमाम तीर्थयात्रीहरूलाई त्रिवेणी धाम र वाल्मीकि आश्रमको पूरा परिचय गराई चारैतिर घुमाई दर्शन अवलोकन गराई पूर्ण यात्रा गराइदिने एकप्रकारको गाइडको काम गर्दै आएका रहेछन् । उनी निकै अनुभवी, जानकार र त्रिवेणी बजारकै माभ्फी भए पनि चर्चित र

> प्रतिष्ठित व्यक्ति रहेछन् । उनलाई दुईचार दिन पहिले नै सम्पर्क गरी आफ्नो नाम टिपोट गराई यात्राको निम्ति तयार भई बस्नुपर्दो रहेछ । यस पटक यात्रीहरूको कमीले गर्दा र ॐ शान्तिकै उपल्लो तहको व्यक्तिले अह्राएको कारणबाट हामीलाई पूरा यात्रा गराउन मञ्जुर गरे । (आचार्य, २०६६ : ४४)

उनीसँग राधेलाल सहानीसँग भारत नेपाल सीमानामा पर्ने नारायणी सुवर्णभद्रा र पूर्णभद्राको बारेमा जानकारी लिएको त्रिवेणी संगममा स्नान गरी पितृहरूलाई तर्पण दिएको, भारतले इच्छाअनुसार बाँध खोल्ने र बन्द गर्ने र सीमा अतिक्रमण गरेको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । सुवर्णभद्रा नदीले नेपाल र भारत सीमानाको काम गरेको, भारतले अन्तर्राष्ट्रिय नियम विपरीत, पूर्णभद्रा नदीको बगरैबगर हिड्दा भारती सीमा बलले दुःख दिएको र चिन्तित र भयभित हुँदै वाल्मीकि आश्रम स्थलमा पुगेका विभिन्न प्रसङ्गहरूको चर्चाको साथमा प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ ।

आचार्यले *वाल्मीकि आश्रम (चितवन गर्डी गा.वि.स. ९)* मा वाल्मीकि आश्रमको प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको ठाउँमा अवस्थित रहेको कुराको जानकारी दिएका छन् । यसैगरी सहानीले त्यहाँका मन्दिरहरूको दर्शन गराएको, हिन्दूधर्म स्थापनार्थ समितिले बाल्मिकी आश्रमको व्यवस्थापनको काम गरेको आदि कुराहरूको वर्णन गर्दै आचार्यले वाल्मीकि आश्रम, वाल्मीकि जीवन वृत्तान्त, वाल्मीकिलाई ब्रह्मज्ञान प्राप्त भएको, उनको आश्रममा ८८ हजार ऋषिहरू आएको, रामको वनवास, सीता त्याग, लवकुशको कथा आदि कुराहरूको जानकारी सेखर सुवेदीबाट लिएको र लव र कुशको कुण्डको दर्शन गरेको चर्चाको साथमा प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ ।

*गजेन्द्र मोक्षधाम, लक्ष्मीनारायणको मन्दिर, क्योलानी भगवती मन्दिर* संस्मरणमा नारायणी नदीको किनाराबाट मोक्षस्थलतिर यात्रा गर्ने सिलसिलामा प्राकृतिक सुन्दरताको दृश्यावलोकन र सहानीले आफ्नो जीवनसँग सम्बन्धित मीठामीठा गीत सुनाएको र करीव १ घण्टाको डुङ्गा यात्रापछि गजेन्द्रमोक्ष स्थलमा पुगेको प्रसङ्गको चर्चा गरिएको छ । आचार्यले आफ्नो बाजेले गजेन्द्र मोक्षको पाठ गर्न लगाएको स्मरण गरेको, त्यहाँका भवनहरू मन्दिरहरू, गौशाला, पाठशाला, धर्मशाला र रोपिएका फूल वृक्षहरूको सुन्दर मनमोहक दृश्यावलोकन गरेको चर्चा गरेका छन् । हिन्दू धर्मावलम्वीहरू विभिन्न सम्प्रदायमा विभक्त भएको कुराको जानकारी लिएको, नारायणी नदीको डुङ्गामा यात्राको क्रममा सहानीसँग स्वामी कमलनयन आचार्य र स्वामी माधव आचार्यको बारेमा चर्चा गर्दै त्रिवेणीघाटमा पुगेको वर्णन गरेका छन् । क्योलानी भवगतीको दर्शन गरी ॐ शान्तिको ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय योग शिविर भवनमा गइ १ घण्टाको बसाईपछि होटलमा आई भोजन गरेको र सहानीसँग बिदाबारी भएको र अर्को दिन छोरा काठमाडौं लागेको र

आफूहरू घर फर्केको प्रसङ्गसँग प्रस्तुत संस्मरण अन्त्यको साथै **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) को पनि अन्त्य गरिएको छ ।

भीमकान्त शर्मा आचार्यले **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) यात्रासंस्मरणमा मुक्तिनाथ र त्रिवेणी धाम यात्राको बारेमा व्यापक रूपमा चर्चा गरेका छन् । उनले दैनिकीको रूपमा बेलीविस्तारका साथ भ्रमण गरेका विभिन्न स्थानहरूको यथार्थ वर्णन प्रस्तुत यात्रावृत्तान्तमा गरेका छन् । मुक्तिनाथ क्षेत्रको भ्रमणको क्रममा देखेका प्राकृतिक, भौगोलिक सुन्दरताको वर्णन, मुक्तिनाथ परिसर भित्रका मन्दिरहरूको चर्चा, तातोपानी कुण्डको वर्णन, जोमसोम, कागवेणी, लेते आदि ठाउँका भौगालिक, प्राकृतिक, हावापानी आदिको वर्णन, कागवेणी तथा जोमसोम क्षेत्रका मानिसहरूको आर्थिक, सामाजिक र शैक्षिक अवस्था उच्च रहेको र तिनीहरूको स्वभाव र सरसफाई राम्रो भएको जस्ता कुराहरूको चर्चाले पाठकलाई आकर्षित गराएको छ । त्यसैगरी त्रिवेणी धामको यात्राको सिलसिलामा लेखकले नारायणी नदीको घाटको प्राकृतिक दृश्यको वर्णन, राधेलाल सहानीको चर्चा, वाल्मीकि आश्रमको परिचय, भारतको अतिक्रमण र ज्यादतीको चर्चा, वाल्मीकिको जीवन वृत्तान्त, लक्ष्मीनारायणको र क्यौलानी भगवती मन्दिरको र गजेन्द्र मोक्षधाम आदिको विस्तृत रूपमा वर्णन गरेका छन् । यी दुवै क्षेत्रमा गरेको धार्मिक यात्रा वर्णनले पाठकलाई पनि उनीसँगै यात्रा गरिरहेको अनुभव हुन्छ ।

### ४.४.१.५ विचार

भीमकान्त शर्मा आचार्यको **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) मा आफूले देखेका, भोगेका, सुनेका र अनुवभ गरेका विविध प्रसङ्गहरूको यथार्थ वर्णनले नेपाल धार्मिक दृष्टिकोणले पनि सम्पन्न छ भन्ने विचार व्यक्त भएको पाइन्छ । त्यसैगरी मुक्तिनाथ क्षेत्रको महत्त्वको बारेमा लेखकले गरेको चर्चाले नेपालमा पनि चारधाम गराउन सकिने विचार पनि व्यक्त भएको छ । उनले यात्रावृतान्तमा धार्मिक यात्रा मनलाई शान्ति दिनको लागि गर्नुपर्छ भन्ने विचार पनि व्यक्त गरेका छन् । आचार्यले यात्राको क्रममा गरेको प्राकृतिक तथा भौगोलिक सुन्दरताको वर्णनले नेपाललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लैजाने हो भने देशलाई समृद्धशाली बनाउन सकिने र त्यसको लागि सबै नेपाली तथा सरकार संवेदनशील हुनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । आचार्यले प्रस्तुत यात्रावृत्तान्तमा बन्द, हड्ताल, सीमा अतिक्रमणले नेपाली जनताले दुःख पाएको कुराको चित्रणले सरकार देश र जनताप्रति संवेदनशील हुन जरुरी छ भन्ने धारणा व्यक्त गरेका छन् । भ्रमणको क्रममा मोलीमोलाई गरी खानुपर्ने, बस्नुपर्ने र विदेशीहरूले पनि मोलमोलाई गर्ने गरेको कुराको चर्चाले नेपालीहरूले आफूलाई सुधार गर्दै लैजानुपर्ने दृष्टिकोण राखेका छन् । समग्रमा आचार्यले नेपालको धार्मिक क्षेत्रहरूको पहिचान गरी त्यसलाई पर्यटकीय रूपमा विकास गर्दै

लैजान सकेमा नेपाल समृद्धशाली बन्न सक्छ भन्ने धारणा प्रस्तुत यात्रासंस्मरणमा व्यक्त गरेका छन् ।

#### ४.४.१.६ भाषा

भीमकान्त शर्मा आचार्यले प्रस्तुत यात्रावृत्तान्तमा सरल, सुबोध र सामान्य बोलीचालीको भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग भएको प्रस्तुत यात्रासंस्मरणको भाषा बोधगम्य छ । आचार्यले यात्रावर्णनको क्रममा अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाका शब्दहरू र कुनै कुनै प्रसङ्गमा वाक्यको पनि प्रयोग गरेका छन् । आचार्यले कुनै कुनै प्रसङ्गको वर्णनमा वाक्य गठनको पूर्णता गरेको पाइँदैन । आचार्यले स्मृति सन्दर्भको चर्चा गर्दा भूतकालीन क्रियाको प्रयोग गरेका छन् । भाषाको दृष्टिले प्रस्तुत कृति सरल र बोधगम्य छ ।

#### ४.४.१.७ शैली

प्रस्तुत यात्रावृत्तान्त रोजनाम्चा प्रकृतिको छ । तसर्थ यसमा डायरी शैलीको प्रयोग भएको छ । विषयवस्तुको यथार्थ र व्यापक चर्चा गर्दा वर्णनात्मक शैली, स्मृतिसन्दर्भको उल्लेख गर्दा पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ । यसरी आचार्यले भ्रमणको वर्णन गर्न विविध शैलीको प्रयोग गरेका छन् ।

#### ४.४.१.८ निष्कर्ष

भीमकान्त शर्मा आचार्यले **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त) यात्रासंस्मरणमा मुक्तिनाथ र त्रिवेणी धामको दुई चरणमा गरिएको यात्राका बारेमा चर्चा गरेका छन् । उनले यात्राको वर्णनलाई शीर्षक र उपशीर्षकमा विभाजन गरेका छन् । यात्राको वर्णन गर्ने क्रममा मुख्य मुख्य ठाउँको फोटो प्रयोग पनि गरेका छन् । आचार्यले यात्राको सिलसिलामा आफूले जानकारी पाएका विविध पक्षको वर्णन सरल, बुझिने र सामान्य बोलीचालीको भाषामा वर्णनात्मक शैलीमा गरेका छन् । आचार्यले नेपाललाई पनि चारधाम बनाउन सकिने विचार व्यक्त गरेका छन् । प्रस्तुत यात्रावृत्तान्त लेखन, प्रकाशन, विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिकोणले पठनीय छ भने धार्मिक आस्था राख्ने र मुक्तिनाथ क्षेत्रको दर्शन गर्न चाहनेहरूका लागि यो कृति उपयोगी सिद्ध देखिन्छ ।

### ४.४.२ भीमकान्त शर्मा आचार्य (२००१) को चारधाम यात्रा : वर्णन र विवेचना यात्रासंस्मरणको विश्लेषण

#### ४.४.२.१ लेखन र प्रकाशन

भीमकान्त शर्मा आचार्यद्वारा लिखित धार्मिक यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह **चारधामः यात्रा वर्णन र विवेचना** (२०६६) शीला शर्माबाट प्रकाशित कृति हो । आचार्यको

लेखन/प्रकाशनको दृष्टिले पाँचौ स्थानमा रहेको कृतिको आवरण पृष्ठमा बद्रीनाथ, केदारनाथ, जगन्नाथ, द्वारका र रामेश्वर तीर्थस्थलको तस्वीर राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम **चारधाम यात्राः वर्णन र विवेचना** लेखिएको छ । आवरण पृष्ठको भित्री भागमा लेखकको नाम, प्रकाशक, संस्करण, मूल्य, विषयसूची, मन्तव्य उल्लेख गरिएको छ । आवरणभित्रको अन्त्यको भागमा लेखकको फोटो, लेखकको परिचय र प्रकाशित कृतिहरूको सूची दिइएको छ । डिमाइ आकारको प्रस्तुत कृतिको मूल्य रु. २२५ निर्धारण गरिएको छ ।

### ४.४.२.२ संरचना

भीमकान्त शर्मा आचार्यले दक्षिण र उत्तर भारतमा रहेका धार्मिक स्थलहरूको भ्रमण गर्दा जानकारी लिएका सत्य, तथ्य कुरालाई समेटेर लेखेको प्रस्तुत कृतिमा ३१ वटा संस्मरणहरू समेटिएका छन् । ती संस्मरणहरूमा *तीर्थहरूको वर्गीकरण, उत्तर प्रदेश प्रान्तको काशी र विश्वनाथ मन्दिर, विहारको गया, झारखण्ड प्रान्तको वैद्यनाथ धाम, पश्चिम बङ्गालको गंङ्गासागर, उडिसा प्रान्तको राजधानी भुवनेश्वरका दर्शनीय स्थलहरू, उडिसा प्रान्तको जगन्नाथपुरी, आन्ध्र प्रदेश प्रान्तको तिरूपति बालाजु, आन्ध्र प्रदेश प्रान्तको मल्लिकार्जुन, श्रीशैलम्, तामिल नाडू प्रान्तको कान्चीपुरम्, तामिल नाडू प्रान्तको राजेश्वर, आन्ध्र प्रदेश प्रान्तको पुट्टपर्ति वा पुटापार्थी, कर्नाटक प्रान्तको हम्पी, महाराष्ट्र प्रान्तको भीमशङ्कर (भीमाशङ्कर), महाराष्ट्र प्रान्तको श्री घृष्णेश्वर (घृष्मेश्वर, कुमकुमेश्वर), महाराष्ट्र प्रान्तको सिरडी, महाराष्ट्र प्रान्तको नासिक जिल्लाको त्र्यम्बकेश्वर, महाराष्ट्र प्रान्तको नासिक क्षेत्र, गुजरात प्रात्तको सोमनाथ, गुजरात प्रान्तको नागेश, गुजरात प्रान्तको द्वारका, मध्यप्रदेश प्रान्तको ओम्कारेश्वर, मध्येप्रदेश प्रान्तको उज्जयन, मध्यप्रदेश प्रान्तको महाकालेश्वर, राजस्तान प्रान्तको पुष्कर, उत्तर प्रदेश प्रान्तको मथुरा, उत्तर प्रदेश प्रान्तको अयोध्या, उत्तराञ्चल प्रान्तको हरिद्वार, उत्तराञ्चल प्रान्तको केदार, उत्तराञ्चल प्रान्तको बद्रीनाथ र उत्तरप्रदेश प्रान्तको प्रयाम (इलाहावाद)* रहेका छन् । प्रस्तुत कृति जम्मा १४३ पृष्ठमा संरचित छ ।

### ४.४.२.३ शीर्षक

भीमकान्त शर्मा आचार्यले भारतका उत्तर दक्षिण प्रान्तमा रहेका तीर्थस्थलहरूको दर्शन गर्न गरिएको धार्मिक यात्राको वर्णन र विवेचनालाई कृतिको रूप दिएका छन् । आचार्यले उक्त कृतिको नाम **चारधाम यात्राः वर्णन र विवेचना** राखेका छन् । प्रस्तुत कृतिमा शीर्षक अनुसार विषयवस्तुको वर्णन गरिएको छ । आचार्यले दुई चरणमा चारधाम यात्रा पूरा गरेका छन् । चारधामको महत्त्व तथा महिमाको बारेमा विस्तृत रूपमा व्याख्या

गरिएको छ । शीर्षकले विषयवस्तुको बोध गराएको हुनाले प्रस्तुत कृतिको शीर्षक सार्थक बनेको छ ।

### ४.४.२.४ विषयवस्तु

भीमकान्त शर्मा आचार्यले चारधाम यात्राको क्रममा आफूले देखेका, सुनेका र जानेका तीर्थहरूको महिमा र महत्त्वको वर्णन र विवेचना प्रस्तुत कृतिमा गरेका छन् । आचार्यले चारधाम यात्रा गर्ने खबर सुनेपछि आफ्ना बाजेले धार्मिक यात्राका बारेमा भनेका कुराहरूको स्मरण गरेका छन् र उनका बाजेले गरेको धार्मिक यात्राको वर्गीकरणलाई पनि प्रस्तुत कृतिमा उल्लेख गरेका छन् । यात्राको क्रममा आइपर्ने कार्यहरूको जिम्मेबारी बाँडफाँड गरेका छन् । दाङबाट यात्रा प्रारम्भ गरी भैरहवा पुगी बास बसेको र अर्को दिन बिहान भ्रमणको क्रममा आवश्यक पर्ने सरसमान खरिद गरी सुनौली, नौतनवा हुँदै गोरखपुर पुगेको चर्चा आचार्यले गरेका छन् । काशीको महिमा र महत्त्वको चर्चा गर्दै बाह्ज्योतिलिङ्ग मध्येको एउटा पवित्र ज्योतिलिङ्गको रूपमा विश्वनाथको मन्दिर छ र सत्यपुरी मध्येको रमणीय पवित्रपुरीभित्र काशी, वाराणसी रहेछ भन्ने कुराको जानकारी दिँदै काशीमा प्राणत्याग र विश्वनाथको दर्शन गरे पाप नष्ट हुने धार्मिक विश्वास रहेको पनि आचार्यले दर्शाएका छन् । विहारको गयामा श्राद्धको महत्त्वको बारेमा वर्णन गर्दै विभिन्न पौराणिक कथाहरूको चर्चा गर्दै गयामा तीन तरिकाले श्राद्ध गर्ने कुराको पनि जानकारी आचार्यले दिएका छन् । बाह्र ज्योतिलिङ्ग मध्येको एक झारखण्ड प्रान्तको बैधनाथ धामको बारेमा शिवपुराणमा भएको कथा उल्लेख गरिएको छ । कलकत्ताको आबुघाट पोखरी त्यहाँको शिविरको बारेमा चर्चा गर्दै सबैले स्नान गरी आ-आफ्ना पितृहरू सम्झी गोदान गरी जौं, तील र कुश मिश्रित गंगाजल अर्पण गरेको चर्चा पनि आचार्यले गरेका छन् । गङ्गासागरको महिना र महत्त्वको बारेमा श्रीमद् भागवत पुराणमा उल्लेख गरिएका कथाको वर्णन प्रस्तुत कृतिमा गरिएको छ । उडिसा प्रान्तको राजधानी भुवनेश्वरमा अवस्थित विभिन्न देवीदेवता, मठमन्दिरहरू, कुण्ड, तलाउहरू, पहाडका चोटीहरू, बजारका दोकानहरूको दर्शन र अवलोकन गरेको, शिवमन्दिरहरूको नगर प्रवेश गरी त्यहाँका कुण्ड र देवीदेवता मन्दिरको दर्शन गर्दै त्यहाँबाट आठ किलोमिटर यात्रा गरी गोपालको मन्दिरमा गएको, त्यहाँका पोखरी घुमेर सेराफेरो देख्दा प्यूठानको स्वर्गद्वारीझैं लागेको, त्यहाँको प्राकृतिक वातावरण स्वच्छ र हरियाली भएको र त्यहाँबाट १७ कि.मी. यात्रा गरी जगन्नाथ शहरमा आइ धर्मशालामा बास बसेको आदिको चर्चा प्रस्तुत कृतिमा गरिएको छ । चारधाम मध्येको एक पवित्र धाम उडिसा प्रान्तको जगन्नाथपुरीको महत्त्व र महिमाको बारेमा वर्णन गर्दै त्यहाँको मन्दिरभित्र पूजा सम्पन्न गरेर देविदेवताका मन्दिर, कल्पवृक्ष, भान्सा घर आदिको अवलोकन आदि प्रसङ्गहरूको चर्चा यस कृतिमा रहेको छ । आचार्यले आन्ध्रप्रदेश प्रान्तको तिरूपति बालाजु विश्वप्रसिद्ध पर्यटकीय एवं पवित्र स्थलको बारेमा पौराणिक

कथामा उल्लेख भएका कुराहरूको वर्णन गर्दै र त्यहाँको विभिन्न स्थानको अवलोकन गरेको आदि प्रस्तुत कृतिमा गरेका छन् । आचार्यले यात्रा गर्दा गन्तव्य स्थानहरूको सूची तयार गर्नुपर्ने, त्यसरी यात्रा नगर्दा आफूहरू बाह्र जोतिलिङ्ग मध्येका, बैद्यनाथ र मल्लिकार्जुन श्री शैलमको दर्शन गर्न छुटेको कुरा अवगत गराउँदै मल्लिकार्जुन श्री शैलमको महत्त्व र उपादेयताबारे प्रस्तुत कृतिमा चर्चा गरेका छन् । तामीलनाडु प्रान्तको काञ्चीपुरमको शिव कान्चीको विशाल मन्दिरको दर्शन गरी काञ्चीपुरम् शहर अवलोकन गरेको, धाममाको अहिल्यादेवी धर्मशालामा आरामसाथ रात बिताएको, बिहान उठी समुन्द्रको छाल हेर्दै रामेश्वर मन्दिरमा पूजा गर्नुभन्दा पहिले त्यहाँको २२ कुण्डमा स्नान गर्नुको तात्पर्यको बारेमा जानकारी दिँदै २२ कुण्डमा स्नान  गरेर रामेश्वर मन्दिरमा पूजा गरेको र तामीमनाडुकै अन्य रमणीय दृश्यहरू अवलोकन गरेका विभिन्न प्रसङ्गहरूको चर्चा गरिएको छ । आन्ध्र प्रदेश प्रान्त पुट्टपतिमा सत्य साइबाबाको आश्रम, जन्म र क्रीडा थलोको अवलोकन, किष्किन्धपुरी बारेमा श्रीमद् भागवत पुराणमा भएको कथाको प्रसङ्ग, भीमशंकर ज्योतिलिङ्गको दर्शनको महिमा र महत्त्वको बारेमा चर्चा गर्दै भीमशंकर ज्योतिलिङ्गको दर्शन गरेको वर्णन प्रस्तुत कृतिमा उल्लेख गरिएको छ । महाराष्ट्र प्रान्तको घृष्णेश्वर पनि बाह्र ज्योतिलिङ्ग मध्ये एक भएकाले त्यसको महिमा, महत्त्व र उत्पत्तिको बारेका पनि लेखकले वर्णन गरेका छन् । आचार्यले महाराष्ट्र प्रान्तको सिरडी पवित्र धार्मिक एवं पर्यटकीय स्थलमा पुगेको र सिरडी साइबाबाले प्राप्त गरेको ईश्वरीय व्यक्तित्व, उनको दैनिक लीला र त्यस ठाउँको व्यापक चर्चा गरेका छन् । त्र्यम्बकेश्वर महादेवको दर्शन, त्र्यम्बकेश्वर ज्योतिलिङ्गको उत्पत्ति, महिमा र महत्त्वको चर्चा र समुन्द्र मन्थनबाट चौध रत्न प्राप्त भएको सूची सहित जानकारी दिइएको छ । गुजरात र सोमनाथ मन्दिरको दर्शन गरेको, तिनीहरूको उत्पत्ति महिमा र महत्त्वको वर्णन गरिएको छ ।

आचार्यले मध्यप्रदेश प्रान्तका ओकारेश्वर, उज्जैन, महाकालेश्वर दर्शन गरेको चर्चा गर्दै तिनीहरूको उत्पत्ति, महिमा र महत्त्वको बारेमा पनि वर्णन गरेका छन् । राजस्तान प्रान्तको पुष्कर क्षेत्र धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण र प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको र पुष्कर नाम कसरी रहन गयो भन्ने बारेमा लेखकले जानकारी दिएका छन् । वृन्दावन नगरीको दर्शन गर्दै मथुरामा पुगेको, मधुवनको अवलोकन, द्वारकाधीश मन्दिरको दर्शन, मस्जिद र मन्दिर एकै ठाउँमा गाँसिएको तर परिसर बेग्लाबेग्लै, त्यहाँको सुरक्षा व्यवस्था कडा भएको आदि कुराहरूको चर्चा प्रस्तुत कृतिमा गरिएको छ । गोकुलमा कृष्णको लालनपालन भएको जानकारी दिँदै पाण्डाले चौरासी खम्बा भएको मन्दिरमा लगी प्रवचन दिएको र त्यहाँ रहेका नन्देश्वर महादेव, नन्द भवन पुतना उद्धार स्थल आदिको दर्शन र त्यहाँको गौशालाको अवलोकन गरी दिल्ली राजमार्ग हुँदै आगरा शहर गाडीबाट अवलोकन गर्दै लखनऊको वाराबंकीमा पुगेको प्रसङ्गहरूको

चर्चा प्रस्तुत कृतिमा गरिएको छ । मथुराको विस्तृत रूपमा अवलोकन गर्दै यात्राको क्रममा ड्राइभरको आमा र गाइडको बाबुको निधन भएको दुःखद घटनाको चर्चा पनि आचार्यले गरेका छन् । अयोध्या इतिहासको बारेमा जानकारी दिँदै त्यहाँबाट नौतुनवा यात्रा गरेको, नौतुनवा बजारको अवलोकन पछि सिद्धार्थ नगरपालिका रहेको नेपाल गेष्ट हाउसमा बास बसेको चर्चा प्रस्तुत कृतिमा गरिएको छ । अर्को दिन बुटवल हुँदै दाङको यात्रा प्रारम्भ गरेको, चक्का जामका कारण लमहीमा बास बसेको र अर्को दिन बिहान दाङ फर्केको प्रसङ्गको उल्लेख गरिएको छ ।

यस कृतिमा आचार्यले दक्षिण भारतमा रहेको तीर्थस्थलहरूको वर्णनपछि उत्तर भारतका तीर्थस्थलहरूको दर्शन गरेको वर्णन गरेका छन् । उत्तर भारतको तीर्थस्थलहरूको दर्शन दक्षिण भारतको भन्दा पहिले गरिसकेको पुष्टि लेखकले उल्लेख गरेको समयावधिले दिन्छ । लेखकले उत्तराञ्चल प्रदेश भ्रमणको यात्रासंस्मरण प्रस्तुत कृति प्रकाशित गर्नुभन्दा पहिले भइसकेको कुरा पनि दिएका छन् ।

उत्तराञ्चल प्रान्तको हरिद्वार, केदार, बद्रीनाथ र इलाहाबादका विभिन्न स्थानमा दर्शन गर्नुका साथै तिनीहरूको महिमा र महत्त्वको बारेमा वर्णन गर्दै त्यहाँका रमणीय दृश्यहरूको मनमोहक रूपमा लेखकले चर्चा गरेका छन् । आचार्यले दुई चरणमा सम्पन्न गरेका धार्मिक यात्राबाट **चारधाम दर्शनः वर्णन र विवेचना** कृतिको तयार गरेका छन् ।

आचार्यले दुई चरणमा सम्पन्न गरेका धार्मिक यात्राबाट जानेको, बुझेको र देखेका वास्तविक कुराहरूलाई प्रस्तुत यात्रासंस्मरणको विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । उनले दक्षिण भारतमा पर्ने तीर्थस्थलहरू र उत्तर भारतमा पर्ने तीर्थस्थलहरूको दर्शन गरी तिनीहरूको उत्पत्ति, महिमा र महत्त्वको बारेमा विस्तृत रूपमा वर्णन गरेका छन् । आचार्यले बद्रीधाम, जगन्नाथ धाम, चारवटै धामको दर्शन र पूजा अर्चना सम्पन्न गरेको र तिनीहरूको महत्त्वको बारेमा पनि चर्चा गरेका छन् । अयोध्या, मथुरा, हरिद्वार, काशी, कान्चीपुरम्, अवन्ती क्षेत्र र द्वारका यी सात नगरहरूको दर्शन, स्नान, पूजा र अवलोकन गरेका कुराहरू प्रस्तुत कृतिमा आचार्यले दर्शाएका छन् । द्वादश ज्योतिलिङ्ग भित्र पर्ने सोमनाथ, महाँकालेश्वर, त्र्यम्बलेश्वर, केदार र घृष्णेश्वर गरी जम्मा दशवटा दीव्य ज्योतिलिङ्ग दर्शन गरेको बैद्यनाथ र श्री शैलेश्वर ज्योतिलिङ्ग दर्शन गर्न छुटेको कुरा पनि प्रस्तुत कृतिमा दिइएको छ । सत्य नदीमा स्नान गरेको चर्चा पनि आचार्यले गरेका छन् । यात्राको क्रममा घटेका घटनाहरू, देखेका प्राकृतिक सुन्दरता, शहर आदिको चर्चा पनि प्रस्तुत कृतिमा गरिएको छ । यी विविध प्रसङ्गसँगै यात्रासंस्मरणको अन्त्य गरिएको छ ।

### ४.४.२.५ विचार

भीमकान्त आचार्यले यात्रा मनोरञ्जनका लागि मात्र नभएर जानकारीमूलक, उद्देश्यमूलक हुनुपर्छ भन्ने विचार यात्राको सिलसिलामा देखेका, सुनेका र भोगेका वास्तविकताको वर्णनहरूमा व्यक्त भएको छ । धार्मिक आस्था राखी तीर्थयात्रा गर्नेहरूले तीर्थ गर्ने स्थानहरूको सूची बनाएर ती कहाँ कहाँ पर्छन् भन्ने बारेमा जानु भन्दा पहिले जानकारी लिएर मात्र यात्रा गर्नुपर्छ भन्ने विचार आचार्यको रहेको छ । आचार्यले तीर्थ गरेका प्रत्येक धार्मिक स्थलको उत्पत्ति, महिमा र महत्त्वको वर्णनले धार्मिक आस्था राख्नेहरूलाई केही न केही खुराक बन्न सकोस् भन्ने दृष्टिकोण प्रस्तुत कृतिमा पाइन्छ ।

कुनै पनि कुराप्रति आस्था र विश्वास राखिन्छ भने त्यसको महत्त्वको बारेमा बुझ्नु जरुरी हुन्छ । त्यस्तै धार्मिक तीर्थयात्रामा विश्वास राख्नेले त्यसको के महत्त्व र महिमा छ भन्ने बारेमा जानकारी लिनुपर्ने हुन्छ भन्ने धारणा प्रस्तुत कृतिमा पाइन्छ ।

### ४.४.२.६ भाषा

प्रस्तुत कृतिमा भीमकान्त शर्मा आचार्यले सरल, सरस नेपाली भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गरिएको प्रस्तुत कृतिमा संस्कृत भाषाको शब्द र श्लोकको बाहुल्यता पाइन्छ । जस्तै :-

> 'पूर्वोतर पारलिकाभिधने ।
> सदाशिवं तं गिरिजासमेतम् ॥
> सुरासुरारधितपादमद्यम् ।
> श्री बैद्यनाथ सततं नमामि ॥' (पृ. २१)

आचार्यले प्रस्तुत धार्मिक यात्रासंस्मरणका कुनै कुनै संस्मरणमा अङ्ग्रेजी भाषाका शब्द तथा वाक्यको पनि प्रयोग गरेका छन् । जस्तै : 'माउन्ट एभरेष्ट' (पृ. ५८), 'आई, वान्ट ट मिट यू' (पृ. ६०), 'आई हयाभ कम टू मिट यू' (पृ. ६१), 'कटेज टाइप' (पृ. ६२), आचार्यले स्मृतिसन्दर्भको प्रस्तुती गर्न भूतकालीन क्रियाको प्रयोग गरेको देखिन्छ । संस्मरणका बीचबीचमा चलनचल्तीमा प्रयोग हुने भनाइहरूको पनि प्रयोग भएको पाइन्छ । जस्तैः 'विद्या नपाए काशी जानु, न्याय नपाए गोरखा जानू' (पृ. १०) । भाषाका दृष्टिले प्रस्तुत कृति बोधगम्य छ ।

### ४.४.२.७ शैली

भीमकान्त शर्मा आचार्यले धार्मिक यात्राको वर्णन आत्मपरक र वस्तुपरक दुवै शैलीमा आर्चायले आफूले दर्शन गरेका छन् । उनले अवलोकन गरेका प्रत्येक वस्तुस्थितिको वर्णन गर्न वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । प्रस्तुत कृतिका संस्मरणहरू दैनिकी

पद्धतिमा संरचित छन् । स्मृतिहरूको प्रस्तुति गर्न पूर्वदीप्ति शैलीको प्रयोग पनि गरिएको छ । आचार्यले आफ्ना मनमा भएका अनुभूतिहरू प्रस्तुत गर्न विचारात्मक शैलीको प्रयोग गरेका छन् भने आफू पुगी दर्शन तथा अवलोकन गरेका धाम र ज्योतिलिङ्गहरूको उत्पत्ति, महिमा र महत्त्वको बारेमा जानकारी दिन वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरेका छन् । आचार्यले आफूले गरेको धार्मिक यात्राबाट प्राप्त गरेका सत्य तथ्य कुराहरूको पनि महत्त्वपूर्ण भूमिका देखिन्छ ।

#### ४.४.२.८ निष्कर्ष

भीमकान्त शर्मा आचार्यले **चारधाम यात्राः वर्णन र विवेचना** धार्मिक यात्रासंस्मरणात्मक कृतिमा दुई चरणमा गरिएका यात्राको वर्णन गरेका छन् । पहिलो धार्मिक यात्रा भारतको उत्तराञ्चल प्रदेशमा गरेको भए तापनि त्यसको चर्चा प्रस्तुत कृतिको अन्त्यमा गरेका छन् भने दोस्रो चरणमा सम्पन्न गरेको धार्मिक यात्राको वर्णन सुरुमा गरेका छन् ।

दुवै चरणका धार्मिक यात्राको वर्णन जम्मा ३१ वटा संस्मरणमा गरिएको छ । दुई चरणमा गरिएको उत्तर भारत र दक्षिण भारतमा अवस्थित धार्मिक क्षेत्रहरूको दर्शनले आचार्यले चारधाम दर्शन पूरा भएको देखिन्छ । आचार्यले चारधाम र दश ज्योतिलिङ्गहरूको दर्शन र महिमाको वर्णन विस्तृत रूपमा गरेका छन् । आचार्यले तीर्थका क्रममा स्नान, पूँजा, दान र त्यहाँको प्राकृतिक सौन्दर्यको पनि वर्णन गरेका छन् । आचार्यले धार्मिक यात्राबाट प्राप्त गरेका यथार्थताको विस्तृत प्रस्तुतिले धार्मिक क्षेत्रमा आस्था र विश्वास राख्नेहरूले त्यसको महिमा र महत्त्वको बारेमा बुझेर मात्र अनुसरण गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । उनले यात्राका क्रममा देखेका, भोगेका, सुनेका र जानेका प्रत्येक प्रसङ्गहरूको वर्णन सरल नेपाली भाषामा वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरी गरेका छन् । प्रस्तुत कृतिमा संस्कृति भाषाका शब्द तथा श्लोकको प्रयोगले विषयवस्तुको प्रस्तुतिलाई रोचक बनाएको छ । समग्रमा प्रस्तुत कृति विषयवस्तु, विचार , भाषा र शैलीका दृष्टिले सफल छ भने धार्मिक आस्था राख्नेहरू र धार्मिक यात्रा गर्न चाहनेहरूका लागि झन बढी उपयोगी बनेको छ ।

## ४.५ सूर्यनाथ सापकोटा (२००५) को श्रीलंका यात्राका अनुभूतिहरू यात्रासंस्मरणको विश्लेषण

### ४.५.१ लेखन र प्रकाशन

सूर्यनाथ सापकोटाद्वारा लिखित यात्रासंस्मरण **श्रीलंका यात्राका अनुभूतिहरू** (२०६५) राप्ती साहित्य परिषद् दाङबाट प्रकाशित कृति हो । सापकोटाको लेखन र प्रकाशनका दृष्टिले सातौं स्थानमा रहेको प्रस्तुत कृतिको आवरण पृष्ठमा श्रीलङ्काको चित्र राखिएको

छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम श्रीलङ्का यात्राका अनुभूतिहरू लेखिएको छ भने पुछार भागमा लेखकको नाम सूर्यनाथ सापकोटा लेखिएको छ । आवरण पृष्ठको भित्री भागको पृष्ठमा श्रीलङ्काको चित्र र लेखकको नाम उल्लेख गरिएको छ भने यसै पृष्ठको अर्कापट्टिको भागमा लेखकको नाम, प्रकाशक, प्रकाशन मिति र मूल्य दिइएको छ । आवरण पृष्ठको अन्त्य भागमा स्रष्टाको परिचय, लेखकको फोटो र प्रकाशित कृतिको सूची दिइएको छ । यसै पृष्ठमा सम्मति शीर्षकमा नारायणप्रसाद शर्माको फोटोसहित केही शब्दहरू उल्लेख गरिएको छ । प्रस्तुत कृतिको मूल्य व्यक्तिगत रूपमा रु. १०० निर्धारण गरिएको छ ।

## ४.५.२ संरचना

श्रीलंका यात्राका अनुभूतिहरू यात्रासंस्मरण भित्रका अनुभूतिहरूलाई दुई खण्डमा विभाजन गरी विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ । खण्ड ‘क’मा लेखकले दाङदेखि काठमाडौसम्मको यात्राका अनुभूतिहरूको वर्णन गरेका छन् भने खण्ड ‘ख’ मा काठमाडौंदेखि श्रीलङ्का यात्रा गरी पुन दाङ फर्केको संस्मरणहरू वर्णन गरेका छन् । दुई खण्डमा विभाजित अनुभूतिहरू जम्मा १६ वटा छन् । जुन यसप्रकार रहेका छन् : *खुशीमा रम्दै काठमाडौंतिर, तुलसीपुर एयरपोर्टको मौसम हेर्दा, बहिनीको घरमा पाहुना पर्दा, निर्वाचन आयोगभित्र, रिङ्दै घुम्दै बहिनीको घर, श्रीलङ्को भ्रमण तयारीमा, श्रीलङ्का प्रस्थान, प्लेनभित्रको रमझम हेर्दै कोलम्बोसम्म, गालादारी होटलभित्र कोलम्बो छाम्दा, पर्यवेक्षण तालिमभित्रका अनुभूतिहरू, प्रमुख आयुक्त र सुरक्षा प्रमुखसँगको भेटघाट, बुद्धको प्रमुख तीर्थस्थल क्याण्डी र पार्कहरूको भ्रमणभित्र, ह्म्वान्टोटाको चुनावी माहोलमा नजर दिँदा, चुनाव सम्पन्नका दिन र काठमाडौं फर्कदाका क्षणहरू, निर्वाचन आयोग काठमाडौंभित्र रुमलिंदा र दौतरीको घर हुँदै दाङ ।*

प्रस्तुत कृतिका अनुभूतिहरूमा जम्मा १३६ अनुभूतिहरू संरचित छन् । अन्य पृष्ठमा प्रकाशकीय, ‘राप्तीको नयाँ कोसेली’ शीर्षकमा टीकाराम उदासीको शुभकामना मन्तव्य, ‘श्रीलङ्का घुमाउने पुस्तक’ शीर्षकमा नवीन विभासको दुई पृष्ठको मन्तव्य र ‘कलमबाट बोल्नु पर्दा’ शीर्षकमा लेखकको मन्तव्य राखिएको छ । यस यात्रासंस्मरणमा सबैभन्दा लामो आयाममा संरचित अनुभूति ‘चुनाव सम्पन्नका दिन र काठमाडौं फर्कदाका क्षणहरू’ हो भने सबैभन्दा कम आयाममा संरचित अनुभूति ‘बहिनीको घरमा पाहुना पर्दा’ हो ।

## ४.५.३ शीर्षक

सूर्यनाथ सापकोटाले श्रीलङ्का यात्रा गर्दा प्राप्त गरेको अनुभव तथा अनुभूतिहरूलाई कृतिको रूपमा दिएका छन् जसको नाम श्रीलङ्का यात्राका अनुभूतिहरू रहेको छ । शीर्षकैबाट विषयवस्तुको बोध भएको छ । उनले गरेको यात्राको अनुभूतिहरूलाई दुई खण्डमा विभाजन गरेर वर्णन गरे तापनि खण्ड ‘ख’ अन्तर्गतको ‘श्रीलंकाा यात्रा’ का अनुभूतिहरूको प्रस्तुति रोचक र घोचक रहेको छ । श्रीलंकाको

रमणीय वातावरण र त्यहाँको प्रत्येक वस्तुस्थितिको चित्रणले श्रीलङ्का घुम्न चाहने पाठकमा उत्पन्न नहोला भन्न सकिँदैन । सापकोटाले आफ्नो अनुभूतिहरूको वर्णन र शीर्षक छनोटबीच सन्तुलन मिलेको हुनाले प्रस्तुत कृतिको शीर्षक सार्थक बनेको छ ।

### ४.५.४ विषयवस्तु

प्रस्तुत यात्रासंस्मरणमा आफू अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकको रूपमा श्रीलङ्का यात्रा गर्दा देखेका, भोगेका र अनुभव गरेका अनुभूतिहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । सापकोटाले आफ्नो अनुभूतिहरूलाई खण्ड 'क' र खण्ड 'ख' गरी दुई शीर्षकमा विभाजन गरेर वर्णन गरेका छन् । पहिलो खण्डमा श्रीलङ्का यात्राको लागि काठमाडौं प्रस्थान गरेको र त्यहाँ विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने भएकाले त्यहाँ बस्दाको अनुभूतिहरूको चर्चा गरिएको छ । खण्ड 'ख' मा काठमाडौंबाट हवाइजहाज चढी अनुभूति लिँदै कोलम्वो पुगी त्यहाँको २१ दिन बसाइको अनुभूतिहरूसँगै दाङ फर्केको कुराको वस्तुगत रूपमा चर्चा गरिएको छ ।

श्रीलङ्का जाने खबरले सापकोटाको मनमा उत्पन्न भएको अनेक तरङ्गहरू, काठमाडौं यात्रा गर्ने क्रममा बन्दले प्रभाव पारेको, काठमाडौंसम्मको हवाइजहाज यात्रामा नेपाल वायुसेवा निगम हवाइजहाजको दयनीय अवस्था, काठमाडौंको भीडभाड र प्रदुषणको चर्चा गर्दै बहिनीको घरमा पुगेको स्मरण गरिएको छ । निर्वाचन आयोगमा जाने क्रममा देशको आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको बारेमा अनेक कुरा मनमा खेलाउनु, पासपोर्ट बनेको, टिकटको व्यवस्था भएको अन्तर्राष्ट्रिय चुनाव पर्यवेक्षकले अपनाउनु पर्ने विषयमा जानकारी लिएको स्मरण पनि सापकोटाले गरेका छन् । श्रीलङ्का भ्रमणको लागि आवश्यक पर्ने सरसामान जुटाएको, डलरको व्यवस्था गरेको, अङ्ग्रेजी कसरी बोल्ने भन्ने बारेमा मनमा अनेक तर्कना उठेको र काठमाडौंबाट हवाइजहाज यात्रा गर्दा त्यहाँको रमणीय वातावरणको स्मरण सापकोटाले प्रस्तुत यात्रासंस्मरणको पहिलो खण्डको शीर्षक 'क' मा गरेका छन् ।

सापकोटाले श्रीलङ्का खण्ड 'ख' मा बैंककबाट श्रीलङ्का कोलम्बोको हवाइजहाजको यात्रामा उनले हवाइजहाज भित्रको व्यवस्थापन पक्षको स्मरण गरेका छन् । त्यहाँको मनोरञ्जनका साधन, खानाका परिकार, कर्मचारीको भद्रपूर्ण व्यवहार आदि सहितको सुविधासम्पन्न हवाइजहाजको चर्चा गरिएको छ । हवाइजहाजबाट बाहिर वातावरणको दृश्यावलोकन गर्दै कोलम्वो आइपुगेको अनुभूतिहरूको चर्चा सापकोटाले गरेका छन् । सापकोटाले त्यहाँको विमानस्थलको विभिन्न स्थानको राम्रोसँग वर्णन गरेका छन् । विमानस्थलबाट गालादारी होटलमा प्रस्थान गरेको र होटल व्यवस्थापन पक्षको सजीसजावट, कोठाहरू आदिको अनुभूति गरिएको छ । सापकोटाले होटलको कोठाको झ्यालबाट कोलम्बो

शहरको दृश्यावलोलकन गर्दै त्यहाँको कोठाको झ्यालहरू, कोलम्बो शहरको यातायातका साधानहरू, फराकिला सडक आदिको वर्णन गरेका छन् । सुविधा सम्पन्न होटलमा सुरक्षाको व्यवस्था पनि राम्रो भएको कुराको चर्चा पनि यस यात्रासंस्मरणमा गरिएको छ । नेपाल भन्दा फरक नयाँ प्रविधिले युक्त होटलको विभिन्न वस्तुहरूप्रति आफू अनभिज्ञ भएको, त्यसको सञ्चालन गर्ने ज्ञान नभएको कुराले हीनताबोध गरेका प्रसङ्गहरूको पनि चर्चा गरिएको छ । पर्यवेक्षण तालिम लिँदा अङ्ग्रेजी भाषा राम्ररी नबुझ्नाले समस्या भएको अनुभूतिहरू पनि सापकोटाले गरेका छन् । चुनाव पर्यवेक्षण, चुनाव र निर्वाचन आचारसंहिता बारेमा जानकारी लिएको, क्याण्डी र पार्कहरूको भ्रमण गर्ने सिलसिलामा नेपालको दाउन्नेको पहाड उक्लेझैं लाग्नु, बुद्धको मन्दिर परिसर अवलोकन गरेको, फेवाताल जस्तै सुन्दर ताल, फेवातालको बीचमा मन्दिर भएझैं मन्दिर भएको, त्यहाँको थुम्का परेको जङ्गल पाल्पाको जस्तो लाग्नु आदिको स्मरण सापकोटाले गरेका छन् । हम्वान्टोटा चुनावी क्षेत्रमा आफू पर्यवेक्षणको रूपमा खटिएको, भाषाको कठिनाइका कारण सञ्चारमा बाधा उत्पन्न भएको । हम्वान्टोटाका विभिन्न व्यक्तित्वसँग भेटघाट गरी त्यहाँको रमणीय स्थानहरूको अवलोकन गरेको र शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न भएको, मतगणना पनि शान्तिपूर्ण ढङ्गले सम्पन्न भएको अनुभूतिहरू सापकोटाको छ । पर्यवेक्षणको कार्यक्रम पछि श्रीलङ्काबाट काठमाडौंको निर्वाचन आयोगको पेश्की फछ्र्यौट गरी दाङ फिर्ता भएको अनुभूतिहरूको प्रस्तुति सँगै प्रस्तुत यात्रासंस्मरणको अन्त्य गरिएको छ ।

सूर्यनाथ सापकोटाले प्रस्तुत यात्रासंस्मरणमा श्रीलङ्का यात्राका क्रममा आफूले प्राप्त गरेको मनोरञ्जनको साथै त्यहाँका वस्तुस्थिति, यातायात, आर्थिक, सामाजिक, राजनीतिक वातावरणको पनि चर्चा गर्न पुगेका छन् । उनले श्रीलङ्काका कतिपय स्थान, ताल र मन्दिर नेपालका दाउन्नेको उकालो, पाल्पा, फेवाताल र फेवातालको बीचमा रहेको मन्दिर जस्तो मानेको अनुभूतिहरूलाई पनि यहाँ विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । श्रीलङ्काका होटल, त्यहाँका मान्छेको स्वभाव पनि राम्रो भएको, नेपाल जस्तै श्रीलङ्काले द्वन्द्वको परिणाम भोगे तापनि विकासनिर्माणको कार्यमा धेरै नै अगाडि बढेको, फराकिला बाटाहरूको सुन्दरता, सरसफाइमा पनि बढी नै ध्यान पुऱ्याएको आदि कुराहरूको चर्चा गरिएको छ । निर्वाचन शान्त र सुन्दर वातावरणमा सम्पन्न भएको त्यसैगरी मतगणना पनि शान्तपूर्ण वातावरणमा भएको, धेरै सुरक्षाकर्मी तैनाथ गर्न नपर्ने, मत खसाल्दा पनि शान्त तरिकाले अनुशासनमा रही खसालेको, पर्यवेक्षक तथा सुरक्षाकर्मीलाई कुनै गाह्रो नभएको जस्ता अनुभूतिहरूको प्रस्तुत यात्रासंस्मरणमा वर्णन गरिएको छ । तालिम लिँदाको अनुभूति, त्यहाँका प्रमुख आयुक्त र सुरक्षा प्रमुखसँग भएको भेटवार्ताको अनुभूतिहरूको चर्चा, विदेशी मित्रहरूसँगको भेटघाटमा भाषाको समस्या भएको,

उनलाई अङ्ग्रेजी भाषाप्रति महत्त्व बढेको अनुभूतिहरू पनि यहाँ चर्चा गरिएको छ । सापकोटाले त्यहाँको निर्वाचन क्षेत्रको सूची दिनुका साथै मतदान केन्द्रको सङ्ख्या र सरकारमा प्रतिनिधित्व गर्नेहरूको सङ्ख्या पनि प्रस्तुत कृतिमा दिएका छन् ।

सापकोटाले श्रीलङ्काको विविध विषयमा गरेको अनुभूतिको वर्णनले पाठकलाई पनि श्रीलङ्का घुमेको अनुभव हुन्छ ।

### ४.५.५ विचार

सापकोटाले श्रीलङ्का यात्राका क्रममा देखेका, अनुभव गरेका यथार्थ वस्तुस्थितिको चित्रणले नेपालमा पनि ती कुराहरूको अपेक्षा गरेको पाइन्छ । उनले अनुभूति गरेका त्यहाँका रमणीय सडक तथा शहरको वातावरण, विकास निर्माणमा राम्रो काम गरेको, सरसफाइसम्बन्धी चेतना भएको, निर्वाचन शान्तपूर्ण वातावरणमा सम्पन्न भएको, सधैं ग्रीष्म ऋतु हुने, त्यहाँका बाटा तथा घरहरू सुव्यवस्थित तरिकाले सम्पन्न भएको आदि अनुभूतिको चर्चाले नेपालमा ती सबैको अभाव भएको विचार व्यक्त गरेका छन् । श्रीलङ्काका मानिसमा भएको सम्भयता र अनुशासनको वर्णनले सभ्यता र अनुशासन भन्ने कुरा प्रत्येक व्यक्ति वा राष्ट्रको सफलताको प्रतीक हो भन्ने धारणाहरू व्यक्ति गर्दै लेखक यसरी लेख्छन् :

> कति शान्त, कति भव्य, चुइक्क आवाज छैन । शान्तिपूर्ण तरिकाले लाइनमा बसेर मत दिँदैछन् । कर्मचारीहरू पनि मिलेर काम गरेका । ऐजन्टहरू पनि कति सभ्य । हाम्रा भए घारघुर गर्थे, टेवुल ठटाउथे । यो भएन र ऊ भएन भनेर हल्ला गर्थे त्यो पटक्कै छैन यौटा चुनाव केन्द्रमा सुरक्षाकर्मी बढीमा सात र घटीमा पाँचजना, अन्य कर्मचारी छन् । कसैले कसैको काममा डिस्टर्व गर्दैनन् । अनुशासन र इमानदारीको काम नै दिव्य ज्योति हुँदोरहेछ, बल्ल ज्ञान भो ।
> (सापकोटा, २०६५ : १०६)

यी कुराहरू नेपालले अनुसरण गर्नुपर्ने लेखकले अपेक्षा राखेको पाइन्छ । अन्तर्राष्ट्रिय भाषा अनिवार्य रूपमा जान्नुपर्ने विचारहरू पनि उनका अनुभूतिहरूमा पाइन्छ । सापकोटाले प्रस्तुत यात्रासंस्मणका अनुभूतिहरूमा शान्त, समृद्धशाली नेपाल र सभ्य तथा अनुशासित नेपालीहरूको बारेमा गरिएको परिकल्पना नै विचारका रूपमा प्रस्तुत भएका छन् ।

### ४.५.६ भाषा

सूर्यनाथ सापकोटाले **श्रीलङ्का यात्राका अनुभूतिहरू** मा सरल र सहज नेपाली भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गर्नुका साथै दङाली र बाग्लुङेली भाषिकाको प्रयोग पनि उनका अनुभूतिहरूमा पाइन्छ । सापकोटाले प्रस्तुत कृतिमा चलनचल्तीका उखानको प्रयोग धेरै मात्रामा गरेका

छन् । उनले प्रयोग गरेका उखानहरूका केही उदाहरणमा 'मर्नेबेला हरियो काँक्रो' (पृष्ठ १), 'लाटाले केरा हेरे भैं' (पृ. ३), 'हामी किरो माथिको हिरो' (पृ. १७), 'जहाँ केरा उही बाहुनको डेरा' (पृ. १९), 'कुरो र कुलो जता लगाए पनि हुन्छ' (पृ. २७), 'अमिलोमा धमिलो नमिसाउ' (पृ. ३३), 'भालुलाई पुराण सुनाए जस्तै' (पृ. ४३), 'बल्ला खाइ मङ्गले आफ्नै ढङ्गले' (पृ. ५९) आदि रहेका छन् । यस कृतिमा अङ्ग्रेजी भाषाका शब्द तथा वाक्य पनि उल्लेखनीय मात्रामा प्रयोग गरिएको छ । जस्तै 'मुड', 'टुर', 'स्पेशल' (पृ. २) 'गुडमर्निङ', ब्रेक फाष्ट, (पृ. ६३) 'सरी एक्सक्यूज मि' (पृ. १०७) 'हाइलाइट' (पृ. १३४) आदि । सापकोटाले प्रस्तुत कृतिका अनुभूतिहरूमा गीतका टुक्का र कविताको पनि प्रयोग गरेका छन् । उनले कुनै कुनै प्रसङ्गमा अपशब्दको पनि प्रयोग गरेका छन् । सापकोटाको प्रस्तुत यात्रासंस्मरण भाषाका दृष्टिले सरल र बोधगम्य बनेको छ ।

### ४.५.७ शैली

सूर्यनाथ सापकोटाले **श्रीलङ्का यात्राका अनुभूतिहरू** मा नाटकीय शैलीको प्रयोग गरेका छन् । उनले अनुभूतिहरूको वर्णन गर्न वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरेका छन् । यस कृतिका बीचबीचमा संवादको प्रयोग गरिएको हुनाले संवादात्मक शैलीको प्रयोग गरिएको छ । श्रीलङ्काको चुनावी प्रक्रिया, त्यहाँको विकासका कार्यहरू र त्यहाँको रमणीय वातावरणको प्रस्तुतीले नेपालप्रति व्यङ्ग्य गर्न सापकोटाले व्यङ्ग्यशैलीको प्रयोग गरेका छन् । यस कृतिका स्थानमा प्रश्नात्मक शैलीको पनि प्रयोग गरिएको छ । सापकोटाले आफ्ना अनुभूतिहरूको वर्णन गर्न विविध शैलीको प्रयोग गरेको पाइन्छ । प्रसङ्गअनुसार शैलीको प्रयोगले विषयवस्तुको बोध हुन पुगेको छ ।

### ४.५.८ निष्कर्ष

सूर्यनाथ सापकोटाले **श्रीलङ्का यात्राका अनुभूतिहरू** मा आफूले श्रीलङ्का भ्रमणका सिलसिलामा अनुभव गरेका अनुभूतिहरूलाई प्रस्तुत गरेका छन् । उनले गरेका अनुभूतिलाई दुई खण्डमा विभाजन गरी विभिन्न उपशीर्षकहरूमा व्यक्त गरेका छन् । सापकोटाले यात्राको क्रममा हवाइजहाजको यात्रादेखि श्रीलङ्कामा २१ दिन बिताउँदा लिएका रमणीय वातावरणको चर्चाका साथै त्यहाँका आर्थिक, सामाजिक र राजनीतिक परिवेशको पनि चित्रण गरेका छन् । लामो समयसम्म द्वन्द्वको चपेटामा  परेको श्रीलङ्काको प्रगति देखेर लेखकले नेपालको दुर्दशाको बारेमा आफ्ना अनुभूतिहरूमा चर्चा गरेका छन् । त्यहाँको निर्वाचन प्रणाली र नेपालको निर्वाचन प्रणालीको केही हदसम्म समानता भए तापनि शान्तपूर्ण वातावरणमा अनुशासित ढङ्गले निर्वाचन सम्पन्न भएको देख्दा नेपालको निर्वाचनमा उत्पन्न हुने समस्याप्रति व्यङ्ग्य गरेका छन् । श्रीलङ्काको बसाइमा अनुभव र अनुभूति गरेका विविध पक्षको चित्रणले नेपालमा पनि ती कुराको लेखकले अपेक्षा गरेको

पाइन्छ । अङ्ग्रेजी भाषाको महत्त्व बोध गरेका सापकोटाले अङ्ग्रेजी भाषा जान्नु आवश्यक भएको विचार व्यक्त गरेका छन् । सापकोटाले सभ्य र अनुशासित ढङ्गले व्यक्ति र राष्ट्र चल्न सकेमा सफलताको शिखर चुम्न सकिन्छ भन्ने दृष्टिकोण प्रस्तुत कृतिमा पाइन्छ । विषयवस्तुको व्यापकता, विचार, भाषा र शैलीका दृष्टिले **श्रीलङ्का यात्राका अनुभूतिहरू** यात्रासंस्मरण सफल र पठनीय छ ।

## ४.६.१ उत्तमकृष्ण मजगैयाँ (२००९) को धरोधर्म हजुर ! निबन्धसङ्ग्रहको विश्लेषण

### ४.६.१.१ लेखन र प्रकाशन

उत्तमकृष्ण मजगैयाँद्वारा लिखित निबन्धसङ्ग्रह **धरोधर्म हजुर !** (२०५४) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट प्रकाशित कृति हो । प्रस्तुत कृतिको आवरण पृष्ठको सिरानको भागमा ठूलो अक्षरले कृतिको नाम धरोधर्म हजुर ! र त्यसको ठीक तल लेखकको नाम उत्तमकृष्ण मजगैयाँ लेखिएको छ । आवरण पृष्ठको बीचको भागमा धरोधर्म भन्ने शब्दको साङ्केतिक चित्र उल्लेख गरिएको छ । आवरण पृष्ठको पुछारको भागमा प्रकाशकको नाम नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठहरूमा प्रकाशक, संस्करण, मूल्य, आवरण, प्रकाशकीय, लेखकको प्राक्कथन र विषयसूची दिइएको छ भने आवरण पृष्ठको अन्तिमको भागमा लेखकको तस्वीर, लेखको परिचय, प्रकाशित कृति र प्रकाशोन्मुख कृतिको सूची दिइएको छ । प्रस्तुत कृति लेखकको दोस्रो प्रकाशित कृति हो । यस कृतिभित्र रहेका निबन्धहरू २०३५ देखि २०५० सालसम्म लेखिएका छन् । यिनका निबन्धहरू स्थानीय तथा राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका देखिन्छन् । प्रस्तुत कृतिको मूल्य रु. ३४ राखिएको छ ।

### ४.६.१.२ संरचना

**धरोधर्म हजुर** ! निबन्धसङ्ग्रह भित्र जम्मा १५ वटा निबन्धहरू सङ्कलित छन् । ती निबन्धहरूमा *एकजोर नयाँ लुगा, परीक्षा पास गर्ने धुनमा, देउताबाजेलाई चिट्ठी, अतिथि देवता, यमराजको अदालतमा, उपनामको चक्करमा, व्यङ्ग्यकारकी पत्नीको अन्तर्वार्ता, डाक्टरीको चक्करमा, ससुरालीको निम्तो, मुखिया पद खाली छ, हरिबहादुरको दिनचर्या, एक दिनको भान्छे, आफन्तहरूको आपत, अर्को नयाँ पसल र धरोधर्म हजुर !* रहेका छन् । यी सबै निबन्धहरू लघु आकारमा संरचित छन् । जम्मा ७२ पृष्ठमा संरचित प्रस्तुत कृतिको पहिलो निबन्ध *एकजोर नयाँ लुगा* हो भने अन्तिम निबन्ध *धरोधर्म हजुर !* हो । यस कृतिको पृष्ठ ७३ मा परिशिष्ट खण्ड दिइएको छ ।

### ४.६.१.३ शीर्षक

प्रस्तुत कृतिमा सङ्गृहीत निबन्धहरूमा समाजमा रहेका सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक धार्मिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको छ ।

प्रायजसो निबन्धमा मान्छेले आफ्नो कमिकमजोरी ढाकछोप गर्ने गरेको, प्रतिज्ञा र वचनको हनन् गरिएको प्रसङ्गहरूमा मजगैयाँले व्यङ्ग्य हानेका छन् । त्यसैले प्रस्तुत कृतिको सबै निबन्धहरूको प्रतिनिधित्व हुने गरी शीर्षक छनोट गरेका छन् । मजगैयाँले प्रस्तुत कृतिको अन्तिम निबन्ध धरोधर्म हजुर ! शीर्षकबाट कृतिको नामकरण गरेका छन् । धरोधर्म हजुर निबन्धमा मान्छेले झूठो आश्वासन दिने, असत्यलाई सत्य बनाउने, आफ्नो कमिकमजोरी ढाक छोप गर्नेहरूप्रति व्यङ्ग्य गरेका छन् । प्रस्तुत निबन्धमा शीर्षक अनुसार विषयवस्तु प्रस्तुत गरिएकोले **धरोधर्म हजुर** शीर्षक सार्थक देखिन्छ ।

## ४.६.१.४ विषयवस्तु

यस सङ्ग्रहमा सङ्गृहीत सबै निबन्धहरूमा समसामयिक विषयवस्तुको चित्रण गरिएको छ । समाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक आर्थिक, साहित्यिक, धार्मिक र मानवीय क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको चिरफार गर्नु नै प्रस्तुत निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको मूल विषय बनेको छ । हैसियत बिर्सेर क्षणिक आनन्दमा रमाइ आडम्बरीमा पाइला टेकेर बदमासी गर्दै हिड्ने चरित्रको चित्रण यस सङ्ग्रहको पहिलो निबन्ध *एक जोर नयाँ लुगा* मा गरिएको छ । मेहनत नगरी नक्कली योग्यताको सर्टिफिकेट किनेर बुद्धिजीवीको खोल ओढेका व्यक्तिहरूमाथि व्यङ्ग्य प्रहार परीक्षा पास गर्ने धुनमा निबन्धमा गरिएको छ । पत्रशैलीमा लेखिएको देउताबाजेलाई चिठ्ठी निबन्धमा आधुनिकताको नाममा भेषभूषा, आचारविचार, आहारविहारमा देखिएको मानवीय विकृति, अन्तर्राष्ट्रिय जगतमा बढिरहेको हातहतियारको होडवाजी र शक्ति सम्पन्न राष्ट्रको हैकमवादी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । गोरु बेचेको साइनो वा सामान्य परिचयको भरमा अरूको समस्या नबुझी पाहुना बनी पेट पाल्न पल्केका लाचारी व्यक्तिहरूमाथी व्यङ्ग्य प्रहार *अतिथिदेवता* निबन्धमा गरिएको छ । धर्मको नाममा रुढिवादी परम्परालाई बढवा दिने, ढुङ्गाको मूर्ति पुजनमा लाखौ खर्च गर्ने तर दु:खीलाई सहयोग नगर्ने, साहित्यकारहरूको अवमूल्यन र चाकडीप्रथामाथि कडा व्यङ्ग्य *यमराजको अदालत* मा गरिएको छ । उपनामको चक्करमा निबन्धमा जातियताको आधारमा गरिने विभेदको चित्रण गरिएको छ । *व्यङ्ग्यकारकी पत्नीको अन्तर्वार्ता* निबन्धमा साहित्यकारले भोग्नु पर्ने नियति र आर्थिक समस्याको चित्रण गरिएको छ ।

यसैगरी डाक्टरीको चक्करमा निबन्धमा रोगको विशेषज्ञता हासिल नगरी क्लिनिक खोलेर ठगी गर्ने नक्कली डाक्टरहरूमाथि व्यङ्ग्य गरिएको छ । आडम्बर देखाउन लाखौलाख खर्च गर्ने तर गाउँलेको बच्चा बिरामी पर्दा उनीहरूको नाक, कान बुच्चो पारेर चर्को व्याजमा ऋण दिने जमिनदारहरूमाथि व्यङ्ग्य प्रहार *ससुरालीको निम्तो* निबन्धमा गरिएको छ ।

*मुखिया पद खाली छ* निबन्धमा साहित्यिक तथा प्रशासनिक क्षेत्रमा देखिएको विकृतिको चित्रण गरिएको छ । अरूको रचना चोरेर साहित्यकार बन्न खोज्ने र जागिरको लोभ देखाएर आफ्नो स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्ति भएका व्यक्तिहरूमाथि व्यङ्ग्य प्रहार प्रस्तुत निबन्धमा गरिएको छ । *हरिबहादुरको दिनचर्या* निबन्धमा प्रजातन्त्र प्राप्तिपछि पनि जनताले सास्ती पाएको, नेताले जनताको चाहनाको कदर नगरेको र आफ्नो घरको कामको अवमूल्यन गर्ने, उसले गरेको काममा पसिना निकाल्ने व्यक्तिहरूमाथि व्यङ्ग्य एक दिनको मान्छे निबन्धमा गरिएको छ । *आफन्तहरूको आपत* निबन्धमा आफन्तको समस्या नै नबुझी मिठो मसिनो खान र मानो बचाउनको लागि घरका सबै सदस्य बोकेर पाहुना पर्न जाने तथा समस्या परेर आफन्त आउँदा उसको वास्ता नगर्ने सहरिया जीवनशैली बोकेका व्यक्तिहरूमाथि कडा व्यङ्ग्य गरिएको छ । साहित्यकारले आफूले भोगेका, देखेका कुराहरू खोलेर लेख्न नपाउनु, बहुमूल्य कितावमा धमिरा लाग्नु, चलचित्रका कितावमा युवाहरूको मोह बढेको, साहित्यकारको दिनचर्या भन्दा भट्टी पसलेले उच्चस्तरीय जीवनयापन गर्ने जस्ता कुराहरूको चित्रण अर्को नयाँ पसल निबन्धमा गरिएको छ ।

*धरोधर्म हजुर !* यस सङ्ग्रहको अन्तिम निबन्ध हो । मानिसले आफ्नो कमिकमजोरी लुकाउन र अविश्वसनीय कुरालाई विश्वसनीय बनाउनको लागि किरिया, कसम खाने व्यक्तिहरूमाथि व्यङ्ग्य प्रस्तुत निबन्धमा गरिएको छ। धरोधर्म हजुर ! यस सङ्ग्रहको अन्तिम निबन्ध हो । मानिसले आफ्नो कमिकमजोरी लुकाउन र अविश्वसनीय कुरालाई विश्वसनीय बनाउनको लागि किरिया, कसम खाने व्यक्तिहरूमाथि व्यङ्ग्य प्रस्तुत निबन्धमा गरिएको छ ।

यसरी मजगैयाँले समाजमा घटेका समसामयिक घटनाहरू र समाजमा देखिने विभिन्न किसिमका विकृति र विसङ्गतिलाई यस सङ्ग्रहका निबन्धहरूको विषयवस्तु बनाएर हास्यव्यङ्ग्यको माध्यमबाट प्रस्तुत गरेका छन् । यस निबन्धसङ्ग्रहका प्रायः सबै निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रबलता भएको पाइन्छ । व्यङ्ग्य मार्फत् नै मजगैयाँले समाजका विकृति र विसङ्गतिमाथि औँला तेर्साएको प्रस्तुत निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा देखिन्छ ।

### ४.६.१.५ विचार

उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रहको मुख्य भाव समाजमा विद्यमान रहेका विकृति र विसङ्तिलाई चिरफार गरी सभ्य समाजको निर्माण गर्ने रहेको पाइन्छ । समाजका सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, सांस्कृतिक, धार्मिक तथा मानवीय क्षेत्रमा विकृति र विसङ्गतिले जरो गाडेको हुन्छ र त्यसबाट सबै सचेत हुनुपर्छ भन्ने विचार प्रस्तुत निबन्धसङ्ग्रहका प्रत्येक निबन्धले बोकेको पाइन्छ ।

हैसियत बिर्सेर आडम्बरीको घोडा चढ्ने, नक्कली योग्यताको आडमा बुद्धिजीवी कहलिने, धर्मको नाममा फजुल खर्च गर्ने, सामान्य परिचयको भरमा पाहुना पर्न जाने, शक्तिशाली देशका हैकमवाद, जातियताको आधारमा विभेद, जनतासँग गरेको बाचा भुलेर आफ्नो ढुकुटी भर्ने नेता, आफन्तहरूको समस्या नबुझ्री खाने र मानो बचाउने पाहुना, घरभित्रको कामको मूल्याङ्कन नगर्ने पुरुषहरू, साहित्यिकारको दयनीय अवस्था र मान्छेले आफ्नो कमजोरी लुकाउन खाने कसम जस्ता दृष्टिकोण प्रस्तुत सङ्ग्रहका निबन्धहरूले बोकेका छन् ।

### ४.६.१.६ भाषा

उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रहमा सरल, सरस, सुबोध र बोधगम्य भाषाको प्रयोग भएको छ । बोलचालका सरल नेपाली शब्द र पदावलीको संयोजनले निबन्धहरू सरल, सरस, रोचक र आकर्षक बनेका छन् । मजगैयाँले सन्दर्भ सुहाउँदो स्थान, परिवेश प्रसङ्गमा चलनचल्तीमा भिजेका उखान र टुक्काहरूको प्रयोग गरेको पाइन्छ : 'घरमा साँझ्र विहान खाने भुटीवाङ हुदैन' (पृ. ३), 'को कसको डम्फु र मादल सुन्नु' (पृ. ११), 'मौकामा गधालाई पनि बराजु भन्नुपर्छ' (पृ. ३२), 'रोगीले सिल्टिमुर खाइसकेछ' (पृ. ३७), 'मनको लड्डु घिउसित कति खाइयो' (पृ. ४४), 'प्राण जाओस् तर वचन नजाओस्' (पृ. ७१) आदि ।

मजगैयाँले प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दको उचित प्रयोग गरेका छन् । जस्तै 'ड्राइभर' (पृ. १), 'रेस्टिकेट' (पृ.ष्ठ ६), 'सर्टिफिकेट' (पृ. ७), 'पङक्स' (पृ. १०), 'रिपोर्ट' (पृ. १२), 'तुफान' (पृ. २२), 'हल्लो' (पृ. २३), हमारो (पृ. ५०), 'डिनर' (पृ. ७०) आदि ।

### ४.६.१.७ शैली

उत्तमकृष्ण मजगैयाले **धरोधर्म हजुर !** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा विविध शैलीको प्रयोग गरेको पाइन्छ । धरोधर्म निबन्ध बाहेक सबै निबन्धहरू आत्मपरक शैली र कथाकथन ढाँचामा आधारित छन् । देउताबाजेलाई चिठ्ठी निबन्धमा पत्रात्मक शैली र आफन्तहरूको आपत निबन्धमा संस्मरणात्मक तथा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । यमराजको अदालतमा अतियथार्थवादी निबन्ध हो ।

यसरी विविध शैलीको प्रयोगले प्रस्तुत सङ्ग्रहका प्रत्येक निबन्धले पाठकलाई कौतुहलताका साथै मनोरञ्जन दिंदै विसङ्गति बोध गराएका छन् ।

### ४.६.१.८ निष्कर्ष

उत्तमकृष्ण मजगैयाँको लेखन र प्रकाशनको दृष्टिले **धरोधर्म हजुर !** पहिलो हाँस्यव्यङ्ग्य निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्गृहीत प्रायजसो निबन्धहरूले समसामयिक विषयवस्तु बोकेका छन् । प्रस्तुत निबन्धहरू सरल भए पनि विषयवस्तुको व्यापकता बोकेका छन् । मजगैयाँले सामाजिक, राजीतिक, साहित्यिक, धार्मिक, आर्थिक तथा मानवीय विसङ्गतिमाथि तीव्र प्रहार हास्यभन्दा व्यङ्ग्यको माध्यमबाट गरेका छन् ।

मजगैयाँले लघु आकृतिका निजात्मक यी निबन्धहरू मार्फत् नेपाली समाजका कुरूप यथार्थहरू सजीवताका साथ उतार्ने र यिनमा रहेका विकृतिहरूलाई उदाङ्गो बनाउने प्रयत्न गरेका छन् (सुवेदी, २०५८ : १८७) । उनले समाजमा व्याप्त रहेका सामान्य विषयवस्तुलाई टिपेर त्यसको चारैतिर विकृति देखाइ सरल रूपमा प्रस्तुत गरेका छन् । समाजमा व्याप्त विकृति विसङ्गतिका विरुद्ध सबै सचेत हुनुपर्छ भन्ने विचार प्रस्तुत कृतिमा पाइन्छ ।

मजगैयाँका प्रस्तुत सङ्ग्रहका निबन्धहरू कौतुहलताका साथ एक बसाइमा पढ्न सकिने लघु आकारका छन् । निबन्धात्मक संरचनामा आख्यान तत्त्वको प्रवलताको कारण पाठकलाई मनोरञ्जन प्रदान गर्दागर्दै पनि हास्य र व्यङ्ग्यको सन्तुलन निबन्धहरूमा पाइँदैन र हास्य भन्दा व्यङ्ग्यको बढी प्रयोग प्रस्तुत निबन्धहरूमा गरिएको छ ।

समग्रमा प्रस्तुत निबन्धसङ्ग्रह विषयवस्तु, विचार, भाषा, शैली र व्यङ्ग्यको दृष्टिले सफल र पठनीय छ ।

## ४.६.२ उत्तमकृष्ण मजगैयाँ (२००९) को गृहलक्ष्मी भित्र्याएपछि निबन्धसङ्ग्रहको विश्लेषण

### ४.६.२.१ लेखन र प्रकाशन

उत्तमकृष्ण मजगैयाँद्वारा लिखित **गृहलक्ष्मी भित्र्याएपछि** (२०५४) निबन्धसङ्ग्रह साझा प्रकाशनबाट प्रकाशित कृति हो । यो कृति मजगैयाँको लेखन र प्रकाशनको दृष्टिले तेस्रो स्थानमा रहेको छ । प्रस्तुत कृतिको आवरण पृष्ठमा एउटा पुरुषको विवाह अघि र पछिको अवस्था झल्किने चित्रहरू राखिएको छ । आवरण पृष्ठको सिरानमा ठूला अक्षरमा कृतिको नाम **गृहलक्ष्मी भित्र्याएपछि** र पुछारको भागमा लेखकको नाम उत्तमकृष्ण मजगैयाँ लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा प्रकाशक, संस्करण र मूल्य उल्लेख गरिएको छ । प्रस्तुत कृतिको अन्त्यको आवरण पृष्ठमा साझा प्रकाशनबाट प्रकाशित हास्यव्यङ्ग्यसङ्ग्रहको सूची दिइएको छ । यो कृति 'दृष्टिकोण साप्ताहिक' पत्रिकाको 'बसिबियाँलो' स्तम्भअन्तर्गत प्रकाशित निबन्धहरूको सङ्गृहीत रूप हो । यो निबन्धसङ्ग्रह २०६३ मा दोस्रो संस्करण भएको छ ।

### ४.६.२.२ संरचना

यस निबन्धसङ्ग्रहमा जम्मा २३ वटा निबन्धहरू सङ्गृहीत छन् । जुन यसप्रकार रहेका छन् : *रङ्गको समीकरण, सुरसाको मुख, महाकाली धनेसको तेल, राष्ट्रिय रोग, प्रभुजी ! मलाई नेता बनाऊ, आऽऽच्छुयूँ, लेखक, पत्नी र संवाद, भुल्क्कड गुरु, सबै ठीक छ, अब कैक्टस रोपेको छु, किस्सा खैनीको, छोरालाई चिठी, विरुको वीरता, भूमिगत क्लव, ऋण कृत्वा घृतं पिवेत्, नेपाली टाइम, जय यजमान, लाऊ सारी कुर्कुच्चा झारी, कवि 'विद्रोही': एक परिचय, यमपुरीको यात्रा, मेरो यी हित-मित्रहरू, गृहलक्ष्मी भित्र्याएपछि, र बुहारी भित्र्याएपछि* । जम्मा ६८ पृष्ठमा संरचित कृतिको अन्य पृष्ठमा प्रकाशकीय, विषयसूची र परिशिष्ट खण्ड दिइएको छ । प्रस्तुत कृतिका निबन्धहरू लघु आयाममा संरचित छन् ।

### ४.६.२.३ शीर्षक

मजगैयाँले प्रस्तुत कृतिको नामकरण कृतिभित्रकै उत्कृष्ट निबन्ध **गृहलक्ष्मी भित्र्याएपछि** शीर्षकबाट गरेका छन् । गृहलक्ष्मी भन्नाले घरकी लक्ष्मी भन्ने अर्थ आउँछ भने यहाँ गृहलक्ष्मी भन्नाले पत्नी भन्ने सन्दर्भमा आएको छ । गृहलक्ष्मी भन्नासाथ श्रीमती वा पत्नी भन्ने अर्थ बोध हुन्छ । प्रस्तुत कृतिका सबै  निबन्धमा श्रीमतीको कुनै कुनै भूमिका रहेको छ जसले गर्दा लेखकले सबै निबन्धहरूको प्रतिनिधित्व हुने गरी प्रस्तुत शीर्षक छनोट गरेका छन् । श्रीमती भित्र्याएपछि पुरुषको स्वतन्त्रता हनन् भएको महसुस गर्ने, जिम्मेवारी र कर्तव्यदेखि टाढा रहन खोज्ने र बिहे अगाडिको मीठो कल्पनामा डुबुल्की मार्ने जस्ता विषयवस्तुमा व्यङ्ग्य गरिएको छ । कुसङ्गतमा लागेर जीवन वर्वाद गर्नेहरू विवाहपश्चात् सुधिन्छन् भन्ने कुराको बोध पनि यस निबन्धमा भएको छ । विवाहपछि एउटा पुरुषमा घट्ने सकारात्मक र नकारात्मक घटनाको अनुमान शीर्षकबाट गर्न सकिने भएकाले प्रस्तुत शीर्षक सार्थक बनेको छ ।

### ४.६.२.४ विषयवस्तु

मजगैयाँले सामाजिक जनजीवनमा घटित यथार्थ घटनाहरूलाई टिपेर प्रस्तुत कृतिको विषयवस्तु बनाएका छन् । सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, साहित्यिक, प्रशासनिक र मानवीय जीवनका हरेक पक्षमा देखिएका विकृति र विसङ्गतिमाथि यस सङ्ग्रहका निबन्धहरूमा व्यङ्ग्य गरिएको छ । रङ्ग विभेदका कारण उत्पन्न मानवीय कमजोरीको चर्चा प्रस्तुत कृतिको पहिलो निबन्ध *रङ्गको समीकरण* मा छ । आर्थिक असमानताले निम्त्याएको वर्गभेदको बारेमा *सुरसाको मुख* निबन्धले बोलेको छ । यसमा देशमा बढ्दो महङ्गी तथा बेरोजगारीका कारण आर्थिक चपेटामा परेका कैयौं व्यक्तिहरूको यथार्थता प्रस्तुत गरिएको छ । सीमापारिबाट भित्रिने मिसावटयुक्त र परीक्षण नभएका विभिन्न किसिमका वस्तुलाई बोलीको प्रभाव पारी बेच्ने ठग प्रवृत्तिमाथि व्यङ्ग्य *महाकाली*

*धनेसको तेल* निबन्धमा गरिएको छ । *राष्ट्रिय रोग* निबन्धमा प्रशासिनक क्षेत्रमा भएका घुसखोरी र सम्पतिको हिनामिना गर्ने भ्रष्टाचारी प्रवृत्तिको चर्चा मजगैयाँले गरेका छन् । जनतालाई झूठो आश्वासन दिइ सत्तामा पुग्ने र कुर्सीका लागि जुनसकै अपराध गर्न पनि तयार रहने राजनीतिक नेताको चरित्रको चित्रण *प्रभुजी ! मलाई नेता बनाऊ !* निबन्धमा गरिएको छ । सरुवा रोग लागेका व्यक्तिले सरसफाइमा ध्यान पुऱ्याउनु पर्छ । सरसफाइ तथा स्वास्थ्यमा ध्यान नदिने तर सभ्य र भलाद्मी बन्ने व्यक्तिहरूमाथि व्यङ्ग्यवाण *आऽऽच्छयूँ* निबन्धले हानेको छ । साहित्यकारहरूको निरीह अवस्थाको चित्रण *लेखक, पत्नी र संवाद* शीर्षकको निबन्धमा गरिएको छ । साहित्यकारहरू समाज, राष्ट्र, प्रकाशनका साथै आफ्नै घरपरिवारका सदस्यबाट समेत उपेक्षित हुनु परेको यथार्थ देखाउँदै लेखक यसरी लेख्छन् : के छ तिम्रो लेखनको उपलब्धी ? व्यर्थै हुनु न खानुको व्यस्थता र टाउको दुखाई मात्र । न छोराछोरीको पढाइ, होमवर्क न त दुई पैसा आउने कुनै काम कदम । छोड कलमको पुच्छर, बरु थाल केही काम-धाम एक मुठ्ठी गाँसको जुगाड त लाग्ला (मजगैयाँ, २०५४ : २०) । मानिसको बिर्सने स्वभावको फाइदा उठाउनेहरूमाथि व्यङ्ग्य *भूलक्कड गुरु* निबन्धमा गरेका छन् । मुखमा ठिक्क पार्ने र बगलीमा छुरा मार्ने प्रवृत्ति भएका व्यक्तिहरूमाथि व्यङ्ग्य *सबै ठीक छ* निबन्धमा गरिएको छ ।

*अब कैक्टस रोपेको छु* निबन्धमा मजगैयाँले औलो दिँदा हात निल्न खोज्ने र सित्तैमा भोगचलन गर्न पाएको अरूको वस्तु वा सम्पतिको संरक्षण नगर्ने कु-प्रवृत्ति भएका व्यक्तिहरूलाई व्यङ्ग्य हानेका छन् । सुर्तीजन्य पदार्थलाई शिवको प्रसादको रूपमा लिने र सुर्तीजन्य पदार्थले समाजमा पारेको असरको बारेमा चर्चा *किस्सा खैनीको* शीर्षकको निबन्धमा गरिएको छ । वर्तमानमा देखिएका विकृति र विसङ्गतिको चर्चा गर्दै समय अनुसार आफूलाई परिवर्तन गराउँदै लैजानुपर्छ भन्ने कुराको चर्चा *छोरालाई चिठ्ठी* मा छ । *विरुको वीरता* निबन्धमा मजगैयाँले कुनै चर्चा साधन वा पद प्राप्त गरेपछि व्यक्तिमा एक्कासि उत्पन्न हुने उत्तेजनाका बारेमा चर्चा गरेका छन् । तर त्यो उत्तेजना क्षणिक हुन्छ भन्ने कुराको बोध पनि प्रस्तुत निबन्धमा गराइएको छ ।

*ऋण कृत्वा घृतं पिवेत* निबन्धमा आफ्नो सम्पति भोग विलासमा सिद्धाउने र आफूलाई सुकुम्वासीको संज्ञा दिँदै राज्य तथा साहुलाई ठगी गर्ने व्यक्तिहरूमाथि व्यङ्ग्य गरिएको छ । समयको महत्त्व नबुझ्ने र पत्रकार, टी.भी. च्यानलहरूको अनुपस्थितिलाई कार्यक्रममा उपस्थित हुन नचाहने नेपाली बुद्धिजीविहरूलाई *नेपाली टाइम* निबन्धमा व्यङ्ग्य हानिएको छ । गाउँलेहरूलाई स्वर्ग-नर्कको आश-त्रास देखाएर आर्जन गरेको सम्पत्तिबाट आफ्ना सन्तानलाई शिक्षा दिन चाहने पण्डितहरूको धूर्ततामाथि व्यङ्ग्य *जय यजमान* निबन्धमा गरिएको छ ।

सम्पन्न वर्गको लवाइ, खुवाइमा देखिएको तडक भडकले मध्यय वर्गीय समाजमा परेको नकारात्मक, असरको बारेमा चर्चा *लाउ सारी कुर्कुच्चा झारी* निबन्धमा गरिएको छ । यसमा अरूको देखासिकी गर्न खोज्ने व्यक्तिका प्रवृत्तिमाथि पनि व्यङ्ग्य गरिएको छ ।

*कवि विद्रोही* निबन्धमा साहित्यिक क्षेत्रमा देखिएको विसङ्गतिलाई मूल विषयवस्तु बनाइएको छ । प्रशासनिक गैरजिम्मेवारीका कारण दैनिक रूपमा घट्ने दुर्घटनाका कारण कैयौं व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको यथार्थता *यमपुरीको यात्रा* शीर्षकको निबन्धमा छ । आफ्नो स्वार्थ पूरा गर्नका लागि मित्रता गाँस्ने र स्वार्थ पूरा भएपछि बोलचाल बन्द गर्ने व्यक्तिहरूका मानवीय कमजोरीको चर्चा *मेरा यी हित मित्र* निबन्धमा गरिएको छ । *गृहलक्ष्मी भित्र्याएपछि* निबन्धमा बिहेपश्चात् पुरुषको स्वतन्त्रता हनन् भएको कुरालाई हास्यव्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । पुरुषको बिहे अगाडिको स्वतन्त्र जीवनको चर्चा लेखक यसरी गर्छनः आहाँ ! बिहेअघि क्या चाँदीका दिन र सुनका रात थिए मेरा । ठूल्नानी, सान्नीहरू मेरा पाखुरा समाइ आफूतिर तान्थे, नयनवाण हान्थे, मलाई साँच्चीकै कृष्णकै अवतार ठान्थे (मजगैयाँ, २०५४ : ६४) । प्रस्तुत सङ्ग्रहको अन्तिम निबन्ध *बुहारी भित्र्याएपछि* निबन्धमा नेपाली समाजको चलनचल्तीका रीतिरिवाज र सामाजिक तथा सांस्कृतिक मूल्यमान्यतालाई विषयवस्तु बनाइएको छ । गृहलक्ष्मी भित्र्याएपछि भन्दा बुहारी भित्र्याएपछि पुरूषको स्वतन्त्रता बढी हनन् हुन्छ भन्दै लेखक यसरी लेख्छन् : कहिलेकाँही मन खोलेर बेसरी हाँस्न चाहन्छु, नाँच्न चाहन्छु तर पत्नी तत्काल भन्छिन् कस्तो उत्ताउलो भएको (मजगैयाँ, २०५४ : ६७) ।

**गृहलक्ष्मी भित्र्याएपछि** निबन्धसङ्ग्रहमा उत्तमकृष्ण मजगैयाँले समाजका विविध क्षेत्रमा देखिने विकृति र विसङ्गतिलाई विषयवस्तुको रूपमा उठान गरी व्यङ्ग्य गरेका छन् । यस सङ्ग्रहका प्रायजसो निबन्धमा मानवीय कमजोरीमाथि व्यङ्ग्य गरिएको छ । मजगैयाँले मान्छेभित्र हुने हिनताबोध, अहम्, स्वार्थ, ठगी, कर्तव्यहीन, देखावटी र आडम्वरमाथि व्यङ्ग्य गरेका छन् । प्रशासनिक, राजनीतिक, धार्मिक, सांस्कृतिक तथा साहित्यिक क्षेत्रमा देखिएको विकृतिमाथि पनि व्यङ्ग्य प्रस्तुत कृतिमा गरिएको छ ।

## ४.६.२.५ विचार

उत्तमृष्ण मजगैयाँले **गृहलक्ष्मी भित्र्याएपछि** निबन्धसङ्ग्रहमा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक र मानवीय क्षेत्रमा देखिएका कमिकमजोरीलाई व्यङ्यात्मक रूपमा औंल्याउँदै ती सबैमा सुधारको अपेक्षा गरेका छन् । रङ्गको आधारमा कसैलाई पनि विभेद गर्नु हुँदैन । बाहिरी सुन्दरता भयो भन्दैमा घमण्ड गर्ने र नहुँदामा हिनताबोध गर्नु हुँदैन । आफूभित्र रहेको भित्री सुन्दरताको खोजी गर्नुपर्छ भन्ने विचार प्रस्तुत कृतिको पहिलो निबन्धमा व्यक्त गरिएको छ । मजगैयाँको विचार उनकै शब्दमा यसरी व्यक्त

भएको छ : मान्छेको अनुहार त उसको चरित्र र कर्मले पो उज्यालिन्छ । तन गोरो हुनेहरूको मन कालो हुनसक्छ । कमसेकम मेरो तन कालो भए पनि मन स्वच्छ र पवित्र त छ (मजगैयाँ, २०५४ : ३) ।

प्रशासनिक क्षेत्र चुरुस्त र दुरुस्त हुनुपर्छ भन्ने धारणा पनि प्रस्तुत कृतिका निबन्धहरूमा व्यक्त भएका छन् । देशमा व्याप्त गरिबी, बेरोजगारी समस्या समाधान गर्न राज्य संवेदनशील बन्नुपर्छ । नेताले स्वार्थपूर्तिका लागि मात्र जनता खोज्ने, स्वार्थपूर्तिका लागि मात्र मित्रवत व्यहार गर्ने, समयको अवमूल्यन गर्ने र अरूको देखासिकी गर्ने आदि कुरामा सुधार ल्याउन सकेमा समाज अनुकरणीय बन्न सक्छ भन्ने दृष्टिकोण मजगैयाँको छ । पत्नीलाई स्वतन्त्रताको बाधकको रूपमा लिइ कर्तव्यदेखि पछि हट्ने प्रवत्ति भएका व्यक्तिहरूमाथि व्यङ्ग्य गर्दै आफ्नो जिम्मेवारी र कर्तव्यबोध गर्न सकेमा सफल जीवनयापन गर्न सकिन्छ भन्ने विचार गृहलक्ष्मी भित्र्याएपछिको निबन्धमा व्यक्त भएको छ ।

### ४.६.२.६ भाषा

प्रस्तुत कृतिमा मजगैयाँले सरल, सरस र नेपाली जनजिब्रोमा भिजेका झर्रा नेपाली तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेका छन् । जसले गर्दा विषयवस्तुको बोध सजिलैसँग भएको छ । मजगैयाँले सन्दर्भ सुहाउँदो स्थान, परिवेश प्रसङ्गमा नेपाली समाजका चलनचल्तीमा भिजेका उखान टुक्काको प्रयोग गरेका छन् । जस्तै : 'ठोके कुलेलम बजारतिर' (पृ. ४), 'नपाउनेले छोरो पायो खेलाई मार्‍यो' (पृ. १५), 'मनको बह, कसैसित नकह' (पृ. २७), 'नुनबिनाको तिहुन' (पृ. ३६), 'हलुवामा बालुवा' (पृ. २८), 'कि खानु बाउको कि खानु साहुको', 'आफू मरे डुमै राजा' (पृ. ४३), 'आलु खाई पेडाको धाक लगाउने' (पृ. ५१), 'कल्पनाको घोडा कुदाउनु', 'मनका लड्डु घिउसित खानु', 'दिवास्वप्न देख्नु', (पृ. ५५) आदि । मजगैयाँले प्रस्तुत कृतिका निबन्धहरूमा अङ्ग्रेजी, हिन्दी र संस्कृत शब्द तथा वाक्यहरूको पनि प्रयोग गरेका छन् । जस्तै : 'ब्ल्याक ब्युटी', 'ड्युटी' (पृ. २), 'सर्टिफिकेट' (पृ. ६), 'होमवर्क' (पृ. २०), 'कडा है' (पृ. ३२), 'तत्त्ववेत्ता-विद्यालङ्कार', 'सर्वाइवल अफ द फिटेस्ट' (पृ. ४३), 'गेट आउट' (पृ. ३१) 'या देवी सर्वभूतेषु' (पृ. ६३) 'इभिलिङ बाक', 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' (पृ. ६५) आदि । निबन्धका बीचबीचमा कविता, गीत र सुक्तिको उचित प्रयोग गरिएको छ । मजगैयाँले स्थानीय भाषिकाको प्रयोग पनि उल्लेख्य मात्रामा गरेका छन् । समग्रमा भाषाको दृष्टिले प्रस्तुत कृति बोधगम्य छ ।

### ४.६.२.७ शैली

प्रस्तुत निबन्धकृतिमा मजगैयाँले विविध शैलीको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा सङ्कलीत अधिकांश निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् । मजगैयाँले निबन्धमा विषयवस्तु कथानक ढाँचामा प्रस्तुत गरेकाले कथात्मक शैलीको प्रयोग पनि प्रस्तुत सङ्ग्रहमा पाइन्छ । *छोरालाई चिठ्ठी* निबन्ध पत्रात्मक शैलीमा लेखिएको छ । *यमपुरीको यात्रा* निबन्धमा मानव आकृतिमा नरकङ्काल यमदूत देखाइएकोले स्वैरकल्पनात्मक शैलीको प्रयोग गरिएको छ । मजगैयाँले प्रस्तुत कृतिका कुनै निबन्धमा न्यून संवाद र कुनैमा अधिक संवादको निबन्धमा अधिक संवादको प्रयोग पाइन्छ । लेखकले समसामयिक जीवनमा देखिएका विकृतिहरूमाथि व्यङ्ग्य गर्न व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरेका छन् । प्रस्तुत कृतिमा विषयवस्तुलाई सरल र रोचक बनाउन मजगैयाँले विविध शैलीको प्रयोग गरेका छन् । सरल, सुबोध र सरस भाषानुकूल मिश्रित शैलीको प्रयोगले निबन्धहरू गहन अर्थयुक्त र कलात्मक बन्न पुगेका छन् ।

### ४.६.२.८ निष्कर्ष

उत्तमकृष्ण मजगैयाँको **गृहलक्ष्मी भित्र्याएपछि** निबन्धसङ्ग्रह धरोधर्म हजुर ! पछि प्रकाशित दोस्रो निबन्धकृति हो । मजगैयाँले सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, सांस्कृतिक, प्रशासनिक तथा वैयक्तिक जीवनका विविध विषयवस्तुलाई टिपेर ती सबैमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरेका छन् । यस कृतिमा समाजका हरेक क्षेत्रमा देखिने विकृतिको ह्रास गरी सुधार र प्रगतिको चाहना प्रस्तुत कृतिमा व्यक्त भएको छ । मजगैयाँले निबन्धमा विषयवस्तुलाई सरल, सुबोध र बोलीचालीको भाषामा प्रस्तुत गरेका छन् । भाषालाई सुललित, सुरम्य बनाउन प्रस्तुत कृतिमा विविध शैलीको प्रयोग गरिएको छ । सबै निबन्धहरू एकै बसाइमा पढ्न सकिने लघु आकारमा संरचित छन् । समग्रमा प्रस्तुत निबन्धकृति विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले सफल छ । हास्य र व्यङ्ग्यको सन्तुलन भएको प्रस्तुत सङ्ग्रहलाई उत्तम कृतिको रूपमा लिन सकिन्छ ।

## ४.६.३ उत्तमकृष्ण मजगैयाँ (२००९) को सुनको फुल पार्ने पोथी निबन्धसङ्ग्रहको विश्लेषण

### ४.६.३.१ लेखन र प्रकाशन

उत्तमकृष्ण मजगैयाँद्वारा लिखित **सुनको फुल पार्ने पोथी** (२०५४) निबन्धसङ्ग्रह हास्यव्यङ्ग्य समाज नेपालबाट प्रकाशित कृति हो । मजगैयाँको यो कृति लेखन र प्रकाशनको दृष्टिले पाँचौ स्थानमा रहेको छ । प्रस्तुत कृतिको आवरण पृष्ठमा यौनकर्मी महिलाको चित्र राखिएको छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम **सुनको फुल पार्ने पोथी** पुछारको भागमा लेखकको नाम उत्तमकृष्ण मजगैयाँ लेखिएको छ । आवरण

पृष्ठको भित्री पृष्ठमा प्रकाशक, संस्करण र मूल्य उल्लेख गरिएको छ । यस कृतिको अन्त्यको आवरण पृष्ठमा लेखकको तस्वीर, लेखकको परिचय र लेखकको प्रकाशित कृतिहरूको सुची दिइएको छ । प्रस्तुत कृतिको मूल्य ३० राखिएको छ । प्रस्तुत कृतिमा *मीठो खाने मुख, हिङ नभए पनि, मित्रलाई चिट्ठी, पेन्सन र दृश्य-परिदृश्य, सर कि सरदार ?, चल वीर हनुमान, टेन्सन : एक राष्ट्रिय रोग, प्रगतिको लहर, उड्नु र उडाउनु , लेखक बन्ने रहर, बास पाइएन र सुनको फुल पार्ने पोथी* शीर्षकका निबन्धहरू सङ्गृहीत छन् । यी सबै निबन्धहरू कृति प्रकाशित हुनुपूर्व दृष्टिकोण साप्ताहिक, मधुपर्क, अभिव्यक्ति र राप्तीदूत जस्ता पत्रपत्रिकामा प्रकाशित भइसकेका देखिन्छन् ।

### ४.६.३.२ संरचना

**सुनको फुल पार्ने पोथी** निबन्धसङ्ग्रहभित्र जम्मा १६ वटा निबन्धहरू सङ्गृहीत छन् । जसमा *एक दिनको गोठालो, मीठो खाने मुख, हिङ नभए पनि, मित्रलाई चिट्ठी, पेन्सन र दृश्य-परिदृश्य, म छोडपत्र गर्छु, सर कि सरदार ?, सिद्धबाबा', 'चल वीर हनुमान, टेन्सनः एक राष्ट्रिय रोग, प्रगतिको लहर, उड्नु र उडाउनु, लेखक बन्ने रहर, बास पाइएन, प्रेमको भूत र सुनको फुल पार्ने पोथी* रहेका छन् । जम्मा ९६ पृष्ठमा संरचित कृतिको अन्य पृष्ठमा उत्तम सर्वोत्तम बनून् शीर्षकमा प्रकाशकीय, मोहनराज शर्माको ८ पृष्ठको मन्तव्यको नाममा केही गनथन, लेखकको प्राक्कथन र विषयसूची दिइएको छ । यस कृतिको पहिलो निबन्ध *एक दिनको गोठालो* र अन्तिम निबन्ध *सुनको फुल पार्ने पोथी* हो प्रस्तुत कृतिका निबन्धहरू लघु र मध्यम आयाममा संरचित छन् ।

### ४.६.३.३ शीर्षक

उत्तमकृष्ण मजगैयाँले प्रस्तुत कृतिको नाम **सुनको फुल पार्ने पोथी** कृतिभित्रकै अन्तिम निबन्धको नामबाट राखेका छन् । यहाँ पोथीलाई नारीको सङ्ज्ञा दिइएको छ भने सुनको फूललाई आर्जन गरेको बहुमूल्य सम्पतिको रूपमा लिइएको छ । यस निबन्धमा सुनको फुल पार्ने पोथी देहव्यापारबाट धन आर्जन गर्ने छोरी भन्ने सन्दर्भमा आएको छ । यस निबन्धमा श्रीमान्ले घरपरिवारको चाहना अनुरूप धन आर्जन गर्न नसक्नु श्रीमतीले सधै श्रीमान्लाई अकूत सम्पति जोड्न उत्तेजित पार्नु परिणामस्वरूप लोग्नेको मृत्यु हुनु बाध्यताबस यौन पेसा अङ्गाल्न पुग्नु र छोरीहरूलाई पनि उक्त पेसामा समावेश गराउनु जस्ता विषयवस्तु समेटिएका छन् । शीर्षक अनुसार विषयवस्तुको प्रस्तुति भएकोले प्रस्तुत निबन्धको शीर्षक सार्थक छ । मजगैयाँले चयन गरेको प्रस्तुत कृतिको शीर्षक **सुनको फुल पार्ने पोथी** व्यङ्ग्यको दृष्टिले उपयुक्त देखिन्छ ।

### ४.६.३.४ विषयवस्तु

उत्तमकृष्ण मजगैयाँले **सुनको फूल पार्ने पोथी** मा पनि धरोधर्म हजुर ! र गृहलक्ष्मी भित्र्याएपछि निबन्धहरूमा जस्तै सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा देखिएका विसङ्गतिलाई प्रस्तुत कृतिको मूल विषयवस्तु बनाएका छन् । यस कृतिको पहिलो निबन्ध *एक दिनको गोठालो* मा पशुपंक्षीलाई जनताको प्रतीक र गोठालोलाई क्रुर शासकको प्रतीकको रूपमा लिइ सर्वसाधारण जनतामाथि अन्याय, अत्याचार र हैकमवाद देखाउने क्रुर शासकलाई व्यङ्ग्य गरिएको छ । *मीठो खाने मुख* निबन्धमा पैतृक सम्पतिको आडमा बसी आम्दानीको स्रोत नखोज्ने तर मीठो खानको लागि मित्रहरूको घर चाहार्ने प्रवृत्ति भएका चरित्रको चर्चा गरिएको छ । बाबुबाजेको सम्पतिमा मोज गर्ने, समयानुकूल परिवर्तन नभइ खान्दानीको धाक लगाउने व्यक्तिहरूको दयनीय अवस्थामाथि व्यङ्ग्य *हिङ नभए पनि* शीर्षकको निबन्धमा गरिएको छ । *मित्रलाई चिट्ठी* निबन्धमा बाबुबाजेको नाममा फोस्रो धाक लगाउने तर जीवनभरि असफलता मात्रै हात पार्ने व्यक्तिको दयनीय अवस्थालाई मजगैयाँले मार्मिक रूपमा चित्रण गरेका छन् । *पेन्सन र दृश्य परिदृश्य* निबन्धमा सामाजिक तथा मानवीय विसङ्गतिलाई नौवटा स-साना स्वतन्त्र टुक्राहरूमा प्रस्तुत गरिएको छ । यस निबन्धका प्रत्येक स्वतन्त्र टुक्रामा शोषक वर्गबाट बच्नको लागि सर्वसाधारण व्यक्तिले उनीहरूले चाहेको खान दिनुपर्ने बाध्यात्मक परिस्थितिको चर्चा गरिएको छ । सित्तैमा चुरोट खान दिएर सात रूपैया पर्ने समानलाई सत्र रूपैया लिने व्यापारी र विदेशमा बसेर वीरताको तक्मा भिरे पनि आर्थिक अवस्था शून्य रहेको नेपालीको यथार्थताको चित्रण छ । गाउँका चेलीबेटी बेचेर सम्पन्न भएका व्यक्तिहरूका छोराहरूको घृणित चरित्रमाथि सर्वसाधारणले बिरोध गर्न नसक्ने अवस्था देखाइएको छ । पेन्सनको समयमा सर्वसाधारणलाई ठगी पैसा कमाउन पल्केका व्यापारीहरूले पेन्सन दिने समय ढिलो राखेकोमा गुनासो व्यक्त गरेका छन् ।

छोरा, बुहारी तथा नातिहरूले घरमूलीलाई वेवास्ता गरेको र देशका लागि वीरगति प्राप्त गर्ने योद्धाकी पत्नीले क्षतिपूर्ति स्वरूप पाएको रकम देखेर हिक्का छाडेको देखाइएको छ । मजगैयाँले यस निबन्धमा सामाजिक, प्रशासनिक, पारिवारिक र व्यापारिक क्षेत्रमा देखिएका विकृतिहरूमाथि एकैसाथ कटु व्यङ्ग्य गरेका छन् ।

मजगैयाँले *म छोडपत्र गर्छु* निबन्धमा नारीका दुई रूपको चर्चा गरेका छन् । यस निबन्धमा आन्तरिक सौम्यता नभएकी नारीसँग बिहे गर्दा 'म' पात्रको दाम्पत्य जीवन धरापमा परेको र छोडपत्र गर्नुपर्ने स्थिति उत्पन्न भएको प्रसङ्गको चर्चा गरिएको छ । प्रस्तुत निबन्धमा आधुनिकताको नाममा बढ्दै गइरहेको छाडापन, दुर्व्यसन र असभ्यपन आदिमाथि व्यङ्ग्य गरिएको छ । *सर कि सरदार* निबन्धमा आधुनिक गुरुभक्तिको नमुना देखाइएको छ । यात्राको क्रममा आफ्नो गुरुलाई सिट उपलब्ध गराउनका लागि सिटमा

बसिरहेको यात्रीलाई पिट्ने विद्यार्थीहरूको उच्छृङ्खल प्रवृत्तिमाथि यस निबन्धमा व्यङ्ग्य गरिएको छ । *सिद्धबाबा* निबन्धमा आध्यात्मिक क्षेत्रमा देखिएको विकृतिमाथि मजगैयाँले व्यङ्ग्यवाण हानेका छन् । मान्छेको आडम्वरीपनमाथि चल वीर हनुमान निबन्धमा व्यङ्ग्य गरिएको छ । प्रस्तुत निबन्धमा नेपाली समाजका धर्म, संस्कृति, विवाह र व्यवहारमा देखिने अस्वस्थ प्रतिस्पर्धा गर्नु हनुमान चढाइ हो भनी प्रतीकात्मक रूपमा व्यङ्ग्य गरिएको छ । समस्यासँग सामना गर्न नसक्ने मान्छेको उग्रता, अशान्ति आदि प्रवृत्तिको चिरफार *टेन्सनः एक राष्ट्रिय रोग* निबन्धमा भएको छ । *प्रगतिको लहर* शीर्षकको निबन्धमा मजगैयाँले जनतालाई भाषणमा भ्रूठो आश्वासन बाड्ने तर व्यवहारमा आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने नेताहरूको आचरणमाथि व्यङ्ग्यवाण हानेका छन् ।

आदर्शका कुरा गर्ने तर व्यवहारमा आडम्बरीपन देखाउने मान्छेका प्रवृत्तिमाथि कडा व्यङ्ग्य *उड्नु र उडाउनु* निबन्धमा गरिएको छ । *लेखक बन्ने रहर* शीर्षकको निबन्धमा मजगैयाँले साहित्यिक क्षेत्रमा देखिएको विकृतिमाथि व्यङ्ग्यवाण तेर्साएका छन् । यस निबन्धमा अरूको रचनाको काटछाट गरेर साहित्य रचना गर्ने र आफूलाई ठूलो साहित्यकार ठान्नेहरूले लेखनको विषय प्राप्त गर्न नसकेको हाँसो उडाइएको छ । *बास पाइएन* निबन्धमा आफूले कर्तव्य पालना नगर्ने तर अरूबाट उक्त कुराको अपेक्षा गर्ने प्रवृत्ति भएका शिक्षित वर्गहरूप्रति व्यङ्य गरिएको छ । आफ्नी पत्नीको अलवा परस्त्रीसँग प्रेम गर्ने धुनमा भौतारिएको व्यक्तिको दुर्दशा *प्रेमको भूत* शीर्षकको निबन्धमा देखाइएको छ । प्रस्तुत कृतिको अन्तिम निबन्ध *सुनको फुल पार्ने पोथी* शीर्षकको निबन्धमा हैसियतभन्दा माथि उठेर सुख भोगको खोजीमा मान्छेको चारित्रिक पतन भएको प्रसङ्गको चर्चा गरिएको छ । यसमा एउटी आमा आफू लगायत छोरीलाई समेत देहव्यापारमा लगाइ भौतिक सुविधा प्राप्त गर्न सफल भएकी छे । छोरीहरूलाई सुनको फुल पार्ने पोथीको रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत कृतिमा सिधासाधा जनतामाथि क्रुर शासन गर्ने, पैतृक सम्पतिको आडमा निकम्वा, घमण्डी र धागी बन्ने प्रवृत्ति, सर्वसाधारण जनतालाई ठगी गर्ने व्यापारी, जनतालाई भ्रूठो सपना बाड्ने र आफूले अकूत सम्पति कमाउने नेता, आधुनिक गुरुभक्ति, सानो समस्यासँग जुध्न नकसी आक्रोश व्यक्त गर्ने व्यक्ति, आफूले कर्तव्य पालन नगर्ने तर अरूबाट त्यसको अपेक्षा राख्ने व्यक्ति, आफ्नो पत्नीलाई छाडी अरूसँग प्रेम गर्न तम्सिने व्यक्तिको दुर्दशा, अरूको लेख चोरी साहित्यकार बन्न खोज्ने व्यक्ति र भौतिक सुविधा भोग गर्नको लागि छोरीहरूलाई देहव्यापार गर्न लगाउने आमा आदिलाई विषयवस्तु बनाइएको छ ।

### ४.६.३.५ विचार

उत्तमकृष्ण मजगैयाँले **सुनको फुल पार्ने पोथी** निबन्धसङ्ग्रहमा सामाजिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक, धार्मिक, आध्यात्मिक र मानवीय क्षेत्रमा देखिएका विकृतिमाथि व्यङ्ग्य गर्दै ती सबै क्षेत्रमा सुधारको चाहना व्यक्त गरेका छन् । मजगैयाँले क्रुर शासक, झूठो आश्वासन बाँड्ने नेता र मीठा कुरा गरेर ठगी गर्ने व्यापारीदेखि सबै सजक रहनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । बाबुबाजेको रवाव देखाएर धाक लगाउने, केही पनि काम नगरी मोज गर्ने व्यक्तिहरूको चरित्रको चित्रण गर्दै मजगैयाँले मानव भएर जन्मेपछि आफ्नो पौरखमा बाँच्न सक्नपर्छ भन्ने विचार व्यक्त गरेका छन् । मान्छेले आफ्नो कर्तव्य कहिल्यै भुल्नु हुँदैन, समस्यासँग सामना गर्न सक्नुपर्छ । अर्काको देखासिकी गर्नु हुँदैन र आफ्नो चरित्रमा दाग लाग्ने काममा गर्नुहुदैन भन्ने सन्देशात्मक विचारहरू प्रस्तुत कृतिका निबन्धमा पाइन्छ । आधुनिकताको नाममा झन बढी विकृति फैलिएको दृष्टिकोण पनि मजगैयाँको रहेको छ । हैसियत भन्दा माथि उठेर सुख भोगको चाहना राख्दा अनैतिक कार्यले बढवा पाउँछ भन्ने विचार प्रस्तुत कृतिको अन्तिम निबन्ध सुनको फुल पार्ने पोथी निबन्धमा व्यक्त भएको छ ।

### ४.६.३.६ भाषा

मजगैयाँ **सुनको फूल पार्ने पोथी** निबन्ध कृतिमा सरल, सहज र सम्प्रेषणीय भाषाको प्रयोग गरेका छन् । सरल र संयुक्त वाक्यको बढी मात्रामा प्रयोग गरिएको प्रस्तुत कृतिका सबै निबन्धहरू सहजै रूपमा बोधगम्य हुने खालका छन् । यस कृतिमा तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित रूपमा प्रयोग भएको पाइन्छ । मजगैयाँले यस कृतिमा पनि अघिल्ला कृतिहरूमा झै विभाषीय शब्दहरूको प्रयोग गरेका छन् । जस्तै : 'क्यावात' (पृ. १५), 'फोकट', 'लिस्ट' (पृ. १७), 'प्रेस्क्रिप्सन', 'इन्टरभ्यू' (पृ. २१), 'क्वाटर' (पृ. २५), 'ट्यब्लदेट' (पृ. ३०), 'हिवस्की', 'स्वेत', 'रक्तिम' (पृ. ३३), 'डोज' (पृ. ३५), 'रेलिङ्ग' (पृ. ३८), 'ग्रुप' (पृ. ३९), 'करेन्सी' (पृ. ३३), 'क्याप्सुल' (पृ. ५१), 'कत्लेआम' (पृ. ५३), 'टेन्सन' (पृ. ५५), 'पार्क' (पृ. ५९), 'इमिटेसन ज्वैलरी' (पृ. ६६), 'गर्ल्स कलेज' (पृ. ८२), 'मेक अफ', 'किड' (पृ. ८५), 'ब्लैक मार्केटिङ' (पृ. ९३),'स्लिभलेस ब्लाउज' (पृ. ९६) आदि ।

यस कृतिमा नेपाली चलनचल्तीमा भिजेका उखान र टुक्काको प्रयोगले विषयवस्तुलाई कसिलो र बोझिलो बनाएको छ । जस्तै 'टेर पुच्छर' (पृ. १), 'मेरो हंसले ठाउँ छाड्यो' (पृ. ३), 'मैले कान समाते' (पृ. ५), 'चोक्टा खान आएको त डुबेर मर्ने झोल पाइएन' (पृ. ११), 'ज्योतिषीकी छोरी राँड', 'वैद्यकी छोरी गलगाँड' (पृ. ३३), 'कुलेलम ठोके सडक सडक' (पृ. ३६), 'म तीन छक्क परे' (पृ. ३३), 'गुन्यू लाउनेलाई आफूले पत्याइदैन, धोती लाउनेले आफूलाई न पत्याउने भयो' (पृ. ६५), 'म बडो बिलखबन्दमा पर्छु'

(पृ. ७०) आदिको प्रसङ्ग अनुसार प्रस्तुत कृतिमा प्रयोग गरिएको छ । यस कृतिमा अघिल्ला कृतिमा जस्तो भाषिक शुद्धता नभएको देखिन्छ । हरेक रचनामा कतै न कतै भाषिक त्रुटिहरू देखन सकिन्छ । प्रस्तुत कृतिमा स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । भाषाको दृष्टिले प्रस्तुत कृति बोधगम्य भए तापनि भाषिक शुद्धताको अभाव देखिन्छ ।

### ४.६.३.७ शैली

मजगैयाँको धरोधर्म र गृहलक्ष्मी भित्र्याएपछि निबन्धसङ्ग्रहमा जस्तै यस सङ्ग्रहमा पनि शैलीको विविधता पाइन्छ । यस कृतिका प्रायजसो निबन्धहरू आत्मपरक शैलीमा र ती सबै कथात्मक पद्दतिमा संरचित छन् ।

*मित्रलाई चिट्ठी* निबन्ध पत्रात्मक शैलमि संरचित छ भने *पेन्सन र दृश्य-परिदृश्य* निबन्ध बुँदा टिपोट शैलीमा रचिएको छ । *म छोडपत्र गर्छु* निबन्धमा निबन्धात्मकता न्यून र कथात्मकता ज्यादा पाइन्छ । *प्रगतिको लहर* निबन्धमा संवादात्मक शैलीको बढी प्रयोग गरिएको छ । *उड्नु र उडाउनु* निबन्ध कथोपकथन शैलीमा लेखिएका छ । अन्य निबन्धहरू वर्णनात्मक शैलीमा संरचित छन् । समग्रमा प्रस्तुत कृति शैलीको दृष्टिले राम्रो छ ।

### ४.६.३.८ निष्कर्ष

उत्तमकृष्ण मजगैयाँको **सुनको फुल पार्ने पोथी** तेस्रो हास्यव्यङ्ग्य कृति हो । यसमा मजगैयाँले नेपाली राजनीति, सामाजिक, सांस्कृतिक, आर्थिक, साहित्यिक, धार्मिक तथा मानवीय क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिलाई सुक्ष्म रूपमा केलाउँदै हास्य र व्यङ्ग्यको माध्यमबाट प्रस्तुत गरेका छन् र ती सबै क्षेत्रमा सुधारको अपेक्षा पनि गरेका छन् । समाजमा व्याप्त रहेको विकृति र विसङ्गतिको विरुद्ध सबै सचेत हुनुपर्दछ भन्ने धारणा मजगैयाँको रहेको पाइन्छ । अधिकांश रचनाहरूमा आख्यान तत्त्वको प्रवलता पाइने भएकाले पाठकलाई कौतुहलता प्रदान गर्न प्रस्तुत कृति सफल देखिन्छ । मजगैयाँका अघिल्ला कृतिमा भन्दा यस कृतिमा विषयवस्तुको नौलोपनको अनुभव गर्न सकिन्छ । प्रस्तुत कृतिमा प्रजातन्त्रको प्राप्ति पछि पनि विकृति र विसङ्ति बढिरहेको छ भन्ने विचार व्यक्त भएको छ । प्रस्तुत निबन्धसङ्ग्रहमा सरल भाषा र उखान टुक्काको प्रयोगले विषयवस्तुको बोधमा सहजता थपेको छ भने शैलीको विविधताले विषयवस्तुलाई रोचक तथा घोचक बनाएको छ ।

यस कृतिमा पनि मजगैयाँले स्थानीय भाषिकाको प्रयोग गरेका छन् तर भाषिक शुद्धताको दृष्टिले प्रस्तुत कृति अघिल्ला निबन्धसङ्ग्रह भन्दा कमजोर देखिन्छ । समग्रमा यस कृति विषयवस्तुको नौलोपन, विचार र शैलीको विविधताको दृष्टिले पठनीय छ ।

## ४.७ गोविन्द 'कुसुम' (२०११) को पारिको अनुभव यात्रासंस्मरणको विश्लेषण

### ४.७.१ लेखन र प्रकाशन

गोविन्दप्रसाद 'कुसुम' द्वारा लिखित यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह **पारिको अनुभव** (२०६०) जगदम्बा प्रकाशन प्रा.लि.बाट प्रकाशित कृति हो । यो कृतिको आवरण पृष्ठमा भेजिनिया राज्यको राजधानी चार्ल्सटनको क्यापिटल अगाडि खिचिएको फोटो राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम **पारिको अनुभव** लेखिएको छ भने पुछार भागमा सही गरिएको ढाँचामा गोविन्दप्रसाद 'कुसुम' लेखिएको छ । अन्त्यमा आवरण पृष्ठमा वासिङ्गटन डिसीको पार्कमा खिचिएको तस्वीर राखिएको छ । २१३ पृष्ठको यो कृति डिमाइ आकारको रहेको छ ।

### ४.७.२ संरचना

गोविन्दप्रसाद 'कुसुम' ले अमेरिका भ्रमणका क्रममा, सुनेका, भोगेका अनुभूतिहरूलाई समेटेर लेखेको ८ वटा यात्रासंस्मरणात्मक निबन्धहरू प्रस्तुत कृतिभित्र समेटिएका छन् । *भ्रमणको तयारी, भित्रुवन विमानस्थलदेखि वासिङ्टनसम्म, वासिङ्टन डि.सी. र मेरो अनुभव, चार्ल्सटनको रमाइलो, प्युब्लो र सान्टाफे, साल्ट लेकको नुनिलो पानी, लस एन्जेलसमा लाइन मिच्दा र हिथ्रोदेखि काठमाडौंसम्म* शीर्षकका निबन्धहरू यस कृतिमा सङ्गृहीत छन् । यस निबन्धसङ्ग्रहभित्रका निबन्धहरू २० पृष्ठदेखि ५० पृष्ठसम्म विस्तृत आयाममा फैलिएका छन् *चार्ल्सटनको रमाइलो यात्रा* निबन्ध ५० पृष्ठसम्म विस्तृत आयाममा फैलिएको छ भने *भ्रमणको तयारी* सबैभन्दा छोटो निबन्ध २० पृष्ठमा फैलिएको छ ।

### ४.७.३ शीर्षक

कुसुमले यस कृतिको शीर्षक चयन नेपालभन्दा धेरै टाढा समुन्द्रपारि रहेको अमेरिका भ्रमण गर्दा देखेका, भोगेका, सुनेका अनुभव र अनुभूतीहरू वर्णनको आधारमा गरेका छन् । उनले गरेको वर्णन पाठकको मस्तिष्कमा सचित्र सहित बस्ने खालको छ । त्यसैले शीर्षक र विषयवस्तुको तालमेल मिलेको हुनाले कृतिको शीर्षक **पारिको अनुभव** सार्थक छ ।

### ४.७.४ विषयवस्तु

**पारिको अनुभव** यात्रासंस्मरणात्मक निबन्ध हो । यस निबन्धमा कुसुमले अमेरिका भ्रमणमा जाने तयारीदेखि  लिएर फर्केर आउँदासम्मको आफूले भोगेका, सुनेका, देखेका र अनुभव गरेका प्रत्येक क्रियाकलापको वर्णन गरेका छन् । पहिलो संस्मरण *भ्रमणको तयारीमा* कुसुमले दिल्ली भ्रमणको क्रममा आफू अमेरिका भ्रमण गर्ने छनौटमा परेको कुरा थाहा पाउनु र मनमा कुराहरू खेलाउनु, अमेरिकाको इतिहासको वर्णन आदिको चर्चा गर्नुका साथै नेपालको सरकारी नीति र प्रशासनमा देखिएको विसङ्गतिको चिरफार गर्दै नेपालको

राज्यसत्तासँग अमेरिकी राज्यसत्ताको तुलना, अमेरिकी पूर्खाहरूको त्याग र बलिदानको प्रशंसा रहेका छन् । त्यसैगरी थियोडोर रुजवेल्ट राष्ट्रपति भएपछि अमेरिकाको आर्थिक विकास र वैदेशिक नीतिमा सुधार भएको, पहिलो विश्वयुद्धमा अमेरिकाको भूमिका, दोस्रो विश्वयुद्धको वर्णन अमेरिका ३६,७९,१९२ क्षेत्रफलमा विस्तारित र ५० वटा सङ्घीय राज्यहरू भएको राष्ट्रपतीय प्रणालीमा आधारित देश अमेरिका हो भनी प्रस्तुत संस्मरणमा चित्रण गरिएको छ ।

**पारिको अनुभव** यात्रासंस्मरणको दोस्रो संस्मरण *त्रिभुवन विमानस्थलदेखि वासिङ्गटनसम्म* मा कुसुमले काठमाडौंदेखि अमेरिका पुग्दासम्म यात्राका क्रममा घटेका घटनाहरूको जानकारी, विदेश भ्रमण गर्दा अपनाउनु पर्ने सतर्कता, भ्रमण गर्ने १० जनामा आफू टोली नेता भएको, आफूलगायत अन्य सदस्यहरूले पनि अमेरिकाको यात्रा नौलो मानेको, अमेरिकाको जनजीवन, भौगोलिक अवस्था, संस्कृति र व्यवहारको बारेमा जानकारी नभएकोले यी कुराहरूमा कुसुमले कल्पना गर्न थालेको, एयरपोर्टमा पासपोर्टको फोटोकपी मागेर झन्झट दिएको आदि कुराको उल्लेख गरेका छन् । त्यसैगरी एयरपोर्टमा चोरी डकैती हुने, विमान यात्राका क्रममा आफ्नो बाल्यकाल, जन्मेको स्थानको सम्झना गर्दै तत्कालीन देशको अवस्थाको चित्रण, देशको वर्तमान अवस्थाका कारण युवाहरू खाडीमुलुक जाने गरेको, अवुधावीमा बास बसेको, त्यो ठाउँमा ज्यादै गर्मी हुने आदि कुराहरूको वर्णन प्रस्तुत संस्मरणमा गरिएको छ ।

कुसुमले सी.एन.एन.बाट नेपालसम्बन्धी समाचार सुनेको, ६ घण्टा हिथ्रो विमानस्थलमा बस्दा बुद्ध किन बोल्दैनन् र परेवा र चील शीर्षकका दुईवटा कविता लेखेको, विदेश भ्रमण गर्दा अपनाउनुपर्ने सतर्कता, विदेशमा हिड्दा कानूनी प्रक्रिया पूरा हुनुपर्ने, दलालबाट बच्नुपर्ने, नजानेको कुरा कर्मचारीलाई सोध्न नहिचकिचाउने र विमानमा मदिरापान गर्न नहुने आदि कुराको जानकारी प्रस्तुत संस्मरणमा दिइएको छ ।

**पारिको अनुभव** यात्रासंस्मरणको तेस्रो संस्मरण *वासिङ्गटन डि.सी. र मेरो अनुभवमा* कुसुमले अमेरिकाको वासिङ्गटन डि.सी.मा बस्दा आफूले अनुभव गरेका कुराहरूको उल्लेख गरेका छन् । डल्लास विमानस्थलमा राजदूतावासबाट भेट गर्न दिनेश भट्टराई आएको, सम्पर्क अधिकृतका रूपमा जोइस र जेम्सलाई खटाइएको, वासिङ्गटनको इतिहास बारे स्पष्ट पार्दै सन् १७८९ मा जर्ज वासिङ्गटनको राष्ट्रपति भएपछि यस सहरको नाम वासिङ्गटन रहन गएको कुराको उल्लेख, अमेरिकामा हरेक क्षेत्रमा युवाहरू नै अगाडि भएको आदि जानकारी दिइएको छ । यसै प्रसङ्गमा साथी भगीरथ बस्नेतसँगको भेटमा भएको छलफलको स्मरण गरेका छन् । त्यसपछि ह्वाइट हाउस (राष्ट्रपति भवन) क्यापिटल हल (काङ्ग्रेस भवन) सर्वोच्च भवन, काङ्ग्रेस लाइब्रेरी आदिको जानकारी दिँदै क्यापिटल हल सबैभन्दा अग्लो भवन भएको र जनप्रतिनिधिहरूको सभा वस्ने भवन हो भनेर परिचय

दिएका छन् । यसै सन्दर्भमा नेपालको जनप्रतिनिधि र अमेरिकी जनप्रतिनिधि बीच तुलना, अमेरिकामा सुरक्षा जाँच कडा भएको, स्पोर्ट सु. लगाएर सार्वजनिक स्थलमा जान नहुने, काठमाडौं शहर र अमेरिकी सहरबीच तुलना, प्रदुषण नभएको, अमेरिकामा बस्ने नेपालीहरू पनि आर्थिक रूपले सम्पन्न, नेपालीले हिन्दू धर्मसम्बन्धी मन्दिर निर्माण गरेको आदि कुराको उल्लेख प्रस्तुत संस्मरणमा गरिएको छ । नेपालीहरूले कविता गोष्ठी गरेको, क्यापिटल हिलको भ्रमण, जर्ज वासिङ्गटनको पैतृक थलो माउन्ट भेरोनको अवलोकन, वासिङ्गटनमा कानुनी शासन, भ्रष्टाचारको स्थिति, सरकारले जनतालाई सर्वेसर्वा मान्ने परम्परा, खानेपानी र वातावरणीय कार्यक्रम वर्णन, केन्द्र सरकार र गैरसरकारी संस्थाहरूको कार्यक्रमको विवरण, मिकोवसँगको भेटवार्ता, याट्रिकलसँगको छलफल, एसिया फाउन्डेसन गैरसरकारी संस्थाको कार्ययोजना आदिको चर्चा प्रस्तुत संस्मरणमा दिइएको छ ।

*चार्ल्सटनको रमाइलो यस* यात्रासंस्मरणको चौथो संस्मरण हो । यस संस्मरणमा कुसुमले वेष्ट भर्जिनियाको राजधानी भ्रमणको क्रममा देखेका, भोगेका अनुभवहरू प्रस्तुत गरेका छन् । नौ दिनको वासिङ्टनको बसाइपछि उनीहरूको यात्रा वेष्ट भर्जिनियाको चार्ल्सटन सहरतिर लागेको यु.एस.एयरलाइन्सबाट चार्ल्सटनतिर यात्रा गर्दा विमानस्थलको चेक जाँच, वासिङ्गटनमा धन्यवाद दिने चलन, अमेरिकामा नेपालभन्दा नेपल्स बुझ्ने, नेपाललाई चिनाउन माउन्ट एभरेष्टको नाम लिनुपर्ने, प्लेनभित्र कुनै खानेकुरा नदिएको प्रसङ्ग आदिको वर्णन गरिएको छ । त्यसैगरी चार्ल्सटन शहरको परिचय, चाल्सर्टनमा मेयर जे गोल्ड म्यासँग भेटवार्ता Regional Intergovernmental Council को Vision Shared विषयक सहभागितामूलक छलफलमा भाग लिएको, पाहुनालाई देवताका रूपमा सत्कार गर्ने त्यहाँको चलन, हेनरी जी. (जो पब्लिक हेल्थ व्युरो वेस्ट भर्जिनियाका कमिस्नर थिए) र उनकी श्रीमतीले आफै खाना खुवाएको प्रसङ्ग, क्यापिटल हिलको ट्रेजरी बिल अफिस र डिपार्टमेन्ट अफ एडमिनिष्ट्रेसन वेष्ट भर्जिनिया राज्यको सहायक स्टेट ड्रेजरर जेरी सिम्पलसँगको राज्यको प्रशासन, सुशासन, पारदर्शिता र जवाफदेहीपनका बारेमा भएका छलफल, टोयटा कम्पनीको भ्रमण, स्थानीय टेलिभिजनले कुसुमसँग लिएको अन्तर्वार्ता, वेस्ट भर्जिनियाको भ्रमणको अवधि समारोहका साथ समाप्त भएको, उक्त समापन समारोहमा सिनेट क्लक डोरल होल्मेसले आफूलाई प्रमाणपत्रसहित बिदाइ गरेको चर्चा गर्नुका साथै मेक्सिकोका लागि युनाइटेड एयरलाइन्सको विमानबाट उडेको, विमानबाट रमाइलो दृश्यावलोकन गर्दै ३ घण्टाको यात्रापछि न्यू मेक्सिको एल्बुर्कक विमानस्थल ओर्लिएको आदि कुराहरूको जानकारी दिँदै संस्मरणको अन्त्य गरिएको छ ।

*प्यूब्लो र सान्टाफे* संस्मरण मा कुसुमले न्यू मेक्सिको प्यूब्लो र सान्टाफे सहरको चर्चा गरेका छन् । उनले विमानस्थलबाट ओर्लेपछि सान्टाफेतिर प्रस्थान गरेको र यो ठाउँलाई इन्डियन र एङ्लो अमेरिकनहरूको द्वन्द्वस्थलको रूपमा परम्परादेखि नै आएको

कुराको जानकारी दिएका छन् । यसैगरी यो ठाउँ प्रायः मरुभूमि रहेको, यो राज्य अन्य राज्यको तुलनामा ऐतिहासिक र सांस्कृतिक रूपले सम्पन्न रहेको, सन् १६१० मा जआन डे आनेटले यो राज्य राजधानीको रूपमा सान्टाफेको प्रयोग गरेको, उनीहरू सान्टाफेका फ्रान्सिलमा बसेको, इन्डियनहरूले आफ्नो पुरानो धर्मलाई जीवित राखेको आदिको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । कुसुमले सान्टाफेबाट ७५ माइल टाढा प्यूब्लो रहेको जानकारी दिँदै त्यहाँको भौगोलिक अवस्थाको वर्णन गरेका छन् । त्यसैगरी प्यूब्लोमा लागेको मेलाको वर्णन, नेपाली र अमेरिकी जनताको बीचमा शिक्षा र चेतनाको स्तरको तुलना, त्यहाँका मानिसहरूले चारपाँच कोठा भएको सानो घरजस्तो एउटा ठूलो भ्यानमा जीवन गुजारेको यथार्थ, प्यूब्लोहरूको १,००० वर्ष पुरानो बस्तीको अवलोकन गरेको, प्यूब्लो वस्तीको विकासको गति र त्यहाँको शिक्षाको चर्चा Poebs cultural, pueblo of pojoaque संस्थाका बजार निर्देशक ड्यानियरल इ मोर्यासँगको भेटवार्टा, सान्टाफेरिथत सार्वजनिक सुरक्षा विभागको प्रमुख जोन ह्विलसँग भेटवार्ता, त्यस राज्यकी तत्कालीन गर्भनरकी छोरी जेसिकासँग भएको कुराकानी र स्यान्डीबेरीले कुसुमको टोलीलाई खाना खुवाएको आदि कुराको चर्चा गरिएको छ । अन्त्यमा मेक्सिकोबाट युटाह राज्यको राल्टलेक सिटीतिर लागेको कुराको वर्णन गर्दै प्रस्तुत संस्मरणलाई टुङ्ग्याएको छ ।

*साल्टलेकको नुनिलो पानी* मा युटाह राज्यको राजधानी साल्ट लेक सिटीको वर्णन गरिएको छ । विमानस्थलबाट विभिन्न दृश्यावलोकन, साल्टलेक सिटीको एयरपोर्टमा उत्रेको, साल्टलेक सिटीमा प्रशस्त तलाउहरू रहेको, डिपाटमेन्टल स्टोरमा खानेकुरा किनेको, मेरियर होटलमा बास बसेको, साल्टलेक सिटी धार्मिक, सामाजिक, ऐतिहासिक, औद्योगिक र भौगोलिक हिसाबले अन्य सिटी भन्दा फरक भएको, क्रिश्चियन धर्मावलम्बीहरूको सहरको रूपमा परिचित रहेको, यस सहरको इतिहास सहर निर्माण गर्दा ३ सय शताब्दी पछिको जनसङ्ख्यालाई ध्यानमा राखी बनाइएको आदि कुराको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । यसैगरी २४ जुलाइका दिन पायोनियर्स दिवसको वर्णन, ग्रेट लेकको नुनिलो पानीको तलाउको विशेषताको चर्चा, ओलम्पिक पार्कको अवलोकन गरेको, त्यहाँको वातावरण नेपालको पहाडी भू-भाग जस्तै रहेको, व्रिघम योंग युनिभर्सिटीको पब्लिक पोलेसी ग्र्याजुयट प्रोग्रामका प्रोफेसर र सम्बन्धित पदाधिकारीहरूसँग भएको भेट, उनीहरूले नेपालीहरूप्रति देखाएको प्रेम, सद्भाव र सहानुभूति विघ्रम योंग युनिभर्सिटीको इतिहास, युनिभर्सिटीमा अध्ययनरत विद्यार्थीहरू मध्ये नेपाली विद्यार्थी एकजना मात्र रहेको, त्यस राज्यको स्टेट क्यापिटल विल्डिङ मुख्य सरकारी कार्यालयकी प्रतिनिधिसभा सदस्य बनेकी, लकहर्टसँगको भेटवार्ता, प्रोफेसर स्टेफेनसँगको कुराकानी, सोन्जा चेस्टले इरनिस नामकी महिलाले उनीहरूलाई खाना खुवाएको आदि कुराहरूको चर्चा गर्दै संस्मरणको अन्त्य गरिएको छ ।

*लस ऐन्जेलसमा लाइन मिच्दा* संस्मरण मा नेपाल फर्किने क्रममा प्लेन छुट्ने डरले लाइन मिच्दा कुसुमलाई अन्य यात्रीहरूले हप्काएको र आफूलाई लाज लागेको यथार्थता प्रस्तुत गरिएको छ । नेपाल फर्किने ८ जना मात्र भएको, जेम्स ज्यायसको बिदाइमा कुसुमलाई खल्लो लागेको, साल्ट लेक सिटीबाट लस एन्जेलस उडेको, एन्जेलस सहरको इतिहास र सहरिया वातावरणको चर्चा, घुमिरहेको बेला सेक्युरिटी गार्डले सबैलाई एयरपोर्ट बाहिर निकालेको, एयरपोर्टमा बम राखेको सूचना हुनु, कुसुमले आफ्नो जहान परिवार सम्झेको, प्लेन छुट्ने डरले दुई तीन जनालाई उछिनेर अगाडि जाँदा अमेरिकीहरूका अगाडि बहिराको अभिनय गरेको, प्लेनद्वारा विविध दृश्यावलोकन गर्दै हिथ्रो विमानस्थलमा ओर्लिएको आदि प्रसङ्गसँगै यस संस्मरण टुङ्ग्याइएको छ ।

**पारिको अनुभव** यात्रासंस्मरणको अन्तिम संस्मरण *हिथ्रोदेखि काठमाडौंसम्म* रहेको छ । यस संस्मरणमा हिथ्रोदेखि काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएको विषयवस्तु प्रस्तुत गरिएको छ । हिथ्रो विमानस्थलको परिचय, विमानस्थलमा कुर्सीमा आराम गर्दागर्दै निदाएको, ब्रिटेनबाट आएको यात्रीलाई देखेर ब्रिटेनलाई सम्झन पुगेको, ब्रिटेनको इतिहासको चर्चा, कुर्सीको छेउमा बसेकी मोटी आईमाईको पसिना गन्हाएका कारण, ड्युटी फ्री पसलतिर केही किन्न गएको तर महङ्गो भएकोले चकलेट मात्र किनेर फर्केको, आठ घण्टाको बसाइपछि गल्फ एयरबाट उडेको, ब्रिटेन इङ्गलि च्यानल हुँदै अवुधावीबाट प्लेन उत्रेको, अवुधावी विमानस्थलमा ५ घण्टा घुमेर बिताएपछि गल्फ एयरकै विमानबाट इन्डिया हुँदै काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल उत्रेको आदि संस्मरणहरू प्रस्तुत गर्दै 'पारिको अनुभव' यात्रा संस्मरणको अन्त्य गरिएको छ ।

यस यात्रासंस्मरणमा सङ्कलित संस्मरणहरूमा कुसुमले आफूले अमेरिकाका विभिन्न ठाउँमा भ्रमण गर्दा देखेका, भोगेका र घटेका घटनाहरूलाई वर्णन गरेका छन् । उनले त्यहाँका प्रत्येक वस्तुलाई नेपालसँग तुलना गर्दै हेरेको पाइन्छ । उनले अन्य ठाँउका विमानस्थलसँग नेपालका विमानस्थलको तुलना गर्दै नेपालका विमानस्थलमा चोरी, डकैती र घुस आदि कुराहरू हुने र सुरक्षा जाँचमा पनि कमि हुने कुराहरूको वर्णन यात्रासंस्मरणमा गरेका छन् । यसैगरी सरकारी नीतिहरू र गैरसरकारी संस्थाका नीतिनियमहरू, ती संस्थाहरूका लक्ष्य आदि कुरालाई नेपालको प्रशासन एवम् गैरसरकारी नीतिनियमसँग तुलना गरी नेपालको प्रशासन, नीतिनियम क्षणिक र गतिहीन भएको कुरा कुसुमले दर्साएका छन् । उनले अमेरिकाका विभिन्न स्थानमा बनेका सहरहरू ३०० वर्ष पछाडिको अवस्थालाई मध्यनजर गरेर बनाइएका र ती सहरसँग काठमाडौं सहरको तुलना गरेका छन् । यसैगरी यात्राका क्रममा विभिन्न स्थानमा कुसुमले भोगेका तीतामीठा घटनाहरूबाट हामी नेपाली विविध दृष्टिकोणले पछाडि रहेको कुरा पनि यी संस्मरणमा वर्णन गरेका छन् ।

### ४.७.५ विचार

**पारिको अनुभव** यात्रासंस्मरणको विषयवस्तु निबन्धकार गोविन्दप्रसाद 'कुसुम'ले अमेरिका भ्रमण गर्दा आफूले भोगेका, देखेका, सुनेका, अनुभव र अनुभूति गरेका कुराहरूमा नै आधारित छ । अमेरिका भ्रमणका क्रममा उनले त्यहाँका विमानस्थल, सहरहरू, ट्राफिक नियम, विमानस्थलको सुरक्षा जाँच, सहर भ्रमण गर्दा अपनाउनु पर्ने नियम र शिक्षा र सचेतनाका कुराहरूसँग नेपाललाई तुलना गर्दा कुसुमले नेपालमा पनि ती कुराहरू खोजिरहेको कुरा बुझिन्छ । अमेरिकाका प्रत्येक व्यक्तिहरू आर्थिक रूपले सम्पन्न भएको, सबै क्षेत्रमा युवाहरूको प्रतिनिधित्व भएको, प्रशासनिक नीति राम्रो भएको, प्रदूषण नभएको, अमेरिकाका सबै मानिससँग सवारी साधन हुने र अमेरिकामा बस्ने नेपालीहरू पनि आर्थिक रूपले सम्पन्न भएको आदि कुराको चर्चाले नेपालमा यी सबै कुराको अभाव भएको धारणा व्यक्त गरेका छन् । यसरी अमेरिका भ्रमणमा देखेका र भोगेका कुरालाई यात्रासंस्मरणमा व्यक्त गरेर सम्पूर्ण पाठकलाई आफूसँगै अमेरिका भ्रमण गराउनुका साथै त्यहाँको प्रशासनिक नीति, सहर व्यवस्थापन, शैक्षिक तथा आर्थिक स्तर अनुसरण नेपाल र नेपालीले गर्न सकुन् भन्ने दृष्टिकोण प्रस्तुत यात्रासंस्मरण **पारिको अनुभव**मा व्यक्त भएको छ ।

### ४.७.६ भाषा

गोविन्दप्रसाद 'कुसुम'ले भ्रमणको समयमा देखेका, सुनेका र भोगेका अनुभूतिहरूलाई यथार्थ रूपमा सरल र सहज भाषामा उतारेका छन् । कुसुमले प्रस्तुत यात्रासंस्मरणको कतिपय स्थानमा विचलनयुक्त भाषाको प्रयोग गरेका छन् । इतिहासलाई प्रस्तुत गर्दा तिथिमितिको प्रयोग पनि प्रस्तुत संस्मरणमा पाइन्छ । यस यात्रासंस्मरणमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको उचित प्रयोग देखिन्छ । कुसुमले आफूले देखेका स-साना कुराहरूलाई पनि सरल तथा बुझिने भाषामा वर्णन गरेका छन् । यस संस्मरणमा अङ्ग्रेजी शब्द र वाक्यको प्रयोग पनि पाइन्छ । जस्तैः 'बायोडाटा', 'अपडेट' (पृ. १३), 'अपग्रेड', 'वीजीनेस' (पृ., १९), 'पासपोर्ट' (पृ. २९) 'मिस गाइड' (पृ. ५३), 'वाइन' (पृ. ५७), 'डिनर', 'लाइब्रेरी' (पृ. ६९), 'प्राइज' (पृ. ८१) आदि । कुसुमले प्रस्तुत यात्रासंस्मरणमा आलङ्कारिक भाषाको प्रयोग पनि गरेका छन् । जस्तैः उकालो बाटोबाट ओरालोतर्फ बगेको छङछङ छहराझैं भौतिक आवश्यक आपूर्तिका लागि अवसरको खोजीमा सबै देशका मानिसहरू अमेरिकातर्फ बग्ने क्रम प्रत्येक वर्ष बढ्दो छ (कुसुम, २०६० : २) ।

कुसुमले संस्मरणका बीचमा दुईवटा कविता पनि उल्लेख गरेका छन् । कुसुमले स्मृतिसन्दर्भहरू उल्लेख गर्दा भूतकालीन क्रियाको प्रयोग गरेका छन् । समग्रमा कुसुमको प्रस्तुत यात्रासंस्मरण भाषाका दृष्टिकोणले बोधगम्य छ ।

### ४.७.७ शैली

प्रस्तुत यात्रासंस्मरणमा वर्णनात्मक र विवरणात्मक शैली प्रयोग गरिएको छ । कुसुमले प्रसङ्गअनुसार कतै कतै संवादात्मक शैलीको पनि प्रयोग गरेका छन् । यस संस्मरणमा कुसुमले केही मात्रामा दैनिकी पद्धति पनि अङ्गालेका छन् । स्मृति सन्दर्भहरूको प्रस्तुति पूर्वदीप्ति शैलीमा गरेका छन् । कुसुमले अनुभूति गरेका विषयवस्तुलाई यथार्थ रूपमा वर्णनात्मक र विवरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । प्रस्तुत संस्मरणमा प्रसङ्गअनुसार शैलीको प्रयोगले विषयवस्तु बुझ्न सजिलो बनेको छ ।

### ४.७.८ निष्कर्ष

गोविन्दप्रसाद कुसुमको **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणमा ८ वटा संस्मरणहरू सङ्गृहीत छन् । कुसुमले प्रत्येक संस्मरणमा यात्राका क्रममा देखेका, भोगेका एवम् घटेका घटनाहरूलाई विषयवस्तु बनाएका छन् । न्यूनतम २० पृष्ठदेखि अधिकतम ५० पृष्ठसम्मको लमाइमा फैलिएका यी संस्मरणहरूमा सन् २००२ मा कुसुमले अमेरिका भ्रमण गर्दा आफू घुमेको स्थान, त्यस स्थानको इतिहास, वासिङ्गटन डि.सी., सान्टाफे, प्यूब्लो, चार्ल्सटन, साल्ट लेक सिटी, युटचह आदि सहरहरूको भौगोलिक अवस्था, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा संस्कृतिको वर्णन गर्दै सहर व्यवस्थापनको पक्षलाई नेपालसँग तुलना गर्दै नेपालमा पनि ती कुराहरूको अपेक्षा राखेका छन् । कुसुमले भ्रमणका क्रममा भएको भेटघाट, छलफल, गोष्ठी, सेमिनार आदि कुरालाई यथार्थरूपमा चित्रण गरेका छन् । कतिपय ठाउँमा भ्रमण गर्दा अपनाउनु पर्ने सतकर्ता तथा विदेश भ्रमणमा रहेको बेला यात्रीले ध्यान पुऱ्याउनु पर्ने कुराहरू प्रत्येक संस्मरणमा चर्चा गरेका छन् । त्यसैले उनको स्मृति सन्दर्भ पढ्दा उनीसँगै यात्रा गरेको अनुभव हुन्छ । संस्मरणहरूको शैली वर्णनात्मक पद्धतिमा आधारित छ । कुसुमले यी संस्मरणहरूमा कतै वर्णनात्मक, कतै संवादात्मक शैलीको प्रयोग गरेका छन् । संस्मरणहरूमा नेपाली लेखाइ र बोलचालमा प्रचलित भाषाको प्रयोग गरिए तापनि विभिन्न ठाउँमा विचलनयुक्त वाक्यहरूको प्रयोगका साथै अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग र  विभिन्न उखानहरूको पनि प्रयोग गरेका छन् । उनले संस्मरणका बीचमा दुईवटा कविता पनि प्रस्तुत गरेका छन् ।

समग्रमा यो यात्रासंस्मरणात्मक कृति नेपाली साहित्यको यात्रासंस्मरण विधामा उपलब्धिपूर्ण छ र अमेरिका जाने र अमेरिकाको ज्ञान राख्न चाहने पाठकहरूका लागि उपयोगी सामग्री सावित भएको छ ।

### ४.८.१ पद्मप्रसाद शर्मा (२०१५) को ढिकपुरदेखि मेचीपुलसम्म यात्रासंस्मरणको विश्लेषण

#### ४.८.१.१ लेखन र प्रकाशन

पद्मप्रसाद शर्माद्वारा लिखित यात्रासंस्मरण **ढिकपुरदेखि मेचीपुलसम्म** (२०५८) दिगो विकास समूह मूल कमिटी ढिकपुर दाङबाट प्रकाशित कृति हो । लेखन र प्रकाशनका दृष्टिले दोस्रो स्थानमा रहेको यो कृतिको आवरण पृष्ठको माथिल्लो भागमा कृतिको नाम ढिकपुरदेखि मेचीपुलसम्म लेखिएको छ भने बीच भागमा भ्रमणमा सहभागी भएका सहभागीहरूको सामूहित फोटो र अन्त्य भागमा लेखकको नाम पद्मप्रसाद शर्मा लेखिएको छ । आवरण पृष्ठको अर्कापट्टि कृतिको नाम, लेखकको नाम, प्रकाशक, प्रकाशन मिति र मूल्य आदिको विवरण दिइएको छ । आवरण पृष्ठको भित्री भागमा जिल्ला विकास समितिको सभापतिद्वारा शुभकामना मन्तव्य, भित्री भागको अर्कापट्टि दिगो विकास कार्यक्रम संयोजकको शुभकामना मनतव्य, आवरण पृष्ठको अन्त्यमा लेखकको परिचय, प्रकाशित कृतिहरूको नाम, प्रकाशोन्मुख कृतिहरूको नाम उल्लेख गरिएको छ । प्रस्तुत कृतिको मूल्य रु. १० राखिएको छ ।

#### ४.८.१.२ संरचना

यस यात्रासंस्मरणको सुरुवातमा सामुदायिक दिगो विकास कार्यक्रमको अवधारणा र भ्रमण गर्दा पालना गर्नुपर्ने आचार संहिता उल्लेख गरिएको छ । यसको संस्मरणहरू दैनिकी शैलीमा संरचित छन् । जुन यसप्रकारका छन् *: पहिलो दिन चैत्र १२ गते, दोस्रो दिन चैत्र १३ गते, तेस्रो दिन २०५७ चैत्र १४ गते, चौथो दिन २०५७ चैत्र १५ गते बुधवार, पाँचौ दिन २०५७ चैत्र १६ गते बिहीवार, छैठौं दिन २०५७ चैत्र १७ गते शुक्रवार* । यो यात्रासंस्मरण जम्मा २४ पृष्ठसम्म फैलिएको छ ।

#### ४.८.१.३ शीर्षक

यस यात्रासंस्मरणमा पद्मप्रसाद शर्माले ढिकपुरदेखि मेचीपुलसम्म यात्रा गर्दा देखेको, भोगेको सत्यतथ्य कुराहरूलाई यथार्थ रूपमा संस्मरण गरिएको हुनाले प्रस्तुत कृतिको नाम **ढिकपुरदेखि मेचीपुलसम्म** राखिएको छ । प्रस्तुत यात्रासंस्मरणमा शीर्षकअनुसार विषयस्तुको सत्यतथ्य र वास्तविकताको वर्णन गरिएको हुनाले शीर्षक सार्थक बन्न पुगेको छ ।

#### ४.८.१.४ विषयवस्तु

पद्मप्रसाद शर्माद्वारा लिखित **ढिकपुरदेखि मेचीपुलसम्म** यात्रासंस्मरणमा लेखकले यात्राका क्रममा जानकारी लिएका विविध पक्षहरूलाई समेटेर विषयवस्तुका रूपमा प्रस्तुत

गरेका छन् । यस यात्रासंस्मरणको सुरुवात सामुदायिक दिगो विकास कार्यक्रम र भ्रमणको सिलसिलामा सहभागीहरूले पालना गर्नुपर्ने आचारसंहिताबाट गरिएको छ । *पहिलो दिन चैत्र १२ गते* को संस्मरणमा दाङ ढिकपुरदेखि यात्रा सुरुवात गरी जनकपुरधाम पुग्दासम्म लेखकले देखेका नारायणीपुल, नारायणघाट बजार, हेटौडा शहर आदिका रमणीय दृश्यको बारेमा चर्चा गरेका छन् । *दोस्रो दिन चैत्र १३ गते* को संस्मरणमा रेलवे स्टेशनको अवलोकन, जानकी मन्दिर दर्शन, मत्स्य उत्पादन केन्द्र अवलोकन, कोशी नदी आदिको बारेमा विस्तृत रूपमा वर्णन गरिएको छ । *तेस्रो दिन २०५७ चैत्र १४ गते* को संस्मरणमा पाखीबास बजार, पाखीबास कृषि अनुसन्धान केन्द्रको अवलोकन गर्दा तरकारी, फलफूल खेती, पशुपालन, कृषि फर्म आदिको वर्णन लेखकले गरेका छन् । *चौथो दिन २०५७ चैत्र १५ गते बुधवार* शीर्षकको संस्मरणमा विर्तामोडलाई दाङसँग तुलना गर्नु, झापाको मनोरम दृश्यको परिचय, कन्यामको पालटाँगे चियाबगानको अवलोकन गर्दै लेखक लेख्छन्: दाङको काभ्रे, स्यूजा, सैघा, लोहारपानीमा पनि चिया खेती हुँदो हो कि हामी यस्तै तर्क बितर्क लाग्यो (शर्मा, २०५८ : १२) । त्यसपछि चिया निगमको अवलोकन, चिया बनाउने तरिका, दार्जलिङ, दार्जलिङ चियाबगान, चिडियाखाना आदिको अवलोकन गरेको चर्चा प्रस्तुत संस्मरणमा गरिएको छ । *पाँचौ दिन २०५७ चैत्र १६ गते बिहीवार* को यात्रासंस्मरणमा लेखकले यात्रामा रमाइलो गरेको, कन्याम चियाबगानको अवलोकन गरेको, गाडीबाट त्यहाँ कृषि खेतीको अवलोकन गरेको, चन्द्रगढीको महेन्द्रपार्क घुमफिर गरेको, मेची पुल अवलोकन गरेको, भारतले रातारात पिलर र कोशी टप्पु वन्यजन्तु आरक्षण सारेको विषयमा जिज्ञासा र अन्तमा शरणार्थी क्याम्पको र कोशी टप्पु अवलोकनको चर्चा गदै संस्मरणको अन्य गरिएको छ । *छैठौं दिन २०५७ चैत्र १७ गते शुक्रबार* को संस्मरणमा सर्लाहीको बागवानी केन्द्रको अवलोनक, आलुखेतीको चर्चा, आपँको कलमी गर्ने तरिकाको जानकारी लिएको, चिनीकारखाना, सिमेन्ट कारखाना, हेटौडाको शहीदपार्क आदिको अवलोकन गर्दै दाङ फर्केको संस्मरण गर्दै यात्रासंस्मरणको अन्त्य गरिएको छ ।

लेखक पद्मप्रसाद शर्माले प्रस्तुत यात्रासंस्मरणमा आफूले भ्रमणका क्रममा अवलोकन  र जानकारी लिएका विभिन्न स्थानहरूको विस्तृत रूपमा परिचय दिएका छन् । त्यही परिचय नै **ढिकपुरदेखि मेचीपुलसम्म** संस्मरणको विषयवस्तु हो । शर्माले जानकी मन्दिर, जनकपुर मत्स्यपालन केन्द्र, पाखीवास कृषि अनुसन्धान केन्द्र, कन्याम चियाबगान, दार्जलिङ, मेचीपुल र शरणार्थी क्याम्प, कोशी टप्पु वन्जजन्तु आरक्षण, सर्लाहीको बागवानी केन्द्र, चिनी कारखाना, हेटौडाका शहीदपार्क आदिको विस्तृत वर्णन गरेका छन् । भ्रमणका कतिपय स्थानलाई दाङ र दाङका पहाडी जिल्लासँग तुलना पनि गरेको पाइन्छ । त्यसैगरी भारतले सीमा रातारात मिचेको छ तर त्यहाँका बासिन्दालाई कुनै चासो नभएको कुरा पनि

प्रस्तुत संस्मरणमा उल्लेख गरिएको छ । प्रस्तुत संस्मरण छोटो आयाममा संरचित भए तापनि विषयवस्तुको व्यापकता भने पाइन्छ ।

### ४.८.१.५ विचार

प्रस्तुत यात्रासंस्मरणमा पद्मप्रसाद शर्माले यात्रा रमाइलो र मनोरञ्जनका लागि मात्र नभइ नौलो, अनविज्ञ र प्रसिद्ध स्थलहरूको जानकारी लिनु पनि हो भन्ने विचार व्यक्त गरेका छन् । एउटा सचेत नागरिकले देशका भौगोलिक, सामाजिक, प्राकृतिक, भौतिक संरचना, विकाससँग सम्बन्धित कुराहरू, उद्योग, कलकारखाना र धार्मिक क्षेत्रको जानकारी लिनुपर्ने हुन्छ भन्ने दृष्टिकोण पनि प्रस्तुत यात्रासंस्मरणमा पाइन्छ । भारतले दिनहुँ सीमा मिच्दा मतलब नगर्ने मेचीका बासिन्दाको बाध्यात्मक परिस्थितिको चर्चाले सबै नेपाली आफ्नो देशप्रति संवेदनशील बन्नुपर्छ भन्ने भावना शर्माले व्यक्त गरेका छन् । पूर्वी नेपालमा भएको चिया खेतीको मनमोहक दृश्यले आफ्नो जिल्लाको पहाडी क्षेत्रमा पनि चिया खेतीको अपेक्षा लेखकले गरेका छन् । भ्रमण रमाइलोको साथै उद्देश्यमूलक, जानकारीमूलक हुनुपर्छ भन्ने विचार प्रस्तुत यात्रासंस्मरणमा पाइन्छ ।

### ४.८.१.६ भाषा

प्रस्तुत यात्रासंस्मरणमा शर्माले सरल नेपाली र सामान्य बोलीचालीको भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित रूपमा प्रयोग भएको पाइन्छ । शर्माले यस कृतिको कुनै कुनै संस्मरणमा हिन्दी भाषाको पनि प्रयोग गरेका छन्:

"ठीक है बाबाजी फिर कभी मिलेंगे मैं अभी जाता हु ।" (पृ. ६) 'तुम नेपाली हा या भारती' (पृ. १६) । शर्माले भ्रमणमा गरेका हरेक क्रियाकलापको समयसूची दिएका छन् । ढिकपुरदेखि मेचीपुलसम्म यात्रासंस्मरण सरल र स्थानीय भाषिकाको प्रयोगले बोधगम्य बनेको छ ।

### ४.८.१.७ शैली

प्रस्तुत यात्रासंस्मरण दैनिकी पद्धतिमा संरचित छ । लेखकले आफूले भ्रमणको सिलसिलामा जानकारी लिएका वस्तुस्थितिको चर्चा गर्न विविध शैलीको प्रयोग गरेका छन् । यस यात्रासंस्मरणमा जनकपुरको मत्यस्यपालन केन्द्र, पाखीबास कृषि अनुसन्धान केन्द्र, कन्याम चियाबगान, शरणार्थी क्याम्प र कोशी टप्पु बन्यजन्तु आरक्षणको परिचय दिन लेखकले विवरणात्मक शैलीको प्रयोग गरेका छन् । यसैगरी अन्य प्रसङ्गहरूमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ भने कृतिको बीचबीचमा संवादात्मक, प्रश्नात्मक र व्यङ्ग्य शैलीको प्रयोग पनि पाइन्छ ।

### ४.८.१.८ निष्कर्ष

पद्मप्रसाद शर्माद्वारा लेखिएको **ढिकपुरदेखि मेचीपुलसम्म** यात्रासंस्मरणमा लेखकले आफूले भ्रमणका क्रममा जानकारी लिएको विविध पक्षको यथार्थ रूपमा प्रस्तुत गरेका छन् । उनले जनकपुरको मत्स्यपालन, पाखीवास कृषि अनुसन्धान केन्द्र, शरणार्थी क्याम्प आदिको मनमोहक प्रस्तुतिले पाठकलाई आफूसँगै यात्रा गराएका छन् । शर्माले भ्रमण रमाइलो र मनोरञ्जनका लागि मात्र नभएर उद्देश्यमूलक र जानकारीमूलक हुनुपर्छ भन्ने विचार प्रस्तुत यात्रासंस्मरणमा व्यक्त गरेका छन् । शर्माले आफूले जानकारी लिएका वस्तुस्थितिको चर्चा गर्न सरल भाषा र विविध शैलीको प्रयोग गरेका छन् । प्रस्तुत यात्रासंस्मरण विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले पठनीय छ ।

## ४.८.२ पद्मप्रसाद शर्मा (२००५) को शब्दको भेद र कार्यक्रमको स्वरूप निबन्धसङ्ग्रहको विश्लेषण

### ४.८.२.१ लेखन र प्रकाशन

पद्मप्रसाद शर्माद्वारा लिखित निबन्धसङ्ग्रह **शब्दको भेद र कार्यक्रमको स्वरूप** (२०६१) नयाँ युगबोध दाङबाट प्रकाशित कृति हो । शर्माको लेखन र प्रकाशनको दृष्टिले हेर्दा छैठौं स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा कार्यक्रम सञ्चालन गर्न लागेको र कार्यक्रम सुनेर बसेका व्यक्तिहरूको चित्र राखिएको छ । प्रस्तुत कृतिको आवरण पृष्ठको सिरानमा कृतिको नाम शब्दको भेद र कार्यक्रमको स्वरूप लेखिएको छ भने पुछारको भागमा लेखकको नाम पद्मप्रसाद शर्मा लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा लेखकको नाम, प्रकाशक, मूल्य र संस्करण आदिको विवरण दिइएको छ । प्रस्तुत कृतिको अन्त्यको आवरण पृष्ठमा लेखकको परिचय, लेखकको तस्वीर र प्रकाशित कृतिहरूको सूची उल्लेख गरिएको छ । प्रस्तुत कृतिमा सङ्कलित निबन्धहरू नयाँ युगबोधबाट फुटकर रूपमा प्रकाशित भइसेको देखिन्छ ।

### ४.८.२.२ संरचना

प्रस्तुत निबन्धसङ्ग्रहमा जम्मा ९ वटा निबन्धहरू सङ्ग्रहित छन् । ती निबन्धहरूमा *शब्दको भेद र कार्यक्रमको स्वरूप-१, शब्दको भेद र कार्यक्रमको स्वरूप-२, शब्दको भेद र कार्यक्रमको स्वरूप-३, शब्दको भेद र कार्यक्रमको स्वरूप-४, शब्दको भेद र कार्यक्रमको स्वरूप-५, शब्दको भेद र कार्यक्रमको स्वरूप-६, शब्दको भेद र कार्यक्रमको स्वरूप-७, शब्दको भेद र कार्यक्रमको स्वरूप-८, र नेपाली टायम कहिलेसम्म* हुन् । जम्मा २६ पृष्ठमा संरचित प्रस्तुत कृतिको सबै निबन्धहरू लघु आयाममा लेखिएका छन् ।

### ४.८.२.३ शीर्षक

पद्मप्रसाद शर्माले कार्यक्रम सञ्चालन तथा आयोजना गर्दा वा कार्यक्रममा सहभागी हुँदा तथा बोल्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको बारेमा जानकारी दिन लेखिएको निबन्धलाई कृतिको रूप दिएका छन् । शर्माले पहिलो निबन्धदेखि आठौं निबन्धको शीर्षक एउटै राखेर तीनलाई १ . . .८ सम्मको अङ्क दिएर बेग्लाबेग्लै निबन्धको रूप दिएका छन् तर ती सबै निबन्धका विषयवस्तु एकअर्कामा सम्बन्धित छन् । त्यसैले प्रस्तुत कृतिको नाम पनि ती सबैको प्रतिनिधित्व हुने गरी **शब्दको भेद र कार्यक्रमको स्वरूप** राखेका छन् । विषयवस्तु अनुसार शीर्षकको छनोट र शीर्षक अनुसार विषयवस्तुको प्रस्तुति भएकाले प्रस्तुत कृतिको शीर्षक सार्थक बनेको छ ।

### ४.८.२.४ विषयवस्तु

पद्मप्रसाद शर्माले **शब्दको भेद र कार्यक्रमको स्वरूप** निबन्धसङ्ग्रहमा कुनै पनि विषयमा कार्यक्रम गर्दा आयोजक, अतिथि र सहभागीले ध्यान पुऱ्याउनु पर्ने कुराहरूलाई नै मूल विषयवस्तु बनाएका छन । कार्यक्रम आयोजना गर्नु भन्दा पहिले कार्यक्रमको बारेमा छलफल, कार्यक्रम अनुसार सहभागी छनोट, कार्यक्रमको विषयवस्तुको बारेमा जानकारी दिने र कार्यक्रम मनोरञ्जनका साथ सम्पन्न हुनुपर्छ भन्ने विषयवस्तुहरू *शब्दको भेद र कार्यक्रमको स्वरूप-१* निबन्धमा दिएका छन् । *शब्दको भेद र कार्यक्रमको स्वरूप-२* मा लेखकले सभा, आमसभा, भेला, अन्तर्क्रिया गोष्ठी, समीक्षा गोष्ठी, विचार गोष्ठी, प्रवचन गोष्ठी, साहित्य गोष्ठी, परिचयात्मक गोष्ठी, कार्यशाला गोष्ठी, कवि गोष्ठी, स्वागत समारोह आदि कार्यक्रमहरूको सामान्य चर्चा गरेका छन् । त्यसैगरी शर्माले *शब्दको भेद र कार्यक्रमको स्वरूप ३,४,५,६,७* मा श्रद्धाञ्जली सभा, आमसभा, समीक्षा गोष्ठी, विचार गोष्ठी, प्रवचन गोष्ठी, परिचयात्मक गोष्ठी, कार्यशाला गोष्ठी, स्वागत समारोह, विदाइ समारोह, मिलन समारोह, विमोचन समारोह, सार्वजनिक सुनुवाई, प्रशिक्षण कार्यक्रम, साक्षात्कार कार्यक्रम, आत्मवचन, अभिनन्दन समारोह, चिरफार कार्यक्रम, लोकार्पण कार्यक्रम र रथारोहण कार्यक्रम आदि कार्यक्रमहरूका बारेमा जानकारी दिँदै ती कार्यक्रमहरू सञ्चालन कसरी गर्ने र सञ्चालन गर्दा आयोजकले ध्यान पुऱ्याउनु पर्ने कुराहरूलाई शर्माले विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिको अन्तिम निबन्ध 'नेपाली टायम कहिले सम्म ?' मा विश्वका सबै मुलुकमा बेग्लाबेग्लै समय हुने पहिले पहिले समय सूर्यको अवलोकन गरी निर्धारण गर्ने र अहिले घडीको आविस्कार भए तापनि समयको अवमूल्यन भएको कुरा व्यक्त गरेका छन् । निर्धारित समयमा कार्यक्रममा जाने र निर्धारित समयमा कार्यक्रम सञ्चालन गर्दा कसैको पनि समय बरबाद हुँदैन जस्ता विषयवस्तुहरू समेटिएका छन् ।

शर्माले प्रस्तुत निबन्धसङ्ग्रहमा हालसम्म प्रयोगमा आएका कार्यक्रमहरू कस्ता कस्ता प्रकारका हुन्छन् र ती कार्यक्रम सम्पन्न गर्दा आयोजकले ध्यान दिनुपर्ने कुराहरू र ती कार्यक्रममा सहभागी हुँदा सहभागीले जान्नुपर्ने कुराहरूलाई नै विषयवस्तु बनाएका । कार्यक्रम आयोजना गर्दा समयलाई आयोजक तथा सहभागी दुबैले पालना गर्नुपर्ने हुन्छ । कार्यक्रमको आयोजना निर्धारित समयमै गर्ने, कार्यक्रममा सहभागी हुँदा निर्धारित समयमै हुर्ने र नेपाली टाइम भनेर अवमूल्यन गर्नु हुँदैन भन्ने विषवस्तुहरू पनि प्रस्तुत कृतिमा समावेश गरिएको छ ।

### ४.८.२.५ विचार

प्रस्तुत निबन्धसङ्ग्रहमा शर्माले कुनै पनि व्यक्ति वा संस्थाले कार्यक्रम आयोजना गर्दा कार्यक्रमको बारेमा पूर्ण जानकारी लिएर मात्र गर्नुपर्ने हुन्छ । कार्यक्रमले कुनै न कुनै सन्देश दिएको हुनुपर्छ । उद्देश्य बिनाको कार्यक्रम आयोजना गर्नुहुँदैन भन्ने धारणा राखेका छन् । त्यसैगरी कार्यक्रम आयोजना गर्दा कार्यक्रममा सहभागी गराउने व्यक्तिहरूको छनोट गर्ने र कस्ता कस्ता सहभागीलाई बोल्न दिने भन्ने बारेमा पूर्वतयारी गऱ्यो भने त्यो कार्यक्रम प्रभावकारी, उद्देश्यमूलक र सन्देशमूलक हुन्छ भन्ने विचार प्रस्तुत कृतिमा पाइन्छ ।

कुनै पनि कार्यक्रम सञ्चालन खाका तयार गरेर गऱ्यो भने कार्यक्रम सञ्चालनमा समस्या उत्पन्न हुँदैन र कार्यक्रम सञ्चालन गर्दा, कार्यक्रममा सहभागी हुँदा र कार्यक्रममा बोल्दा समयलाई ध्यान पुऱ्याउन सकियो भने त्यो कार्यक्रम औचित्यपूर्ण हुन्छ भन्ने दृष्टिकोण शर्माले प्रस्तुत  निबन्धसङ्ग्रहमा  व्यक्त भएको छ ।

### ४.८.२.६ भाषा

पद्मप्रसाद शर्माले प्रस्तुत निबन्धसङ्ग्रमा सरल, सुबोध र सहज नेपाली भाषाको प्रयोग गरेका छन् । शर्माले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि समुचित रूपमा प्रयोग गरेका छन् । शर्माले प्रत्येक कार्यक्रमको जानकारी बुँदामा दिएका छन् जसले गर्दा विषयवस्तुको बोध सजिलैसँग भएको छ । प्रस्तुत कृतिमा शर्माले स्थानीय भाषिकाको पनि प्रयोग गरेको देखिन्छ । समग्रमा शब्दको रूप र कार्यक्रमको स्वरूप निबन्धसङ्ग्रह भाषाको दृष्टिले पठनीय छ ।

### ४.८.२.७ शैली

प्रस्तुत निबन्धसङ्ग्रह व्याख्यात्मक शैलीको बाहूल्यता भएको वस्तुपरक निबन्धसङ्ग्रह हो । शर्माले कार्यक्रमको बारेमा जानकारी दिँदा, कार्यक्रम आयोजना गर्दा वा कार्यक्रममा सहभागी हुँदा तथा बोल्दा अपनाउनु पर्ने सतर्कताको बारेमा जानकारी दिन व्याख्यात्मक शैलीको प्रयोग गरेका छन् । प्रस्तुत कृतिमा समयको अवमूल्यन

गर्नेहरूलाई व्यङ्ग्य गर्न व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरेका छन् । शर्माले प्रस्तुत कृतिमा व्याख्यात्मक शैलीको बढी प्रयोग गरेका छन् ।

### ४.८.२.८ निष्कर्ष

प्रस्तुत निबन्धसङ्ग्रहमा शर्माले कार्यक्रम कसरी आयोजना गर्ने, कार्यक्रममा कसरी प्रस्तुत हुने र कार्यक्रम कस्ता कस्ता हुन्छन् भन्ने कुराको जानकारी दिएका छन् । कार्यक्रमसम्बन्धी पूर्ण जानकारी तथा तयारी भएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ र त्यस्तो कार्यक्रम जानकारीमूलक हुनुपर्छ । कार्यक्रम मनोरञ्जनपूर्वक सम्पन्न भएको हुनुपर्छ र कार्यक्रम सञ्चालन गर्दा, कार्यक्रममा सहभागी हुँदा वा बोल्दा समय र शब्दको प्रयोगमा ध्यान दिनुपर्ने आदि विचारहरू प्रस्तुत कृतिमा व्यक्त गरिएको छ । प्रस्तुत कृतिका निबन्धका विषयवस्तु सरल नेपाली भाषा र व्याख्यात्मक शैलीमा व्यक्त भएका छन् । समग्रमा प्रस्तुत निबन्धसङ्ग्रह विषयवस्तु, विचार, भाषा र शैलीको दृष्टिले सफल छ । कुनै पनि कार्यक्रमको आयोजन गर्दा, कार्यक्रममा भाग लिँदा वा कार्यक्रमसम्बन्धी जानकारी लिने इच्छा राख्नेहरूका लागि प्रस्तुत कृति उपयोगी सिद्ध बन्न सक्छ ।

## ४.८.३ पद्मप्रसाद शर्मा (२०१५)को पहलवानपुरदेखि तिलासम्म यात्रासंस्मरणको विश्लेषण

### ४.८.३.१ लेखन र प्रकाशन

पद्मप्रसाद शर्माद्वारा लिखित यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह **पहलमानपुरदेखि तिलासम्म** (२०६५) रस प्रकाशन घोराहीबाट प्रकाशित कृति हो । शर्माको लेखन र प्रकाशनका दृष्टिले आठौं स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा रोल्पाको तिला र लेखकले कर्णाली पुलमा खिचेको तस्वीर राखिएको छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम **पहलवानपुरदेखि तिलासम्म** लेखिएको छ । भने अन्त्यतिर लेखकको नाम पद्मप्रसाद शर्मा लेखिएको छ । भित्री पृष्ठमा कृतिको शीर्षक र लेखकको नाम दिइएको छ भने दोस्रो पृष्ठको अर्कापट्टि नाम, प्रकाशक, संस्करण आदिको विवरण दिइएको छ । तेस्रो पृष्ठमा 'प्रकाशित कृतिहरूका नाम आदि उल्लेख गरिएको छ । प्रस्तुत कृतिको मूल्य सहयोग स्वरूप रु. ४० राखिएको छ ।

### ४.८.३.२ संरचना

यस यात्रासंस्मरणमा सङ्कलित संस्मरणहरू यसप्रकार छन् : *कैलालीको यात्रामा जे भयो, गोलीका पर्रा र पहलवानपुरका बासिन्दा, हाम्रो शरीर कुनै गोत्रे किराको जस्तो होइन, पत्रकार उमिद वाग्चनसँग सम्पर्क भएपछि, पहलवानपुरदेखि सुखडसम्म, कैलालीको सुखददेखि नेपालगञ्ज हुँदै दाङसम्म, कर्णालीको पुल र मकै बेच्ने बालक, कैलालीको घोडाघोडी ताल, हेरौं न त कस्तो छ हाल, बिर्सदैछौ फूलवारी गा.वि.स.को बखरियालाई र*

*प्रलेस रोल्पा र तिलाको यात्रा* । यी सबै यात्रासंस्मरणहरूले पुस्ताकाकार कृतिको रूप लिनुभन्दा पहिले स्थानीय पत्रपत्रिकाहरूमा प्रकाशित भइकेको पाइन्छ । यो यात्रासंस्मरण ६५ पृष्ठमा समाप्त भएको छ भने बाँकी पृष्ठमा यात्रामा सहभागीहरूको नामावली, सिफारिस पत्र, विभिन्न भ्रमण तथा साहित्यिक कार्यक्रमको फोटो राखिएको छ जस्ले गर्दा यो कृति ७१ पृष्ठसम्म फैलिएको देखिन्छ । यसभित्रका संस्मरणहरू ३ पृष्ठदेखि लिएर २२ पृष्ठसम्मको आयाममा फैलिएका छन् । यस सङ्ग्रहभित्रको सबैभन्दा छोटो आयामको संस्मरण *कर्णालीको पुल र मकै बेच्ने बालक* ३ पृष्ठमा संरचित छ भने *प्रलेस रोल्पा र तिलाको यात्रा* शीर्षकको संस्मरण २२ पृष्ठसम्मको लामो आयाममा फैलिएको छ ।

### ४.८.३.३ शीर्षक

यस यात्रासंस्मरणमा लेखकले कैलाली जिल्लाको पहलवानपुर र रोल्पाको तिलामा यात्रा गर्दा आफूले देखेका भोगेका, घटेका घटनाहरू र त्यहाँको प्राकृतिक तथा भौगोलिक दृश्र्य आदिको बारेमा संस्मरण गरेको हुनाले प्रस्तुत कृतिको नाम **पहलवानपुरदेखि तिलासम्म** शीर्षकीकरण गरिएको छ ।

### ४.८.३.४ विषयवस्तु

**पहलवानपुरदेखि तिलासम्म** यात्रासंस्मरणमा लेखक पद्मप्रसाद शर्माले यात्राको समयमा आफूले भोग्नुपरेको अकल्पनीय घटना, देखेका प्राकृतिक सम्पदा, भौगोलिक बनावट र मानवीयता आदिलाई आफ्ना संस्मरणका विषयवस्तु बनाएका छन् । यस यात्रासंस्मरणमा दाङदेखि भ्रमणको लागि निस्किएको टोली  बर्दिया राष्ट्रिय निकुञ्ज, बबई नदी सिंचाई नहर, कर्णाली पुल र घोडाघोडी तालको अवलोकन पश्चात् एक्कासि दोहोरो भिडन्तको गोली बसभित्र छिर्नुजस्ता यर्थाथ घटनाको चित्रण गरिएको छ । भ्रमणमा सहभागी लिला आचार्यको मृत्यु हुनु, लेखकसहित १० जना घाइते हुनु र स्थानीय बासिन्दाले प्राथमिक उपचार गर्नु, घाइतेहरूलाई हेरचाह, औषधी उपचार र उनीहरूलाई बस्ने र सुत्नेको व्यवस्था गर्नु, भ्रमण टोलीलाई खाना र बस्नको व्यवस्था मिलाउनुजस्ता कुराहरू प्रस्तुत संस्मरणहरूमा गरिएको छ । त्यसैगरी सबै ठाउँ बन्द हुनु, घर फर्किने कुनै निकास नदेखिनु, फर्किने निकासका लागि लेखकले धेरै प्रयास गर्नु, धेरै प्रयासपछि सूचना प्रवाह गर्नु, फर्किने आशा नै नदेखिनु, पहलवानपुरका बासिन्दाले गरेको सहयोग अविस्मरणीय रहेको चर्चा गरिएको छ । लेखकले पहवानपुरका बासिन्दाले गरेको सहयोग यसरी लेख्छन् :

उहाँहरू आफै खटेर खाद्यान्न जुटाउनु भयो, पकाउनु भयो । हाम्रो सिङ्गो टिमलाई एउटा छतमा लगेर राख्नुभयो र पकाएको स्थानबाट बोकी ल्याएर उही स्थानमा खाना खुवाउनुभयो । पहलवानपुर चौराहाका बासिन्दाको सहयोगले रात सहजरूपमा बित्यो । उहाँहरूको उपचार र सहयोगले घाइतेहरूको बाँच्ने आशा पलायो भन्नु फरक नपर्ने कुरा

हो (शर्मा, २०६५ : ९) । यसैगरी लेखक आफू घाइते भएर पनि आफ्नो कर्तव्य निर्वाह गरेको, लेखकले घाइते तथा अन्य सहभागीहरूको उच्च मनोवल गराइदिनु, धेरै प्रयासपछि पत्रकार उमिद वाञ्चनको सहयोगले नेपालगञ्ज पुग्नु, सबै घाइतेहरूले उपचार गराउनु अन्त्यमा दाङ फर्केर लीलाको दाहसंस्कारपछि पहलवानपुरको यात्रा समाप्त भएको छ ।

यसैगरी दाङ फुलबारीको यात्रा पनि यस संस्मरणभित्र समेटिएको छ । फूलबारी प्राकृतिक सम्पदा र भौगोलिक अवस्थाको महत्त्व प्रस्तुत संस्मरणमा दर्साएका छन् । शर्माले यस यात्रासंस्मरण भित्रको अन्तिम संस्मरण 'प्रलेस र तिलाको यात्रा'मा तिलाको भौगोलिक अवस्थाको महत्त्व दर्साएका छन् । शर्माले यस यात्रासंस्मरण भित्रको अन्तिम संस्मरण 'प्रलेस र तिलाको यात्रा'मा तिलाको भौगोलिक बनावट, प्रकृति, तिलाको बजार व्यवस्थापन, जिल्लाव्यापी वृहत् साहित्य सम्मलेन आदिलाई विषयवस्तु बनाएका छन । शर्माले यात्राको क्रममा त्यस ठाउँमा जागिरको सिलसिलामा पहिले आएको पललाई स्मरण गरेका छन् । शर्मा तिलाको प्राकृतिक सुन्दरता देखेर सार्है मोहित हुँदै यसरी लेख्छन् :

> 'अहा' ! क्या आनन्द आउँछ, पहाडी दृश्य नियाल्दा । कतै चरिबरीको चिरविर, कतै गाईको घाँटीमा झुण्ड्याएको कोलेको कल्याङ्कुर्लङ् आवाज र गुवालाका ठाडी भाखाका गीत । मन्द हावाले हल्लाएको सुसाउने विरुवाको स्वर पारी-पारी काला पत्थरका पहाड कति विविधता पहाडी जनजीवन । काल्ना परेका बारी र पाटा परेका तल खोलाका खेत, अझ त्यसमा बाली भएका देखिने दृश्य झन आनन्ददायक हुन्छ । (शर्मा, २०६५ : ४९-५०)

शर्माले साहित्यिक कार्यक्रममा आफू ४० मिनेट बोलेको र त्यहाँको साहित्य प्रेमीहरूले गीत, गजल र कविता प्रस्तुत गरेको जानकारी दिएका छन् । साहित्यिक कार्यक्रमको समापनपछि प्रलेसको बारेमा अन्तर्क्रिया गरेको र अन्तमा दाङ फर्केको यसरी यात्राको संस्मरणको अन्त्य गरिएको छ ।

### ४.८.३.५ विचार

पद्‌मप्रसाद शर्माले प्रस्तुत यात्रासंस्मरण **पहलवानपुरदेखि तिलासम्म** मा द्वन्द्वकालीन समयमा सर्वसाधारण जनताले पाएको दुःख, भोग्नुपरेका अकल्पनीय घटना, शान्ति सुरक्षा नहुनु आदिको चित्रणले देशमा शान्तिको अपेक्षा र द्वन्द्वको उपेक्षा गरेको विचार व्यक्त भएको छ भने पहलवानपुरका बासिन्दामा भएको मानवीयता साथै नेपाली जनतामा शान्तिको चाहना भएको विचार यक्त गरेका छन् । यसैगरी शर्माले आर्थिक अवस्था कमजोर भएका कारण बालबालिकाले पढ्न नपाएको, बालबालिकाहरू आधा शरीर नाङ्गै भएर भोको पेट काम गर्न बाध्य भएको जस्ता कुराहरूको संस्मरणले देशमा आर्थिक उन्नति भई सबै नेपालीको जीवनस्तरमा सुधार आई सबै बालबालिकाले शिक्षा लिएको देख्ने अपेक्षा गरेका छन् । त्यसैगरी तिलाको यात्रामा लेखकले प्राकृतिक रूपले सुन्दर तिला बजारलाई खानेपानी,

सरसफाई, बसपार्क, फराकिलो बाटो, मा.वि.सम्म विद्यालयको स्थापना र शौचालय आदिको कुराले व्यवस्थित बनाउनुपर्ने विचार प्रस्तुत यात्रासंस्मरणमा गरेका छन् ।

### ४.८.३.६ भाषा

पद्मप्रसाद शर्माले प्रस्तुत यात्रासंस्मरणमा सरल नेपाली र स्थानीय बोलचालको भाषाको प्रयोग गरेका छन् । संस्मरणमा कविताका लाइन पनि साभार गरेको पाइन्छ । शर्माले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि प्रयोग गरेका छन् । संस्मरणमा घटनाको वर्णन गर्दा तिथिमिति समेत उल्लेख गरेका छन् । भाषिक सरलताका कारण प्रस्तुत निबन्धसङ्ग्रह बोधगम्य बनेको छ ।

### ४.८.३.७ शैली

**पहलवानपुरदेखि तिलासम्म** यात्रासंस्मरण निबन्धसङ्ग्रह वस्तुपरक निबन्ध हो । यसमा लेखकले यात्राको क्रममा आफूले भोगेका घटना र देखेका स्थानहरूको यथार्थ वर्णन गर्न विविध शैलीको प्रयोग गरेका छन् । उनले प्रस्तुत निबन्धसङ्ग्रहमा वर्णनात्मक शैली, संवादात्मक शैली, पूर्वदीप्ति शैली र प्रश्नात्मक शैलीको प्रयोग गर्नुका साथै स्मृति सन्दर्भको प्रस्तुत गर्दा भूतकालीन क्रियाको प्रयोग गरेका छन् । शैलीको विविधताले विषयवस्तुले रोचकता पाएको छ ।

### ४.८.३.८ निष्कर्ष

पद्मप्रसाद शर्माद्वारा लिखित यात्रासंस्मरण **पहलवानपुरदेखि तिलासम्म**मा यात्राका क्रममा घटेका घटना, पहलवानपुरका बासिन्दाहरूको मानवीयता, घोडाघोडी तालको मनमोहक वर्णन, कर्णालीका मकै बेच्ने बालबालिकाको यथार्थता आदिको वर्णन गरिएको छ ।

दाङको फूलबारीको बखरिया र रोल्पाको तिलाको प्राकृतिक तथा भौगोलिकताको वर्णन गरिएको छ । शर्माले विषयवस्तुको वर्णन गर्दा वर्णनात्मक, संवादात्मक, पूर्वदीप्ति र प्रश्नात्मक शैलीको प्रयोग गरेका छन् । शैलीको विविधता भएको प्रस्तुत निबन्धसङ्ग्रह वस्तुपरक निबन्ध हो । यसरी द्वन्द्वकालीन समयमा सर्वसाधारणले भोग्नु परेका समस्या वा अकल्पनीय घटनाको वर्णनले शान्तिको कामना गरेको विचार प्रस्तुत यात्रासंस्मरणमा व्यक्त गरिएको छ । यसमा सरल र सामान्य बोलीचालीको भाषाको प्रयोग भएको छ । विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिकोणले प्रस्तुत यात्रासंस्मरण पठनीय छ ।

## ४.९.१ डिल्लीराज आचार्य (२०१७) को माननीय महात्म्य निबन्धसङ्ग्रहको विश्लेषण

### ४.९.१.१ लेखन र प्रकाशन

डिल्लीराज आचार्यद्वारा लिखित निबन्धसङ्ग्रह **माननीय महात्म्य** (२०५०) निबन्धसङ्ग्रह लेखक स्वयम्द्वारा प्रकाशित कृति हो । शर्माको लेखन र प्रकाशनको दृष्टिले चौथो स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा नेताको साथमा गाडी र रक्सीको गिलासको चित्र राखिएको छ । आवरण पृष्ठको माथिल्लो भागमा कृतिको नाम **माननीय महात्म्य** लेखिएको छ भने तल्लो भागमा लेखकको नाम डिल्लीराज आचार्य लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा प्रकाशक, संस्करण, मूल्य, लेखकको आफ्नै घुर्कि शीर्षकको भनाइ र व्यङ्ग्यक्रम दिइएको छ । आवरण पृष्ठको अन्त्य भागमा लेखकको तस्वीर, प्रस्तुत कृतिबाट निकालिएका केही उद्धरणहरू र लेखकका प्रकाशित कृतिहरूको सूची दिइएको छ । प्रस्तुत कृतिको मूल्य रु. ५० राखिएको छ ।

### ४.९.१.२ संरचना

प्रस्तुत निबन्धसङ्ग्रहमा जम्मा १८ वटा निबन्धहरू सङ्गृहीत छन् । ती निबन्धहरूमा *दाह्री, परिवर्तन, पशुपति र चन्दन, सगरमाथा होचिँदै छ, भन्सार-संसार, निर्वाचन, एस.एल.सी, माननीयको खाने दाउ र घेरावाल टोपीको भाउ, प्रभु ! घूस हैन घाँस खाएको हुँ हेरिबक्स्योस, बन्दुके कमरेड र बाकसे कमरेड, पार्टीमय देश, धोका-धोका कट्टी, घूसको आत्म-वृत्तान्त, माननीय महात्म्य, जदौ ! ख्वामित ऋण माफी पाउँ, संयुक्त बाममोर्चा नीति, अथः माननीय सम्पति विवरणम् र सम्माननीयज्यूका माननीय समस्याहरू* हुन् । यी सबै निबन्धहरू लघु आकारमा संरचित छन् ।'

### ४.९.१.३ शीर्षक

डिल्लीराज आचार्यले प्रस्तुत कृतिको नाम कृतिभित्रकै निबन्ध **माननीय महात्म्य** शीर्षकबाट राखेका छन् । यस निबन्धमा माननीय शब्द सस्तो भएको र माननीय शब्दको महत्त्व नबुझी जसलाई पनि माननीय भन्ने प्रचलनमाथि व्यङ्ग्य गरिएको छ । लेखकले माननीय शब्दको उपाधी पाउनेहरूले पनि उपाधी अनुसारको कार्य नगरेको र माननीय शब्दको अवमूल्यन भएकाले त्यस्ता व्यक्तिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । प्रस्तुत निबन्धहरूमा व्यङ्यको प्रधानता पाइन्छ भने कृतिको शीर्षकले पनि व्यङ्ग्यबोध गराएको छ । त्यसैले निबन्धकारले सबै निबन्धहरूको प्रतिनिधित्व हुने गरी **माननीय महात्म्य** शीर्षक चयन गरेका छन् । शीर्षक अनुसार विषयवस्तुको प्रस्तुति भएको छ र विषयवस्तु र शीर्षकको सन्तुलन भएकाले शीर्षक सार्थक बनेको छ ।

### ४.९.१.४ विषयवस्तु

डिल्लीराज आचार्यले **माननीय महात्म्य** निबन्धसङ्ग्रहमा राजनीतिक, प्रशासनिक, शैक्षिक र धार्मिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि गरिएको व्यङ्ग्यलाई आफ्नो निबन्धहरूको विषयवस्तु बनाएका छन् । प्रस्तुत कृतिको पहिलो निबन्ध *दाह्री* मा दाह्री पालेर विद्वान, सन्त साधु बनी ठगी, बदमासी गर्दै हिड्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । त्यसैगरी अन्य निबन्धहरूमा परिवर्तनको नाममा बढेको विकृति, पशुपतिमा चन्दनको व्यापार गर्ने, देशमा बढेको राजनीतिक विकृतिका कारण सगरमाथाको देश र जनता भनेर गौरव गर्ने ठाउँ नरहेको र गुलामी गरेर नेताको भनसुनमा पाएको जागिरको महत्त्व नहुने जस्ता विषयवस्तु पनि समेटिएका छन् । आचार्यले भन्सारमा बसेर भ्रष्टाचार गरी घरमा संसार भर्ने, जागिर वा सरुवा भन्सारमा नै हुनुपर्ने भन्नेहरूप्रति पनि व्यङ्ग्य गरेका छन् । चुनावमा स्वच्छ प्रतिस्पर्धा नभइ बल र धनको आडमा चुनाव जित्ने प्रवृत्ति, संसदभित्र पसेपछि जनतासँग गरेका सबै बाचा भुल्ने नेताहरू, अयोग्य व्यक्ति निर्वाचनमा उठ्ने देशलाई पार्टीमय बनाउने, गल्ती नदोहोऱ्याउने बाचा गर्ने र आफ्नो स्वार्थ पूरा भएपछि पुनः त्यही गल्ती दोहोऱ्याउने र जनतालाई भ्रूटो आश्वासन दिने नेताहरू चुनावको बेलामात्र जनताका घरमा छिर्ने आदि विषयवस्तुमाथि प्रस्तुत कृतिमा व्यङ्ग्य गरिएको छ ।

भ्रूठो सम्पति विवरण दिने र भाषण मीठा गर्ने, काम तीता गर्ने नेताहरूमाथि पनि आचार्यले व्यङ्ग्य हानेका छन् । सुविधा भोग गरेर पढ्ने व्यक्ति असफल हुने तर दिनरात काम गरेर पढ्ने व्यक्ति सफल हुने र असफल हुँदा शिक्षकलाई दोष दिने विद्यार्थीहरूलाई पनि व्यङ्ग्य हानिएको छ । उत्तरपुस्तिका योग्यता नपुगेका छोरालाई जाँच्न लगाउने शिक्षकहरूलाई प्रस्तुत कृतिमा व्यङ्ग्य गरिएको छ । माननीय शब्दको अवमूल्यन भएको र माननीय शब्दको अर्थ नबुझी जुनसुकै व्यक्ति तथा स्थानमा प्रयोग गर्नेहरूप्रति पनि आचार्यले व्यङ्ग्य गरेका छन् ।

आचार्यले प्रस्तुत कृतिको अधिकांश निबन्धहरूमा राजनीतिक विकृतिलाई व्यङ्ग्यात्मक रूपमा उजागर गरेका छन् । आचार्यले नेताहरू आफ्नो स्वार्थ पूरा गर्नका लागि जनतालाई भ्रूठो आश्वासन दिने र जनताका लागि संवेदनशील नबन्ने र भ्रूठा सम्पति विवरण दिने नेताहरूलाई प्रस्तुत कृतिमा व्यङ्ग्य हानेका छन् । शैक्षिक क्षेत्रमा देखिएको विकृति, भ्रष्टाचार गरी अकूत सम्पति कमाउने तर भ्रष्टाचार गरेको छैन भनी चोखो बन्न खोज्ने र दाह्री पालेर विद्वान, सन्त र साधुको ढोङ पिट्ने तर बदमासी गर्दै हिड्ने व्यक्तिहरूमाथि प्रस्तुत कृतिमा व्यङ्ग्य गरिएको छ । परिवर्तनको नाममा विकृति बढाउने र माननीय शब्दको महत्त्व नबुझी माननीय शब्दको उपेक्षा गर्ने व्यक्तिहरूलाई पनि आचार्यले व्यङ्ग्य गरेका छन् ।

### ४.९.१.५ विचार

डिल्लीराज आचार्यले प्रस्तुत कृतिमा राजनीतिक, सामाजिक, धार्मिक र शैक्षिक क्षेत्रमा देखिएका विकृतिहरूलाई व्यङ्ग्य गर्दै ती सबै क्षेत्रका विकृतिहरूको विरुद्ध आवाज उठाउनु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । विकृतिसहितको परिवर्तनले समाजमा नराम्रो असर पार्छ भन्ने दृष्टिकोण प्रस्तुत कृतिको 'परिवर्तन' शीर्षकको निबन्धमा व्यक्त गरेका छन् । देशमा देखिएको राजनीति विसङ्गतिले समाजमा हरेक किसिमको समस्या उत्पन्न भएको छ भन्दै लेखक लेख्छन्: कआजकल उसलाई झन पछि झन बेथाले चाँपिरहेको छ । उसका पसिनाहरू टनकपुर बनेर बेचिँदै गरेका, काखैमा चेलीहरू विदेशिएका र साना नानीहरू भरपेटका लागि परदेशीका भाँडा माझेको देख्दा, थुप्रै गोप्य सम्झौता र विज्ञप्तिका नाउँमा  यत्रतत्र राष्ट्रियता बेच्ने राजीनामाहरु लेखिदा आफ्नो सर्वोच्चता कायम नरहने देखेर सगरमाथालाई झन दु:ख लागिरहेको रहेछ । (आचार्य, २०५७ : २०-२१) । देशको र जनताको बारेमा नेताहरू संवेदनशील नबनेर आफ्नो व्यक्तिगत स्वार्थमा मात्र लागेको र देशका हरेक क्षेत्रमा बढेको अराजकताले गर्दा सगरमाथाको देश र जनता भनेर गर्व गर्ने ठाउँ नभएको धारणा प्रस्तुत कृतिमा व्यक्त भएको छ ।

### ४.९.१.६ भाषा

डिल्लीराज आचार्यले **माननीय महात्म्य** निबन्धसङ्ग्रहमा सरल नेपाली र व्यङ्ग्यात्मक भाषाको प्रयोग गरेका छन् । आचार्यले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि समुचित रूपमा प्रयोग गरेका छन् । प्रस्तुत कृतिको प्राय: सबै निबन्धमा नेपाली चलन चल्तीमा प्रयोग हुने उखान टुक्काको उल्लेख्य मात्रामा प्रयोग गरिएको देखिन्छ । जस्तै: 'जुङ्गा चल्यो, कुरा बुझियो' (पृ. १), 'नमरी स्वर्ग देखिँदैन' (पृ. १३), 'वाचुञ्जेल साथ दिने मरेपछि ध्यू खाउ' (पृ. १८), 'सबै जोगी कानै चिरेका' (पृ. २५) आदि रहेका छन् । आचार्यले प्रस्तुत कृतिमा अङ्ग्रेजी तथा हिन्दी भाषाका शब्दहरूको पनि प्रयोग गरेका छन् । सरस र व्यङ्ग्यात्मक भाषाको प्रयोगले प्रस्तुत कृति पठनीय छ ।

### ४.९.१.७ शैली

प्रस्तुत निबन्धसङ्ग्रह आत्मपरक शैलीमा लेखिएको छ । आचार्यले सामाजिक, राजनीतिक, धार्मिक र शैक्षिक क्षेत्रमा देखिएको विकृतिलाई व्यङ्ग्य शैलीमा प्रस्तुत गरेका छन् । आचार्यले कुनै कुनै प्रसङ्गमा प्रश्नात्मक शैलीको पनि प्रयोग गरेका छन् । समग्रमा **माननीय महात्म्य** व्यङ्ग्य शैलीको प्रधानता भएको कृति हो ।

#### ४.९.१.८ निष्कर्ष

डिल्लीराज आचार्यद्वारा लिखित **माननीय महात्म्य** निबन्धसङ्ग्रहमा १८ वटा निबन्धहरू सङ्गृहीत छन् । आचार्यले सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, प्रशासनिक र शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि गरिएको व्यङ्ग्यलाई नै प्रस्तुत कृतिको विषयवस्तु बनाएका छन् । आचार्यले दाह्री पालेर विद्वान, साधुन, सन्त बनी समाजमा विकृति फैलाउँदै हिँड्ने व्यक्ति, परिवर्तनका नाममा विकृति भित्रिएको, जनतालाई झूठो आश्वासन दिइ आफ्नो स्वार्थ पूरा गर्ने नेता, भ्रष्टाचार गरी आफ्नो घरको भकारी भर्ने नेता तथा कर्मचारी आदि विषयवस्तुमा व्यङ्ग्य वाण हानेका छन् । आचार्यले समाजमा देखिएका विकृति विसङ्गति र झूठो आश्वासन देखाएर व्यक्तिगत स्वार्थ पूरा गर्ने नेताहरूसँग सजक रहनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

देशमा दिनप्रतिदिन बढेको राजनीतिक अस्थिरताका कारण बढेको समस्याले सगरमाथाको देश र जनता भन्ने कुनै साहस नभएको विचार प्रस्तुत कृतिमा व्यक्त भएको छ । आचार्यले प्रस्तुत कृतिमा आफ्ना विचारहरू सरल तथा व्यङ्ग्यात्मक भाषामा आत्मपरक ढङ्गले व्यङ्ग्य शैलीमा व्यक्त गरेका छन् । आचार्यले नेपाली चलनचल्तीमा रहेका नेपाली उखान टुक्काको पनि उल्लेख्य मात्रामा प्रयोग गरेका छन् ।

### ४.९.२ डिल्लीराज आचार्य (२०१७) को भूपरिवेष्टितदेखि समुद्रवेष्टितसम्म यात्रासंस्मरणको विश्लेषण

#### ४.९.२.१ लेखन र प्रकाशन

डिल्लीराज आचार्यद्वारा लिखित **भुपरिवेष्टितदेखि समुद्रवेष्टितसम्म** (२०६२) यात्रासंस्मरणको आवरण पृष्ठमा पहाड, समुन्द्र, हवाइजहाज र फिलिपिन्सका शहरको तस्वीर राखिएको छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम **भूपरिवेष्टितदेखि समुन्द्रवेष्टित**सम्म (न्यायप्रशासकको फिलिपिन्स यात्रा) लेखिएको छ भने पुछारको भागमा लेखकको नाम डिल्लीराज आचार्य लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा प्रकाशक, संस्करण र मूल्य उल्लेख गरिएको छ । आवरण पृष्ठको अन्तिम भागमा लेखकको तस्वीर, परिचय र प्रकाशित कृतिको सूची राखिएको छ । प्रस्तुत कृतिको मूल्य रु. १२५ राखिएको छ ।

#### ४.९.२.२ संरचना

प्रस्तुत कृति पाँच शीर्षक र ४३ उपशीर्षकमा संरचित छ । भ्रमणपूर्वको अनुभूति शीर्षक खण्डमा *मनोनयनको सुखद खबर, भ्रमण प्रसङ्ग निस्किरह्यो, टिकट खरिद र कृष्णरामको प्रसङ्ग, फिलिपिन्सको कार्यक्रमले सेर्लडको कार्यक्रम स्थगित, साथीहरूसँगको सम्पर्क र सम्पर्क प्रयास, काठमाडौं प्रस्थानको तयारी, काठमाडौं प्रस्थान, इटिनरीको झमेला, भेटघाट, खेलकुद र रमाइलो, भेटघाटको निरन्तरता,*

*चाकुपाटको यात्रापछि भिसा प्राप्त, यू.एन.डि.पी. सर्वोच्च र रोजको यात्राको व्यस्ततामा* उपशीर्षकका संस्मरणहरू रहेका छन् । भ्रमणको दैनिकी शीर्षक खण्डमा *बैदेशिक यात्रारम्भ काठमाडौं-दिल्ली-सिङ्गापुर, अहा ! सिङ्गापुर एयरलाइन्स, इलिपानको पहिलो कक्षा र पहिलो घुमफिर, टिक्यू एम र म्याडम इलिपानो, बिदाको दिन प्यासिफिक ओसनतिर, ह्याङ्गओभर र सिभिल ले एक्जीक्यूशन तथा ADR कक्षा, Pertrial Management कक्षा तथा RTC Manila अवलोकन, डे फर वन्ली टु अर्थात् घुम्न कै लागिको दिन, RTC queezen city तिरको भ्रमण, सर्वोच्च अदालतर्फको भ्रमणको दिन, ग्रामीण क्षेत्रको मध्यस्थता बारेको अध्ययन अवलोकन, हण्ड्रेड आइसलैण्डको भ्रमण, मध्यस्थता सम्बन्धी कक्षा तालिमको अन्तिम सैद्धान्तिक कक्षा, The Day of the Closing Ceremony अर्थात् समापनको दिन, क्वेजनसिटीको अवलोकनको अन्तिम दिन, सिङ्गापुरतर्फको यात्रा र काठमाडौंतिरको फिर्तियात्रा रहेको छ ।* फिलिपिन्सः परिचय शीर्षक खण्डमा *पाइनापलको देशः फिलिपन्स, फिलिपिन्सको संविधानः संक्षिप्त जानकारी, फिलिपिन्सको न्यायपालिका र अदालत व्यवस्थापन, दोस्रो शताब्दीतिरको यात्रामा फिलिपिन्सको न्यायपालिका, सम्झनाको कुनामाः फिलिपिन्समा बार र बेञ्चबीचको सम्बन्ध, फिलिपिन्समा न्यायको वैकल्पिक उपायको अवलम्वन, फिलिपिन्सको न्यायिक प्रतिष्ठान र न्यायिक शिक्षा, फि.पि.को न्यायपालिका : रणनीतिक योजना तुलनात्मक अध्ययन, फिलिपिन्स न्यायपालिका कागजविनाको यात्रातिर* रहेका छन् । यात्रानुभूति शीर्षक खण्डमा *फिलिपिन्स अनि नमस्ते सर, सामुद्रिक टापुहरूका बीचमा लुकामारी खेलहरू, फिलिपिन्स र क्लासमेटहरू, सिङ्गापुर साँच्चै सिङ्गापुर रहेछ, बटौलीदेखि बटौलीसम्म* रहेका छन् । यात्रा प्रभावको सारसङ्क्षेप शीर्षक खण्डमा *फिलिपिन्स यात्राका केही व्यवहारिक शिक्षाहरू* रहेका छन् ।

डिल्लीराज आचार्यले फिलिपिन्स भ्रमण थालनी गरेदेखि फर्किदासम्मको प्रसङ्गहरूको चर्चा खण्ड एक र दुईमा गरेका छन् । फिलिपिन्स भ्रमणको सिलसिलामा आचार्यले जानकारी लिएका अनुभूति, गरेका र परेका प्रभावको वर्णन, खण्ड तीन, चार र पाँचमा गरेका छन् । जम्मा ९८ पृष्ठमा संरचित कृतिको संस्मरणहरू १ अनुच्छेददेखि ६ पृष्ठसम्म संरचित छ । संस्मरण बाहेकका पृष्ठहरूमा राजेन्द्रप्रसाद कोइरालाको शुभेच्छाका दुई शब्द शीर्षकको शुभकामना मन्तव्य, लेखकको न्वारनः : नियात्रा साहित्यको शीर्षकको कृतज्ञतासहितको मन्तव्य, विषयसूची र सन्दर्भ सामग्रीसूची दिइएको छ ।

### ४.९.२.३ शीर्षक

डिल्लीराज आचार्यले फिलिपिन्स यात्राका सिलसिलामा देखेका, सुनेका, जानेका र अनुभव गरेका विविध पक्षलाई समेटेर कृतिको रूप दिएका छन् । आचार्यले भूपरिवेष्ठित देश नेपालदेखि समुन्द्रवेष्ठित देश फिलिपिन्ससम्म यात्राको आधारमा कृतिको नाम पनि **भुपरिवेष्टितदेखि समुन्द्रवेष्टित** राखेका छन् । प्रस्तुत कृतिमा नेपालदेखि फिलिपिन्स पुगेको र

त्यहाँबाट पुनः नेपाल फर्केको प्रसङ्गहरूको चर्चा गरिएको छ । ती प्रसङ्गहरू शीर्षकसँग सम्बन्धित छन् र शीर्षकअनुसार विषयवस्तुको प्रस्तुति भएको छ । विषयवस्तु र शीर्षकको आपसी सन्तुलनले शीर्षक सार्थक बनेको छ ।

### ४.९.२.४ विषयवस्तु

**भूपरिवेष्टितदेखि समुन्द्रवेष्टितसम्म** यात्रासंस्मरण निबन्धसङ्ग्रहमा निबन्धकार डिल्लीराज आचार्यले फिलिपिन्स भ्रमणको सिलसिलामा आफूले देखेका, सुनेका र अनुभव गरेका त्यहाँका सामाजिक पक्ष, न्यायिक पक्ष, भौगोलिक संरचना, ग्रामीण मध्यस्थता, मेलमिलाप आदि क्षेत्रलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिमा विषयवस्तुलाई पाँच भागमा विभाजन गरी विभिन्न उपशीर्षकमा वर्णन गरिएको छ । भाग एक अन्तर्गतको भ्रमणपूर्वको अनुभूतिमा आचार्यले फिलिपिन्सको तालिम भ्रमणका लागि आफूबाट मनोनयनमा परेको, घरपरिवारलाई खबर गरेको, विभिन्न व्यक्तिहरूबाट बधाइ आएको आदि कुराको उल्लेख गरेका छन् । उनले भ्रमणमा सहभागी हुनेहरूको नामावली पनि प्रस्तुत संस्मरणमा दिएका छन् । दशैंको शुभकामनासँगै शुभचिन्तकहरूले बधाइ दिएको, टिकटको खरिद गरेको र फिलिपिन्सको भ्रमणले गर्दा पूर्वनिर्धारित सेलर्डको कार्यक्रम स्थगित भएको प्रसङ्गहरूको चर्चा पनि प्रस्तुत कृतिमा गरिएको छ । सबै साथीलाई खबर गरी काठमाडौं आएको, इतिनरी शब्द बुझ्न गाह्रो भएको, सर्वोच्च अदालतमा केही समय बसेर भित्रको घरमा पुगी साँझ खानापछि विद्यार्थी जीवनमा गरेको कार्यहरू सम्झेको, बिहान सबै साथी मिलेर व्याडमिन्टन खेलेको र धेरै दौडधुपका कारण थकित भएकोले चाडै विस्तारामा विश्राम लिएको आदिको चर्चा आचार्यले गरेका छन् । आचार्यले भेटघाटको कार्यक्रमलाई निरन्तरता दिने क्रममा फिलिपिन्स भ्रमणको पूर्वयात्री विष्णु रिजालले लेखेको लेख पढेर सारांशमा फिलिपिन्सको बारेमा जानकारी दिएका छन् । भिसा आएको टिकट लिइ प्रधान न्यायाधीशसँग १५ मिनेट सामुहिक रूपमा भेट गरी विभागीय प्रमुखको निर्देशन लिएको प्रसङ्गसँगै प्रस्तुत कृतिको *भ्रमण पूर्वको अनुभूति* शीर्षकको अन्त्य गरिएको छ ।

*भ्रमणको दैनिकी* शीर्षकको संस्मरणमा आचार्यले सिङ्गापुर यात्राको मीठो कल्पना गर्दै राती ७ बजेदेखि ११ बजेसम्म दिल्ली विमानस्थलमा बसेको, दिल्लीबाट सिङ्गापुर एयरवेजको विमानमा चढी सिङ्गापुर प्रस्थान गर्दा विमान विशाल र सफा भएको र विमान परिचारिकाको प्रशंसा गर्न पुगेका छन् । यसैगरी सिङ्गापुर विमानस्थलको अवलोकन गर्दै रमणीय दृश्यको अवलोकन गर्दै होटल सुलोमा पुगी विश्राम लिएको प्रसङ्गको चर्चा आचार्यले गरेका छन् । आचार्यले फिलिपिन्समा कानुन व्यवसायी वा कानुन अधिकृत बन्नका लागि १८ वर्षको अध्ययन पूरा गर्नुपर्ने र त्यहाँका महिला जुनसुकै क्षेत्रमा अगाडि बढेको जानकारी दिएका छन् । प्रस्तुत संस्मरणमा बिदाको दिन प्यासिफिक महासागरको दृश्यावलोकन गर्दै नुहाएको, सुविक शहरको औद्योगिक क्षेत्रको भ्रमण गरेको र फिलिपिन्समा

अदालतमा रहने प्रशासकीय उच्च पदको बारेमा जानकारी दिइएको छ । आचार्यले तालिमबाट फिलिपिन्सको अदालतमा एकलाख भन्दा बढी मुद्दा हुनाले न्यायपालिका संवेदनशील अवस्थामा रहेको, मध्यस्थता र मिलापत्र मुद्दाहरूको व्यवस्थापन गर्नुपर्छ र त्यहाँको न्यायप्रणाली मिश्रित रहेको जस्ता कुराहरूको जानकारी लिएको छ । पर्यटकीय विस्तारको लागि त्यहाँका महिलाहरूले शहर भ्रमण गराउनुका साथै किनमेलमा सहयोग गर्ने गरेको प्रसङ्गको पनि चर्चा गरिएको छ । मुद्दा व्यवस्थापन, मेलमिलाप, देवानी मुद्दाहरू अर्धन्यायिक निकायले मेलमिलापको माध्यमबाट विवादको समाधान गर्ने गरेको, मेलमिलापकर्ता स्नातक, पाँच दिने तालिम लिएको सम्बन्धित विषयमा राम्रोसँग बोल्न र लेख्न जान्ने हुनुपर्ने आदि विषयमा जानकारी लिएको प्रस्तुत संस्मरणमा रहेको, सर्वोच्च अदालतको प्रशासनिक व्यवस्थापनको बारेमा जानकारी लिएको र त्यहाँ प्रमुख प्रशासक र प्रशासनहरूसँग भेटवार्ता गरी आइसलैण्ड एडभेन्चर शहरको अवलोकन गर्दै होटल सुलो पुगेका प्रसङ्गको चर्चा आचार्यले गरेका छन् । आचार्यले ग्रामीण क्षेत्रको मध्यस्ताको बारेमा अध्ययन गर्न ग्रामीण वस्तीतिर अवलोकन गर्दा अधिकांश मुद्दाहरू मध्यस्थताको माध्यमबाट समुदायस्तरमै समाधान हुने आदिको जानकारी दिएका छन् । हन्ड्रेड आइसलैण्डको भ्रमण, मध्यस्थता सम्बन्धी तालिमपछि किनमेल गरेको छ र साँझको खानापछि मनोरञ्जनको लागि नाचगान कार्यक्रम गरेको प्रसङ्गको चर्चा गरिएको छ ।

औपचारिक रूपमा समापन कार्यक्रम सम्पन्न भएको र प्रमाणपत्र ग्रहण गरेको स्मरण लेखकले गरेका छन् । क्वेजन सिटिको सङ्ग्रालय अवलोकन गर्दा विश्वको नक्सामा नेपालको आकृति रहेको तर नेपालको नाम उल्लेख नभएकोमा लेखक दुःखी बनेको प्रसङ्गको चर्चा पनि प्रस्तुत संस्मरणमा गरिएको छ ।

आचार्यले फिलिपिन्सको विमानस्थलको अनौठो र रमणीय दृश्यको चर्चा गर्दै सिङ्गापुर यात्रा गरेको र अर्कोदिन विहान सिङ्गापुरबाट काठमाडौं फिर्ता भएको प्रसङ्गसहित प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ ।

यस कृतिको भाग तीन अन्तर्गतको *फिलिपिन्स परिचय:* को शीर्षकमा फिलिपिन्सको भौगोलिक, र सामुन्द्रिक अवस्था, जातजाति र भाषिक अवस्था, अमेरिकी प्रभाव, र भाषाका केही उदाहरणहरू दिइएको छ । यसैगरी त्यहाँका प्रमुख स्थानहरूको परिचय, महिलाहरू नेतृत्वदायी पदमा भएको र त्यहाँका मानिसहरूले जीवनको आधा खाना होटल तथा रेस्टुरेन्टमा खाने गरेको, सफा र स्वच्छ शहर आदिको चर्चा गरिएको छ । आचार्यले फिलिपिन्सको संविधानको सङ्क्षिप्त जानकारी प्रस्तुत कृतिमा दिएका छन् । आचार्यले संविधानको प्रस्तावना र धाराको व्याख्या गरेका छन् । प्रस्तुत कृतिमा फिलिपिन्सको न्यायपालिका र अदालत व्यवस्थापन, न्यायको बैकल्पिक उपाएको अवलम्वन, आपसी वार्ता, मेलमिलाप, मध्यस्थता, फिलिपिन्सको न्यायिक प्रतिष्ठान र न्यायिक शिक्षा,

नेपाल र फिलिपिन्सको परिलक्ष्य, परिदृश्य, मूल्य र मान्यता आदिको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

प्रस्तुत कृतिको भाग ४ अन्तर्गतको *यात्रानुभूति* को शीर्षकमा फिलिपिन्सका सामुन्द्रिक टापुहरूको अवलोकन, ग्रामीण क्षेत्रको अवलोकन गर्दा लेखकलाई नेपालको सम्झना आउनु, फराकिला बाटाहरू सरसफाइ, सवारी साधनको चाप र नेशनल पार्क आदिको चर्चा गरिएको छ ।

आचार्यले सिङ्गापुरको आकर्षक र रमणीय दृश्य देखेर नेपालका नेताहरूले नेपाललाई सिङ्गापुर बनाइदिने झूठो आश्वासन बाँडेको स्मरण गर्दै त्यहाँको क्षेत्रफल, जनसङ्ख्या, प्रतिव्यक्ति आय र शहर व्यवस्थापन आदिको बारेमा चर्चा गरेका छन् । बुटवलको ऐतिहासिक पृष्ठभूमि र फिलिपिन्सको यात्रालाई सङ्क्षेपमा चर्चा गर्दै प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ ।

यस कृतिको अन्त्य भागको *यात्रा प्रभावको सारसङ्क्षेप* शीर्षकमा आचार्यले फिलिपिन्स भ्रमणको क्रममा प्रभावित भएका विविध पक्षको चर्चा गरेका छन् । उनले फिलिपिन्सको सामाजिक र न्यायिक पक्षको विस्तृत रूपमा चर्चा गर्दै समग्र कृतिको अन्त्य गरेका छन् ।

डिल्लीराज आचार्यले प्रस्तुत कृतिमा फिलिपिन्स भ्रमणको सिलसिलामा आफूले देखेको, जानेको र सुनेको विविध पक्षलाई समेटेर विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । आचार्यले फिलिपिन्सको विमानस्थल, शहर, ग्रामीण तथा समुन्द्रको रमणीय दृश्यको चर्चा गर्नुका साथै त्यहाँका महिलाको नेतृत्वदायी भूमिका रहेको कुराको पनि जानकारी दिएका छन् । प्रस्तुत कृतिमा फिलिपिन्सको भौगोलिक अवस्था, सामुन्द्रिक परिवेश जातजाति, भाषा आदिको विवाद समाधानको वैकल्पिक उपायहरू आदिको व्यवस्था गरिएको छ । देवानी, मुद्दाहरू अर्धन्यायिक निकायले हेर्ने गरेको, मेलमिलाप केन्द्र र मेलमिलापकर्ताको सङ्ख्या उल्लेख गर्दै मेलमिलाप कर्तामा हुनुपर्ने योग्यता, कानुन अधिकृत हुनका लागि १९ वर्ष अध्ययन पूरा गर्नुपर्ने र त्यहाँका सफा र रमणीय स्थानहरूको चर्चा आचार्यले गरेका छन् । त्यहाँका महिलाहरूले पर्यटकीय व्यवसायलाई फराकिलो पार्न बजार भ्रमण गराउने तथा किनमेलमा सहयोग गर्ने गरेको र नाइटक्लवमा देह व्यापार हुने जस्ता विविध पक्षलाई समेटेर प्रस्तुत कृतिमा चर्चा गरिएको छ ।

## ४.९.२.५ विचार

डिल्लीराज आचार्यले प्रस्तुत कृतिमा फिलिपिन्स भ्रमणको क्रममा जानकारी लिएका सामाजिक, न्यायिक तथा भौतिक संरचनाको प्रशंसनीय प्रस्तुतिले नेपालमा ती कुराको अभावको बोध गरेका छन् । आचार्यले प्रस्तुत कृतिमा फिलिपिन्सका हरेक क्षेत्रमा

महिलाको बाहूल्यता भएको चर्चाले नेपालका हरेक नियकायका हरेक तहमा महिला सहभागितामा जोड दिनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । आचार्यले न्यायिक क्षेत्रका हरेक पक्ष अनुकरणीय रहेको कुरा उल्लेख गर्दै देवानी मुद्दा अर्धन्यायिक निकायले विवाद समाधानका वैकल्पिक उपायहरू अबलम्बन गरेर समाधान गर्ने गरेको अनुकरणीय रहेको धारणा व्यक्त गरेका छन् । उनले आफ्नो विचारलाई यसरी प्रस्तुत गरेका छन् :

> अधिकांश विवादहरू गाउँमै समाधान हुने हुनाले न्यायपालिकाको बोझ पनि स्वतः कम हुने यो प्रक्रियालाई हाम्रो गाउँवस्तीमा लैजान पाए अथवा गाउँ विकास समितिहरूलाई अलिकति प्रयास गरेर यसमा ढाल्न पाए, तिललाई ताड वा तिललाई पहाड बनाएर बर्षौं मुद्दाका लागि ज्यान र सम्पतिको नोक्सान गर्ने बाध्यतामा पर्ने नेपालीहरूको दुःख अवश्य घट्दथ्यो होला लाग्यो । (आचार्य, २०६२ : २६)

यसरी समुदायस्तरमा हुने विवाद समाधानका उपायहरू अवलम्वन गरेर समुदायस्तरमै शान्तिपूर्वक ढङ्गले मिलाउन सक्यो भने विवाद समाधान हुन्छ भन्ने विचार आचार्यको रहेको छ । न्यायिक शिक्षामा न्यायधिस लगायत कानुन निर्माताहरू, कानुन व्यवसायीहरू, अदालत व्यवस्थापनका प्रशासकहरू, सहयोगी अदालती न्यायकर्मीहरू र अदालत प्रयोगकर्ताहरू
सबैलाई समेट्न सक्यो भने मात्र गुणस्तरीय न्यायले सार्थकता पाउँछ भन्दै नेपालको वर्तमान अवस्थामा कानुनी पाटोलाई नै पुर्नमूल्याङ्कन गरी न्यायिक शिक्षालाई विस्तार र व्यवस्थित गर्नुपर्ने विचार प्रस्तुत कृतिमा व्यक्त भएको छ । सामाजिक तथा न्यायिक पक्षमा सुधार ल्याउन सबै सचेत र संवेदनशील बन्नुपर्छ भन्ने धारणा आचार्यको रहेको छ ।

## ४.९.२.६ भाषा

प्रस्तुत कृतिमा नेपाली भाषाको प्रयोग गर्नुका साथै कानुनी र अङ्ग्रेजी भाषाका शब्द तथा वाक्यको बढी मात्रामा प्रयोग गरिएको छ । यस कृतिमा प्रयोग गरिएका भाषाको उदाहरण यसप्रकार रहेको छ : The judicial power shall be vested in one suprime court and in such lower courts as may be esgtablished by low अर्थात् न्यायिक अधिकार सर्वोच्च अदालत र कानुनद्वारा स्थापित भएका अन्य अदालतहरूमा निश्चित रहने छ (आचार्य, २०६२ : ४३) । आचार्यले यस कृतिमा अङ्क तथा तालिकाको पनि प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको पनि समुचित रूपमा प्रयोग गरिएको छ । फिलिपिन्स भाषाका शब्दहरूको पनि प्रयोग भएको छ । विभिन्न शब्दलाई सङ्क्षिप्त सङ्केत दिइएको छ । लेखकले अङ्ग्रेजी तथा फिलिपिन्स भाषाका शब्द तथा वाक्यलाई नेपालीमा अर्थाएका छन् । अङ्ग्रेजी शब्दको बाहूल्यता भए तापनि भाषाका दृष्टिले प्रस्तुत कृति सफल छ ।

### ४.९.२.७ शैली

प्रस्तुत कृतिमा फिलिपिन्स यात्राको सिलसिलामा जानकारी लिएका विविध पक्षको चर्चा दैनिकी पद्धतिमा गरिएको छ । सबै संस्मरणमा मिति, समय उल्लेख गरिएको छ । आचार्यले आफ्नो मनमा लागेका अनुभूतिहरूलाई आत्मपरक शैलीमा व्यक्त गरेका छन् भने फिलिपिन्सको न्यायिक पक्ष, सामाजिक पक्ष, भौतिक संरचना सामुन्द्रिक परिवेश, विवाद समाधानका वैकल्पिक उपायहरू, संविधान, ग्रामिण मध्यस्थता र आचार्यले प्राप्त गरेको तालिमको वर्णन भने वस्तुपरक शैलीमा प्रयोग गरेका छन् । यस कृतिमा वस्तुपरकभन्दा आत्मपरक न्यून छ । वर्णनात्मक, विचारात्मक, व्यङ्ग्यात्मक र डायरी शैलीको प्रयोग गरिएको हुनाले प्रस्तुत कृतिमा शैलीको विविधता पाइन्छ ।

### ४.९.२.८ निष्कर्ष

डिल्लीराज आचार्यले **भूपरिवेष्टितदेखि समुद्रवेष्टितसम्म** कृतिमा फिलिपिन्स यात्राको क्रममा आफूले भोगेका, देखेका र जानकारी लिएका विविध पक्षलाई पाँच खण्ड र विभिन्न शीर्षकमा चित्रण गरेका छन् । उनले भ्रमणको सिलसिलामा आफूले अनुभूति गरेका विविध प्रसङ्गको चर्चाका साथै फिलिपिन्सको परिचय, त्यहाँका मानिसहरूको जीवनपद्दति, सामुन्द्रिक तथा भौतिक संरचनाको सामान्य चर्चा गरेका छन् ।

प्रस्तुत कृतिमा न्यायक्षेत्र अन्तर्गतका सर्वोच्च अदालत, अदालतको संगठनात्मक स्वरूप, न्यायपालिका र अदालत व्यवस्थापन, न्यायिक शिक्षा, अर्धन्यायिक निकाय, विवाद समाधानका वैकल्पिक उपायहरूमा मेलमिलाप, आपसी वार्ता, मध्यस्थता, ग्रामीण मध्यस्थता, संविधान आदिलाई विस्तृत रूपमा वर्णन गरिएको छ । आचार्यको नेपालमा अर्धन्यायिक निकायलाई सशक्त बनाउन सकियो भने विवाद समाधान गर्न छिटो र सहज हुन्छ भन्ने धारणा व्यक्त भएको पाइन्छ । यसैगरी उनले नेपालमा न्यायिक शिक्षालाई विस्तार र व्यवस्थित गर्नुपर्ने कुरामा पनि जोड दिएका छन् । यस कृतिमा नेपाली भाषाका साथै अङ्ग्रेजी भाषाका शब्द तथा वाक्यको प्रयोग अधिक रूपमा गरेको पाइन्छ । आचार्यको प्रस्तुत कृतिका संस्मरणहरूले दैनिकी पद्धति अङ्गालेका छन् । आत्मपरक र वस्तुपरक शैली प्रयोग गरिएको यस कृतिमा वस्तुपरकताको छाप बढी पाइन्छ । समग्रमा यो कृति विषयवस्तु, विचार, भाषा र शैलीको दृष्टिले सफल छ भने फिलिपिन्स यात्रा गर्न चाहने तथा फिलिपिन्स सम्बन्धी जानकारी लिन चाहनेहरूको लागि अझ बढी उपयोगी छ ।

## ४.१० नारायण नेपाल (२०२०) को मूल्यहरू निबन्धसङ्ग्रहको विश्लेषण

### ४.१०.१ लेखन र प्रकाशन

नारायण नेपालद्वारा लिखित निबन्धसङ्ग्रह **मूल्यहरू** (२०६३) विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंबाट प्रकाशित कृति हो । नेपालको लेखन प्रकाशनको दृष्टिले तेस्रो स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा मान्छेभित्र मान्छे रहेको साङ्केतिक चित्र राखिएको छ भने आवरण पृष्ठको सिरानमा कृतिको नाम 'मूल्यहरू' लेखिएको छ र अन्त्य भागमा लेखकको नाम नारायण नेपाल लेखिएको छ । आवरण पृष्ठको भित्री भागमा कृतिको नाम, विधा प्रकाशक, संस्करण, प्रकाशन, लेखकको दुई पृष्ठको स्वकथन उल्लेख गरिएको छ । प्रस्तुत कृतिको मूल्य रु. ५० राखिएको छ । यस कृतिमा सङ्कलित अधिकांश रचनाहरू कृति प्रकाशित हुनुपूर्व स्थानीय तथा राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकामा प्रकाशित विभिन्न पत्रपत्रिकामा भइसकेको देखिन्छ ।

### ४.१०.२ संरचना

यस निबन्धसङ्ग्रहभित्र जम्मा ३० वटा निबन्धहरू संकलित छन् । ती निबन्धहरू यसप्रकारका छन् :- *मूल्यहरू, समय मृत्यु सिकाउँछ, समय जीवन पढाउँछ, आउनुहोस् सच्चा प्रेम गरौं , तपाईंलाई संस्कृत नचाहिए कसैलाई पनि चाहिँदैन ?, हामी पूँजीवादी नभए के हौं त ?, हाम्रो लक्ष्य निजीकरण कि समाजवाद ?, साहित्य स्वबाट सुरु भइ स्वमै टुङ्गिन्छ, अनि बल्ल इतिहासबाट सिकेको ठहर्छ, कार्य र कारणको सम्बन्धः पुनर्जन्म, दर्शन तपाईंको पनि विषय हो !, कुनै दिन सर्पहरू पनि चुनावमा उठे भने . . . , वी.पी. साहित्यको मूलमन्त्रः स्वतन्त्रताको खोजी, शिक्षाको मुख्य अवरोधः बुझे, तिमीले पनि म जस्तै माया दिएर हेर, खै कहाँ घट्यो अँध्यारो ? प्रतिनिधित्वले दिने शिक्षा आचरण हो, सिमलः एउटा क्रान्तिशिक्षक, लोक अधिकार र राष्ट्रियता, खै त जनताका मान्छे ?, माथि कसलाई हेरेर उठ्ने ?, अभिमान, अभिसार र आन्दोलन !, म मृत्यु सिकाउँछु, चाडपर्वहरू : अहम् मृत्युका संक्रान्ति, युगसन्दर्भ र नेतृत्व अवमूल्यनको अर्थ, हाम्रो देश र हाम्रा अतिथि, प्रभुहरू नउठ्दासम्म जङ्गी निशान उठ्दैन, कसैले आफूलाई सम्राट नमाने हुन्छ, मृत्युदण्ड, संविधान मान्नेहरूकै स्वीकृति हो त ?, बन्दका आयोजकहरू र हाम्रो प्रजातन्त्र, र प्रगतिशीलहरू त प्रगतिशील हुनैपर्छ* । प्रस्तुत सङ्ग्रहका धेरै निबन्धहरू समान आयाममा संरचित छन् । यस सङ्ग्रहमा सबैभन्दा लामो आयामको निबन्ध *सिमल : एउटा क्रान्तिशिक्षक* र छोटो आयामको निबन्ध *माथि कसलाई हेरेर उठ्ने ?* हुन् भने प्रस्तुत निबन्धसङ्ग्रह जम्मा ७४ पृष्ठमा संरचित छन् ।

### ४.१०.३ शीर्षक

निबन्धकार नारायण नेपालले प्रस्तुत कृतिको नाम कृतिभित्रकै पहिलो निबन्ध *मूल्यहरू* बाट राखेका छन् । नेपालले मान्छेको मूल्य दिनहुँ घट्न गइरहेको छ । मान्छेले नै मान्छेको मूल्यनिर्धाण गरेको छ । मान्छे सबै एउटै भए तापनि तिनीहरूको मूल्य फरक फरक छ यस्तै वातावरण बन्दै जाने हो भने एकदिन मान्छे मूल्यहिन प्राणीमा गणना हुन्छ भन्ने कुराको चित्रण प्रस्तुत निबन्धमा गरिएको छ । जसले गर्दा शीर्षक र विषयवस्तुको सन्तुलन पाइन्छ । शीर्षकअनुसार विषयवस्तुको प्रस्तुति भएको हुनाले उक्त शीर्षक सार्थक बनेको छ ।

### ४.१०.४ विषयवस्तु

प्रस्तुत निबन्धसङ्ग्रह मूल्यहरूमा नेपालले समकालीन युगजीवनका कुरूप यथार्थ, मानवीय मूल्यको विघटन, सांस्कृतिक मूल्यमान्यता ह्रास भएको, मानवभित्र रहेको दम्भ, राष्ट्रियता आदिलाई विषयवस्तु बनाएका छन् । नेपालका निबन्धहरू लघु आकारमा संरचित भए तापनि विषयवस्तुको व्यापकता भने ओगटेका छन् । यिनले पहिलो निबन्ध *मूल्यहरू* मा मानवीय मूल्यको खोजी गर्नुका साथै मानिसको मूल्य दिनदिनै ह्रास हुँदै गइरहेको कुरालाई पनि देखाएका छन् । त्यसैगरी *समय मृत्यु सिकाउँछ, समय जीवन पढाउँछ* मा जीवन र मृत्युको अस्तित्त्व समयले निर्धारण गरेको हुन्छ भन्ने विचारका साथै प्रकृति र ऋतुचक्रको वर्णन गरिएको छ । *प्रेम नै पूजा हो, त्यो प्रेम पवित्र मनबाट उत्पन्न हुनुपर्छ आजको जस्तो सस्तो प्रेम होइन भन्दै नेपालले सच्चा प्रेम गर्ने आह्वान 'आउनोस् सच्चा प्रेम गरौं* शीर्षकको निबन्धमा गरेका छन् । आधुनिकताको नाममा संस्कृतिलाई अपहेलना गर्ने, पूँजीवादको विरोध नगर्ने तर सम्पन्नताका लागि अरूको पतन गर्न पछि नपर्ने व्यक्तिहरूमाथि व्यङ्ग्य प्रहार *तपाईंलाई संस्कृत नचाहिए कसैलाई पनि चाहिँदैन ?* र *हामी पूँजीवादी नभए के हौं. त ?* शीर्षकका निबन्धमा गरिएको छ । देशमा आएको प्रजातन्त्र अर्थहीन भएको, निजीकरण र समाजवादका नाममा देश र जनतालाई कङ्गाल बनाउने नेता तथा समाजवादी व्यक्तिलाई व्यङ्ग्य गरिएको छ ।

विगतमा भएका कमिकमजोरी नदोहोऱ्याउनु नै इतिहासबाट सिकेको ठर्हछ । कारणबाट कार्यको जन्म, कारणभित्र कारण लुकेको हुन्छ र हरेक कार्यको कारण हुन्छ । त्यसैले कार्य र कारणको सम्बन्धबाट पुर्नजन्म हुन्छ, दिल र दिमागले सोचेर काम गर्नुपर्छ, आफ्नो आत्मालाई चिन्नु पर्छ भन्दै लेखक लेख्छन् : आफू भन्नु नै आत्मा हो । त्यसैले आफ्नै बारेमा जान्नु परमावश्यक छ । आत्मालाई चिन्नु, जान्नु र विचार गर्नु हामी सबैको परम् कर्तव्य हो (नेपाल, २०६३ : २४) । जनताको स्वन्त्रता हनन् गरी राष्ट्रलाई नै जङ्गलीकरण गर्ने नेताहरूलाई नेपालले व्यङ्ग्य हानेका छन् । जसले बुझ्ने प्रयास

गर्छ त्यसले मात्र ज्ञान हासिल गर्न सक्छ, बुझे भनेर चुप लागेर बस्नेले कहिल्यै बुझ्न सक्दैन त्यसैले बुझ्न सधैं प्रयत्नशील हुनुपर्छ भन्ने विचारको चर्चा प्रस्तुत सङ्ग्रहमा गरिएको छ ।

मान्छे जतिसुकै शिक्षित भए तापनि आफ्नो स्वार्थ पूरा गर्न सधैं प्रयासरत र अरूको दुःखमा आनन्दानुभूति गर्छ भन्ने विषयवस्तुहरू प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा व्यक्त भएका छन् । मानिसहरू संधै सङ्घर्षशील र परिवर्तनशील हुनुपर्छ । क्रान्तिका गुरुलाई सम्मान गर्नुपर्छ भन्ने कुराहरूको चर्चा नेपालले प्रस्तुत सङ्ग्रहको 'सिमलः एउटा क्रान्ति शिक्षक'को निबन्धमा व्यक्त गरेका छन् । राष्ट्रपति बफादार भएको दम्भ गर्ने, लोकहितमा शासन चलाएको दावी गर्ने तर यथार्थमा जनताका हक अधिकार कुण्ठित गर्ने, जनताहरू विभिन्न राजनीतिक पार्टीमा विभाजन भई नेताहरूका लागि आपसमा लडेका छन् । तर नेताहरू कहिल्यै पनि जनताको हितमा काम गर्न सकेका छैनन् र जनताका मान्छे पनि बन्न सकेका छैनन् भन्ने व्यङ्ग्य नेपालले प्रस्तुत सङ्ग्रहमा गरेका छन् ।

मान्छेले परिवर्तनको सुरुवात आफैबाट गर्नुपर्दछ । आफू अरूको प्रेरणाको स्रोत बन्नुपर्छ । आफूमाथि उठेर मात्र अरूलाई माथि उठ्ने प्रेरणा दिन सकिन्छ । मान्छे जहिले पनि सङ्घर्षशील बन्नुपर्छ, समस्याको सामना गर्न सक्नुपर्छ भन्ने विविध विचारहरू प्रस्तुत सङ्ग्रहमा विषयवस्तुका रूपमा प्रस्तुत भएका छन् । आफ्नो औकात अनुसार चाडपर्व मनाउनुपर्छ । नेता शब्दमा आएका अवमूल्यनलाई हटाई संवेदनशील हुनुपर्छ जस्ता दृष्टिकोणहरू नेपालले राखेका छन् । उच्चता प्राप्त गर्न देश भौतिक तथा आत्मिक गुलामीबाट मुक्त हुनुपर्दछ । जतनाको साथ र समर्थन विना कोही पनि सम्राट बन्न सक्दैन, सिङ्गो राष्ट्रलाई जङ्गलीकरण गर्न खोज्नेहरूसँग जनता सचेत भइसकेका छन्, संविधान वा कानून मान्नेहरूको लागि भन्दा नमान्नेहरूको लागि कडा बनेको, जनआन्दोलनबाट प्राप्त भएको प्रजातन्त्रको गलत फाइदा उठाएर आजका राजनीतिक दलहरूले आफ्नो स्वार्थ सिद्ध गर्नको लागि दिनहुँ बन्द, हड्ताल गर्दै आएको र त्यसको प्रत्यक्ष असर जनतालाई परेको र विचार व्यवहारमा परिवर्तन हुनपर्छ भन्ने विविध विषयवस्तुहरू नेपालका प्रस्तुत निबन्धहरूमा व्यक्त भएका छन् ।

नेपालले प्रस्तुत निबन्धसङ्ग्रहमा समकालीन युग र परिवेशका यथार्थ पक्षलाई दार्शनिक दृष्टिकोणले प्रस्तुत गरेका छन् । मान्छेले आफ्नो मूल्य आफै ह्रास गर्दै आइरहेका छन् । जीवन र मृत्यु समयका उपज हुन् । प्रेम पवित्र मनबाट उत्पन्न हुनुपर्छ आजको जस्तो प्रेम होइन । आधुनिकताका नाममा संस्कृति र भाषाको अवमूल्यन भइरहेको छ । राष्ट्रका सबै भाषाको सम्मान हुनुपर्छ जस्ता विषयहरू नेपालले प्रस्तुत निबन्धसङ्ग्रहमा व्यक्त गरेका छन् । पूँजीवादको विरोध गर्ने तर आफूचाहि पूँजी सङ्कलन गर्न कुकाम गर्न पछि नपर्ने, निजीकरण समाजवादका नाममा राष्ट्रलाई कङ्गाल बनाउने,

जनताको स्वतन्त्रता हनन गरी राष्ट्रलाई जङ्गलीकरण गर्ने, बन्दुक र भोटको आडमा शासन चलाउने, आफ्नो स्वार्थपूर्तिका लागि बन्द, हड्ताल गर्ने, अरूको पीडामा आनन्दानुभूति गर्ने व्यक्ति, नेता र समाजवादीहरूमाथि नेपाल व्यङ्ग्य गरेका छन् । मान्छे सधैं सङ्घर्षशील हुनुपर्छ, अरूको प्रेरणाको स्रोत बन्न सक्नु पर्छ । समस्याको सामना गर्न सक्नुपर्छ, परिवर्तनको सुरुवात आफैबाट गर्नुपर्छ । अरूको सुखमा सुखको खोजी गर्नुपर्छ, देशका नेताहरूसँग सचेत हुनुपर्छ आदि विषयवस्तुहरूको चर्चा प्रस्तुत निबन्धसङ्ग्रहमा गरिएको छ ।

## ४.१०.५ विचार

नेपालले **मूल्यहरू** निबन्धसङ्ग्रहमा आफ्नो वौद्धिकतालाई पुष्टि गर्न दार्शनिक विचार व्यक्त गरेका छन् । उनका सबै निबन्धहरूमा दार्शनिक विचारहरू व्यक्त भएका छन् । उनका सबै निबन्धहरूमा मानवीय, आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक पक्षमा देखिएको विसङ्गतिप्रति आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । नेपालले सबै मानवमा मूल्य रहोस्, देश र जनताको चाहना र स्वतन्त्रता हनन् नहोस्, जनताको नेता मात्र नबनी नेता जनताको पनि बन्न सक्नुपर्छ भन्ने विचार प्रस्तुत निबन्धहरूमा व्यक्त भएको छ । देशप्रति माया गर्नेले सबैको हितको लागि काम गर्न सक्नुपर्छ भन्ने दृष्टिकोण राख्दै नेपालले यसरी लेख्छन् : यदि कसैलाई यो देशको अलिकति पनि माया छ भने थोरै सङ्ख्यामा भए पनि तिनीहरूको काँधमा लोकहितको निम्ति लोक अधिकारको शिक्षाको प्रचार-प्रसारको गहन उत्तरदायित्व आएको छ । (नेपाल, २०६३ : ४७) । मानिस मृत्यसँग कहिल्यै पनि डराउनु हुँदैन मृत्यु भन्नु नै समस्या हो त्यो समस्यासँग जुध्न सकेमात्र अभावबाट मुक्त हुन सकिन्छ । सधैं संघर्षशील बनेर सफलता प्राप्त गरी अरूको प्रेरणाको स्रोत बन्न सक्नुपर्छ भन्ने सन्देशनात्मक विचारहरू प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा व्यक्त गरिएका छन् । यसैगरी आफूलाई चिन्न सक्नुपर्छ आडम्बरसहित चाडपर्व मनाउनु हुँदैन भन्दै समग्रमा नेपालले आफ्ना निबन्धहरूमा स्वतन्त्रता, मानवीयता, संघर्षशीलता आडम्वररहित समाज, निस्वार्थीपन व्यक्ति, देश र जनताप्रति बफादार नेता आदिको अपेक्षा राखेको विचारहरू नेपालको प्रस्तुत निबन्धसङ्ग्रहमा पाइन्छ ।

## ४.१०.६ भाषा

यस निबन्धसङ्ग्रहको भाषा तार्किक र जटिल किसिमको छ । नेपालले यस सङ्ग्रहका निबन्धहरूमा जटिल शब्दहरूको प्रयोग गरेका छन् जसको कारण विषयवस्तुको बोध सहजै रूपमा गर्न सकिँदैन । नेपालले प्रयोग गरेका शब्द यस उद्धरणमा हेर्न सकिन्छ । पाषाणयुगीन अँध्यारो भेदहरूको छिनोफानो हुनुपर्ने हो र वैदिक कालको प्रयोग एकात्मकता शंखनाद फलीभूत हुनुपर्ने हो तर आश्चर्य . . . । (नेपाल, २०६३ : ५)

नेपालले प्रयोग गरेका शब्दहरू सामान्य पाठकले बुझ्न सक्दैनन् । प्रस्तुत निबन्धसङ्ग्रहमा सत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग समुचित रूपमा भएको छ । नेपालले कुनै कुनै निबन्ध संस्कृतको श्लोकबाट पनि थालनी गरेका छन् । निबन्धका बीचबीचमा पनि संस्कृत भाषाको श्लोकहरूको प्रयोग भएको पाइन्छ । कुनै निबन्धमा हिन्दी र अङ्ग्रेजी भाषाको शब्दहरूको प्रयोग पनि पाइन्छ, जस्तैः 'चोली के पीछे', इलुइलु, आइ लव यू (पृ. १०) नेपालले चलन चल्तीका उखान र टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा गरेका छन् । जस्तै : 'कागलाई बेल पाके भैं' (पृ. १४), 'ज्ञान खर्च गरेर बढ्छ' (पृ. ५८) नेपालले प्रस्तुत निबन्धसङ्ग्रहमा प्रयोग गरेको भाषा बौद्धिक, तार्किक र जटिल किसिमको छ । उनको यस निबन्धसङ्ग्रह पठन गर्न बौद्धिक वर्ग चाहिने देखिन्छ ।

### ४.१०.७ शैली

प्रस्तुत निबन्धसङ्ग्रह विचारात्मक शैली प्रयोग गरिएको आत्मपरक निबन्धहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका सबै निबन्धहरूमा समाजमा व्याप्त विविध विषयमा लेखकका विचारहरू दार्शनिक दृष्टिकोणबाट व्यक्त भएका छन् । नेपालका विचारमा दार्शनिकता पाइन्छ भने दार्शनिकताको अभिव्यक्ति तार्किक शैलीमा भएको छ । नेपालले व्यक्ति, समाज र राष्ट्रको वास्तविकताको चित्रण गर्न व्यङ्ग्य र प्रश्नात्मक शैलीको पनि प्रयोग गरेका छन् । विविध शैलीको प्रयोग भएको प्रस्तुत निबन्धसङ्ग्रह स्तरीय छ ।

### ४.१०.८ निष्कर्ष

नारायण नेपालद्वारा लिखित **मूल्यहरू** निबन्धसङ्ग्रहका निबन्धहरू लघु आकारमा संरचित भए तापनि विषयवस्तुको भने व्यापकता पाइन्छ । प्रत्येक निबन्धका विचार नै विषयवस्तुका रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा मानवीय मूल्यमा आएको ह्रास, सांस्कृतिक अवमूल्यन, प्रकृति, अहंता, राष्ट्रियता, समसामयिक जीवनका कुरूप यथार्थ र उदासिनता जस्ता विविध विषयवस्तु पाइन्छन् । यी विपषयवस्तुमा नेपालले मानवीय मूल्यको स्थापना, सांस्कृतिक तथा भाषको सम्मान, स्वतन्त्रता, संघर्षशीलता, राष्ट्रियता आदि विचारहरू व्यक्त गरेका छन् । नेपालले यी निबन्धहरूमा संस्कृत भाषाका शब्द तथा श्लोकहरूको प्रयोग गरेको पनि पाइन्छ । हिन्दी तथा अङ्ग्रेजी भाषाहरूको प्रयोग गरेको पनि पाइन्छ । नेपालले प्रस्तुत निबन्धसङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको समुचित प्रयोग गरेका छन् । प्रस्तुत निबन्धसङ्ग्रह आत्मपरक शैलीमा संरचित छ । प्रस्तुत निबन्धसङ्ग्रह विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले स्तरीय र पठनीय छ ।

## ४.११ चिन्तामणि योगी (२०२०) को म्यान्माको माया यात्रासंस्मरणको विश्लेषण

### ४.११.१ लेखन र प्रकाशन

चिन्तामणि योगीद्वारा लिखित **म्यान्माको माया** यात्रासंसस्मरण (२०६१) शान्ति सेवा आश्रमबाट प्रकाशित कृति हो । योगीको लेखन र प्रकाशनको दृष्टिले दसौं स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा प्यागोडा शैलीको मन्दिरको चित्र राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम म्यान्माको माया यात्रासंस्मरण लेखिएको छ भने पुछार भागमा लेखकको नाम चिन्तामणि योगी लेखिएको छ । यस कृतिको भित्री पृष्ठमा कृतिको नाम, लेखकको नाम, प्रकाशकको नाम उल्लेखित छ भने भित्री पृष्ठमा अर्कापट्टि प्रकाशक, संस्करण र मूल्य दिइएको छ । अन्त्यको पृष्ठमा लेखकको तस्वीर, लेखकको परिचय र प्रकाशित कृतिहरूको सूची दिइएको छ । जम्मा २०२ पृष्ठको प्रस्तुत कृति डिमाइ आकारमा रहेको छ भने मूल्य रु १०० राखिएको छ ।

### ४.११.२ संरचना

**म्यान्माको माया** शीर्षकको यात्रासंस्मरणलाई चिन्तामणि योगीले मुख्य शीर्षक र उपशीर्षकमा विभाजन गरी कृतिको रूप दिएका छन् । यस कृतिको मुख्य शीर्षकहरूमा *म्यान्माको यात्रा, बैंकक यात्रा, सिङ्गापुर यात्रा र थाइल्याण्डको यात्रा* गरी जम्मा चारवटा यात्रा रहेका छन् भने यिनका पनि उपशीर्षकहरू रहेका छन् । 'म्यान्माको यात्रा' मा २२ वटा बैंकक यात्रामा २ वटा, सिङ्गापुर यात्रामा ७ वटा र थाइल्याण्ड यात्रामा ६ वटा गरी जम्मा ३७ संस्मरणहरू प्रस्तुत कृतिमा सङ्कलित छन् । ती संस्मरणहरूमा *पृष्ठभूमि, गोल्डन लैण्डमा पाइला टेक्दा, याँगुनका मित्रहरूसँग, यात्राको थालनी, कलौको रमाइलो, यकसकको यात्रा, फाउँडऊ पगोडाको भ्रमण, नेपाली टोपी, नेपाली बोली, नेपाली गोर्खा धर्मशाला माण्डले, मोगोकम्पोमा चोसोबाइ, मोगोकका मन्दिरहरूको भ्रमण, मोगोक च्यापिनमा अन्तिम दिन, उत्तर शान प्रदेशको यात्रा, पवित्र भूमिमा पादार्पण, शंखाई, शिवधाममा पुनः प्रवचन, शिवरात्री पर्वको दिन, माण्डलेको सेरोफेरो, चन्द्र आवासमा, श्री रामप्रकाश धीरजीलाई भेट्दा, विश्वप्रसिद्ध स्वेडगौं पगोडाको भ्रमण, बिदाइको ब्रेकफास्ट, फेरी भेटौला, बैंकक एयरपोर्टमा, बैंकक शहरमा एक नजर, पृष्ठभूमि, बहिनी सुभद्रासँग, कम्प्युटर वार्ता, नेपाली रेष्टुरेण्ट, शुभ कार्यको संकेत, शैक्षिक अध्ययन र भ्रमण, बिदाइका क्षण, त्रिनाथ देवालय, अन्तर्राष्ट्रिय शान्तिपरक शिक्षा सम्मेलन, दानको महिमा, फुकेटको यात्रा, बिदाइका रात-रात्रि सत्संग र फुकेटबाट बिदाइ* रहेका छन् भने 'यात्राको उपलब्धी' शीर्षक अन्तर्गत उनले पाएका सम्मान पत्र र अभिनन्दन पत्रको प्रतिलिपि पनि राखिएको छ ।

प्रस्तुत कृतिको संस्मरणहरू जम्मा १७९ पृष्ठमा संरचित छ भने बाँकी पृष्ठमा 'नेपाली माझ फैलिएका लहर र रोमाञ्च' शीर्षकमा कविवर माधवप्रसाद घिमिरेको मन्तव्य,

'दुईशब्द' शीर्षकमा दुई पृष्ठको भिक्षणी धम्मावतीको मन्तव्य, 'मैले जान्नुपर्ने' शीर्षकमा कर्नेल टङ्कध्वज नेपालको मन्तव्य, 'कृतज्ञता ज्ञापन' अखिल म्यान्मा देशीय गोर्खा हिन्दू धार्मिक संघबाट, 'सम्मानित दुई शब्द बोल्नु पर्दा' शीर्षकमा ठाकुरप्रसाद गुरागाईको तीन पृष्ठको मन्तव्य, कार्यवाहक राजदूत दिलिप कुमार पौडेलको शुभकामना 'मेरो निवेदन' शीर्षकमा लेखकको सवा चार पृष्ठको भावना प्रकाशकीय, पाँच पृष्ठको र दुई पृष्ठको विषय सूची दिइएको छ । त्यसैगरी अन्तिमको बाँकी ३ पृष्ठमा योगीले पाएका सम्मान पत्र र अभिनन्दन पत्रको प्रतिलिपि राखिएको छ ।

प्रस्तुत यात्रासंस्मरणका संस्मरणहरू मिश्रित आयाममा संरचित छन् । यसको सबैभन्दा लामो आयामको मन्दिरहरूको भ्रमण १५ पृष्ठमा संरचित छ भने सबैभन्दा कम आयामको संस्मरण फेरि भेटौला १ पृष्ठमा संरचित छ ।

### ४.११.३ शीर्षक

चिन्तामणि योगीले म्यान्माको यात्रा गर्दा त्यहाँका नेपालीहरूमा रहेको देशप्रेम भावना, सांस्कृतिक रीतिरिवाज, धार्मिक आस्था, सामाजिक भावना र त्यहाँको प्राकृतिक तथा भौगोलि सुन्दरताले आकर्षित बनाएको हुनाले प्रस्तुत यात्रासंस्मरणको नाम म्यान्माको माया राखिएको छ । योगीले यस यात्रासंस्मरणमा म्यान्माको भ्रमणको साथै बैंकक, सिङ्गापुर र थाइल्याण्डको पनि भ्रमण गरेको कुराहरू संस्मरणमा उल्लेख गरेका छन् तापनि म्यान्माको यात्रा २१ दिन लामो भ्रमणमा त्यहाँका धार्मिक, सामाजिक, सांस्कृतिक र नेपालीहरूमा रहेको नेपालीपनले लेखकलाई धेरै नै प्रभावित पारेको हुनाले प्रस्तुत कृतिको नाम म्यान्माको माया रहन गएको देखिन्छ । यसरी संस्मरणमा भएका विषयवस्तु र शीर्षकको तालमेल मिलेको हुनाले प्रस्तुत शीर्षक सार्थक बन्न गएको छ ।

### ४.११.४ विषयवस्तु

निबन्धकार चिन्तामणि योगीले **म्यान्माको माया** यात्रासंस्मरणमा सङ्कलित संस्मरणहरूमा भ्रमणको क्रममा देखेका, गरेका कुराहरूलाई दैनिकीका रूपमा प्रस्तुत गरेका छन् । उनले गरेको २१ दिने भ्रमणमा म्यान्मा, बैंकक, सिङ्गापुर र थाइल्याण्ड यात्राबाट जानकारी लिएका कुराहरूलाई प्रस्तुत निबन्धसङ्ग्रहको विषयवस्तु बनाएका छन् ।

प्रस्तुत संस्मरणको सबभन्दा पहिलो संस्मरण *पृष्ठभूमि* हो । यसमा योगीले म्यान्माको विभिन्न व्यक्तित्वहरूले म्यान्माको भ्रमणको लागि आग्रह गरेको र अखिल म्यान्मादेशीय गोर्खा हिन्दू धार्मिक संघको निमन्त्रणामा पुगेको कुरालाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । ६ घण्टाको यात्रापछि म्यान्मा पुगेको अखिल म्यान्मादेशीय गोर्खा हिन्दू संघका अध्यक्ष लगायतका विभिन्न व्यक्तित्वहरूले स्वागत गरेको, म्यान्माको अवस्था, नेपाली समाज, नेपाली समाजका विशेषताका पक्षहरू र त्यहाँका मानिसहरूको आफ्नै कथा

र  व्यथा सुनेर यात्रामा संलग्न मित्रहरू आश्चर्यचकित भएको कुरा *गोल्डेन लैण्डमा पाइला टेक्दा* शीर्षकको संस्मरणमा गरिएको छ । *यांगुनका मित्रहरूसँग* शीर्षकको संस्मरणमा योगीले पुराना मित्रहरूसँग भेटघाट गरेको, नयाँ मित्रसँग परिचय भएको, कार्यवाहक राजदूत दिलीप पौडेलसँगको भेटवार्तामा मोगोक जाने वातावरण बनेको, मोगोकले म्यान्मामा बसेको सम्पूर्ण नेपालीहरूलाई जोडेको कुराको जानकारी, म्यान्माको प्राकृतिक तथा सांस्कृतिक सुन्दरताको अवलोकन गर्नु, जयस्वस्थानी माताको महिमाको बारेमा त्यहाँका महिला दिदीबहिनीहरूलाई जानकारी दिनु र संघका कार्यकर्तासँग गरिएको पहिलो औपचारिक भेटवार्ता आदिको बारेमा वर्णन गरेका छन् । यसैगरी *यात्राको थालनी* शीर्षकको यात्रासंस्मरणमा टाँउजीको यात्रा रमाइलो भएको, रमणीय दृष्य अवलोकन गरेको, त्यहाँको सरकारले विकास निर्माण काममा धेरै मेहनत गरेको, यात्रा गर्दा नेपालको पूर्वी तराइको यात्रा झैं लागेको, सडक तथा काठको वर्णन गर्दै अन्तमा नेपाली शैलीको भोजन गर्दै यात्राको विश्राम लिएको कुराहरूको जानकारी दिइएको छ । *कलौको रमाइलो* यात्रासंस्मरणमा लेखकलाई कलौको रमणीय दृश्यावलोकन गर्दा नेपालको तानसेनको अनुभूति भएको, कलौबाट टाउँजीको यात्रा गर्दा त्यहाँका दृश्यहरू दाङ, मलेखु जस्तो लाग्नु, टाउँजीका विभिन्न व्यक्तिहरूसँगको भेटमा टाउँजीमा बसोबास गर्ने नेपालीहरूको सङ्ख्या, तिनीहरूको मुख्य व्यवसाय, सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको बारेमा जानकारी लिएको र टाउँजीको सरस्वती मन्दिरमा भएको औपचारिक कार्यक्रमको वर्णन गरिएको छ ।

*यकसकको यात्रामा* टाउँजीबाट करीब ३ घण्टाको यात्रापछि यकसकको कार्यक्रमस्थल जाँदै गर्दा पल स्मरण गर्दै लेखक लेख्छन् : बाटामा नेपाली परिवार, युवाहरू, वृद्ध सबै सडक किनारामा मन्द मुस्कानसहित नेपाली शैलीमा अभिवादन गर्दैछन् । हृदयमा एउटै गीत गुन्जन्छ “नेपाली हामी रहौँला काँ ?’ नेपाल नरहे ?’ उचाइ हाम्रो चुलिन्छ कहाँ, हिमालै नरहे” । सडक एकदम सोझै छ नेपालको पूर्वपश्चिम राजमार्ग  जस्तो । महेन्द्र राजमार्गका वरिपरिको जस्तै नेपाली शैलीका घरहरू, गाईका लामालामा गोठहरू . . . यी सबैको आनन्द प्राप्त गर्दै हामी हाम्रो गन्तव्य यकसक पाठशालातर्फ जादैंछौ (योगी, २०६१ : ४९) ।

पं. अशोक घिमिरेसँग पाठशाला सम्बन्धी जानकारी लिएको, टाउँजीको कार्यक्रम भावपूर्ण वातावरणमा देशप्रेमले भरिपूर्ण गीत र कवितासँगै सम्पन्न भएको कुरा योगीले गरेका छन् । *फाँउँडऊ, पगोडाको भ्रमण* को संस्मरणमा फाउँडऊ फया पुग्न करीब ३० मिनेट पानीको यात्रा गर्दा पानी र आकाशका चराहरूको सुन्दर वातावरण र दृश्य अवलोकन गरेको, खुट्टाले नाउ ख्याउने, पानीमाथि ठूलो तरकारी बगैचाहरू आदिका नयाँ नयाँ रमणीय दृश्यका साथ रमाइलो यात्रा गरेको, यात्रामा प्यारो देश नेपालप्रति गहिरो माया झल्काउने देशप्रेम गीत, लोकगीत दोहरीगीत गाउँदै, सुन्दै फाउँडऊ नामक विशाल

विहारमा पुगेको, फाउँडऊमा ५ वटा मूर्ति रहेको, ती मूर्तिहरूको महत्त्व एताया म्यान्तिमा भएको रात्रि कार्यक्रमको चर्चा गरिएको छ ।

योगीले *नेपाली टोपी नेपाली बोली* शीर्षकको संस्मरणमा त्यहाँका नेपालीहरूले अतिथि सेवाका लागि प्रतिस्पर्धा गरेको, उनीहरूले नेपाली टोपी र दौरासुरुवालको धेरै महत्त्व मानेको र नेपाली संस्कृति तथा परम्परालाई बचाइराखेको कुराहरूको जानकारी दिएका छन् । त्यसैगरी उनले कल्पवृक्ष कल्याणकोष र नेपाली गोर्खा विद्यार्थी सहयोग मण्डलीको बारेमा जानकारी लिएको, टाउँजीबाट कलौको यात्राको सिलसिलामा नेपाली टोपी र दौरा सुरुवालको चर्चा चलेको, कलौमा कार्यक्रम एकदम स्वस्थ र प्रेमपूर्ण वातावरणमा सम्पन्न भएको, माण्डले फर्कदा म्यान्मामा नेपालीहरूले आफ्नो जातीय संस्कृतिको संरक्षणका लागि गरेको संघर्षको इतिहास सुन्दै करीब ४ घण्टाको यात्रापछि माण्डले पुगेको चर्चा प्रस्तुत संस्मरणमा गरेका छन् । नेपाल गोर्खा धर्मशाला-मण्डलमा योगीले शोभाकरसँग माण्डले धर्मशालाका बारेमा गरिएको कुराकानी र अखिल म्यान्मा देशीय गोर्खा हिन्दू धार्मिकसँगको बारेमा जानकारी दिएका छन् ।

*मोगाकम्योमा चोसोवाइ* मा लेखकलाई मोगोकको यात्रा नेपालको नौबिसेबाट थानकोट, नागढुङ्गा चढेको अनुभव भएको, च्याउफा पुगेको त्यहाँ भव्य स्वागत भएको, मोटर जुलुस हुँदै मोगोक पुगेको, विभिन्न दृश्यावलोकन गर्दै फोटो खिचेको, स्वागत गर्नेका हूल देख्दा लेखक स्तव्ध भएको र अन्त्यमा रामचन्द्र मन्दिरको प्राङ्गणमा गरिएको मोगेकको कार्यक्रमको व्यापक चर्चा गर्दै प्रस्तुत संस्मरणको अन्त्य गरिएको छ । राधिका खनाल, नेपाली बन्ध र चोलानाथ बञ्जाडेसँग गरिएको कुराकानी, दुर्गा मन्दिर, श्री राधाकृष्ण मन्दिर भ्रमण गर्दै पुनः रामचन्दको मन्दिरमा भेला भएका, टी.के. आहुजीको घरमा पुगेको, जगदम्बा मन्दिर, श्री जगदम्बा भवन र श्री नन्दरामको योगदान आदिको चर्चा 'मोगोकका मन्दिरहरूको भ्रमण' शीर्षकको संस्मरणमा गरिएको छ । 'मोगोक, चायपिनमा अन्तिम दिन' मा योगीले मिण्डडा उपशाखा बौद्ध मन्दिरको दर्शन, श्री दुर्गा मन्दिरको दर्शन, गबाए गणेश मन्दिरको प्राङ्गणमा चारपाँच सय नेपाली दिदीबहिनीहरू, बालधर्मसेवक तथा बालधर्मसेविकाहरूको उपस्थिति रहेको, गबाए मन्दिरमा १ घण्टाको प्रवचन गरेको, मोगोकको च्यापिनबाट भावपूर्ण बिदाइ भएको, त्यहाँको रुवी खन्ने प्रचलन र अन्तमा तीनचार घण्टाको यात्रापछि माण्डेको पुगेको आदि कुराहरूको बारेमा जानकारी दिएका छन् ।

*उत्तरशान प्रदेशको यात्रा* मा लाथ्योको यात्राका क्रममा घुमाउरा, उकाला, सुन्दर पहाड र विशाल फाँटहरूको रमणीय दृश्यहरू अवलोकन गर्दै त्यहाँको उर्वराभूमि, सबै मानिस सरल, स्वस्थ जीवनयापन गरेको देखेर लेखकले सम्झना गरेको कविता यस्तो छ :

न पैसा थुपार्ने तीतो तिर्सना छ;
न ता राजसम्मानको वासना छ ।
कतै जान्न ठूलो थलो ठाउँ खोजी,
सधै बस्न तल्ला पीरामा म राज ॥

(योगी, २०६१ : ९८)

यात्राकै क्रममा चोलानाथबाट आफ्नो समाजको विकासमा युवा परिचालन गरेको कुराको जानकारी दिँदै सुन्दर शहर लाथ्यो पुगेको र त्यहाँ विविध कुराहरूको जानकारी लिएको आदि कुराको वर्णन योगीले गरेका छन् ।

*पवित्र भूमिमा पादार्पण* मा योगीले नित्यक्रियापछि साधना गरेको, सरस्वती मारासिनी धर्मअनुरागी र एक असल गृहणी भएको प्रसंशाका साथमा संस्मरणको प्रारम्भ गरेका छन् । यसमा उनले तातो पानीको आनन्द लिएको शंखाई, शिवधामको महिमा, स्वयम्भू शंखाई, शिवधाममा २/३ सय व्यक्तिले एकैचोटी पूजा गर्न सकिने व्यवस्था भएको, शंखाइ शिवधाममा करीब दुई घण्टाको प्रवचनपछि खिमानन्दसँग शंखाई शिवधाममा लागेको मेलाको बारेमा भएको कुराकानी र अन्तमा लाथ्यो फर्केर विश्राम लिएको प्रसङ्गहरूको चर्चा गरेका छन् । *शंखाई शिवधाममा पुनः प्रवचन* शीर्षकको संस्मरणमा शंखाई शिवधामबाट थप प्रवचन गर्नुपर्‍यो भनेर दवाव आएकोले दोस्रो दिन करीब दुई घण्टाको प्रवचन कार्यक्रम सम्पन्न भएको चर्चा गरिएको छ । त्यसैगरी कर्णेल टेकध्वजले लेखेको 'इन्द्रेणी' पुस्तकको लोकार्पण समारोहको बारेमा जानकारी दिँदै पुनः लाथ्यो पुगी विश्राम लिएको प्रसङ्गको साथमा संस्मरण टुङ्ग्याइएको छ । शिवरात्रि पर्वको महत्त्व, शंखाई शिवधाम मेलाको व्यवस्थापन सम्बन्धी विष्णु मरासिनीसँगको कुराकानी, सरस्वतीको आमाले गरेको माया नाउँदो, लोखू, प्यीउल्वीको यात्राको थालनी गरेको, नेपालीहरूले शिवरात्री पर्वको अवसर पारेर लगाएको वृहत् मेला, महिलाहरू जुनसुकै काममा पनि अगाडि बढेको , नाउँदो यात्रा गरेको, पाञ्चायन मन्दिरको बारेमा जानकारी लिन पं. ठाकुरसँग गरिएको कुराकानी, लोखू संस्कृत पाठशालामा एक घण्टाको प्रवचन कार्यक्रम सम्पन्न गरेको, पाठशालासम्बन्धी जानकारी लिएको र पीउल्वी पशुपति धाम विशाल मन्दिरको चर्चा र अन्तमा माण्डलेतर्फ प्रस्थान गरेको कुराको वर्णन 'शिवरात्री पर्वको चर्चा' माण्डले संघको आयोजना गरिएको सम्बोधन, कार्यक्रमको वर्णन, माण्डले भ्रमणमा सांस्कृतिक र ऐतिहासिक स्थलको दृश्यावलोकन गरेको, गीता भवनमा भएको प्रवचन कार्यक्रम 'चन्द्र आवासमा' शीर्षकको संस्मरणमा माण्डलेको अन्तिम विहान सबै साथीहरूले भेटघाट गरेको, म्योत्तिको सरस्वती मन्दिरको रामुपन्जीसँग गरिएको कुराकानी, साथीभाइहरूको प्रेम, श्रद्धा मनभरि सङ्गाल्दै १५/१६ घण्टाको लामो तर रमाइलो यात्रा गर्दै यान्गुन पुगेको प्रसङ्गको चर्चा गरिएको छ ।

*श्री रामप्रकाश धीरजीलाई भेट्दा* संस्मरणमा रामप्रकाश धीर लगायतका अन्य व्यक्तिहरूसँग भएको भेटघाटको चर्चा र धम्भावती गुरुमाको आश्रम अवलोकन गरेको कुराहरूको जानकारी दिइएको छ । विश्वप्रसिद्ध स्वेडगौं पेगोडाको भ्रमणमा विश्वको सबैभन्दा ठूलो पेगोडाको परिचय, महाविजया चैत्यको परिचय, रामजानकी मन्दिरमा भएको प्रवचन कार्यक्रम कार्यवाहक राजदूत श्री दिलीप पौड्यालको घरमा गरिएको रात्रि भोजको चर्चा गरिएको छ । *बिदाइको ब्रेकफास्ट* शीर्षकको संस्मरणमा ठाउँ ठाउँमा बिदाइको कार्यक्रम बनेको, तीन हप्ताको बसाइ तथा म्यान्माका विभिन्न स्थानको भ्रमणको योगीमा गहिरो छाप परेको, कालीबाडीमा माताकाली दर्शन गर्न गएको र रात्रिभोजको मीठो भावपूर्ण वातावरणमा बिदाइ भएको कुराहरूको वर्णन गरिएको छ । म्यान्मा यात्राको अन्तिम संस्मरण फेरि भेटौला शीर्षकमा सबै साथीहरू लगायत ८०-९० वर्षकी आमाले बिदाइको दिन दिएको आशिर्वाद स्मरण गर्दै लेखक यसरी लेख्छन् : फेरि आउनु है, यस्तै राम्रो काम गर्नु, मेरो आशीर्वाद छ । जिन्दगीमा अरू के पो गर्नु छ र ? यस्तै राम्रो काम गर्नु त छ नि बा, यति मान्छेलाई प्रवचन गरेर सुनायौ, धन्यवाद छ' (योगी, २०६१ : १४८) । यसरी फेरि आउने बाचा गर्दै प्रस्तुत संस्मरणको अन्त्यको साथै म्यान्माको यात्राको पनि समापन भएको छ ।

लेखकले म्यान्माको यात्रापछि बैंकक यात्रा सुरु गरेका छन् । उनले 'बैंकक एयरपोर्टमा' शीर्षकमा म्यान्माबाट ३ घण्टाको यात्रापछि बैंकक पुगेको, नेपालीहरूले बनाएको मन्दिरहरूको अवलोकन, गणेश चौथीको पूजाको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न गरेको र अन्तमा फोटाहको बसाइको चर्चा गरिएको छ । त्यसैगरी 'बैंकक शहरमा एक नजर शीर्षकको संस्मरणमा डलरको भाउ घटेको प्रसङ्ग, फौटाहमा घुमेको र शान्ति परिवारसँग बिदाई' हुँदै सिङ्गापुर यात्रा गरेको कुरा उल्लेख गरिएको छ ।

सिङ्गापुर यात्राको पृष्ठभूमि शीर्षकको संस्मरणमा योगीले आफ्नी बहिनीसँग ५ दिन बिताउने, अन्य नेपालीहरूसँग भेटघाट गर्ने, विगतको कामको स्मरण गरिएको छ । यसैगरी लेखक आफ्नी बहिनीसँग भेट भएको, कम्प्यूटरमा बसेको, नेपाली रेष्टुरेन्टमा खाना खाएको, सेन्टोमा भन्ने सानो टापुमा भ्रमण गरेको, सिङ्गापुरको इतिहास वर्णन, लेखकको भान्जीको जन्मदिन मनाएको, सिङ्गापुरको द चिल्ड्रन पेलेस र क्रिसेन्ट गर्ल्स स्कूल सिङ्गापुर अल्बैट भ्रमण गरेको आदि कुराहरू उल्लेख गर्दै अन्तमा बहिनी र जुवाइसँग बिदा भएको प्रसङ्गको चर्चा सिङ्गापुर यात्रा शीर्षकको उपशीर्षकमा गरिएको छ । थाइल्याण्डको यात्रा शीर्षकको संस्मरणमा त्रिनाथ देवालयमा नेपाली दिदीबहिनी र दाजुभाइसँग भेटघाट गर्दै प्रवचन कायक्रम सम्पन्न गरेको, अन्तर्राष्ट्रिय शान्तिपरक शिक्षा सम्मेलनमा प्रवचन कार्यक्रम सम्पन्न गरेको, धाम्मकाय फाउण्डेसनको भ्रमण गरेको, धाम्मकाय फाउण्डेसन टेम्पलमा आउनेहरूले गरेको दानको महिमा, लाइट फेस्टिबलमा सहभागी भएको, फुटेकमा गरेको यात्रा, फुटेकको सौन्दर्यको चर्चा र फुटेकबाट बिदाइ हुँदै आफ्नै मातृभूमिमा प्रवेश गरेका

विविध सन्दर्भहरूको उल्लेख गर्दै थाइल्याण्ड यात्रा समाप्त भएको छ। साथै म्यान्माको माया यात्रासंस्मरणको पनि समापन भएको छ।

चिन्तामणि योगीले म्यान्मा,बैंकक, सिङ्गापुर र थाइलेण्डमा गरेको धार्मिक यात्रामा आफूले देखेका, सुनेका र भोगेका विविध पक्षहरूलाई प्रस्तुत यात्रासंस्मरणको विषयवस्तु बनाएका छन् । उनले पहिलो यात्रा म्यान्मामा गरेका छन् । म्यान्माको २१ दिने बसाइमा योगी त्यहाँका विभिन्न ठाउँमा भ्रमण गर्दा त्यहाँ बसेका नेपालीहरूको नेपालीपन, नेपाली भाषा, धर्मकर्म, चालचलन, रीतिरिवाज र बोलीवचन आदि कुराहरू अनुकरणीय भएको कुरा प्रस्तुत यात्रासंस्मरणमा व्यापक रूपमा चर्चा गरेका छन् । त्यसैगरी प्राकृतिक सुन्दरताको वर्णन गर्दै त्यहाँका कतिपय स्थानहरू नेपालका दाङ, मलेखु र तानसेन जस्तो लागेको कुरा योगीले प्रस्तुत कृतिमा चर्चा गरेका छन् । योगी म्यान्माको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, मठमन्दिर विकास निर्माणका कार्यहरूको बारेमा देखेर प्रत्यक्ष रूपमा त्यहाँका प्रमुख व्यक्तिहरूसँग वार्ता गरेर जानकारी लिएका छन् । त्यहाँका महिलाहरू जुनसुकै क्षेत्रमा पनि अगाडि बढेको कुरा पनि संस्मरणहरूमा उल्लेख गरिएको छ । योगीले म्यान्माका नेपालीहरूको आपसी समझदारी, मेलमिलापको वातावरण बनाएका, उनीहरूले अतिथिलाई देवताको रूप मान्ने, उनीहरू उमेरले बूढो भए पनि बूढोपनको झलक नपाइने र सबै ठाउँमा मठमन्दिर बनेका यी विविध पक्षलाई प्रस्तुत कृतिमा व्यक्त गरेका छन् । उनले गरेको यात्राको वर्णनले पाठकलाई उनीसँगै यात्रा गरेको अनुभव हुन्छ ।

## ४.११.५ विचार

चिन्तामणि योगीले **म्यान्माको माया** यात्रासंस्मरण कृतिमा मानिसले आफ्नो मातृभूमि, आफ्नो कलासंस्कति, परम्परा र रीतिरिवाज संसारको जुनसुकै कुनामा गए तापनि बिर्सनु हुँदैन भन्ने विचार व्यक्त गरेका छन् । म्याम्नाबासी नेपालीहरूले नेपालप्रति गरेको प्रेम, नेपाली भाषाप्रतिको मोह, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज सबैलाई सम्मानपूर्वक कायम राखेको कुराको चित्रणले नेपालीहरू जहाँ भएपनि आफ्नो पहिचान कायम राख्न सकुन् भन्ने धारणा प्रस्तुत निबन्धसङ्ग्रहका संस्मरणहरूमा व्यक्त गरिएको छ । म्यान्माको सरकारले विकास निर्माणका कार्यमा धेरै नै मेहनत गरेको कुराको चित्रणले नेपाल सरकार पनि विकास निर्माणका कार्यमा संवेदनशील भइदिए हुन्थ्यो भन्ने कुराको अपेक्षा योगीले गरेका छन् । मेलमिलाप र शान्ति कायम राख्न आध्यात्मिक र धार्मिक आस्था हुनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत संस्मरणहरूमा पाइन्छ । यसरी म्यान्माका र म्यान्मावासी नेपालीहरूमा रहेका विविध पक्षको चित्रणले राष्ट्र र राष्ट्रियता माया र सम्मानपूर्वक जोगाइ राख्नुपर्छ भन्ने विचार **म्यान्माको माया** यात्रासंस्मरणमा व्यक्त गरिएको छ ।

### ४.११.६ भाषा

चिन्तामणि योगीले **म्यान्माको माया** यात्रासंस्मरणमा सरल, सुबोध र बोधगम्य भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गरिएको प्रस्तुत निबन्धसङ्ग्रहमा संस्कृत भाषाको श्लोक तथा शब्दहरूको प्रयोग प्रायः सबै संस्मरणमा गरिएको छ । कुनै कुनै संस्मरणहरूमा हिन्दी भाषाको वाक्य र शब्दहरू प्रयोग पाइन्छ भने अंग्रेजी भाषाका वाक्य र शब्दहरूको प्रयोग पनि उल्लेख्य मात्रामा पाइन्छ । योगीले आफूले भ्रमण गरेको ठाउँको वस्तुस्थितिको सत्यतथ्य जानकारी लिन त्यहाँका प्रमुख व्यक्तिहरूसँग गरिएको कुराकानी प्रस्तुत संस्मरणमा उतारेका छन् । संस्मरणमा कविता, गीतका टुक्का र उखानहरूको प्रयोग पनि पाइन्छ । योगीले प्रत्येक संस्मरणमा तिथिमिति पनि दिएका छन् । समग्रमा भाषा दृष्टिले प्रस्तुत निबन्धसङ्ग्रह रोचक तथा पठनीय छ ।

### ४.११.७ शैली

चिन्तामणि योगीले **म्यान्माको माया** यात्रासंस्मरण निबन्धसङ्ग्रहमा यात्राका क्रममा आफूले देखेका, भोगेका र जानेका वस्तुस्थितिको वर्णन गर्न विविध शैलीको प्रयोग छन् । योगीका सबै संस्मरणहरू दैनिकी पद्धतिमा संरचित छन् । योगीले म्यान्माको महत्त्वपूर्ण क्षेत्रहरूको विस्तृत रूपमा जानकारी लिन त्यहाँका प्रमुखसँग गरिएको कुराकानीलाई पनि प्रस्तुत कृतिमा समावेश गरेका छन् । प्रस्तुत कृतिमा वर्णनात्मक, संवादात्मक, प्रश्नात्मक, व्याख्यात्मक र डायरी शैलीको प्रयोग गरेका छन् । शैलीका दृष्टिले **म्यान्माको माया** यात्रासंस्मरणात्मक कृति सफल छ ।

### ४.११.८ निष्कर्ष

चिन्तामणि योगीले **म्यान्माको माया** शीर्षकको यात्रासंस्मरण भ्रमणको सिलसिलामा देखेका, भोगेका र सुनेका विविध पक्षको वास्तविकताको चित्रण गरेका छन् । उनले प्रस्तुत यात्रासंस्मरणमा म्यान्मा, बैंकक, सिङ्गापुर र थाइलेण्ड यात्राको बारेमा चर्चा गरेका छन् । योगीले म्यान्माको २१ दिने यात्रामा म्यान्माबासी नेपालीहरूमा रहेको नेपालीपन, देशप्रेम, भाषाप्रेम, धार्मिकता, सामाजिकता, परिश्रमी, सम्मान, सहजता आदिको यथार्थ चित्रण गर्नुका साथै त्यहाँको प्राकृतिक तथा भौगोलिक सुन्दरता र विकास निर्माणका कार्यहरूको प्रशंसा पनि गरेका छन् । योगीले यस यात्रासंस्मरणमा नेपाली भाषाका साथै अङ्ग्रेजी, संस्कृत र हिन्दी भाषाका वाक्य तथा शब्दहरूको प्रयोग पनि गरेका छन् । त्यहाँ सन्दर्भहरूलाई रोचकता दिन ठाउँ ठाउँमा कविता, गीतका लाइन र उखानहरूको प्रयोग गर्नुका साथै महत्त्वपूर्ण ठाउँ तथा कार्यक्रमको फोटो प्रत्येक संस्मरणमा राखिएको छ । यसमा वर्णनात्मक, संवादात्मक, व्याख्यात्मक र प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ । प्रस्तुत

यात्रासंस्मरण पठनीय र उत्कृष्ट छ भने म्यान्मासम्बन्धी जानकारी लिन चाहनेहरूको लागि यो पुस्तक उपयोगसिद्ध देखिन्छ ।

## ४.१२ नेत्र एटम (२०२६) को सीमान्त आकाश निवार्तासङ्ग्रहको विश्लेषण

### ४.१२.१ लेखन र प्रकाशन

नेत्र एटमद्वारा लिखित **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** (निवार्तासङ्ग्रह, २०६२) तन्नेरी प्रकाशन काठमाडौँका लागि विदुर गौतमद्वारा प्रकाशित कृति हो । यो एटमको प्रकाशनका दृष्टिले छैठौँ कृति हो । यस कृतिको आवरण पृष्ठमा सीमान्त आकाशलाई प्रतीकात्मक रूपमा बुझाउने अमूर्त चित्र राखिएको छ । आवरण पृष्ठको माथिल्लो भागमा कृतिको नाम **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** (निवार्तासङ्ग्रह) लेखिएको छ भने तल्लो भागमा लेखकको नाम नेत्र एटम लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा कृतिको नाम, लेखकको नाम र प्रकाशन विवरण उल्लेख गरिएको छ भने भित्री पृष्ठको अर्कापट्टि कृतिको नाम, लेखकको नाम, प्रकाशक, संस्करण, आवरण, फोटो, कम्प्युटर, मुद्रक र मूल्यका विवरण दिइएको छ । त्यस्तै त्यही पृष्ठमा आइएसविएन सङ्ख्या पनि उल्लेख गरिएको छ । पछिल्लो आवरण पृष्ठमा फोटोसहित लेखकको परिचय दिइएको छ । यसको आवरण कीतिजनार्दन जोशीद्वारा परिकल्पना गरिएको हो । कृतिमा राखिएका फोटाहरू कुमार आलेद्वारा र कम्प्युटर टङ्कण केशवराज रेग्मीले गरेका हुन् । जम्मा ४७२ पृष्ठमा रहेको प्रस्तुत कृति डिमाइ आकारको छ ।

### ४.१२.२ संरचना

**सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** (निवार्तासङ्ग्रह) नामक प्रस्तुत कृतिको संरचना सङ्गठित प्रकृतिको छ । यस कृतिमा जम्मा ३६ ओटा शीर्षकको संरचनामा कृतिको रूप दिएका छन् । ती ३६ ओटा शीर्षकमध्ये ३५ ओटा शीर्षक निवार्ताकार स्वयम्ले विभिन्न विशिष्ट साहित्यिकारहरूसँग गरिएको अन्तर्वार्ता र अन्तर्यात्रासँग सम्बन्धित छन् भने अन्तिमको एउटा शीर्षक भूमिकाका रूपमा देखिएको छ । यस भूमिकाको लेखक स्रष्टा तथा समालोचक रोशन थापा 'निरव' रहेका छन् । यसमा दिइएका ३५ ओटा यात्राहरू क्रमशः उपन्यासकार डायमण्डशमशेर, राष्ट्रकवि माधव घिमिरे, गोविन्दबहादुर मल्ल 'गोठाले', कृष्णचन्द्रसिंह प्रधान, जगदीशशमशेर, धुस्वाँ सायमी, ध.च. गोतामे, तारानाथ शर्मा, पूर्णप्रकाश नेपाल 'यात्री', कृष्णप्रसाद पराजुली, दुर्गाप्रसाद भण्डारी, गोविन्द भट्ट, कृष्णप्रकाश श्रेष्ठ, अम्बर गुरुङ, गीता केशरी, मोहनराज शर्मा, मोदनाथ प्रश्रित, मनु ब्राजाकी, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, ध्रुवचन्द्र गौतम, परशु प्रधान, माया ठकुरी, मञ्जुल, गोपाल पराजुली, तोया गुरुङ, माधवप्रसाद पोखरेल, विमल निभा, नारायण ढकाल,  दाहाल यज्ञनिधि, कृष्णहरि

बराल, चट्याङ मास्टर, विमल कोइराला, सरुभक्त, इन्दिरा प्रसाईंसँगको अन्तर्यात्रामा आधारित छन् । यस अन्तर्यात्राका मुख्य यात्रीहरू तत्कालीन समयका प्रसिद्ध, आफ्ना समयका युग निर्माता तथा त्यतिबेलाका पद र प्रतिष्ठा पाएका भाषा, साहित्य, समालोचना, सङ्गीत र शिक्षण क्षेत्रका व्यक्तित्वहरू बनेका छन् । यसमा सङ्गृहीत ३५ ओटा निवार्ताका शीर्षकहरू क्रमशः *उपन्यासमा इतिहास र प्रजातन्त्रका सर्जक, सांस्कृतिक अतीतमा वर्तमानको पीडाबोध, गोठालेको लट्ठी त भाँचिएकै रहेछ !, जीवनका लहरलहरमा कहर चुम्दै, प्रयोगवादी जटिलतामा चेतनाको क्रान्ति, तितेपाती र हिलोमा फुलेको कमल, शब्दमा सजिएको सम्झौताको जीवन, एउटा उज्यालो तारा र मलिन सूर्यहरू !, देशभक्तिको प्रकाशले पूर्ण नेपालयात्री हुन् ।* त्यस्तै *श्रमप्रति आस्थावान् अथक साधक, दर्शनमा अतीत र वर्तमानको विपर्यास !, विचारको हिमाल र नदीको गतिशीलता, रुसी परिवेशमा नेपाली प्रतिबिम्ब, अमूर्त अम्बर कि उर्वर अवनी !, सङ्घर्षमय बाटो काट्दै साहित्य-सहचरी, साहित्य, शैली रजीवनको समालोचना, वैचारिकता र कलात्मकताका संयोजक, मनु : एउटा नाटकीय उद्घाटन, एउटा उत्तुङ्ग शिखरमा साहित्यको रजहाँस, अन्तर्यात्रामै उज्यालो भेट्ने राष्ट्रवादी, बालुवामाथि अस्तित्वको चेतनप्रवाह, चर्केको चस्माबाट उत्तरार्धको अन्वेषण, अभाव र आँसुको अभिव्यक्तिमा माया ठकुरी, पोल्टामा पोखिएको मञ्जुल उठाउँदै, तहभित्र तह : नयाँ युगको गोपाल, तरल तोया कठोर कविता, रूखो भाषाविज्ञान र कोमल निबन्धमा जीवनको सूत्र* यस सङ्ग्रहमा सङ्गृहीत अन्य निवार्ताहरू हुन् । यसमा सङ्गृहीत अन्य निवार्ताहरूमा *निभा : अन्धकारका कट्टर दुस्मन, यथार्थको उद्यानमा मलामीको अनुभूति, मुक्तिका लागि जदौ ! दाहाल दाजु, गीत र जीवन : एउटा सरल संयोग, गर्जन छाडेर चट्याङको वर्षा, मात्र लेखन उसको पहिचान, अहङ्कारको चुलीमा सृजनात्मक सन्तुलन, स्वतन्त्र सत्ताको खोजीमा बाधा बनेको बिरालो* हुन् । विषय सूचीभन्दा पहिले *प्रकाशकीय* र लेखक स्वयम्को भूमिका *अनुभूतिका पाइला पछ्याउँदा* तथा समग्र पुस्तकको अन्त्यतिर रोशन थापा 'निरव' को २० पृष्ठको *भूमिकाका सन्दर्भमा नेत्र एटमको निवार्ता* भूमिकात्मक र समालोचनात्मक लेख राखिएको छ । यस निवार्तासङ्ग्रहमा घटीमा ११ पृष्ठका देखि बढीमा २० पृष्ठसम्मका निवार्ताहरू सङ्कलित छन् । यसको आयाम विषय सूचीभन्दा अगाडिका ८ पृष्ठ र पछाडिका ४७२ पृष्ठ गरी आवरण पृष्ठबाहेक जम्मा ४८० पृष्ठको वृहत् आकारको रहेको छ ।

### ४.१२.३ शीर्षक

नेत्र एटमको प्रस्तुत निवार्तासङ्ग्रहको शीर्षक **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** राखिएको छ । शीर्षकको संरचनालाई हेर्दा सीमान्त आकाश पदावलीको सान्दर्भिक अर्थ त्यति धेरै अर्थपूर्ण देखिँदैन तापनि यसले साहित्यिक आकाशका स्रष्टाहरूसँगको अन्तर्यात्रा सीमाहीन हुँदैन भन्ने दृष्टिकोणबाट प्रभावित भएको देख्न सकिन्छ । नेपाली

साहित्यिक, साङ्गीतिक, भाषिक, शैक्षणिक आकाशलाई सीमान्त आकाश भनेर त्यस सीमान्त आकाशका मूर्धन्य ३५ जना स्रष्टासितको अन्तर्यात्रालाई निबन्धात्मक रूपमा प्रस्तुत गरिएको छ । तसर्थ शीर्षकका पछाडि कोष्टकमा दिइएको निवार्तासङ्ग्रह पनि उपयुक्त देखिन्छ । आकाश अनन्त हुन्छ तर प्रस्तुत कृतिको आकाश ३५ जना स्रष्टासँगको अन्तर्यात्रामा मात्र सीमित छ । त्यसैले यसको शीर्षक समष्टिमा सार्थक नै भएको मानिन्छ ।

## ४.१२.४ विषयवस्तु

नेपाली कला तथा भाषा साहित्यका नाम चलेका ३५ जना व्यक्तिहरूसँग लिइएको अन्तर्वार्तामा प्रस्तुत निवार्तासङ्ग्रह आधारित देखिन्छ । ती विशिष्ट व्यक्तित्वहरूसँग आफैँले भेटेर प्रश्नोत्तर गर्दागर्दै आफ्ना स्वकीय अनुभूतिलाई समेत सिर्जनात्मक रूपबाट प्रस्तुत गरिएको छ । नेपाली भाषा साहित्यमा ती विशष्ट व्यक्तित्वहरूका विधागत, कृतिगत, गुणात्मक योगदानको व्याख्या विश्लेषण तथा मूल्याङ्कन आत्मपरक शैलीमा गरिएको छ । नेपाली साहित्यका कथा, कविता, उपन्यास, नाटक, समालोचना आदि सिर्जनात्मक र समीक्षणात्मक विषय सन्दर्भमा व्यवस्थित रूपबाट संवाद अगाडि बढाइएको छ । यस सङ्ग्रहमा निवार्ताकार एउटा सूत्रधार बनेका छन् । उनी नाटकमा सूत्रधारले पात्र र विषयवस्तुका बारेमा परिचय दिएजस्तै गरेर परिचय दिन्छन् र ती पात्र पनि आफ्ना भूमिकाका बारेमा बेलीविस्तार लगाउँछन् । वर्तमान समयको एउटा स्पष्ट तस्वीरका रूपमा यसको विषयगत गरिमा उच्च रहेको छ । सीमाहीन आकाशको विस्तीर्ण भागको सीमित सौन्दर्यको प्रस्तुति र सृष्टि नै यस निवार्तासङ्ग्रहको मूल विषय हो । यसका लागि नेपाली आख्यान साहित्यका शिखर पुरुष डायमनशमशेरसँगको अन्तर्वार्तालाई *उपन्यासमा इतिहास र प्रजातन्त्रका सर्जक* शीर्षक राखेर उनको कृति र कृतित्वका विचारहरू प्रस्तुत गरिएको छ । त्यस्तै राष्ट्रकवि माधव घिमीरे, गोविन्दबहादुर मल्ल 'गोठाले' लगायत ३५ जना व्यक्तित्वसँग लिइएको अन्तर्वार्ता नै यस सङ्ग्रहको मूल विषय हो । स्रष्टा निवार्ताकार यस कृतिमा विशुद्ध आत्मपरक निबन्धकार, समालोचक, अन्तर्वार्ताकार, पत्रकार, नाटककार आदि सबैको पुञ्ज बनेका छन् । तसर्थ एकात्मकतामा अनेकात्मकताको प्रस्तुति पनि यसको विषय प्रयोगगत वैशिष्ट्य हो । समय, समाज र साहित्यका त्रिआयामिक सन्दर्भको प्रस्तुति र त्यसको कालजयी स्वरूपको निर्माणतर्फको यात्रा नै प्रस्तुत निवार्तासङ्ग्रहको मूल विषय प्रयोगगत सन्दर्भ हो ।

## ४.१२.५ विचार

नेत्र एटमको प्रस्तुत निवार्तासङ्ग्रहको शीर्षक **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा**मा आफूले देखेका, भोगेका, सुनेका र अनुभव गरेका विविध प्रसङ्गहरूका साथै ३५

जना स्रष्टासँगको अन्तर्वार्तामा उनीहरूका विचार र लेखक स्वयम्का विचारको कुशल संयोजन गरिएको छ । त्यसैगरी नेपाली भाषा साहित्य तथा त्यसको श्रीवृद्धिका बारेमा लेखकले स्रष्टासँग गरेका प्रश्न र उनीहरूका जवाफमा नेपाली साहित्यको उन्नतिको कथा र व्यथा लुकेको छ । प्रस्तुत कृतिको वैचारिक पक्षका बारेमा यसका स्रष्टा स्वयम्कै दृष्टिकोण यस्तो रहेको छ–

> सीमान्त आकाश– त्यसैले मेरो दृष्टिको सीमाबाट पहिल्याइने नेपाली साहित्यको वर्तमान हो । यो नै भूतको आधार र भविष्यको रूपरेखा पनि हो । एउटा व्यक्तिले इतिहासको कालखण्डमा यस्ता स्रष्टासित नजिक बसेर उनीहरूको अनुभवमा अधिकार जमाउने अवसर पाएको थियो भनेर कुनै बेला अरूलाई पनि गौरवबोध हुनेछ, किनभने हामी कुन शैलीमा बाँच्छौँ, अग्रजलाईं कसरी व्यवहार गर्छौं र भावी पुस्ताका बारेमा के सोच्छौँ - त्यसको अहम् आकृति प्रस्तुत कृतिको अध्ययनबाट मिल्नेछ । (एटम, २०६२ : भूमिका)

नेपाली साहित्यको वर्तमानको अनुहार दुई चार जना लेखकसँगको अन्तर्वार्तामा आबद्ध भएर त्यसको पुनर्सिर्जन गर्ने प्रयत्न यसमा भएकाले मूलतः यसमा विचारको प्रधानता पाइँदैन । यद्यपि साहित्य, साहित्यकार र उनका वैचारिक र चिन्तनगत प्रवृत्ति तथा उनीहरूको कर्मशीलताको कथा निबन्धात्मक रूपमा यसमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । उनी निबन्ध र अन्तर्वार्ताको मिश्रण गरी नेपाली साहित्यका पाठकलाई नयाँ स्वादको साहित्यिक खुराक प्रस्तुत गर्न चाहन्छन् । नितान्त व्यक्तिपरक रूपले लेखिएको यस कृतिमा लेखकले नेपाली साहित्यलाई विभिन्न माध्यमबाट साहित्यकारले गरेको योगदान र त्यसको आत्मपरक अनुभूति पाठकसमक्ष पुऱ्याउनु पर्छ भन्ने विचार राखेका छन् ।

### ४.१२.६ भाषा

प्रस्तुत निवार्तासङ्ग्रहमा सरल, सुबोध र सामान्य बोलीचालीको भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग भएको प्रस्तुत निवार्तासङ्ग्रहको भाषा बोधगम्य छ । एटमले प्रत्येक अन्तर्यात्रीहरूका कथ्य र लेख्य भाषिक विशेषताको उल्लेख प्रस्तुत कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरेका छन् । बढीजसो तद्भव शब्दको प्रयोग भएको प्रस्तुत कृतिमा सन्दर्भ अनुसार तत्सम र आगन्तुक शब्दको प्रयोग पनि प्रशस्त भएको पाइन्छ । भाषिक कौशलताका दृष्टिले प्रस्तुत कृति सफल छ ।

### ४.१२.७ शैली

प्रस्तुत निवार्तासङ्ग्रह अन्तर्वार्ता र निजात्मक निबन्धको अन्तरसंयोजनमा तयार पारिएको छ । त्यसैले यसमा आत्मपरकता, वस्तुपरकता दुवै शैलीको संयोजन गरिएको

पाइन्छ । निबन्ध, कथा, नाटक, कतिपय सन्दर्भमा कविताजस्ता विधाको मिश्रण भएकाले तथा समालोचनात्मक गुण पनि प्रयोग भएका हुनाले यसमा विश्लेषणात्मक, विवरणात्मक, वर्णनात्मक, पत्रकारिता र संवादात्मक शैलीको पनि प्रयोग देखिन्छ । त्यस्तै विषय र प्रस्तुति अनुकूल मनोवादात्मक शैलीको प्रयोग पनि प्रस्तुत कृतिमा भएको छ । विषयवस्तुको यथार्थ र व्यापक चर्चा गर्दा वर्णनात्मक शैली, स्मृति सन्दर्भको उल्लेख गर्दा पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ । यसरी एटमले प्रस्तुत कृतिमा विविध शैलीको प्रयोग गरेका छन् ।

### ४.१२.८ निष्कर्ष

नेत्र एटमको प्रस्तुत कृति मूलतः अन्तर्वार्ता र निबन्धको मिश्रण गरिएको निवार्ताहरूको सङ्ग्रह हो । यसमा नेपाली साहित्यमा अलि बढी नाम चलेका भाषासेवी साहित्यकारहरूसँग लिइएको अन्तवार्तालाई निजात्मक रूप दिइएको छ । यस कृतिको मूल्याङ्कनका लागि यसै कृतिको अन्तिमतिर रोशन थापा 'निरव'को भूमिकाका सन्दर्भमा नेत्र एटमको निवार्ता लेखको तेस्रो पृष्ठमा दिइएका १० ओटा बुँदाहरू अत्यन्त सटिक रहेका छन् । एटमको प्रस्तुत कृतिमा नेपाली साहित्यका विभिन्न सर्जकहरूको योगदानलाई कालक्रमिक रूपले प्रस्तुत गरिएको छ । प्रत्येक लेखकसँगको अन्तर्क्रियामा अन्तर्वार्ताकारका रूपमा प्रश्न मात्र सोधिएको छैन प्रश्न अनुसार आएका उत्तरको समीक्षा र उनीहरूका कृतिगत सन्दर्भको टिप्पणी पनि दिइएकाले यसमा समालोचनात्मक गुणको पनि छनक देख्न सकिन्छ । प्रत्येक वार्ता सुरु गर्नुअघि पूर्वदीप्तिको प्रयोग भएको छ । यस कृतिमा नेपाली साहित्यिक लेखनको अतीत र वर्तमानमा मात्र नभएर भविष्यको समेत चिन्ता गरिएको पाइन्छ । कतिपय सन्दर्भमा यात्रासंस्मरणको झल्को दिने प्रसङ्गहरूको प्रयोग पनि गरिएको छ । समग्रमा विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले प्रस्तुत कृति उत्कृष्ट छ ।

## ४.१३ शारदा शर्मा (२०२७) को महिला लेखमालासङ्ग्रहको विश्लेषण

### ४.१३.१ लेखन र प्रकाशन

शारदा शर्माद्वारा लिखित **महिला** लेखमालासङ्ग्रह (२०६३) अस्मिता प्रकाशन काठमाडौंबाट प्रकाशित कृति हो । शर्माको लेखन र प्रकाशनको दृष्टिले पहिलो प्रकाशित कृतिको आवरण पृष्ठमा फक्रिन लागेको फूलको चित्र राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम **महिला** लेखिएको छ भने पुछारको भागमा लेखिकाको नाम शारदा शर्मा लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा कृतिको नाम, लेखिकाको नाम उल्लेख गरिएको छ भने भित्री पृष्ठको अर्कापट्टि कृतिको नाम, लेखिकाको नाम, प्रकाशक, संस्करण र मूल्य दिइएको छ । अन्त्यको आवरण पृष्ठमा लेखकको तस्वीर, लेखिकाको परिचय, पुरस्कार र प्रकाशित कृतिको नाम उल्लेख गरिएको छ । यस सङ्ग्रहका सबै लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् ।

### ४.१३.२ संरचना

**महिला** शीर्षकको लेखमालासङ्ग्रहमा जम्मा २९ वटा लेखहरू सङ्कलित छन् । ती लेखहरू *महिला मुक्तिका लागि लोकतान्त्रिक गणतन्त्र, खोलो तऱ्यो लट्ठी बिर्सियो, मानवअधिकार र महिला अधिकार, समानता परिवारबाटै सुरु हुनुपर्छ, सामाजिक लिङ्गभेदः समाप्तिको दायित्व समाजकै, महिलाका दुश्मन नै महिला यो भनाइ कति सत्य कति असत्य ?, महिला सशक्तीकरण आजको मूल आवश्यकता, महिलाविरुद्ध हिंसाः घरेलु हिंसा, खै मैले गरेर के हुन्छ . . . ?, आमसञ्चारमा महिला सहभागिताका अवरोधहरू, लोकतन्त्र शान्ति र महिला, जेलब्रेकः पितृसत्तात्मक सोचलाई चुनौती, घरेलुहिंसा अन्त्यको बलियो आधारः महिला सशक्तीकरण, महिला पत्रकारहरू सङ्गठित हुन जरुरी, द्वन्द्व र महिला, विधवाहरूको पीडाबारे समाजको ध्यान जानुपर्छ, कानुन छ तर कार्यान्वयन छैन, नारीहरूको समस्या समाजकै साझा समस्या, पितसत्ता र महिला-पुरुष, चेलीबेटी बेचबिखन जघन्य अपराध, अमृताको आत्महत्याले उब्जाएका प्रश्न, त्यो आँसु नक्कली थियो कि सक्कली ?, बसन्तीदेवी र मरनीदेवीले पाएको पुरस्कारले . . . ।, भान्सा कोठामा रुमलिएका महिलाहरू सडकमा उत्रिए, लैङ्गिक असमानताको कटु अनुभव सङ्गाल्ने चेलीहरू, आत्मनिर्भरताको बाटो बन्यो वचत सङ्कलन, विनासित्तिमै महिलाले भोग्नु परेको व्यथा, मानवअधिकारका पक्षमा जुट्दैछन् अवला भनिएका महिलाहरू र द्वन्द्वका कारण विद्यालय छोड्न विवश बालिका* रहेका छन् । प्रस्तुत कृति जम्मा १४७ पृष्ठमा संरचित छ भने बाँकीको पृष्ठमा लेखिकाद्वारा पतिको नाममा सादर समर्पण, दुई पृष्ठको प्रकाशकीय, नारायणप्रसाद शर्माको तीन पृष्ठको शुभकामना मन्तव्य, ससुरा युवराज शर्माको मन्तव्य, सुशील गौतम (रझेना) को तीन पृष्ठको शुभकामना मन्तव्य, लेखिकाको ५ पृष्ठको कृतज्ञताका अभिव्यक्तिहरू र विषयसूची दिइएको छ । यस सङ्ग्रहमा सङ्कलित लेखहरू ४ पृष्ठदेखि ८ पृष्ठसम्मका आयाममा संरचित छन् ।

### ४.१३.३ शीर्षक

शारदा शर्माद्वारा लिखित लेखमालासङ्ग्रहमा सङ्कलित सबै लेखहरू महिलासँग सम्बन्धित भएकाले उक्त लेखहरूको प्रतिनिधित्व हुने गरी महिला शीर्षक राखिएको छ । लेखहरूमा प्रस्तुत विषयवस्तु र शीर्षकको सन्तुलन भएकोले प्रस्तुत शीर्षक सार्थक देखिन्छ । शीर्षकबाट नै विषयवस्तुको बोध हुन पुगेको छ ।

### ४.१३.४ विषयवस्तु

शारदा शर्माद्वारा लिखित **महिला** शीर्षकको लेखमालासङ्ग्रहमा सङ्कलित लेखहरू महिला तथा सामाजिक विषयवस्तुमा आधारित छन् । यसमा महिलाले दिनहुँ भोग्नु परेका समस्या, महिला स्वतन्त्रताको बाधा पितृसत्तात्मक समाज र महिला सशक्तीकरणलाई प्रस्तुत

सङ्ग्रहमा प्रमुख विषयवस्तु बनाइएको छ । यस सङ्ग्रहको पहिलो लेख *महिला मुक्तिका लागि लोकतान्त्रिक गणतन्त्र* मा महिलाहरू पितृसत्तात्मक  समाजले निम्त्याएको रुढीवादी परम्परा र रीतिरिवाजका कारण महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक आदि क्षेत्रमा पछाडि परेका छन् । पितृसत्तात्मक समाज भन्नु नै राजतन्त्र हो । जबसम्म राजतन्त्रको अन्त्य हुँदैन तबसम्म महिला मुक्तिका कुरा असम्भव छ भन्ने विषयवस्तुहरू समेटिएका  छन् ।

यसैगरी अन्य लेखहरूमा महिलालाई पितृसत्तात्मक समाजले अगाडि बढ्न रोक लगाएको छ । सञ्चार जस्तो महत्त्वपूर्ण क्षेत्रमा आउन वा निरन्तरता दिन महिलालाई ठूलो चुनौती छ त्यस चुनौतीलाई तोड्न महिला सञ्चारकर्मी एकजुट हुन जरुरी छ । महिलाले एउटा घरभित्रको कामदेखि लिएर सामाजिक तथा राजनीतिक क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् तर उनीहरूले गरेको कार्यको मूल्याङ्कन गरिँदैन । महिलाले नेपालका हरेक आन्दोलनमा खुलेर साथ दिए तर अवसर र सुविधाको भोग पुरुषले मात्र गरेको पाइन्छ भन्दै लेखिका लेख्छिन् : दश वर्षको जनयुद्धमा नेपाली महिलाको सहभागिता त झन् आश्चर्यजनक रह्यो । महिलाहरू कमजोर हुन्छन्, उनीहरूले शारीरिक परिश्रम गर्न सक्दैनन् भन्ने परम्परागत मान्यतालाई चुनौती दिँदै महिलाहरूले जनयुद्धमा बन्दुक बोकेर संघर्षमा होमिए (शर्मा, २०६३ : ७) । यसरी महिलाहरूले गरेको योगदानको मूल्याङ्कन गरिएको छैन भन्ने विषयवस्तुहरू समेटिएका छन् ।

शर्माले आफ्ना लेखहरूमा परिवार पहिलो पाठशाला भएकोले समानताको सुरुवात पनि परिवारबाटै हुनुपर्दछ । त्यसैगरी सामाजिक लिङ्गभेद समाजले जन्माएको हुनाले त्यसको अन्त्य समाजद्वारा नै गरिनुपर्छ भन्ने कुराहरू पनि समेटेकी छिन् । उनले महिलाहरू घरेलुहिंसाका शिकार दिनहुँ भइरहेका छन् । घरेलुहिंसालाई घर, परिवार, समाज तथा राज्यले बढवा दिएको छ । घरेलुहिंसा सम्बन्धी कानुन र व्याप्त जनचेतनाको अभावले महिलाहरू पीडित बन्न पुगेका छन् । राज्यले पनि घरेलुहिंसा विरुद्व उचित कदम चाल्न नसकेको अवस्था छ भन्दै लेखिका अगाडि लेख्छिन : 'नेपालको २००७ सालको संविधानमा लिङ्गको आधारमा भेदभाव नगर्ने कुराहरू उल्लेख छन् । नेपालले महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ मा हस्ताक्षर गरेको छ । यसैगरी चीनमा १९७६ मा भएको चौथो विश्वमहिला सम्मेलनले पनि महिलामाथि हिंसा निर्मूल गर्ने कुरामा नेपालले सहमती जनाएको छ (शर्मा, २०६३ : ४३) । यसरी महिला अधिकार सुनिश्चितताको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बने तापनि कार्यान्वयन भएको छैन भन्ने विषयवस्तुहरू प्रस्तुत लेखमालासङ्ग्रहमा समेटिएका छन् ।

शर्माले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेखित धाराहरूको बारेमा पनि चर्चा गरेरकी छिन् । यसैगरी शर्माले चेलीबेटी बेचबिखन दिनहुँ बढेको, विधवाले

भोग्नु परेका समस्या, द्वन्द्वको प्रत्यक्ष असर महिलाहरूमा परेको, आर्थिक अभावका कारण सुत्केरी हुँदा अकालमा ज्यान गुमाउन परेको, सुत्केरी हुँदा अस्पतालको पैसा तिर्न नसकेर अमृताले आत्महत्या गरेको सत्य घटना, असुरक्षित गर्भपतन, घरमै सुत्केरी हुनुपर्ने बाध्यता आदि कुराको चर्चा गरेकी छिन् । आर्थिक समस्या होस् या सामाजिक समस्या होस् त्यसको पहिलो मारमा महिला परेका छन् भन्ने कुरा पनि उनका लेखहरूमा उल्लेख छन् । प्रस्तुत सङ्ग्रहमा द्वन्द्वका कारण बालिकाहरू शिक्षाबाट बञ्चित हुन परेको यथार्थ, अन्यायको विरुद्ध लड्ने साहसी महिला बसन्तीदेवी र मरनीदेवीले पाएको पुरस्कार, महिलाले केही पनि गर्न सक्दैनन् भन्ने समाजलाई उमा लगायत उनका साथीहरूले जेल तोडेर भाग्न सफल भएको साहसिक कदमले पितृसत्ता समाजलाई चुनौती दिएको जस्ता कुराको जानकारी दिइएको छ । जनआन्दोलनमा महिला जनसागर ओर्लिएर सफल भएको, महिलाहरू सशक्त तथा जागरुक भएर समुदायस्तरमा हुने घेरलुहिंसा र आफ्नो आर्थिक तथा सामाजिक स्तरमा परिवर्तन ल्याएका जस्ता सत्य घटनाहरूको जानकारी पनि प्रस्तुत सङ्ग्रहमा दिइएको छ ।

शारदा शर्माले प्रस्तुत लेखमालासङ्ग्रहमा सङ्कलित लेखहरूमा महिलाले भोग्नु परेका समस्या तथा महिला सशक्तीकरणका बारेमा चर्चा गरेकी छिन् । पितृसत्तात्मक समाजका कारण महिलाहरू हिंसा तथा घरेलुहिंसाका कारण पीडित बनेका छन् । महिला सम्बन्धी बनेका कानुनको कार्यान्वयन नहुँदा चेलीबेटी बेचबिखन बढेको, विधवा महिलाको समस्या, महिलाहरूले आमसञ्चारमा निरन्तरता दिन सकेका छैनन् । द्वन्द्वका कारण बालिकाहरू शिक्षाबाट वञ्चित हुनु परेको छ । आर्थिक अभावका कारण महिलाले अकालमै ज्यान गुमाउनु परेको जस्ता वास्तविक कुराहरू प्रस्तुत सङ्ग्रहमा उल्लेख गरिएको छ । त्यसैगरी समाजमा रहेको व्याप्त अन्धविश्वास र कुरीतिले निम्त्याएको विभेदको अन्त्य गर्न महिला सशक्तीकरण हुनु जरुरी छ । महिला पत्रकारहरू एकजुट हुनुपर्ने जस्ता विचारहरू पनि शर्माले व्यक्त गरेकी छिन् । पितृसत्तात्मक समाजलाई चुनौती दिँदै जेल तोडेर भाग्न सफल उमा लगायत उनका साथीहरू र अन्यायको विरुद्ध लडेर सम्मानित हुने बसन्तीदेवी र मरनीदेवीको उदाहरण दिँदै महिलाहरूको साहसिक कार्यको चर्चा शर्माले गरेकी छिन् । उनले महिलाहरूले वचत संकलन गरेर आर्थिक तथा सामाजिक स्तर माथि उठाएको, उनीहरूले मानवअधिकारको पक्षमा वकालत गरेर घरेलु हिंसा पीडित महिलालाई न्याय दिएको जस्ता वास्तविकताको पनि प्रस्तुत सङ्ग्रहमा उल्लेख गरेकी छिन् । यसरी लेखिका शारदा शर्माले 'महिला' शीर्षकको लेखमालासङ्ग्रहमा महिला समस्या र महिला सशक्तीकरणमा जोड दिएकी छिन् ।

### ४.१३.५ विचार

शारदा शर्माले **महिला** शीर्षकको लेखमालासङ्ग्रहमा महिलामाथि हुने हिंसाको अन्त्य होस् भन्ने विचार व्यक्त गरेकी छिन् । महिलाको सशक्तीरणमा घर, परिवार, समाज र राष्ट्र

संवेदनशील बन्नुपर्छ, महिलासम्बन्धी बनेका ऐन, कानुन कार्यान्वयन हुनुपर्दछ र महिलाहरू पनि आफ्नो अधिकार प्राप्त गर्नको लागि सधै सचेत र संघर्षशील रहनुपर्छ भन्ने विचार व्यक्त गर्दै लेखिका यसरी लेख्छिन् :

> योगमायाको विद्रोहदेखि धेरै नेपाली महिलाहरूको त्याग जनयुद्ध र जनआन्दोलनमा नेपाली महिलाले बगाएको रगतको फलस्वरूप यो स्थिति आएको हो । त्यसैले नयाँ नेपालमा सबैले ध्यान दिनुपर्ने छ । मलाई विश्वास छ नयाँ नेपालको निर्माणसँग कमसेकम हाम्री एक मात्र सन्तान सदीक्षा शर्मा र उनको पिंढीले महिला भएकै कारण कुनै भेदभावका शिकार नभएर पूर्व लैङ्गिक समानताको उपभोग गर्न पाउने छन् । (शर्मा, २०६३ : कृतज्ञता)

समग्रमा शर्माले महिला स्वतन्त्रतासम्बन्धी विचारहरू प्रस्तुत सङ्ग्रहमा व्यक्त गरेकी छिन् ।

### ४.१३.६ भाषा

शारदा शर्माले प्रस्तुत लेखमालासङ्ग्रहमा सरल तथा बुझिने नेपाली भाषाको प्रयोग गरेकी छिन् । उनले विषयवस्तुलाई सटिक रूपमा बुझाउनको लागि कुनै कुनै लेखहरूमा प्रचलित उखानहरूको पनि प्रयोग गरेकी छिन् । *खोला तऱ्यो लट्ठी बिर्सियो* शीर्षकको लेख उखानबाट नै शीर्षकीकरण भएको छ । उनले प्रयोग गरेका अन्य उखानहरूमा 'काम लाग्दा भाँडो काम नलाग्दा ठाँडो' (पृ. ७), 'अचनाको पीर खुकुरीलाई थाहा हुन्न' (पृ., ५०) आदि हुन् । प्रस्तुत सङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पाइन्छ । सरल, सरस र सामान्य बोलीचालीको भाषा प्रयोग गरिएको प्रस्तुत सङ्ग्रह बोधगम्य छ ।

### ४.१३.७ शैली

प्रस्तुत लेखमालासङ्ग्रहमा वस्तुपरक र आत्मपरक दुवै प्रकारका लेखहरू सङ्कलित छन् । शर्माले महिला सशक्तीकरणसम्बन्धी लेखहरूमा विचारात्मक शैलीको प्रयोग गरेकी छिन् भने महिलाले भोग्नु परेका समस्या, महिलाले गरेको साहसिक कार्य र योगदान सम्बन्धी वास्तविक घटना तथा प्रसङ्ग सम्बन्धी लेखहरूमा वर्णनात्मक र संस्मरणात्मक शैलीको प्रयोग गरेकी छिन् । महिलासम्बन्धी बनेका कानुन कार्यान्वयन नहुनु, चेलीबेटी बेचबिखन दिनँहु हुने जस्ता कुराको चर्चामा हल्का व्यङ्ग्य शैलीको प्रयोग पनि गरिएको छ ।

### ४.१३.८ निष्कर्ष

शारदा शर्माद्वारा लिखित **महिला** शीर्षकको लेखमालासङ्ग्रह महिला तथा सामाजिक विषयवस्तुमा केन्द्रित छ । यसमा महिला समस्या, महिला सशक्तीकरण, महिला मुक्तिको

बाधक पितृसत्तात्मक समाज भएको, महिलासम्बन्धी बनेका कानुनको कार्यान्वयन नहुनु, महिला सशक्तीकरण र स्वतन्त्रताको लागि महिलाहरू एकजुट हुनुपर्ने, अन्यायको विरुद्ध आवाज उठाउने जस्ता विषयवस्तुको प्रस्तुति सरल नेपाली भाषामा भएको छ । महिलाहरू आफ्नो र समाजको उत्थानको लागि जागरुक हुनु जरुरी छ । महिला सशक्तीकरणको लागि सबै सरोकारवाला र स्वयम् महिला पनि संवेदनशील बन्नुपर्छ भन्ने धारणा प्रस्तुत सङ्ग्रहमा व्यक्त भएको छ । आत्मपरक र वस्तुपरक दुवै प्रकारका लेखहरूमा वणनात्मक, विचारात्मक, संस्मरणात्मक र हल्का व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ । कुनै कुनै लेखमा प्रचलित नेपाली उखानको प्रयोग गर्नुका साथै लेखिकाले प्रस्तुत लेखहरूमा आफ्नो विचारका साथै सत्यतथ्य घटनाहरूको बारेमा पनि जानकारी दिएकी छिन् । प्रस्तुत लेखमालासङ्ग्रह विषयवस्तु, विचार, भाषा र शैलीका दृष्टिले पठनीय छ ।

## ४.१४ उदय जी.एम. (२०२८) को पुच्छर नभएका हनुमान निबन्धसङ्ग्रहको विश्लेषण

### ४.१४.१ लेखन र प्रकाशन

उदय जी. एम. द्वारा लिखित **पुच्छर नभएका हनुमान** (२०५९) निबन्धसङ्ग्रह सहस्राब्दी प्रकाशन प्रा.लि.बाट प्रकाशित कृति हो । यो कृति जी.एम.को लेखन र प्रकाशनको दृष्टिले पाँचौं स्थानमा रहेको छ । प्रस्तुत कृतिमा भ्रष्टाचारी र कुर्सीमोह जस्ता प्रवृत्ति झल्किने नेताको चित्र राखिएको छ । आवरण पृष्ठको सिरानको भागमा कृतिको नाम **पुच्छर नभएका हनुमान** र पुछारको भागमा लेखकको नाम उदय जी.एम. लेखिएको छ । आवरण पृष्ठको भित्री पृष्ठमा लेखकको नाम, कृतिको नाम, प्रकाशक, संस्करण र मूल्य उल्लेख गरिएको छ । अन्त्यको आवरण पृष्ठमा सहस्राब्दीबाट प्रकाशित कृतिहरूको विज्ञापन दिइएको छ ।

### ४.१४.२ संरचना

यस कृतिभित्र जम्मा १६ वटा निबन्धहरू सङ्गृहीत छन् । ती यसप्रकार रहेका छन्: *भुंडीफोर अभियान जिन्दावाद, यमराज मामालाई चिठी, जताजत काफल पाक्यो . . . , पुच्छर नभएका हनुमान, प्रचण्डपथपछि भोंदुराम गोरेटो, संवैधानिक प्रक्रिया, संसदीय महाजात्रा २०५७, बस छोरी ऐना हेरेर, हराएका बुद्धको खोजीमा, नक्कली देखि सावधान !, रक्सीज्यूको भूमिगत यात्रा, मुसाज्यूलाई नमस्कार, झिलिमिली झिलिमिली फुईखाजा, साला लामखुट्टे, आउनुहोस् हामी पनि धोंती लगाऔं र लोहनी लोहनीको मोहनी* । प्रस्तुत कृतिका रचनाहरू जम्मा ६७ पृष्ठमा संरचित छन् । अन्य पृष्ठमा रुद्र खरेलको ८ पृष्ठको भूमिका, लेखकको आफ्नो कुरा र विषयसूची दिइएको छ । प्रस्तुत कृतिका रचनाहरू प्रायः समान र लघु आयाममा संरचित छन् ।

### ४.१४.३ शीर्षक

उदय जी.एम. ले निबन्धसङ्ग्रहको शीर्षक यसै सङ्ग्रहमा सङ्कलित चौथो निबन्ध पुच्छर नभएको हनुमानबाट राखेका छन् । यो प्रतीकात्मक शीर्षकले अवसरबाद, सत्ताभक्ति र स्वामीभक्तिको अर्थबोध गराउनुका साथै सत्तामा पुगेका कथित बुद्धिजीवीहरूको भ्रष्ट र विकृत मानसिकतालाई सशक्त ढङ्गले उठान गरेको छ । सर्वसाधारण जनतालाई छलकपट गरी उनीहरूको रगत र पसिनाको भरमा सत्तामा पुगेका नेताहरू हनुमान जस्तै मोटाघाटा, ठूलो पेट र ठूला गाला भएका तर पुच्छर नभएकाले हनुमान भन्दा अलिक फरक रहेका छन् । जनताको चाहना कुण्ठित पार्ने नेताहरूप्रति कटु व्यङ्ग्य प्रस्तुत कृतिका प्रायजसो निबन्धहरूले गरेका छन् । प्रतीकात्मक शीर्षकले नेताहरूको भ्रष्ट आचरणमाथि औलो तेर्साएको छ । त्यसैले प्रतीकात्मक रूपमा शीर्षक सार्थक बनेको छ ।

### ४.१४.४ विषयवस्तु

उदय जी.एम.ले प्रस्तुत कृतिका रचनाहरूमा राष्ट्रमा कुरूप र विसङ्ग राजनीतिदेखि लिएर समाज र राष्ट्रमा भएका भ्रष्टाचार, सत्ताशक्ति, अवसरवाद, पुरुष हैकमवाद, हत्या, हिंसा, फाँसी र द्वन्द्व आदि विषयवस्तु समेटिएका छन् । निबन्धकारले यस सङ्ग्रहको धेरैजसो निबन्धमा काल्पनिक, बौद्धिक, ठट्यौलो पात्र भोंदुरामको उपस्थिति गराइ विषयवस्तु प्रस्तुत गरेका छन् । उदयले देशमा भइरहेको राजनीतिक विकृति, विसङ्गतिको साथै सत्तामोह, भ्रष्टाचार, अन्याय, अत्याचार, बेमेल र असङ्गति जस्ता कुसंस्कारहरू स्पष्टसँग दृष्टिगोचर गर्दछन् । उनका निबन्धहरूमा राजनैतिक विकृतिका साथै सामाजिक, धार्मिक, सांस्कृतिक, न्यायिक क्षेत्रमा देखिएको विकृति, विसङ्गति, अमानवीयता, दूराचारी आदि प्रवृत्तिप्रति कटु व्यङ्ग्यवाण प्रहार गरिएको छ । यसै सन्दर्भमा निबन्धकार यसरी लेख्छन् : समाजका तमामखाले विकृति, विसङ्गति, बेथिति, कुरीति, कुसंस्कार, आडम्बर आदि मानवता र सुसभ्य समाजको विरोधी सबै कुतत्वहरू देख्दा तिनमाथि झम्टिन मन लाग्छ । समाजबाट यी जम्मैलाई जरैदेखि उखेलेर फाल्न पाए समाज कति राम्रो हुँदो हो भन्नेस् लाग्छ (जी.एम., २०५९: आफ्नो कुरा) । देशमा अशान्तिले जरो गाड्दै गएको, हत्या हिंसा दिनानुदिन बढ्दै गइरहेको छ । नेताहरू बिदेशीको इसारामा नाच्ने, तिनीहरूले लगाइदिएको टेकेसो चढेर सत्तामा पुग्ने प्रवृत्ति, दण्डहीनता, आर्थिक अराजकता, स्वेच्छचारिता, खाओवादी, आर्थिक लुट र उल्टो प्रतिमानको यथार्थ चित्रण प्रस्तुत कृतिका निबन्धहरूमा गरिएको छ । शासक वर्गले जनतालाई ठग्ने नाटकको उद्घाटन झिलिमिली फुई खाजा शीर्षकको निबन्धमा गरिएको छ ।

यस कृतिमा नेपाली जनता साम्राज्यवादी र विस्तारवादी शोषण र दमनबाट उत्पीडित भइरहेका छन् । साम्राज्यवादी उत्पीडनको विरोध गर्दा जनताले

आतङ्ककारीको संज्ञा पाउने गरेको तीतो यथार्थको चित्रण उदयले गरेका छन् । नेता लगायतका बौद्धिक वर्ग पनि अवसरवादी बनेका छन् । समाज तथा देशमा व्याप्त ठग, फटाहा र नक्कली व्यक्ति तथा सङ्गठनको बर्चस्व बढेको छ । राजनीतिक दलले पनि तिनीहरूलाई प्रयास गरेर सत्ता हात पार्ने काममा लागेको, राजनीतिक दलको नाममा ठगी र बद्मासी गर्दै हिड्ने जनतालाई दुःख दिनेहरूप्रति पनि व्यङ्ग्य गरिएको छ । कुर्सीका लागि नेपालका नदीनाला वनजङ्गलको व्यापार गर्ने, नीतिनियमको कार्यान्वयन नगर्ने, गुण्डा पाल्न राष्ट्रको ढुकुटी रित्याउने, जनतालाई झूठो आश्वासन बाँडेर कुर्सी हात पार्ने र आफ्नो दरसन्तानको भुँडी भर्न मात्र लाग्ने आदि प्रवृत्ति भएका नेतालाई उदयले तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

उदयले देशमा दिनप्रतिदिन बढ्दै गइरहेको राजनीतिक विकृतिका कारण अराजकताले देश झन अधोगतितिर धकेल्लिरहेको यथार्थको व्यङ्ग्यात्मक रूपमा प्रस्तुत कृतिका निबन्धमा चर्चा गरेका छन् । उनका अधिकांश रचनाहरूले राजनीतिक विकृतिका विषयवस्तु अङ्गालेका छन् । जनताले बगाएको रगत र पसिनाको आडमा सत्ता हात पार्ने, सत्ता हात पारेपछि भ्रष्ट्राचार गर्ने, राष्ट्रको ढुकुटी रित्याउने, कानुन विपरीत कार्य गर्ने, बिदेशीको इसारामा स्वार्थ पूरा गर्न नपाए अर्कालाई दोषारोपण गर्ने, जनताको पेटमा लात हानेर आफ्नो भुँडी भर्ने, मोटाउने, कुर्सीमोह आदि प्रवृत्ति भएका नेताहरू आजका पुच्छर नभएका हनुमान हुन् भन्दै उदयले व्यङ्ग्य वाण तेर्साएका छन् । समाजमा शोषक र सामन्त वर्गको हैकमवाद, दादागिरी, अन्याय, अत्याचारले सर्वसाधारण जनताले सास्ती खेप्न परेको उनीहरूको विरुद्ध आवाज उठाउँदा आतङ्ककारीको संज्ञा पाउने जस्ता विषयवस्तु पनि उदयले आफ्नो निबन्धमा समेटेका छन् ।

व्यक्तिगत स्वार्थ पूरा गर्न विचार र सिद्धान्त परिवर्तन गरी अवसरवादी बन्ने बौद्धिक वर्गहरूप्रति पनि व्यङ्ग्य गरिएको छ । प्रजातन्त्र प्राप्तिपछि देशमा शान्ति छाउनुको साटो हत्या, हिंसा, अराजकता, गुण्डागर्दी, अन्याय, अत्याचार, शोषण, दमन, घुसखोरी, सत्तामोह, राष्ट्रको ढुकुटी जस्ता विकृति र विसङ्गति बढेको छ भन्ने विषयवस्तु पनि यस कृतिले बोकेको छ । उनले प्रस्तुत कृतिमा राजनीतिक विकृतिलाई चिरफार गर्न विभिन्न काल्पनिक, बौद्धिक र ठट्यौलो पात्र भोदुरामको उपस्थिति गराइ राजनीतिक तथा सामाजिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य वाण हानेका छन् ।

## ४.१४.५ विचार

उदय जी.एम. ले यस कृतिका निबन्धहरूमा देशमा व्याप्त राजनीतिक तथा सामाजिक विकृतिमाथि व्यङ्ग्य गर्दै तिनीहरूमा सुधारको विगुल फुकेका छन् । विकृति रहित समाजको परिकल्पना उदयले आफ्ना रचनामा गरेका छन् । नेताहरूको आचरणमा

कहिल्यै पनि सुधार नआएको र समाजमा रहेका विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार घूसखोरीलाई अनुसरण गर्ने वा बढवा दिने व्यक्तिहरूप्रति आक्रोश पोखेका छन् । प्रजातन्त्रको प्राप्तिपछि देशमा शान्ति छाउन नसकेको, राजनीतिक दल आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न तछाडमछाड गरेको, कानुनको उल्लङ्घन गरी सत्तामा बसिरहने नेताहरूप्रति व्यङ्ग्य गर्दै देशमा शान्ति, स्वतन्त्रता र समतामूलक समाज निर्माण हुनुपर्छ भन्ने धारणा उदयको देखिन्छ । आफ्नो विचार र दर्शनमा अडिग रहनुपर्छ भन्ने विचार पनि प्रस्तुत कृतिका निबन्धमा व्यक्त भएका छन् । जनताहरूले नेताको भ्रष्ट प्रवृत्तिलाई सधै साथ दिनेवाला छैनन् र जनताको धैर्यताको बाँध फुट्यो भने नेताहरूको कुदिनको सुरुवात हुनेछ भन्दै उनीहरूलाई देश, जनता र राष्ट्रियताका लागि संवेदनशील बन्न लेखकले आग्रह गरेका छन् । देश वा समाजमा भएका विभिन्न खाले विकृति र विसङ्गतिमाथि सबै सचेत बनी त्यसलाई जरैबाट उखेल्न सबै एकजुट भइ लाग्नुपर्छ भन्ने विचार यस कृतिका रचनाहरूले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरका छन् ।

### ४.१४.६ भाषा

उदय जी.एम.ले यस निबन्धसङ्ग्रहमा सरल, सरस र बोलीचालीको नेपाली भाषाको प्रयोग गरेका छन् । उनले आफ्ना निबन्धमा रोल्पाली र दङाली भाषिका प्रयोग पनि गरेको पाइन्छ । नेपाली सरल तथा झर्रा शब्दले प्रयोगको विषयवस्तु बोधगम्य बन्न पुगेको छ । उदयले तत्सम, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग गर्नुका साथै नेपाली समाजको चलनचल्तीमा भिजेका उखान टुक्काहरूको प्रयोग प्रायः सबै निबन्धहरूमा गरेका छन् । जस्तै : 'अरूलाई अरूको रन्को घरज्वाईलाई खानकै रन्को' (पृ. १), 'आफै त महादेव उत्तानो पर कसले दिने बर ?' (पृ. २), 'छन गेडा सबै मेरा छैनन् गेडा सबै टेडा' 'जताजता बाहुनबाजे उतैउतै स्वाहा', 'जताजता काफल पाक्यो उतैउतै चरी नाच्यो' (पृ. ११), 'कानो गोरुलाई औंसी न पूर्णे', 'कुन गतिको मति', 'घट्टमा हालेर झन घटी' (पृ. ४१), 'मह काढ्न पाएको भए पो हात चाट्नु', 'न हातमा डाडु, न हातमा पन्यू', 'गहतको झोलमा जात फालेपछि' (पृ. ४४), 'मर्नु त मर्नु खुट्टा तानेरै मर्नु (पृ. ६०), 'नरहेगी बाँस, नबजेगी बाँसुरी' (पृ. ६१) आदि उखान टुक्काहरूले विषयवस्तलाई रसिलो बोझिलो बनाउनुका साथै व्यङ्ग्यात्मकता प्रदान गर्न सहज बनाएका छन् ।

### ४.१४.७ शैली

उदय जी.एम.को यस निबन्धसङ्ग्रह विचारात्मक शैली प्रयोग गरिएको आत्मपरक निबन्धहरूको सङ्गालो हो । देशको राजनीतिक तथा सामाजिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्न विविध शैलीको प्रयोग गरिएको छ । उदयले आफ्ना रचनाहरूमा बौद्धिक, काल्पनिक र हास्यपात्र भोंदूरामको प्रयोगले कथात्मक आस्वादन प्रदान गरेको छ ।

लेखकले आफ्नो निजात्मक विचारको प्रस्तुति गर्न आफ्ना निबन्धमा वर्णनात्मक, विश्लेषणात्मक, संवादात्मक, पत्रात्मक र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेका छन् । यमराज मामालाई चिठ्ठी पत्र शैलीमा लेखिएको निबन्ध हो । प्रस्तुत कृतिमा व्यङ्ग्य शैलीको प्रयोग बढी मात्रामा गरिएको छ भने व्यङ्ग्य सशक्त पार्न विविध शैलीको पनि प्रयोग गरिएको छ । समग्रमा विविध शैली प्रैयोग गरिएको यो कृति व्यङ्ग्य दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

### ४.१४.८ निष्कर्ष

उदय जी.एमको **पुच्छर नभएका हनुमान** निबन्धसङ्ग्रहमा देशमा रहेको राजनीतिक तथा सामाजिक विकृति, विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा चिरफार गरी ती सबैमा सुधारको अपेक्षा गरिएको छ । उदयले समाजमा देखिने विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार घुसखोरी, कमिसनतन्त्र आदिको मूल जड भूँडीलाई नै मानेका छन् र जनतालाई दुःख दिएर आफ्नो भूँडी भर्ने वर्गलाई सर्वाङ्ग नाङ्गो पारी सिस्नुपानी लागाउन चाहन्छन् । यस्ता शोषक सामन्तीलाई सजग बनाउन र जनतालाई सचेत पार्न लेखकले वौद्धिक, काल्पनिक र हास्यपात्र भोंदूरामको उपस्थिति गराइ ती पात्रकै माध्यमबाट विकृति र विसङ्गतिलाई औल्याएका छन् । ती पात्रकै माध्यमबाट विकृति र विसङ्गतिमाथि कोर्रा बर्साउन सफल छन् उदय । निबन्धमा आफू उपस्थित नभइ पात्रको प्रयोग गर्नु उदयको नौलोपन हो । सरल, सरस र बोधगम्य भाषाको प्रयोगले विषयवस्तुको प्रस्तुतिमा सरलता पाइन्छ । शैलीको विविधताले निबन्धहरू रसिला, झरिला र घोचिला बनेका छन् । प्रस्तुत कृतिमा उखान, टुक्काको प्रयोगले निबन्धहरू रोचक र घोचक बनेका छन् । समग्रमा यो कृति विचार, भाषा शैलीको दृष्टिले पठनीय छ भने व्यङ्ग्यको दृष्टिले उत्कृष्ट छ ।

## ४.१५ समग्र निबन्धगत निष्कर्ष

नेपाली निबन्धसाहित्यको समग्र इतिहासमा दाङ जिल्लाको योगदान महत्त्वपूर्ण रहेको छ । आधुनिक निबन्ध साहित्यको सुरुवातसँगै दाङ जिल्लामा निबन्ध लेखन परम्पराको थालनी भएको पाइन्छ । साहित्य सिर्जनामा उर्वरभूमि मानिने यस जिल्लामा हास्यव्यङ्ग्य, निबन्ध, व्यङ्ग्य निबन्ध यात्रासंस्मरणमा बढी मात्रामा कलम चलाएको पाइन्छ । नेपाली साहित्यको निबन्ध परम्परालाई १९ वटा निबन्धात्मक कृति दिन सफल यस जिल्लाले थुप्रै निबन्धकारहरू जन्माएको छ । विषयगत विविधता, शैलीगत विविधता, भाषागत विविधता दङाली निबन्धकारहरूको साझा विशेषता हुन् । आत्मपरक र वस्तुपरक दुवै प्रकारका निबन्धहरू यस जिल्लामा लेखिएका छन् ।

समाजका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक र मानवीय क्षेत्रमा देखिएका विकृति, विसङ्गतिलाई व्यङ्ग्य गरी निबन्ध लेख्ने निबन्धकारहरूमा उत्तमकृष्ण

मजगैयाँ, डिल्लीराज आचार्य र नारायण नेपाल सफल छन् । राजनीतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिका साथै सत्तामोह, भ्रष्टाचार, अन्याय, अत्याचार, बेमेल, असङ्गति जस्ता विषयमा तिखो व्यङ्ग्य गर्न सफल छन् उदय जी.एम. । महिला सशक्तीकरणमा जोड दिएर निबन्ध लेख्ने महिला निबन्धकार शारदा शर्माको भूमिका पनि उल्लेख्य छ । निवार्ता लेखनमा नेत्र एटमको भूमिका पनि उच्च स्थानमा रहेको छ । विगतमा भएका घटनाहरूको नालीवेली विस्तार गरी वर्तमानका युवावर्गलाई सचेत पार्न आत्मसंस्मरण लेख्ने नारायणप्रसाद शर्मा पनि महत्त्वपूर्ण निबन्धकार मानिन्छन् । दाङ जिल्लामा यात्रासंस्मरणात्मक निबन्ध लेखनको सुरुवात पद्मप्रसाद शर्माबाट भएको देखिन्छ । निबन्ध साहित्यको फाँटमा यात्रासंस्मरणात्मक निबन्धहरू उल्लेख्य मात्रामा लेखिएको पाइन्छ । दङाली निबन्धसाहित्यको विकासमा यात्रासंस्मरण लेखेर महत्त्वपूर्ण योगदान गर्ने निबन्धकारहरूमा डा. गोविन्द कुसुम, चिन्तामणि योगी, भीमकान्त आचार्य र सूर्यनाथ सापकोटा रहेका छन् । यी निबन्धकारहरूका यात्रासंस्मरणात्मक कृतिहरू उत्कृष्ट छन् ।

वि.सं. २००३ सालदेखि दङाली साहित्यमा निबन्ध लेखन परम्पराको थालनी भएको हो । आधा शताब्दी भन्दा बढी समय पार गरेको दङाली निबन्ध साहित्यमा दङाली निबन्धकारहरूले सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक र मानवीय क्षेत्रमा देखिएका अराजकतालाई सुधार गर्न हास्यव्यङ्ग्य र व्यङ्ग्य निबन्धहरू लेखिएको पाइन्छ । त्यसैगरी यात्रा गर्नुको उद्देश्य रमाइलो गर्नु मात्र होइन केही नयाँ कुराको ज्ञान लिनु पनि हो र यात्राको क्रममा पाएका अनुशरणयोग्य कुराहरूको जानकारी पाठकलाई दिनका लागि यात्रासंस्मरणहरू पनि उल्लेख्य मात्रा लेखिएका छन् ।

दङाली निबन्धकारका निबन्धमा समसामयिकता, व्यङ्ग्यात्मकता, दार्शनिकता, बौद्धिकता, संप्रेषणात्मकता, मौलिकता, सरलता आदि प्रवृत्तिहरू पाइन्छ । नेपाली निबन्ध परम्परामा दङाली निबन्धसाहित्यको महत्त्वपूर्ण योगदान रहेको छ ।

# परिच्छेद पाँच
# निष्कर्ष र उपसंहार

## ५.१ निष्कर्ष

दङाली निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको उद्देश्य दाङ जिल्लाको सामान्य परिचय दिँदै यहाँका निबन्धकारहरूको सर्वेक्षण र तिनका प्रकाशित निबन्धसङ्ग्रहको अध्ययन गर्नु रहेको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधशीर्षकसँग सम्बन्धित पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन तथा शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने रापती अञ्चलको पाँच जिल्लामध्ये दाङ जिल्ला भौगोलिक दृष्टिकोणले महत्त्वपूर्ण उपत्यका हो । यस जिल्लाको सिमाना, उत्तरमा सल्यान, रोल्पा, प्यूठान, दक्षिणमा भारत पूर्वमा अर्घाखाँची, कपिलवस्तु र पश्चिममा बाँके र सुर्खेत जिल्लासँग जोडिएको छ । ८५ डिग्री २ मिनेट पूर्वदेखि ८२ डिग्री ५ मिनेट पूर्वी देशान्तरसम्म र २७ डिग्री ३७ मिनेट उत्तरदेखि २८ डिग्री २९ मिनेट उत्तरी अक्षांशभित्र अवस्थित यस जिल्लामा करीब २० प्रतिशत पहाड र ८० प्रतिशत भित्री मदेश पर्दछ । यो जिल्लाको कूल क्षेत्रफल (२९५५०० हे.) २७९० वर्ग कि.मि छ । यस जिल्लाको नामकरणका बारेमा विभिन्न मतहरू पाइए तापनि दाङ जिल्लामा कुनै समय दङ्गीशरण थारू राजाले राज्य गरेका थिए र यिनैका नामबाट दाङ भएको हो भन्ने किंवदन्ती बढी विश्वासिलो देखिन्छ । विभिन्न खोला, नाला, ताल, तलाउ तथा बनजङ्गल भएको यस जिल्लामा मिश्रित किसिमको जलवायु छ । सामाजिक, सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिने यो जिल्ला साहित्यिक दृष्टिकोणले पनि महत्त्वपूर्ण मानिन्छ ।

भानुभक्तका समकालीन मानिने कवि जक्तिनाथबाट सुरुवात भएको दङाली साहित्यिक परम्परालाई अगाडि बढाउने बीसौं शताब्दीका उत्तराद्धका साहित्यकारहरूमा कविराज शालिग्राम गौतम, मित्रलाल आचार्य, चेतनाथ उपाध्याय शोभाकर गौतम आदि हुन् । २१ औं शताब्दीको सुरुवातसँगैका साहित्यकारहरूमा

टेकनाथ गौतम, रामप्रसाद मजगैयाँ, रत्नाकार देवकोटा उत्तमकृष्ण मजगैयाँ, केसव सुवेदी, नित्यानन्द शर्मा अमर गिरी आदि पर्दछन् । २०३० को दशकपछिका साहित्यकारहरूमा टीकाराम उदासी, नेत्र एटम, शरद देवकोटा, कृष्णराज सर्वहारी, कल्याण गौतम, बुनु लामिछाने, सुदिप गौतम आदिको महत्त्वपूर्ण योगदान रहेको छ ।

कविता विधाबाट थालनी भएको दङाली लेख्य साहित्य परम्परामा निबन्धलेखनको थालनी २००३ सालबाट भएको देखिन्छ । २००३ सालमा प्रकाशित सुशिला घिमिरेको निबन्धनात्मक लेखलाई हालसम्म प्राप्त प्रमाणहरूको आधारमा दाङ जिल्लाको पहिलो निबन्ध मानिएको छ ।

दाङ जिल्लाको निबन्ध लेखन परम्पराको थालनी २००३ सालदेखि सुरु भएको तापनि विभिन्न निबन्धकारहरूले फुटकर रूपमा मात्र निबन्ध प्रकाशित गरेको पाइन्छ । २०५४ सालमा प्रकाशितमा उत्तमकृष्ण मजगैयाँको **धरोधर्म हजुर !** निबन्धसङ्ग्रह दाङ जिल्लाको पहिलो प्रकाशित निबन्धसङ्ग्रह हो । यस निबन्धसङग्रहको प्रकाशनसँगै अन्य निबन्धकारहरूले पनि निबन्धसङ्ग्रहको प्रकाशन गरेको पाइन्छ । उत्तमकृष्ण मजगैयाँपछि निबन्धसङ्ग्रह प्रकाशित गर्ने निबन्धकार ८ तिनका निबन्धङ्ग्रहहरूमा डिल्लीराज आचार्यको **माननीय महात्म्य**, पद्मप्रसाद शर्माको **ढिकपुरदेखि मेची पुलसम्म**, उदय जी.एम.को **पुच्छर नभएका हनुमान**, डा. गोविन्द 'कुसुम' को **पारिको अनुभव**, चिन्तामणि योगीको **म्यान्माको माया**, नेत्र एटमको **सीमान्त आकाश**, नारायणप्रसाद शर्माको **फर्केर हेर्दा**, नारायण नेपालको **मूल्यहरू** सूर्यनाथ सापकोटाको **श्रीलङ्का यात्राका अनुभूतिहरू**, भीमकान्त आचार्यको **चारधाम यात्रा : वर्णन र विवेचना**, **मुक्तिनाथ दर्शन** आदि रहेका छन् । ती मध्ये निबन्ध, हास्यव्यङ्ग्य, व्यङ्ग्य, निवार्ता, यात्रासंस्मरण र आत्मसंस्मरण जस्ता निबन्धसङ्ग्रहहरू रहेका छन् ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा दङाली निबन्ध लेखनको विकासक्रम, चरण विभाजन र दङाली निबन्धकारहरूको परिचय दिइएको छ । दङाली निबन्धकारहरूको सर्वेक्षण गर्दै तिनीहरूको सामान्य परिचय दिनु यस परिच्छेदको उद्देश्य रहेको छ । परिचयका क्रममा उनीहरूको शैक्षिक, पेशागत र साहित्यिक यात्राको समेत जानकारी गराइएको छ । यहाँ दङाली निबन्धकार भनेर निम्नलिखित सीमाभित्र पर्ने प्रतिभाहरूलाई लिइएको छ :

- दाङ जिल्लामा जन्मिइ दाङमै क्रियाशील निबन्धकारहरू,
- दाङ जिल्लामा जन्मिएका तर कर्मथलोका रूपमा अन्यत्र गई बसेका निबन्धकारहरू,
- पैतृकथलो अन्य जिल्लामा भए पनि दाङलाई कर्मथलो बनाएर बसेका निबन्धकारहरू ।

उपर्युक्त सीमाभित्र पर्ने निबन्धकारहरूको शैक्षिक तथा साहित्यिक गतिविधिका साथै उनीहरूको सर्वेक्षण गर्नु यस परिच्छेदको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा निबन्धसङ्ग्रह प्रकाशित गर्ने तेह्र जना निबन्धकारहरूको कालक्रमिक रूपमा परिचय दिइएको छ । ती निबन्धकारहरूमा नारायणप्रसाद शर्मा, गुरुप्रसाद रेग्मी, भीमकान्त शर्मा आचार्य, सूर्यनाथ सापकोटा, उत्तमकृष्ण मजगैयाँ, डा. गोविन्द 'कुसुम', पद्मप्रसाद शर्मा, डिल्लीराज आचार्य, नारायण नेपाल, चिन्तामणि योगी, नेत्रमणि सुवेदी 'नेत्र एटम' शारदा शर्मा र उदय जी. एम को सामान्य परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा दाङ जिल्लाका तेह्र जना निबन्धकारका १९ वटा निबन्धसङ्ग्रहको निबन्ध सिद्धान्तको आधारमा अध्ययन एवम् विश्लेषण गरिएको छ । निबन्धकृतिको विश्लेषण गर्दा निबन्धकारको कालक्रमिकतालाई आधार मानिएको छ र प्रत्येक निबन्धसङ्ग्रहको सङ्क्षेपमा चर्चा गरिएको छ ।

नारायणप्रसाद शर्माको **फर्केर हेर्दा** (२०६३) निबन्धसङ्ग्रहका निबन्धहरू 'गाउँघर सातदिने पत्रिका' मा कृति प्रकाशित हुनुपूर्व प्रकाशित भइसकेका देखिन्छन् । यसमा जम्मा २८ वटा संस्मरणात्मक लेखहरू संरचित छन् । प्रस्तुत कृतिको शीर्षक विधान विषयवस्तु अनुरूप गरिएको छ । मूलतः शर्माले आफूले जीवनमा भोगेका, गरेका देखेका यथार्थलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । शर्माले आफ्नो ७५ वर्षे जीवनका यथार्थ घटना तथा परिवेशको वर्णनले वर्तमानका युवा पिढींलाई अन्याय, अत्याचार, विकृति र विसङ्गतिको विरुद्ध आवाज उठाउनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । प्रस्तुत कृतिमा जीवनयात्राको वर्णन सरल, सहज र बोधगम्य भाषामा गरिएको छ भने गीत तथा कविताका टुक्काको प्रयोगले संस्मरणहरू रोचक बनेका छन् । आत्मपरक शैलीमा लेखिएको यस कृतिमा व्याख्यात्मक, संवादात्मक र व्यङ्ग्य शैलीको प्रयोग पाइन्छ ।

गुरुप्रसाद रेग्मीको **बालबालिका, शिक्षक र शिक्षा** (२०६५) निबन्धसङ्ग्रहमा लघु आकारका ४१ वटा निबन्धहरू संरचित छन् । रेग्मीले विषय अनुरूप शीर्षक चयन गरेका छन् । शिक्षा क्षेत्रमा देखिएका समस्या, चुनौती र समाधानका

उपायहरूलाई प्रस्तुत कृतिको विषयवस्तु बनाइएको छ । रेग्मीले यस कृतिमा व्यवहारिक र व्यावसायिक शिक्षा नीति ल्याउनु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । यस कृतिमा सरल, सहज र बुझिने नेपाली भाषाको प्रयोग गरिएको छ । आत्मपरक निबन्धहरूको बाहूल्यता भएको यस कृतिमा विचारात्मक शैलीको बढी मात्रामा प्रयोग भएको पाइन्छ भने कतै कतै व्यङ्ग्यात्मक र अनुरोधात्मक शैलीको पनि प्रयोग देखिन्छ ।

भीमकान्त आचार्यको **मुक्तिनाथ दर्शन** (यात्रावृत्तान्त, २०६६) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन र प्रकाशनका दृष्टिले चौथो स्थानमा रहेको कृति हो । यसमा दुई चरणमा गरिएको यात्राको वर्णन एघारवटा संस्मरणमा संरचित छन् । यस कृतिमा विषयवस्तुको वर्णनअनुसार शीर्षकको चयन गरिएको छ । प्रस्तुत कृतिमा मुक्तिनाथ र त्रिवेणी धामको दुई चरणमा गरिएको यात्राको वर्णन नै विषयवस्तुको रूपमा आएको छ । मुक्तिनाथ क्षेत्रको महत्त्वको बारेमा गरिएको वर्णनले नेपालमा पनि चारधाम बनाउन सकिने विचार व्यक्त भएको पाइन्छ । यस कृतिको यात्रावर्णन सरल, सुबोध र सामान्य नेपाली भाषामा भएको छ भने दैनिकी पद्दतिमा संरचित संस्मरणहरूमा वर्णनात्मक, डायरी र पूर्वदीप्ति शैलीको प्रयोग गरिएको छ ।

भीमकान्त आचार्यको **चारधाम यात्राः वर्णन र विवेचना** (२०६६) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले पाँचौ प्रकाशित कृति हो । जम्मा ३१ वटा संस्मरणहरू संरचित यस कृतिको शीर्षक विषयवस्तुको वर्णन अनुसार चयन गरिएको छ । यसमा दुई चरणमा गरिएको धार्मिक यात्राको बारेमा चर्चा गरिएको छ । यात्रा रमाइलो र मनोरञ्जनका लागि मात्र नभएर ज्ञान हासिल गर्ने खालको हुनुपर्दछ भन्ने विचार प्रस्तुत कृतिमा गरिएको छ । यस कृतिमा सरल नेपाली भाषाका साथै संस्कृत भाषाका शब्द तथा श्लोकको प्रयोग पनि उल्लेख्य मात्रामा पाइन्छ । प्रस्तुत कृतिमा मूलतः व्याख्यात्मक र वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

सूर्यनाथ सापकोटाको **श्रीलंका यात्राका अनुभूतिहरू** (२०६५) लेखक प्रकाशनको दृष्टिले सातौ स्थानमा रहेको कृति हो । यसमा जम्मा १६ वटा संस्मरणहरू संरचित छन् । विषयवस्तुको वर्णन अनुरूप शीर्षक चयन गरिएको छ भने श्रीलंका यात्राका क्रममा भोगेका, देखेका र जानेका विविध प्रसङ्गहरूको चर्चा नै प्रस्तुत कृतिको विषयवस्तु बनाइएको छ । सापकोटाले श्रीलंकाको निर्वाचन प्रणाली शान्तिपूर्ण वातावरणमा अनुशासित ढङ्गले सम्पन्न भएको देख्दा नेपालको निर्वाचनमा उत्पन्न हुने विकृतिप्रति व्यङ्ग्य हानेका छन् र नेपालमा पनि श्रीलंकामा

झैं हरेक क्षेत्रमा विकासको अपेक्षा गरेका छन् । यस कृतिमा सरल र सहज नेपाली भाषाका साथै नेपाली चलन चल्तीमा रहेका उखानटुक्काको पनि उल्लेख्य मात्रामा प्रयोग गरिएको छ । प्रस्तुत कृतिमा नाटकीय, वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोगले अनुभूतिहरूको वर्णन रोचक बनेको छ ।

उत्तमकृष्ण मजगैयाँले **धरोधर्म हजुर !** (२०५४) निबन्धङ्ग्रह लेखन तथा प्रकाशका दृष्टिले दोस्रो प्रकाशति कृति हो । यसमा राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा प्रकाशित १५ वटा निबन्धहरू संरचित छन् । विषयवस्तु अनुरूप शीर्षकको छनोट गरिएको छ । सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिक, धार्मिक र मानवीय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको चिरफार गरी व्यङ्ग्य प्रहार गर्नु नै प्रस्तुत कृतिको मूल विषयवस्तु बनेको छ । समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति सचेत भइ त्यसको बिरोध गर्नुपर्छ भन्ने विचार यस कृतिमा व्यक्त भएको छ । यस कृतिमा सरल, सरस, सुबोध र वोधगम्य भाषाको प्रयोग भएको छ । उखान टुक्काको प्रयोगले प्रस्तुत कृतिको विषयवस्तुहरू रोचक बनेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा आत्मपरक शैली र कथानक ढाँचामा लेखिएका छन् ।

उत्तमकृष्ण मजगैयाँको **गृहलक्ष्मी भित्र्याएपछि** (२०५४) निबन्धसङ्गह लेखन तथा प्रकाशनका दृष्टिले तेस्रो स्थानमा रहेको प्रकाशित कृति हो । यो कृति दृष्टिकोण साप्ताहिक पत्रिमा प्रकाशित २३ वटा निबन्धहरूको सङ्कलित रूप हो । विषयवस्तु अनुरूप शीर्षक चयन गरिएको यस कृतिमा सामाजिक जनजीवनका यथार्थ घटनाहरूलाई टिपेर विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस कृतिमा समाजका हरेक क्षेत्रमा देखिने विकृतिको ह्रास गरी सुधार र प्रगतिको चाहना व्यक्त भएको छ । सरल, सरस र नेपाली जनजिब्रोमा भिजिसकेका नेपाली तत्सम, तद्भव र आगन्तु शब्द र उखानटुक्काको प्रयोगले सबै निबन्धका विषयवस्तुको बोध सजिलैसँग भएको छ । प्रस्तुत निबन्धसङ्ग्रह आत्मपरक शैली र कथानक ढाँचामा लेखिएका छन् ।

उत्तमकृष्ण मजगैयाँको **सुनको फुल पार्ने पोथी** (२०५४) लेखन तथा प्रकाशनका दृष्टिले पाँचौ स्थानमा रहेको प्रकाशित कृति हो । प्रस्तुत कृतिमा जम्मा १६ वटा निबन्ध संरचित छन् । यस कृतिका चारवटा निबन्ध बाहेक अन्य निबन्धहरू कृति प्रकाशित हुनु अगावै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका देखिन्छन् । शीर्षक चयन विषयवस्तु अनुरूप गरिएको छ । यसमा पनि धरोधर्म हजुर ! र गृहलक्ष्मी भित्र्याएपछि सङ्ग्रहमा जस्तै सामाजिक, आर्थिक, राजनीतिक, मानवीय, धार्मिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा देखिएका विसङ्गतिलाई विषयवस्तु बनाइएको छ र ती सबै क्षेत्रमा सुधारको अपेक्षा गरिएको छ । यस

कृतिमा आख्यान तत्वको बाहुल्यता भएकोले पाठकलाई कौतुहल प्रदान गर्न सफल भएको छ । सरल नेपाली भाषाका साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । भाषिक शुद्धताको दृष्टिले यो कृति अघिल्ला निबन्ध कृतिभन्दा कमजोर देखिन्छ । यसका प्रायः निबन्धहरू आत्मपरक शैली र कथात्मक पद्दतिमा संरचित छन् ।

डा. गोविन्दप्रसाद 'कुसुम'को **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह जगदम्बा प्रकाशन प्रा.लि.बाट प्रकाशित कृति हो । यसमा जम्मा ८ वटा यात्रासंस्मरणहरू संरचित छन् । विषयवस्तु अनुरूप शीर्षकको चयन गरिएको छ । यसमा 'कुसुम'ले अमेरिका भ्रमणमा जाने तयारीदेखि लिएर फर्केर आउँदा सम्मको आफूले भोगेका, देखेका, सुनेका र अनुभव गरेका प्रत्येक क्रियाकलापलाई विषयवस्तुको रूपमा चर्चा गरिएको छ । अमेरिकाका प्रत्येक व्यक्तिहरू आर्थिक रूपले सम्पन्न भएको, सबै क्षेत्रमा युवाहरूको प्रतिनिधित्व, प्रशासनिक नीति तथा शहर व्यवस्थापन राम्रो भएको विभिन्न पक्षहरूको चर्चा गर्दै नेपालमा ती सबैको अभाव भएको विचार प्रस्तुत कृतिमा भएको देखिन्छ । सरल र सहज नेपाली भाषा प्रयोग गरिएको यस निबन्धसङ्ग्रहमा वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग पाइन्छ ।

पद्मप्रसाद शर्माको **ढिकपुरदेखि मेचीपुलसम्म** (२०५८) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन तथा प्रकाशनका दृष्टिले दोस्रो स्थानमा रहेको प्रकाशित कृति हो । दैनिकी पद्दतिमा संरचित प्रस्तुत कृतिमा जम्मा ६ वटा संस्मरणहरू संरचित छन् । विषयवस्तु अनुरूप शीर्षकीकरण गरिएको प्रस्तुत निबन्धसङ्ग्रहमा यात्राका क्रममा जानकारी लिएका विविध पक्षलाई विषयवस्तु बनाइएको छ । एउटा नागरिकले देशको भौगोलिक, सामाजिक, प्राकृतिक, भौतिक संरचना, धार्मिक क्षेत्रका साथै विकाससँग सम्बन्धित कुराहरूको जानकारी लिनुपर्छ भन्ने विचार प्रस्तुत कृतिमा भएको छ । सरल नेपाली र सामान्य बोलीचालीको भाषाको प्रयोगका साथै वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग यस कृतिमा गरिएको छ ।

पद्मप्रसाद शर्माको **शब्दको भेद र कार्यक्रमको स्वरूप** (२०६१) लेखन तथा प्रकाशनको दृष्टिले छैठौं स्थानमा रहेको प्रकाशित कृति हो । यसमा जम्मा नौवटा निबन्धहरू संरचित छन् । विषयवस्तु अनुरूप शीर्षक चयन गरिएको प्रस्तुत कृतिमा कुनै पनि विषयमा कार्यक्रम गर्दा आयोजक, अतिथि र सहभागीले ध्यान पुऱ्याउनु पर्ने कुराहरूलाई विषयवस्तुको ध्यान पुऱ्याउनु पर्ने कुराहरूलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । शर्माले उद्देश्यमूलक, जानकारीमूलक र सन्देशमूलक कार्यक्रम प्रभावकारी र सफल हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । सरल, सुबोध र सहज

नेपाली भाषाको प्रयोग गरिएको प्रस्तुत कृतिमा व्याख्यात्मक शैलीको बढी प्रयोग भएको देखिन्छ ।

पद्मप्रसाद शर्माको **पहलवानपुरदेखि तिलासम्म** (२०६५) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले आठौं स्थानमा रहेको प्रकाशित कृति हो । यसमा जम्मा १० वटा संस्मरणहरू संरचित छन् । यस कृतिको शीर्षक विषयवस्तुको वर्णनअनुसार राखिएको छ । प्रस्तुत कृतिमा यात्राको क्रममा घटेको अकल्पनीय घटना, प्राकतिक सम्पदा र मानवीयतालाई विषयवस्तुको रूपमा चर्चा गरिएको छ । द्वन्द्वकालीन समयमा सर्वसाधारणले भोग्नु परेका समस्या र अकल्पनीय घटनाको वर्णनले शान्तिको कामना गरेको पाइन्छ । यसमा सरल र सामान्य बोलीचालीको भाषाको प्रयोग गरिएको छ । शैलीको विविधता पनि प्रस्तुत कृतिमा पाइन्छ ।

डिल्लीराज आचार्यको **मानवीय महात्म्य** (२०५७) निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले चौथो स्थानमा रहेको प्रकाशित कृति हो । यसमा जम्मा १८ वटा लघु आयामका निबन्धहरू संरचित छन् । विषयवस्तु अनुरूप कृतिको शीर्षकीकरण गरिएको छ । राजनीतिक, प्रशासनिक, शैक्षिक र धार्मिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि देखिएको व्यङ्ग्य नै प्रस्तुत कृतिको विषयवस्तु हो । यस कृतिमा ती सबै क्षेत्रमा देखिएका विकृतिहरूको विरुद्ध आवाज उठाउनु पर्छ भन्ने विचार व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा सरल र व्यङ्ग्यात्मक भाषाको साथै आत्मपरक र व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ ।

डिल्लीराज आचार्यको **भूपरिवेष्टितदेखि समुद्रवेष्टितसम्म** (२०६२) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले छैठौं स्थानमा रहेको प्रकाशित कृति हो । यसमा ४३ वटा संस्मरणहरू संरचित छन् । विषयानुकूल शीर्षकको छनौट गरिएको प्रस्तुत कृतिमा आचार्यले फिलिपिन्स भ्रमणको क्रममा जानकारी लिएका सामाजिक पक्ष, न्यायिक पक्ष, भौतिक संरचना, ग्रामीण मध्यस्तता आदिलाई विषयवस्तु बनाइएको छ । यस कृतिमा नेपालको वर्तमान अवस्थामा कानुनी पाटोलाई नै पुर्नमूल्याङ्कन गरी न्यायिक शिक्षालाई विस्तार र व्यवस्थित गर्नुपर्ने विचार व्यक्त भएको छ । नेपाली भाषाको प्रयोगमा साथै कानुनी र अङ्ग्रेजी भाषाका शब्द तथा वाक्यको बढी मात्रामा प्रयोग गरिएको प्रस्तुत कृतिमा वर्णनात्मक, विचारात्मक, व्यङ्यात्मक र डायरी शैलीको प्रयोग गरिएको छ ।

नारायण नेपालको **मूल्यहरू** (२०६३) निबन्धसङ्ग्रह लेखन र प्रकाशनका दृष्टिले तेस्रो स्थानमा रहेको प्रकाशित कृति हो । यसमा जम्मा ३० वटा लघु आयामका निबन्धहरू संरचित छन् । विषयवस्तु अनुसार शीर्षक चयन गरिएको छ ।

यस कृतिमा समकालीन युगजीवनका कुरूप यथार्थ, मानवीय मूल्यको विघटन, सांस्कृतिक मूल्यमान्यता ह्रास, मानवभित्र रहेको दम्भ र राष्ट्रियता आदिलाई विषयवस्तु बनाइएको छ । समाजका विभिन्न क्षेत्रमा देखिएका विकृतिलाई व्यङ्ग्य गर्न दार्शनिक विचारहरू व्यक्त भएका छन् । यसमा तार्किक तथा जटिल भाषाको प्रयोगको साथै यसमा तार्किक तथा जटिल भाषाको प्रयोगको साथै आत्मपरक शैलीको प्रयोग भएको छ ।

चिन्तामणि योगीको **म्यान्माको माया** (२०६०) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले दशौं स्थानमा रहेको प्रकाशित कृति हो । यसमा ३७ वटा संस्मरणहरू दैनिकी पद्दतिमा संरचित छन् । विषयवस्तु अनुरूप शीर्षकीकरण गरिएको छ । आचार्यले म्यान्माको २१ दिने भ्रमणमा म्यान्मा, बैंकक, सिङ्गापुर र थाइल्याण्ड यात्राबाट जानकारी लिएका विविध प्रसङ्गहरूलाई विषयवस्तु बनाएको छ । नेपालीहरू विश्वको जुनसुकै कुनामा रहे पनि आफ्नो पहिचान कायम राख्न सकून भन्ने विचार प्रस्तुत कृतिमा व्यक्त भएको छ । सरल, सरस र बोधगम्य भाषाको प्रयोगका साथै संस्कृत भाषाका शब्द तथा श्लोकको पनि प्रयोग गरिएको प्रस्तुत कृतिमा शैलीको विविधता पाइन्छ ।

नेत्र एटमको **सीमान्त आकाश** (२०६२) निवार्तासङ्ग्रह लेखन र प्रकाशनका दृष्टिले चौथो स्थानमा रहेको प्रकाशित कृति हो । यसमा प्रतीकात्मक शीर्षक छनोट गरिएको छ । नेपाली कला तथा भाषा साहित्यका ३५ जना व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता र आफ्ना स्वकीय अनुभूतिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । वार्तानायक र वार्ताकारका विचार, धारणा, दृष्टिकोण जीवनदृष्टि, जीवनदृष्टिको प्रस्तुती, वर्णनात्मक, विश्लेषणात्मक, भावनात्मक, कलात्मक, समीक्षात्मक भाषाशैलीमा भएको छ ।

शारदा शर्माको **महिला** (२०६३) निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले पहिलो स्थानमा रहेको प्रकाशित कृति हो । यस कृतिभित्रका रचनाहरू कृति प्रकाशित हुनुपूर्व स्थानीय पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । यसमा जम्मा २९ वटा लघु र मध्यम आयामका रचनाहरू संरचित छन् । विषयवस्तु अनुसार शीर्षकको छनोट गरिएको छ । यसमा महिला र सामाजिक विषयवस्तुहरू समेटिएका छन् । प्रस्तुत कृतिमा महिला सशक्तीकरणमा घर, परिवार, समाज र

राष्ट्र सबै संवेदनशील बन्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । सरल तथा सामान्य बोलीचालीको भाषाको प्रयोग गरिएको प्रस्तुत कृतिमा वस्तुपरक र आत्मपरक दुवै शैलीको प्रयोग गरिएको छ ।

उदय जी.एम.को **पुच्छर नभएका हनुमान** (२०५९) निबन्धसङ्ग्रह लेखन र प्रकाशनको दृष्टिले पाँचौ स्थानमा रहेको प्रकाशित कृति हो । यसमा जम्मा १६ वटा लघु आयामका निबन्धहरू संरचित छन् । प्रतीकात्मक शीर्षकको छनोट गरिएको छ । प्रस्तुत कृतिमा राष्ट्रका कुरूप विसङ्गत राजनीतिदेखि लिएर समाज र राष्ट्रमा भएका भ्रष्टाचार, सत्ताशक्ति, अवसरवाद, पुरुष हैकमवाद, हत्या, हिंसा, फाँसी र द्वन्द्व आदिलाई विषयवस्तुको रूपमा समेटिएका छन् । यस कृतिमा देश र समाजमा व्याप्त विसङ्गतिलाई जरैदेखि उखेल्न सबै एकजुट हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । सरल र सरस नेपाली भाषा प्रयोग गरिएको प्रस्तुत कृतिमा विचारात्मक शैलीको प्रयोग भएको छ ।

यी बाहेक सङ्गह प्रकाशन नगरे तापनि विभिन्न पत्रपत्रिकामा निबन्ध प्रकाशन गरेर दङाली साहित्यको परम्परामा निबन्ध विधालाई अगाडि बढाउन टीकाराम उदासी, कृष्णराज डि.सी, सुशील गौतम (रझेना), नित्यानन्द शर्मा, निकेश लम्साल र थानेश्वर गौतमले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

वि.सं. २००३ सालदेखि निबन्ध लेखन भएको दाङ जिल्लामा वि.सं. २०५४ सालमा आएर मात्र निबन्धसङ्ग्रहको प्रकाशन भएको देखिन्छ । वि.सं. २०५४ सालदेखि २०५६ सालको समयावधिमा लगभग दुई दर्जनको हाराहारीमा निबन्ध, हास्यव्यङ्ग्य निबन्ध, व्यङ्ग्य निबन्ध, आत्मसंस्मरण, यात्रासंस्मरण र निवार्ताका सङ्ग्रहहरू प्रकाशित भएका छन् । **सिमान्त आकाश** निवार्तासङ्ग्रह अन्तर्वार्तामा आधारित भए तापनि त्यसको प्रस्तुति निबन्धात्मक शैलीमा भएको छ । निबन्धगत तत्त्वको प्रवलता, वर्णनात्मक, विश्लेषणात्मक, भावनात्मक, समीक्षात्मक प्रस्तुतिशैली र उच्च भाषिक कौशलको दृष्टिले प्रस्तुत कृति उत्कृष्ट छ । त्यसैले निबन्धकार एटमलाई उत्कृष्ट निबन्धकारको रूपमा चित्रण गरिएको छ । समाजका सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, मानवीय आदिमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरी निबन्ध लेख्ने उत्तमकृष्ण मजगैयाँ दाङ जिल्लाका पहिलो व्यक्ति हुन् र उनको स्थान पनि उच्च रहेको छ । सामाजिक, सांस्कृति, मानवीय, राजनीतिक आदि पक्षमा देखिएका विकृति र विसंगतिमाथिव्यङ्ग्य प्रहार गरी लेखिएका नारायण नेपालका निबन्धहरू व्यङ्ग्यको दृष्टिकोणले राम्रा छन् ।

राजनीतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गति माथि व्यङ्ग्य गरी निबन्ध सिर्जना गर्ने उदय जी.एम.का निबन्धहरू हास्यव्यङ्ग्यका दृष्टिले सबल छन् । दाङ जिल्लामा यात्रा निबन्ध लेखन उल्लेख मात्रामा भएको पाइन्छ । यात्राका क्रममा देखेका, सुनेका, भोगेका र जानकारी लिएका विविध पक्षको निबन्धात्मक रूप दिई यात्रासंस्मरण लेख्ने डा.गोविन्द कुसुम र चिन्तामणि योगीको स्थान उच्च देखिन्छ भने भीमकान्त आचार्य, सूर्यनाथ सापकोटा डिल्लीराज आचार्यको यात्रासंस्मरणहरू पनि सबल छन् । दङाली साहित्यको निबन्ध परम्परामा दङाली निबन्धकार नेत्र एटम, उत्तमकृष्ण मजगैयाँ र डा. गोविन्दप्रसाद 'कुसुम' र चिन्तामणि योगीले राष्ट्रिय स्तरमा पनि आफ्नो पहिचान बनाउन सफल भएका छन् । पछिल्लो समयमा आएर दाङ जिल्लामा निबन्ध लेखन कार्य तिव्र रूपमा विकास भएको पाइन्छ । यसरी लेखन कार्यमा तिव्रता देखिए तापनि पाठकको मूल्याङ्कन र सुझाव विना स्तरीयता पाउन सक्दैनन् । त्यसैले पाठक वर्गले उचित मूल्याङ्कन गरेर मार्गनिर्देशन गर्न सकेमा मात्र दाङका निबन्धले नेपाली निबन्ध लेखन परम्परामा बढीभन्दा बढी स्थान पाउन सक्दछन् ।

यसका लागि शोधग्रन्थमा निबन्धहरूको विश्लेषण गर्दा देखाइएका भाषागत, विषयवस्तुगत र शैलीगत कमजोरीलाई पुनमूल्याङ्कन गरी दङाली निबन्धकारहरू अगाडि बढ्न आवश्यक देखिन्छ ।

## ५.२ प्रस्तावित शोधशीर्षकहरू

प्रस्तुत शोधपत्र दङाली निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययनलाई आधार बनाई दाङ जिल्लाका निबन्धकारका विषयमा खोज अनुसन्धान गर्दा निम्न बुँदामा उल्लेखित शोध शीर्षकमा शोध गर्न सकिने छ :

- निबन्धकार भीमकान्त शर्मा आचार्यको जीवनी, व्यक्तित्त्व र कृतित्वको अध्ययन ।
- निबन्धकार चिन्तामणि योगीको जीवनी व्यक्तित्त्व र कृतित्वको अध्ययन ।
- निबन्धकार गुरुप्रसाद शर्मा रेग्मीको जीवनी, व्यक्तित्त्व र कृतित्वको अध्ययन ।
- दङाली निबन्धकारहरूको नेपाली निबन्ध साहित्यमा योगदान ।
- निबन्धकार उदय जी.एमको जीवनी, व्यक्तित्त्व र कृतित्वको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची

## पुस्तक सूची


आचार्य, डिल्लीराज. २०६६ **माननीय महात्म्य**, बाग्लुङ : लेखक स्वयम् ।

______________. २०६२ **भूपरिवेष्टितदेखि समुद्रवेष्टितसम्म**. बुटवलः सुशिला आचार्य ।

आचार्य, भिमकान्त शर्मा. २०६६ **मुक्तिनाथ दर्शन.** दाङ : शीला शर्मा ।

______________. २०६६ **चारधाम यात्रा : वर्णन विवेचना**. दाङ : लेखक स्वयम् ।

एटम्, नेत्र. २०६२ **सीमान्त आकाश**. काठमाडौं : तन्नेरी प्रकाशन ।

कुसुम, डा. गोविन्दप्रसाद. २०६० **पारिको अनुभव**. काठमाडौ. : जगदम्बा प्रकाशन ।

गौतम, टेकनाथ. २०५० **राप्ती अञ्चलको इतिहास तथा केही संस्मरणहरू**. वाराणसीः अजय प्रिन्टर्स ।

गौतम, देवीप्रसाद र खगेन्द्र लुइटेल. २०५५ **नेपाली निबन्ध**. काठमाडौं : नवीन प्रकाशन ।

जी.एम., उदय. २०५९ **पुच्छर नभएका हनुमान**. काठमाडौं : सहस्राव्दी प्रकाशन ।

डि.सी., डा. कृष्णराज. २०६५ **साहित्यकार सापकोटाको श्रीलंकाको अनुभूति**. **नयाँ युगवोध**, ३२ : २५१, पृ. २ ।

नेपाल, नारायण. २०६३ **मुल्यहरू**. काठमाडौं : विवेक सिर्जनशील ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.). २०४०. **नेपाली बृहत् शब्दकोश**. काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखेल, सुनील. २०६२ **दाङ जिल्लाका : सामान्य परिचय.** काठमाडौं : दाङ विद्यार्थी समाज ।

मजगैयाँ, उत्तमकृष्ण. २०५४ **धरोधर्म हजुर !**. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

______________. २०५४ **गृहलक्ष्मी भित्र्याएपछि**. (दो.सं.). ललितपुर : साझा प्रकाशन ।

______________. २०५४ **सुनको फुल पार्ने पोथी**. काठमाडौं : हास्यव्यङ्ग्य समाज ।

योगी, चिन्तामणि. २०६१ **म्यान्माको माया.** काठमाडौं : शान्ति सेवा आश्रम ।

रेग्मी, गुरुप्रसाद. २०६५ **बालबालिका, शिक्षक र शिक्षा.** दाङ : माया रेग्मी ।

शर्मा, गोपीकृष्ण र रामप्रसाद दाहाल. २०५० **केही कथा–उपन्यास केही कविता–काव्य**. (दो.सं.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

______________, गोपीकृष्ण २०५७ **नेपाली निबन्ध परिचय**. (एघारौं. सं.). काठमाडौं : रत्नपुस्तक भण्डार ।

शर्मा, ताना . २०५१ **नेपाली साहित्यको इतिहास**. काठमाडौं : नवीन प्रकाशन ।

शर्मा नारायणप्रसाद. २०६३ **फर्केर हेर्दा**. दाङ : गाउँघर सातदिने ।

शर्मा, पद्मप्रसाद २०५८ **ढिकपुरदेखि मेचीपुलसम्म**. दाङ : दिगो विकास समूह मूल कमिटी ।

______________. २०६१ **शब्दको भेद र कार्यक्रमको स्वरूप**. दाङ : लेखक स्वयम् ।

______________. २०६५ **पहलवानपुरदेखि तिलासम्म**. दाङ : रश प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल. २०६१ **शोधविधि**. काठमाडौं : साझा प्रकाशन ।

शर्मा, शारदा. २०६३ **महिला**. काठमाडौं : अस्मिता प्रकाशन ।

श्री ५ को सरकार, २०३१ **मेचीदेखि महाकाली** (भाग ४). काठमाडौँ : सञ्चार मन्त्रालय, सूचना विभाग ।

सापकोटा, सूर्यनाथ. २०६५ **श्रीलंका यात्राका अनुभूतिहरू**. दाङ : राप्ती साहित्य परिषद् ।

सुवेदी, केशव. २०५३. **मध्यपश्चिमका कविता**. काठमाडौं : मध्यपश्चिमाञ्चल, साहित्य परिषद ।

______________. २०६५. **रापतीको साहित्यिक रूपरेखा**. काठमाडौं : एकता प्रकाशन ।

सुवेदी, राजेन्द्र (सम्पा.). २०५७ **स्नातकोत्तर नेपाली निबन्ध**. (तेस्रो.सं.). काठमाडौं : पाठ्यसामाग्री पसल ।

______________. २०५८ **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**. (तेस्रो.सं.). ललितपुर : साझा प्रकाशन ।

## पत्रिका सूची

उदासी, टीकाराम. २०६३ चैत्र "निबन्धकार नेपालका मूल्यहरू". **नयाँ युगबोध**. ३० : ३४२, पृ. २ ।

घिमिरे, जागेश्वर शर्मा. २०६२ "शब्दको भेद र कार्यक्रमको स्वरूप एक टिपण्णी". **नयाँ युगबोध**. २९ : ९७, पृ. ३ ।

घिमिरे, सुशीला. २००३ "हाम्रो समाजमा शिक्षाको अभाव". **उदय**. ९: ७, पृ. २४ ।

पथिक, श्रीकृष्ण. २०१४ बैशाख "कवि". **सन्देश** १ : १ पृ. ३९ - ४० ।

प्रभात, विष्णु. २०६१ जेष्ठ "धरोधर्म हजुर ! आख्यानको मजूर !!". **गरिमा**. २२ : ६, पृ.८९-९२ ।

_______________. २०६५"दाङको निबन्ध परम्परा : एक अध्ययन". **अन्तर्ध्वनि.** ४१ : १९, पृ. १-१० ।

योगी, नरहरिनाथ. २०१४ "हिमालयको मौलिकता". **सन्देश**. १ : १, पृ. २५-२६ ।

विश्वकर्मा, देवराज. २०६५ माघ "'मूल्यहरू' मा नारायण नेपाल" **गणतन्त्र**. २:३०, पृ. २ ।

सर्वहारी, कृष्णराज. २०६३ जेष्ठ "सीमान्त आकाश' मा विचरण गर्दा". **नयाँ युगबोध**. २ : ४३, पृ. २ ।

## अप्रकाशित शोध

पोखेल, सुमन. २०६० **उत्तमकृष्ण मजगैयाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन.** नेपाली विभाग, त्रि.वि. कीर्तिपुर प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भण्डारी, प्रेमलाल. २०६५ **दाङ जिल्लाको गजलकार र तिनका जगलकृतिको अध्ययन**. नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

भारती, सरिता. २०६२ **रोल्पा जिल्लाका साहित्यिक गतिविधिहरूको सर्वेक्षणात्मक अध्ययन.** नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

शर्मा, निर्मला. २०५९ **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन**. नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।